# Best Presented Annual Report (BPA) Award 2014




The institute of chartered accountants of Nepal बाट Public Sector Entity अन्तर्गत प्रदान हुने Best Presented Annual Report (BPA) Award 2014 माननीय अर्थमन्त्री डा.रामशरण महतबाट ग्रहण गर्नु हुँदै कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य

# कोष

## वार्षिक विशेषाङ्क २०७२

### अङ्क ८२


### सम्पादन मण्डल

प्रशासक कृष्णप्रसाद आचार्य

मुख्य अधिकृत हसना शर्मा सुवेदी

का.मु. मुख्य अधिकृत राजेन्द्र काफले

नायव मुख्य अधिकृत वीरेन्द्र मोहन भट्टराई

का.मु. नायव मुख्य अधिकृत लक्ष्मीप्रसाद श्रेष्ठ

का.मु. नायव मुख्य अधिकृत शिव कुमार अर्याल



कर्मचारी सञ्चय कोष

Employees Provident Fund

केन्द्रीय कार्यालय

पुल्चोक ललितपुर

# कर्मचारी सञ्चय कोष

## सञ्चालक समिति



श्री सुमन प्रसाद शर्मा
अध्यक्ष



श्री प्रताप सिंह थापा
सञ्चालक



श्री प्रकाश सिंह प्रधान
सञ्चालक



श्री रामशरण पुडासैनी
सञ्चालक



श्री कृष्णप्रसाद शर्मा
सञ्चालक



श्री सुरजबाबा सुनुवार
सञ्चालक



श्री कृष्णप्रसाद आचार्य
प्रशासक/सञ्चालक

## कर्मचारी सञ्चय कोष

# कोष व्यवस्थापन समूह




**अग्रभागमा :**

वीचमा प्रशासक श्री कृष्ण प्रसाद आचार्य, वायाँवाट क्रमशः मुख्य अधिकृत श्री हसना शर्मा, विभागीय प्रमुख श्री केदार नाथ गौतम, दायाँवाट क्रमशः का.मु. मुख्य अधिकृत श्री राजेन्द्र काफले, विभागीय प्रमुख, श्री दुर्गा प्रसाद सुवेदी

**पछाडि :**

विभागीय प्रमुखहरु वायाँवाट क्रमशः श्री जितेन्द्र धिताल, श्री माधव प्रसाद कोईराला, श्री मनोहरि भट्टराई, श्री शिव कुमार अर्याल, श्री लक्ष्मी प्रसाद श्रेष्ठ, श्री हिमालय प्रसाद शिवाकोटी, श्री रोचन श्रेष्ठ

# अध्यक्षको शुभकामना मन्तव्य

बि.सं. २०१९ साल भाद्र ३१ गते यस संस्थाको बिधिबत स्थापना भएको कर्मचारी सञ्चय कोष आज चवन्न वर्षमा प्रबेश गरेको छ । यस उपलक्ष्यमा कोषमा आबद्ध सम्पूर्ण सञ्चयकर्ता र कोषका कर्मचारीहरुलाई शुभकामना दिन चाहन्छु ।

प्रारम्भमा निजामती, सैनिक र प्रहरी सेवाका राष्ट्र सेवकको सञ्चयकोषको मात्र व्यवस्था गर्ने यस संस्थाले समयको गति संगै शिक्षक र संघ संस्थाका कर्मचारीहरु समेतलाई आफ्नो दायरामा समेटी सञ्चयकर्ताको सञ्चित रकमको परिचालन गरी प्राप्त प्रतिफलबाट आफ्ना करिव पाँच लाख सञ्चयकर्तालाई मुनाफाका अतिरिक्त काजक्रिया अनुदान, दुर्घटना क्षतिपूर्ति, स्वास्थ्य उपचार सहयोग जस्ता सामाजिक सुरक्षा प्रदान गर्दै आई रहेको छ । सामाजिक सुरक्षामा समाहित हुन नसकेका स्वरोजगारमा संलग्न देशका इन्जिनीयर, चिकित्सक, कानून व्यवसायी, लेखापरीक्षक, वैदेशिक रोजगारमा संलग्न व्यक्ति, अस्थायी वा सेवा करारमा कार्यरत कर्मचारी, घरेलु कामदार र मजदुरहरुलाई समेत सामाजिक सुरक्षाको दाउराभित्र ल्याउने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधनको प्रस्ताव गरिएको छ ।

जीवनको उर्जाशील समय राष्ट्रसेवामा अर्पण गरेका कर्मचारीहरुको सञ्चयकोष रकमको समुचित ब्यवस्थापनका साथसाथै यस संस्थाले आधारभूत सामाजिक सुरक्षा प्रदान गर्ने देशको प्रमुख निकायको रुपमा अघि बढ्न तदनुरुपको कार्यदिशा निर्धारण गर्न जरुरी रहेकोले कोषको भावी कार्यदिशा त्यसतर्फ उन्मुख रहेको छ ।

कर्मचारी सञ्चय कोषमा अनिवार्य बचतको रुपमा कर्मचारीहरुबाट संकलित झण्डै रु. १ सय ९५ अर्ब बरावरको स्रोत छ । कोषमा रहेको यति ठूलो पूँजीको सुरक्षाको साथै दीर्घकालीनकर्जा प्रवाहको माध्यमबाट देशको आर्थिक विकासमा योगदान पुऱ्याउने जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न कोष प्रतिबद्ध रहेको छ ।

आगामी दिनमा सञ्चयकर्ताका लागि देशका प्रमुख शहरहरुमा सञ्चयकर्ता आवास योजनाको विकास र विस्तार गर्ने र यसका लागि भगिनी संस्थाको स्थापना र सञ्चालन गर्ने, स्वास्थ्य सेवा अत्यन्त खर्चिलो रहन गएको वर्तमान सन्दर्भमा योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने र प्रसुती तथा शिशु स्याहार कार्यक्रम लागू गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ । कोषबाट सञ्चयकर्तालाई प्रदान भैरहेका दुर्घटना क्षतिपूर्ति, काजकिरिया अनुदान र स्वास्थ्य उपचार सहयोग कार्यक्रमहरुमा थप सुधार गरिने छ । साथै, सञ्चयकर्ता कर्मचारीहरुलाई कोषले प्रदान गर्दै आएको घर सापटी, शैक्षिक सापटी र सरल चक्रकर्जाको कर्जा सीमा र कर्जा प्रबाह प्रक्रियामा समसामयिक पुनरावलोकन गरिने छ ।

सञ्चयकर्ताको सेवा सुविधा अभिवृद्धिका लागि बैंकिङ्ग सञ्जाल र सूचना प्रविधिको प्रयोग गर्ने, परियोजना कर्जाको असूलीलाई प्रभावकारी बनाई नियमित गर्ने, कोषको व्यावसायिक सम्पत्तिहरुको उचित व्यवस्थापन गर्ने, सञ्चयकर्ताबाट प्राप्त पृष्ठपोषणका आधारमा सेवाको गुणस्तरमा सुधार गर्ने, कोषमा उपलब्ध जनशक्तिको विकासगरी व्यवस्थापनमा सुधार गर्ने, आर्थिक अनुशासन र पारदर्शिता कायम गरी संस्थागत सुशासन कायम गर्ने, आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउने र निहित जोखिमहरुको न्यूनीकरण गर्ने जस्ता सुधारात्मक कार्यहरुनिरन्तर भैरहेका छन । साथै, कोषको वित्तीय व्यवस्थापन सुधारका लागि लेखा प्रणालीलाई क्रमश: International Financial Reporting Standards (IFRS) अनुरुप रुपान्तरण गर्दै लगिनेछ ।

अन्त्यमा, कोषको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका क्रममा नेपाल सरकारबाट समय समयमा प्राप्त मार्गदर्शन र सहयोगका लागि नेपाल सरकारप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । नेपाल सरकार, सम्पूर्ण सञ्चयकर्ता एवं सम्बद्ध पक्षबाट आगामी दिनहरुमा अझ वढी सहयोग एवं सद्भाव प्राप्त हुने आशाका साथ सञ्चयकर्ताको हितमा समर्पित रहनु हुने कोषका कर्मचारीहरु, क्रियाशील ट्रेड युनियनहरु र पूर्व कर्मचारीहरुलाई धन्यबाद दिन चाहन्छु । धन्यवाद ।

**सुमन प्रसाद शर्मा**
अध्यक्ष
सञ्चालक समिति
(सचिब, अर्थ मन्त्रालय)

# सुरक्षित भविष्यको लागि सञ्चयकोष

कर्मचारी सञ्चयकोष स्थापनाको ५४ औं वर्ष प्रवेशको अवसरमा सदाभैंm समस्त सञ्चयकर्ताको सन्तुष्टि प्रति दृढ रहने संकल्प सहित कोषले प्रदानगर्ने सेवा र सुविधालाई प्रभावकारी बनाउने प्रण गर्दछौं ।

१. **सञ्चयकर्ता संख्या** : करिब ५ लाख

२. **कोषकट्टी गरी पठाउने कार्यालय संख्या** : करिब ३०,०००

३. **कोषका कार्यालयहरु :**

- केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
- ठमेल कार्यालय (Operation Office)
  (सञ्चय कोषकट्टी रकमको लेखांकन र सञ्चयकर्ता सापटी र कर्जा प्रदान हुने कार्यालय)
- शाखा कार्यालयहरु
  धनकुटा, विराटनगर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी
- सेवा केन्द्र :
  सिंहदरवार, काठमाडौं र केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर

४. **कोषको वित्तीय अवस्था** (२०७२ आषाढ मसान्त सम्मको लेखापरीक्षण सम्पन्न हुन बाँकी)

सञ्चयकोष : १,८९६९.८३ करोड

जगेडा कोष : ३९९.३३ करोड

अन्य दायित्व तथा व्यवस्था : २२१.२० करोड

**लगानी**

**वाणिज्य बैंकहरुमा मुद्दति निक्षेप :** ३,६८७.०० करोड

**परियोजना कर्जा :** २,५५७.१३ करोड

**सरकारी ऋणपत्र तथा बचतपत्र** : १५२२.६४ करोड

**सञ्चयकर्ता सापटी:** १०,६७४.७५ करोड

**शेयर लगानी :** २२२.०५ करोड

**भवन, आवास र स्थायी सम्पतिमा लगानी :** १०९.०० करोड

**अन्य सम्पति :** ८१७.७९ करोड

५. **कोषबाट सञ्चयकर्तालाई उपलब्ध सेवाहरु :**

(क) **सञ्चित रकमा व्याज प्रदान :** हालको व्याजदर ६.७५ प्रतिशत (२०७२ श्रावण १ गतेदेखि)

(ख) **मुनाफा:** ०.८५ प्रतिशत (आर्थिक वर्ष २०७०/७१ को सञ्चयकोष शुरु मौज्दातमा)

(ग) **सापटी सुविधाहरु :**

- विशेष सापटी : कोषकट्टी खातामा जम्मा भएको रकमको ९० प्रतिशतसम्म,
- घर सापटी : घर निर्माण वा घर/अपार्टमेन्ट खरिद गर्न घर जग्गाको धितोमा अधिकतम १० वर्षको शुरु तलब बराबर,

- शैक्षिक ऋण : घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमती/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतम रु. १० लाख र विदेशका लागि अधिकतमरु. २० लाखसम्म तर एम.बी.बी.एस./एम.डी. को लागि रु. २५ लाख सम्म,
- सञ्चयकर्ता सरल चक्रकर्जा : घर जग्गाको धितोमा न्यूनतम रु. ५ लाख र अधिकतम रु. २० लाख ।

**(घ) सामाजिक सुरक्षा सुविधाहरु :**

- दुर्घटना क्षतिपूर्ति योजना : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा रु. १ लाख ।
- काजकिरिया अनुदान योजना : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु. २५ हजार,
- सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७० : साधारण उपचारमा रु. १५ हजार र कडा रोगको उपचारमा रु. ३५ हजार सम्म ।

**(ङ) अन्य सुविधा :**

कोषले ऋण लगानी गरेका कम्पनीहरुको शेयरमा सञ्चयकर्तालाई सहभागीता गराइएको (अपर तामाकोशी हाइड्रोपावर लिमिटेडमा शेयर प्रदान भई सकेको र अन्य कोषले ऋण लगानी गरेका/गर्ने परियोजनामा शेयर प्रदान गर्दै जाने) ।

**६. कोषको प्रतिबद्धता :**

- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने,
- प्रभावकारी स्रोत व्यवस्थापन र मितव्ययी कार्य सञ्चालनको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदान गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित गुणस्तरीय सेवाको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदान गर्ने,
- सामाजिक सुरक्षा कार्यक्रम र दायरा विस्तारको माध्यमबाट सामाजिक सुरक्षाको क्षेत्रमाकोषको पहुँच र योगदानमा विस्तार गर्ने,
- दक्ष एवं उच्च मनोवलयुक्त कर्मचारीहरुको सहकार्य र सामूहिक प्रयासको माध्यमबाट कोषलाई उत्कृष्ठ सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने ।

**कर्मचारी सञ्चय कोष**
**पुल्चोक ललितपुर**
Website: www.epfnepal.com.np

# सम्पादकीय

जीवनको महत्त्वपूर्ण समय राष्ट्रको सेवामा लगाएका कर्मचारीहरुको भविष्य सुरक्षित बनाउने उद्देश्यले वि.सं. २०१९ सालमा स्थापित कर्मचारी सञ्चय कोष आज ५३ वर्ष पूरा गरी ५४ वर्षमा प्रवेश गरेको छ । यस अवधिमा कोष वित्तीय स्रोत परिचालन गर्ने मुलुककै अग्रणी संस्थाको रुपमा स्थापित भएको छ भने राष्ट्रको पूर्वाधार विकासको क्षेत्रमा समेत कोषले उल्लेख्य योगदान गर्दै आएको छ । राष्ट्रको एक मात्र सामाजिक सुरक्षा प्रदायक संस्थाको परिचय प्राप्त कोष संचयकर्ताको विश्वास र निष्ठा कायम राख्दै सामाजिक सुरक्षा सुविधाहरुको दीगोपना र निरन्तरताका लागि प्रयत्नशील रहेको सर्वविदितै छ ।

वैशाख १२ गते गएको महाभुकम्प र त्यसपछि गएका पराकम्पनहरुबाट भएको धनजनको क्षति र उत्पन्न भयको अवस्थाले सम्भावित थप क्षतिलाई लिएर मुलुक अझै निश्चिन्त बन्न सकिरहेको छैन । मुलुकको आर्थिक सामाजिक साँस्कृतिक विकासको गतिशीलतामा एकै पटक अवरोध सिर्जना गरेको मात्र नभई भुकम्पको त्रासदीबाट नेपाली जनतामा उत्पन्न मानसिक शिथिलता कायमै रहेको अवस्थामा देखिएको आपसी एकता, सहयोग र सेवाको औचित्यता कहिल्यै पनि समाप्त हुने छैन र यस्तो अवस्थामा राष्ट्रिय जीवनका हरेक अंग, संस्था र व्यक्ति आफ्नो दायित्वको कसीमा सही सावित हुनु पर्दछ । सामाजिक सुरक्षा सेवा प्रवाह गर्ने संस्थाको नाताले कर्मचारी सञ्चय कोषले पनि महाविपत्ति लगत्तै कोषबाट संचयकर्तालाई प्रवाह हुने सेवा र सुविधा सुचारु गरी व्यवस्थापन र कार्यरत कर्मचारीहरुको तर्फबाट आर्थिक सहयोग उपलब्ध एवं प्रभावित क्षेत्रमा नै उपस्थित भई अगाडि बढाएका स्वयंसेवाका हातहरुले भुकम्पपछिको उद्धार र पुनर्निर्माणमा निश्चय नै अनुकरणीय भूमिका निर्वाह गरेको छ । भुकम्प प्रभावित क्षेत्र र प्रभावित सर्वसाधारणसामु राहत र अन्य सुविधाहरु पुऱ्याउन कोषमा कार्यरत कर्मचारीहरुले गरेको व्यक्तिगत प्रयास र सहभागिता स्मरणयोग्य रहेको छ ।

कोष एक सामाजिक सुरक्षा प्रदायक सञ्चयकर्ता कर्मचारीहरुको विश्वासको संस्था भएकोले यसमा आवद्ध करिब ५ लाख कर्मचारी र तिनमा आश्रित परिवारको आशा एवं भरोसालाई एक क्षण पनि टुटन नदिई उनीहरुकै साथ र सहयोगमा सेवाको अविछिन्नतालाई कायम राख्न विनाशकारी महाभुकम्प पश्चात कोषले प्रदान गर्दै आएको सेवा र सुविधालाई समसामयिक बनाउन सञ्चयकर्ताबाट सञ्चयकर्ता सापटीमा लिने ब्याजमा गरेको कटौतीलाई यसै परिप्रेक्षमा लिन सकिन्छ ।

मानव जीवनमा कुनै पनि त्रासदी र संकट क्षणिक हो । यसको तीव्र असरले राष्ट्रिय जीवनमा त्रासद इतिहास निर्माण गर्न सक्छ भने मानव सभ्यतासँगै उ भित्रको अदम्य साहसले सदैव त्यो इतिहासलाई चुनौति दिँदै पनि आएको छ । यस्ता प्राकृतिक प्रकोप र संकट समाधानार्थ हरहमेसा खडा रहने मानवीय प्रयासकै परिणामस्वरुप अहिले समग्र राष्ट्रिय जीवनले पुनः आफ्नो गन्तव्य पहिल्याउने जमर्को गरेको छ । उत्पन्न चुनौति सामान्यीकरणको यस घडिमासदैव राष्ट्रको पक्षमा रही आफ्नो स्रोतको परिचालन मार्फत राष्ट्रको पूनर्निर्माण र पूर्वाधार विकासमा योगदान गर्न आफ्नो दृढ भूमिकाको संकल्प दोहोऱ्याउन पाउनु कोषका लागि गौरवको विषय हो । अग्रजहरुको मार्गदर्शनमा ५४ औं वसन्त पूरा गरेको यस पावन घडिमा सञ्चयकर्तालाई प्रवाह हुने सेवा र सुविधामा प्रभावकारिता अभिवृद्धि गरी अधिकतम प्रतिफलको सुनिश्चितताको प्रतिवद्धता पूरा गर्न कोषले सफलता हासिल गर्नेछ ।

# विषय सूची


| क्र.सं. | विवरण | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | कर्मचारी सञ्चय कोषको ५४ औं स्थापना दिवसको अवसरमा प्रशासक कृष्णप्रसाद आचार्यद्वारा प्रस्तुत प्रगति विवरण | | १ |
| २. | संस्थानको कर्मचारी छनौटमा लोकसेवा आयोग | | १२ |
| ३. | नेपालमा स्वास्थ्य बीमाको आवश्यकता | | १८ |
| ४. | नेपालको भूकम्प पछिको अवस्थामा राष्ट्रिय पुनर्निर्माण नीतिको महत्व | | ३० |
| ५. | संघीय नेपालमा कर्मचारी सञ्चय कोष | | ३७ |
| ६. | आन्तरिक लेखापरीक्षण - वित्तीय व्यवस्थापनको प्रभावकारी साधन | | ४४ |
| ७. | भूकम्प पछि ठूला परियोजनामा पर्न सक्ने प्रभाव र सो को व्यवस्थापन | | ५२ |
| ८. | नेपालमा धितोपत्र बजार, महत्व, ऐतिहासिक विकास, वर्तमान अवस्था, प्रमुख मुद्दा ........ | | ६३ |
| ९. | सामाजिक सुरक्षा सम्बन्धमा अन्तरराष्ट्रिय मान्यता र नेपालमा यसको अवस्था | | ७० |
| १०. | Role of ICT in Services Delivery of KSK | | ८० |
| ११. | Prospect, Investment and Risk Management of Employee Provident Fund | | ८६ |
| १२. | सञ्चयकर्ता अभिमत | | ९४ |
| १३. | कोष विविध | | ११३ |


**प्रस्तुत वार्षिक विशेषाङ्क २०७२ मा समावेश लेख, रचना लेखकका निजी विचार र अभिव्यक्ति हुन् ।**

**- क.सं. कोष**

# कर्मचारी सञ्चय कोषको ५४ औं स्थापना दिवसको अवसरमा प्रशासक कृष्णप्रसाद आचार्यद्वारा प्रस्तुत प्रगति विवरण



**विषय प्रबेश**

- वि.सं. २०१९ साल भाद्र ३१ गते स्थापना भई आफ्नो औपचारिक रुपमा कार्य प्रारम्भ गरेको कर्मचारी सञ्चय कोष आज ५४ औं वर्षमा प्रवेश गरेको छ । यस सुखद अवसरमा हामी कोषको दीर्घकालीन लक्ष्य तथा उद्देश्य प्राप्ति तर्फ सदैव कटिबद्ध रहन प्रतिबद्धता जाहेर गर्दछौ ।
- कोषलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन उल्लेख्य भूमिका निर्वाह गर्नुहुने हाम्रा आदरणीय अग्रजहरुको योगदानको स्मरण गर्दै उहाँहरु प्रति हार्दिक सम्मान र कृतज्ञता ज्ञापन गर्दछौं ।
- कोषमा योगदान गर्ने सञ्चयकर्ताको अवकाश पछिको आर्थिक तथा सामाजिक आवश्यकताको पूर्तिका लागि अनिवार्य बचतको व्यवस्थापन गर्नु नै कोषको प्रमुख जिम्मेवारी हो । तदनुरुप, कोषले हाल निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, सार्वजनिक संस्थान र सङ्गठित क्षेत्रका कर्मचारी तथा कामदारहरु एवम् सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक कर्मचारीहरु समेत गरी करीव पाँच लाख सञ्चयकर्ताको सञ्चयकोष रकमको कुशल व्यवस्थापन गरिरहेको छ ।
- सरल र सहुलियतपूर्ण सापटीको माध्यमबाट सञ्चयकर्ताका सेवाकालीन आर्थिक तथा सामाजिक आवश्यकता पूरा गर्ने, सामाजिक सुरक्षाका कार्यक्रमबाट सञ्चयकर्ताको आर्थिक सुरक्षा र दीर्घकालीन पूँजी निर्माणको माध्यमबाट देशको अर्थतन्त्रमा योगदान गरी मूलुकको पूर्वाधार बिकासको दिशामा समेत कोषले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।
- यस गौरवान्वित अवसरमा "राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तर्राष्ट्रिय स्तरको सामाजिक सुरक्षण संस्थाको रुपमा स्थापित गर्ने" दूरदृष्टि र सो अनुरुपको दीर्घकालिन लक्षहरु प्राप्तिका लागि निष्पक्ष र स्वतन्त्र, जवाफदेही र पारदर्शी, सेवाको गुणस्तरमा निरन्तर सुधार, कार्यदक्षता, प्रभावकारिता, परिणाममुखी व्यवस्थापन प्रक्रिया एवम् सहभागिता र सहकार्य जस्ता व्यवस्थापकीय मूल्य मान्यतालाई आत्मसात गर्दै अगाडि वढिरहेको कोष गतिशील एवम् सुदृढ संस्थाको रुपमा स्थापित हुदैं गएको  तथ्य समेत अनुरोध गर्दछौं ।

**कोषको बर्तमान वित्तीय अवस्था :**

- लेखापरीक्षण हुन बाँकी आर्थिक विवरण अनुसार वि.सं. २०७२ आषाढ मसान्त सम्ममा कोषमा रु. १ खर्ब ८९ अर्ब ७० करोड रुपैंया सञ्चय कोष मौज्दात सहित रु.१ खर्ब ९५ अर्ब ९० करोड रुपैंया कुल वित्तीय स्रोत रहेको छ । सो रकम मध्ये रु.१ खर्ब ८७ अर्ब ४३ करोड आयआर्जन हुने विभिन्न क्षेत्रमा

लगानी भएको छ भने बाँकी रु.८ अर्ब ४७ करोड न्यून आय हुने क्षेत्र, स्थिर तथा चालू सम्पत्तिको रुपमा उपयोग भएको छ ।

- कोषबाट वि.सं. २०७२ आषाढ मसान्तसम्म प्रवाह भएको कर्जा तथा लगानीतर्फ सञ्चयकर्ता सापटीमा ५४.४९ प्रतिशत, बैंकहरुको मुद्दती निक्षेपमा १८.८२ प्रतिशत, सरकारी ऋणपत्रमा ७.७७ प्रतिशत, परियोजना कर्जामा १३.०५ प्रतिशत, बैंक तथा वित्तीय संस्थाहरुको शेयरमा १.१३ प्रतिशत र भवन, स्थिर सम्पत्तिमा ०.५५ तथा अन्य सम्पत्तिमा ४.१७ प्रतिशत रहेको छ ।
- लेखापरीक्षण हुन बाँकी आर्थिक विवरण अनुसार आर्थिक वर्ष २०७१/७२ मा ऋण तथा लगानीबाट कोषमा प्राप्त व्याज तथा लाभांश रु.१४ अर्ब ७१ करोड र विविध आम्दानी रु. २० करोड सहित कूल रु. १४ अर्ब ९१ करोड आम्दानी भएको छ । सो रकमबाट सञ्चयकर्तालाई प्रदान गरिएको व्याज तथा अन्य व्यवस्थापन खर्चमा कटाई रु. १ अर्ब १७ करोड खुद बचत भएको छ ।
- आर्थिक वर्ष २०७१/७२ का लागि निर्धारित लक्ष्यहरु मध्ये कूल स्रोतमा तरल सम्पत्तिको अनुपात तर्फको वित्तीय लक्ष्य २.८५ प्रतिशत र कूल लगानीमा देशको अर्थतन्त्रमा प्रत्यक्ष योगदान हुने क्षेत्रको लगानी अनुपात तर्फको वित्तीय लक्ष्य २६ प्रतिशत लक्ष्य अनुरुप हासिल भएको छ ।
- आर्थिक वर्ष २०७१/७२ का लागि निर्धारित अन्य लक्ष्यहरु तर्फ निष्कृय कर्जाको असुली, प्रति कर्मचारीको कूल आय, विद्युतीय माध्यमबाट प्राप्त हुने फँाटवारी र सञ्चयकर्ता खाताको अनुपातमा लक्ष्य भन्दा वढी उपलब्धि हासिल भएको देखिएको छ भने कोषको कूल आयमा सञ्चालन खर्चको अनुपात ५.०० प्रतिशतको सीमामा रहेको छ ।

**कोषका केही प्रमुख उपलब्धिहरुः**

**संस्थागत सुशासन तथा नीतिगत र कानूनी सुधार**

- कोषका सम्वद्ध पक्ष बीच समन्वय गरी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सवल बनाउन, कार्य प्रणालीलाई नियमित, व्यवस्थित र सुशासित बनाउन तथा सञ्चयकर्ताहरुको हकहित र अधिकार सुनिश्चित गर्न कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन निर्देशिका, २०७१ कार्यान्वयन गरिएको छ ।
- कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक सुधार गरी कोषको कार्यमा थप प्रभावकारिता ल्याउने उद्देश्य अनुरुप ऐनको संशोधनका लागि मस्यौदा तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, अर्थमन्त्रालय समक्ष प्रस्तुत गरिएको छ ।
- कोषको काम कारवाहीको सम्वन्धमा सञ्चयकर्ता तथा सरोकारवालालाई सूचना सम्प्रेषण गर्न छुट्टै सूचना अधिकारीको व्यवस्था गरिएको छ ।
- आर्थिक वर्ष २०७१/७२ मा दैवी प्रकोप एवं राष्ट्रिय विपदको अवस्थामा कोषको सेवाको निरन्तरता तथा आवश्यक सूचनाको सुरक्षाका लागि कोषले व्यवसायिक निरन्तरता योजना/विपद व्यवस्थापन योजना, २०७१ (Business Continuty Plan / Disaster Recovery Plan) तथा कोषमा सूचना प्रविधिको उचित प्रयोग गर्न निहित जोखिम न्यूनीकरण गर्न र आन्तरिक नियन्त्रण प्रणालीलाई समेत सुदृढ वनाउन

Information Technology Policy (IT Policy) कार्यान्वयन गरिएको छ ।

- कर्मचारी सञ्चय कोष ऐन २०१९ अनरुप अवकाश पश्चात् रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले ६ वर्ष सम्म रकम फिर्ता लिन नआएका सञ्चयकर्ताको रकमलाई व्यवस्थित गर्न बेचालु सञ्चय कोष व्यवस्थापन कार्यविधि, २०७१ कार्यान्वयन गरिएको छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाउन मौजुदा आन्तरिक लेखा परीक्षण कार्यविधिमा समसामयिक परिमार्जन तथा सुधार गरी आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७१ कार्यान्वयन गरिएको छ ।
- संस्थागत सुशासन तथा नीतिगत र कानूनी सुधारका लागि विगत वर्षमा कार्यान्वयनमा आएको कोषको वार्षिक बजेटको तर्जुमा, कार्यान्वयन, समीक्षा तथा नियन्त्रण सम्बन्धी प्रकृयाहरुलाई व्यवस्थित गर्ने बजेट निर्देशिका, २०७१, वित्तिय कारोबारहरुमा निहित जोखिमहरुको पहिचान, विश्लेषण, मापन, अनुगमन तथा नियन्त्रणमा आवश्यक सहयोग पुऱ्याउने जोखिम व्यवस्थापन निर्देशिका, २०७१, स्रोतको प्रभावकारी तथा प्रतिफयुक्त क्षेत्रमा परिचालनका निमित्त आवश्यक लगानी नीति, २०७१, कोषको दीर्घकालीन लक्ष्य एवं उद्देश्य प्राप्तिका लागि कोषले सम्पादन गर्ने नियमित तथा बिशेष कार्यक्रमको कार्यान्वयन एवं सो को अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी एवम् नतिजामुखी बनाउन कर्मचारी सञ्चय कोष अनुगमन र मूल्याङ्कनको मापदण्ड तथा कार्यविधि, २०७० र सञ्चयकर्तासँग सम्बन्धित सवै सापटी सुविधाहरुलाई एकिकृत रुपमा कार्यान्वयन गर्न सञ्चयकर्ता सापटी कार्यविधि, २०७० को कार्यान्वयन प्रभावकारीताको समेत समीक्षा गर्दै आवश्यकता अनुरुप समसामयिक बनाउँदै लैजाने व्यवस्था मिलाईएको छ ।
- कोषमा भविष्यमा आवश्यक पर्ने दक्ष जनशक्तिको आपूर्ति र नियमित रुपमा पुरानो जनशक्ति अवकाश भई रिक्त हुने पदलाई पूर्ति गर्न मानव संसाधन नीति तथा योजना तयार गरी कार्यान्वयन गरिएको छ ।
- संस्थागत सुशासनलाई प्रभावकारी वनाउन आवश्यकता अनुरुप नयाँ नीति, नियम तथा कार्यविधिहरुको तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने साविकका नीति नियम तथा कार्यविधिहरुमा समसामयिक परिमार्जन तथा सुधार समेत गरिएको छ । यसले कोषको कार्य सम्पादन सम्वन्धमा समन्वय गर्न, सञ्चयकर्ताहरुको अपेक्षा अनुकूल हुनेगरी व्यावसायिक कार्यप्रणालीको विकास गर्न र कोषको समग्र सुशासनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## अन्तर्राष्ट्रिय सम्वन्धन

- कोषले देशको सञ्चय कोष व्यवस्थापनका अतिरिक्त सामाजिक सुरक्षाका क्षेत्रमा कार्य गर्ने अग्रणी संस्थाका नाताले सन् १९८० मा अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्था (International Social Security Association-ISSA) को सम्वन्धन सदस्यता (Associate Membership) २०३७ सालमा प्राप्त गरेको थियो । सोही संस्थाको सहयोगमा सामाजिक सुरक्षाका क्षेत्रमा सञ्चालन हुने गरेका विभिन्न अन्तर्राष्ट्रिय स्तरका सभा, सम्मेलन, सेमिनार तथा गोष्ठीहरुमा सहभागी भई यस क्षेत्रको विज्ञ सेवा

आदान प्रदान गर्दै आएको छ ।

- कोषले सन् २०१४ देखि Association of Development Financing Instititutions in Asia and the Pacific- ADFIAP को सदस्यता प्राप्त गरेको छ । यसबाट कोषको स्रोत व्यवस्थापनमा अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान हुने विश्वास लिइएको छ ।
- कोषले International Labour Organization, ILO सँग सहकार्य गरी सामाजिक सुरक्षाको विकास र दिगोपनामा थप सहयोग गर्ने योजना बनाएको छ । यसै सन्दर्भमा उक्त संस्थाको सहयोगमा देशमा सार्वजनिक क्षेत्रका लागि योगदानमुखी निवृत्तिभरण योजना सञ्चालन गर्न अध्ययन प्रक्रिया समेत अघि वढाएको छ ।
- कोषले देशको सामाजिक सुरक्षाको दिगो विकासका लागि अन्तर्राष्ट्रिय स्तरका सामाजिक सुरक्षा संस्थासँग अनुभव आदान प्रदान गर्ने नीति समेत अवलम्वन गर्दै आएको छ। यस अर्न्तगत इण्डोनेशियाको सामाजिक सुरक्षाका क्षेत्रमा कार्यरत BPJS Ketenagakerjaan, मलेसियाको सामाजिक सुरक्षा संस्था (SOCSO or PERKESO) र दक्षिण कोरियाको Public Pension Fund जस्ता संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने योजना वनाइएको छ ।

**लेखा तथा लेखापरीक्षण**

- कोषले प्रत्येक आर्थिक वर्षको लेखालाई समयमा नै लेखापरीक्षण गराई वित्तीय विवरणहरु प्रकाशन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ । सोही अनुरुप आर्थिक वर्ष २०७०/७१ को अन्तिम लेखापरीक्षण समयमै सम्पन्न भई महालेखा परीक्षकको कार्यालयबाट प्रतिवेदन समेत प्राप्त भइसकेको छ। आ.व. २०७१/७२ को लागि लेखा परिक्षक नियुक्त भई लेखा परिक्षण कार्य यही कार्तिक मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।
- कर्मचारी सञ्चय कोष ऐन २०१९ द्वारा तोकिएको समयमा नै आर्थिक वर्ष २०७०/७१ को वार्षिक प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष प्रस्तुत गरिएको छ ।
- कोषले समयमा नै लेखापरीक्षण गराई वित्तीय विवरण प्रकाशित गरेकाले ICAN वाट प्रत्येक वर्ष प्रदान गरिने सार्वजनिक निकाय (Public Entity) तर्फ Best Presented Annual Report (BPA) Award, 2014 प्राप्त गर्न सफल भएको छ । यस विधामा कोषले गत वर्ष समेत सो पुरस्कार प्राप्त गरेको थियो ।
- कोषको लेखा तथा वित्तिय विवरणमा समयानुकूल सुधार गर्नका साथै IFRS/ NFRS क्रमशः कार्यान्वयनका लाीग आवश्यक पुर्वाधार तयारी गर्न सम्बन्धित संस्था तथा निकायको सहयोगमा कार्य अघि वढाउन कोषमा एक Core Team को गठन गरी कार्य प्रारम्भ गरिएको छ भने सो कार्यमा विज्ञ सेवा समेत लिने उद्देश्यले नेपाल सरकार, अर्थमन्त्रालय, महालेखा परिक्षकको कार्यलय, लेखामान वोर्ड, नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थाका विज्ञहरु र कोषका कर्मचारी समेत रहेको एक Expert Team गठन गरिएको छ ।
- कोषको लेखाङ्कन तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्दै लैजान वेरुजु फछ्र्यौट, मूल्याङ्कन तथा

अनुगमन समितिलाई अझ वढी क्रियाशील र प्रभावकारी बनाउन समितिको काम, कर्तव्य र अधिकार स्पष्ट गरी कार्यान्वयन गरिएको छ ।

**सञ्चयकर्ता सेवा सुविधा प्रवाह**

- सञ्चयकर्ताहरुलाई वढी भन्दा वढी लाभान्वित गरी अवकाशमय जीवनलाई सुरक्षित वनाउने अभिप्रायले कोषले आर्थिक वर्ष २०७१/७२ मा सञ्चित रकममा ७.५ प्रतिशतका दरले व्याज प्रदान गरेको छ।
- आर्थिक वर्ष २०७०/७१ को लेखापरीक्षण पश्चात कायम भएको रु.१ अर्ब ७० करोड १३ लाख सञ्चालन वचत मध्येबाट सञ्चयकर्तालाई मुनाफा वापत कूल सञ्चय कोष मौज्दातको ०.८५ प्रतिशत रकम सञ्चयकर्ताको व्यक्तिगत कोषकट्टी खातामा जम्मा गरिएको छ।
- कोषले आर्थिक वर्ष २०७०/७१ को खुद मुनाफाबाट सञ्चयकर्ताहरुका लागि सामाजिक सुरक्षा सुविधा सञ्चालन गर्न सञ्चयकर्ता कल्याणकारी कोषमा रु.३४ करोड २ लाख बाँडफाँड गरेको छ।
- कोषले आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ता कल्याणकारी कोषवाट सामाजिक सुरक्षा सुविधा अन्तर्गत दुर्घटना क्षतिपूर्ति कार्यक्रम शीर्षकमा ८७ जना सञ्चयकर्तालाई रु. ८७ लाख, काजक्रिया अनुदान योजना शीर्षकमा ८०४ जना सञ्चयकर्तालाई रु.१ करोड ९८ लाख ६९ हजार र सञ्चयकर्ता औषधोपचार सहयोग योजना शीर्षकमा ४१ जना सञ्चयकर्तालाई रु.७ लाख ७९ हजार सहयोग रकम भुक्तान गरिएको छ।
- कोषले ऋण लगानी गरेका कम्पनीहरुको शेयरमा सञ्चयकर्तालाई सहभागीता गराइएको (अपर तामाकोशी हाइड्रोपावर लिमिटेडमा शेयर प्रदान भई सकेको र अन्य कोषले ऋण लगानी गरेका/गर्ने परियोजनामा शेयर प्रदान गर्दै जाने)।
- निजी क्षेत्रका कामदार कर्मचारीलाई कोषमा आवद्ध गराई संगठित क्षेत्रमा कोषको दायरा विस्तार गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७१/७२ मा अनिवार्य कोष कट्टी गर्ने बाहेकका ५५ वटा संस्थाका करिव २५४० जना कर्मचारीहरुलाई कोषमा आवद्ध गराइएको छ । त्रिभुवन विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सञ्चय कोष रकम कोषमा जम्मा गर्न मिति २०७२/०४/२८ मा कोष र त्रि.वि.वि. वीच समझदारी पत्रमा हस्ताक्षर भएको छ।
- सञ्चयकर्ता परिचय पत्रलाई विद्युतीय अभिलेख राख्ने क्रमलाई निरन्तरता दिँदै यस अवधिमा परिचय पत्र बनाउँदा नै सञ्चयकर्ताको परिचय पत्र स्क्यानिङ्ग गर्ने गरिएको छ भने सञ्चयकर्ताहरुको कार्यस्थल (अनलाईन अनसाईट) मार्फत करीव १५११ परिचयपत्र वितरण गरिएको छ साथै सञ्चयकर्ताको ८१०० अस्थायी तथा दोहोरो खाता एकीकरण गरिएको छ।
- कोषद्वारा सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएको सेवा सुविधाका सम्वन्धमा सञ्चयकर्ताहरुको सन्तुष्टिलाई मध्यनजर गरी शाखा कार्यालयहरुको सञ्चालन, सञ्चयकर्ताहरुलाई कार्यालय समय अघि, पछि तथा विदाको दिनमा अत्यावश्यक सेवा प्रदान, शाखा कार्यालयबाट सञ्चयकोष कट्टीको डाटा इन्ट्री, सञ्चयकर्ताको कोष कट्टी विवरण CD वा Web Site बाट Import गरी कोषको Data Base मा समावेश

गर्ने नीति अनुरुप कुल ३९ लाख १० हजार डाटा मध्ये २८ लाख १५ हजार डाटा अर्थात करीव ७२ प्रतिशत डाटा CD वा Web Site बाट Import गरी लेखाङ्कन गरिएको छ ।

- कोषवाट सञ्चयकर्तालाई प्रदान गरिंदै आएका सम्पूर्ण सापटी सुविधाहरुलाई देशका विभिन्न शहरहरुमा सञ्चालित शाखा कार्यालयवाट समेत प्रदान गर्ने व्यवस्थामा थप सुधार तथा विस्तार गरिएको छ ।
- सञ्चयकर्तालाई कोष सम्वन्धि गतिविधि तथा महत्वपूर्ण सूचनाका साथै कोषबाट प्रदान गरिने सेवा तथा सुविधाहरुको जानकारी दिन e-Newsletter (bulletin) को प्रकाशनलाई निरन्तरता दिनुका साथै गुणस्तरमा सुधार गर्दै लगिएको छ ।

## श्रोत परिचालन तथा जोखिम व्यवस्थापन

- सञ्चयकर्ताहरुलाई समेत शेयर स्वामित्व सुनिश्चित गरिएको निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत परियोजनाका लागि आगामी ५ वर्षभित्र कोषले रु.१० अर्व लगानी गर्ने प्रतिवद्धता जनाए अनुरुप गत वर्षसम्म रु. ५ अर्ब ७८ करोड लगानी गरिएकोमा आर्थिक वर्ष २०७१/७२ मा मात्र रु.२ अर्व ७३ करोड ७६ लाख कर्जा (पूँजीकृत समेत) प्रवाह गरिएको छ ।
- सञ्चयकर्ताहरुलाई समेत शेयर स्वामित्व सुनिश्चित गरिएका चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७२ मेगावाट क्षमताका निर्माणाधीन ४ जलविद्युत आयोजनाहरुका लागि कोषले रु. १६ अर्व ५० करोड लगानी गर्ने प्रतिवद्धता जनाए अनुरुप गत वर्षसम्म रु. १ अर्ब ३० करोड लगानी गरिएकोमा आर्थिक वर्ष २०७१/७२ मा मात्र रु. २९ करोड २७ लाख कर्जा (पूँजीकृत समेत) प्रवाह गरिएको छ ।
- देशको पर्यटन क्षेत्रको विकासका लागि नेपाल वायु सेवा निगमलाई जहाज खरिदका लागि १० अर्ब ऋण दिने सम्झौता बमोजिम गत वर्षसम्म रु. ४ अर्ब ४० करोड ५९ लाख लगानी गरिएकोमा आर्थिक वर्ष २०७१/७२ मा मात्र रु. ५ अर्व ५७ करोड ५२ लाख कर्जा (पुँजीकृत समेत) प्रवाह गरिएको छ ।
- देशमा ईन्धन आपूर्तिलाई सहज बनाउनका लागि नेपाल सरकारको जमानतमा नेपाल आयल निगमलाई हालसम्म रु. १२ अर्ब ३५ करोड कर्जा प्रवाह गरिएकोमा आर्थिक वर्ष २०७१/७२ मा मात्र रु. ८ अर्व ३५ करोड कर्जा असूल भएको छ ।
- परियोजना कर्जाको असुलीलाई प्रभावकारी बनाइएका कारण कोषको कूल श्रोतमा निष्कृय कर्जाको अनुपात संस्थागततर्फ ०.२१ प्रतिशत कायम भएको छ भने सञ्चयकर्ताहरुलाई प्रदान गरिएको सापटीमा रहेको निष्कृय कर्जाको अंशलाई कम गर्न असूली कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाईएको छ ।
- कोषको विभिन्न बैंकहरुमा रहेको मौज्दात रकमलाई समयमै केन्द्रमा रकमान्तर गरी प्रतिफलयुक्त क्षेत्रमा लगानी प्रवाह गर्नका लागि प्रभावकारी रुपमा स्रोत संकलन गर्ने कार्यलाई Any Branch Banking System को माध्यमबाट व्यवस्थित बनाउन राष्ट्रिय वाणिज्य वैंक संग भएको MMOU अनुरुप रा.वा.वैंक विशालवजार स्थित मुख्य शाखा कार्यालयमा रहेको खातामा नै .वैंकहरुका विभिन्न शाखामा जम्मा हुने रकम जम्मा गर्ने व्यवस्था कार्यान्वयन भई सकेको छ । नेपाल बैंकसंग समझदारी सम्झौता (MOU) गरी केन्द्रिय स्तरको कोषको खातामा कोषकट्टी रकम जम्मा गर्ने व्यवस्था मिलाउन अन्तिम चरणमा कार्य भईरहेको छ ।

- विगत वर्ष देखि असूल हुन नसकी अपलेखन गरिएका, शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था भएका र नेपाल सरकारले रुग्ण उद्योग घोषणा गरेका परियोजना कर्जाहरुको प्रभावकारी असुली प्रक्रिया अगाडि बढाउन विशेष असुली नीति तयार गरिएको छ ।
- कोषले विभिन्न वाणिज्य बैंकहरुको मुद्दती निक्षेपमा गरिने लगानीलाई जोखिम विश्लेषणका आधारमा पारदर्शी एवं प्रतिफलयुक्त बनाउने कार्य प्रक्रिया अगाडि बढाइएको छ ।

**मानव ससांधन तथा आन्तरिक व्यवस्थापन**

- मान्यता प्राप्त विश्वविद्यालयबाट M.Phil तथा Phd अध्ययन गर्दा सामाजिक सुरक्षा तथा सञ्चय कोषको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने सोधपत्रकर्ताका लागि छात्रवृत्ति प्रदान गर्न विगत वर्षमा कार्यान्वयन गरिएको सामाजिक सुरक्षा एवं सञ्चय कोषसंग सम्वन्धित विषयमा सोधकार्यका लागि आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७० अनुरुप यस वर्ष कोषका १ जना शोधकर्तालाई आर्थिक सहयोग प्रदान गरिएको छ ।
- त्यस्तै प्रकारले कोषको कर्मचारीका छोराछोरीलाई उच्च शिक्षाका लागि छात्रवृत्ति प्रदान गर्न कार्यान्वयनमा आएको कोषका कर्मचारी सन्तती छात्रवृत्ति निर्देशिका, २०७० को व्यवस्था अनुरुप यस वर्ष कोषका ५ जना कर्मचारीहरुका सन्ततीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- कोषमा क्रियाशील सबै कर्मचारी संगठनहरुको वौद्धिक उर्जालाई कोषको सुधार योजनामा उपयोग गर्न कार्यक्षेत्र तयार गरी लागू गरिएको छ ।
- कर्मचारीको क्षमता तथा दक्षता अभिबृद्धि गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७१/७२ मा ३६२ जना कर्मचारीलाई स्वदेशका र ४३ जना कर्मचारीलाई विदेशका विभिन्न विषयगत तालिम तथा कार्यक्रममा सहभागी गराइएको छ ।
- सञ्चालक समितिको अध्यक्ष तथा सदस्यहरुवाट भविष्यनिधि भारतको निमन्त्रणामा मित्रराष्ट्र भारतको उच्चस्तरीय भ्रमण भएको र कोष तथा सो संगठनवीच उच्चस्तरीय सम्वन्ध कायम भएको छ ।
- दक्षिण कोरियाको सामाजिक सुरक्षा (पेन्सन) का क्षेत्रमा कार्यरत संस्थाले आयोजना गरेको अन्तर्राष्ट्रिय सेमिनारमा सो संस्थाको निमन्त्रणामा कोषको उच्चस्तरीय अधिकृतहरुको सहभागिता भएको छ ।
- Pacific Pension Centre ले अमेरिकाको लसएन्जलसमा आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा कोषबाट सहभागिता भएको छ ।
- Association of Developement Financing Institutions in Asia and the Pacific/ADFAIP ले भियतनामको होचिमिनमा आयोजना गरेको ब्भँक्ष्ब्ए को सम्मेलनमा कोषको उच्चस्तरीय अधिकृतहरुका सहभागिता रहेको छ ।
- अन्तरराष्ट्रिय मजदुर संगठन (International Labour Organization) ले थाइल्याण्डको बैकंकमा आयोजना गरेको सामाजिक सुरक्षा सम्बन्धी कार्यकममा कोषको समेत सहभागिता भएको छ ।
- कोषको रिक्त दरबन्दी पूर्ति गर्ने उद्देश्य अनुरुप ५६ जना दक्ष जनशक्ति खुल्ला/समावेशी प्रतियोगितात्मक

परीक्षाबाट पदपूर्ति गर्ने प्रक्रिया शुरु गरिएको छ । यसबाट कोषको मानव संशाधनको रिक्तता पूर्ति हुनाको साथै, संस्थामा नयाँ उर्जा सञ्चार हुने विश्वाश रहेको छ ।

- कोषभित्रको ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन, व्यवस्थापकीय तहमा रहेका कर्मचारीहरुको नेतृत्वकला र निर्णय क्षमता विकास गरी उत्तराधिकारी योजना (Succession Planning) सुनिश्चित गर्न तथा कर्मचारीहरु बीच समूहगत कार्यप्रणाली (Team Work) भावनाको विकास गर्न गठित वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum) को कार्यलाई थप प्रभावकारी वनाउँदै जाने नीतिलाई निरन्तरता दिइएको छ ।

**सूचना तथा सञ्चार प्रविधि**

- कोषले आफ्ना सम्पूर्ण सेवा तथा सुविधा र सम्पादन गर्ने क्रियाकलापहरुलाई आधुनिक सूचना प्रविधिको माध्यमवाट सम्पादन गर्ने नीति लिई सोही अनुरुप कार्यहरु अघि वढाएको छ ।
- कोषको व्यावसायिक निरन्तरता योजना (Business Continuity Plan)/विपद व्यवस्थापन योजना (Disaster Recovery Plan) को कार्यान्वयनका लागि आवश्यक पूर्वाधार तयार गरिएको छ ।
- सञ्चयकर्ताका गुनासा तथा सुझावहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न तथा कोषको सेवा सुविधाको गुणस्तरमा सुधार गर्न विद्युतीय गुनासो व्यवस्थापन प्रणाली (Online Grievance Handling System) को विकास गरिएको छ ।
- कोषको Intranet Portal लाई प्रभावकारी वनाउन Software Requirement Specification (SRS) को कार्य सम्पन्न गरिएको छ भने Documents Archieving System तयार गरिएको छ ।
- कोषद्वारा सञ्चयकर्ताहरुको पहिचान, सुरक्षा तथा सेवा प्रवाहमा सरलीकृत गर्नका लागि आवश्यक वायोमेट्रिक डाटा संकलन कार्यलाई निरन्तरता दिइएको छ ।
- कोषमा प्रयोगमा रहेको CMS को Operational Risk Analysis सहितको System Audit आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न गरिएको र वाह्य विज्ञद्धारा दिईएको सुझावको आधारमा सुधारका लागि कार्ययोजना तयार गरी कार्य अघि बढाइएको छ ।

**विद्यमान चुनौतीहरु :**

- निजी क्षेत्र तथा स्वरोजगारमा रहेका कामदार तथा कर्मचारीहरुलाई देशको सञ्चय कोष प्रणालीमा आवद्ध गरी कोषको दायरा विस्तार गर्न नीतिगत तथा कानूनी व्यवस्थाको अभाव देखिएको छ ।
- देशको वैकिङ्ग क्षेत्रमा लामो समयसम्म रही रहेको उच्च तरलता, मुलुकको न्यून आर्थिक वृद्धिदर एवम् वित्तीय क्षेत्रमा रहेको अनिश्चितता, अस्थिरता तथा लगानीको उपयुक्त वातावरणको अभावमा देखिएको लामो समय देखिको निरन्तरताका कारण कोषको स्रोत परिचालन कार्य चुनौतीपूर्ण वन्दै गएको छ ।
- राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्कमा भएको वृद्धिका कारण कोषको स्रोत संकलनमा सकारात्मक वृद्धि हुन गएको देखिएकाले कोषको दीर्घकालीन स्रोत परिचालनको विषय नेपाल सरकारको प्राथमिकतामा

समावेश गर्न समेत कोषका सामु चूनौती रहेको छ ।

- सामाजिक सुरक्षाको अन्तर्राष्ट्रिय प्रचलन र अभ्यास अनुरुप दीर्घकालीन स्रोतलाई उपयुक्त उपकरणको माध्यमद्वारा राष्ट्रको आर्थिक तथा पूर्वाधार विकासको क्षेत्रमा उपयोग गर्ने एकीकृत नीतिको अभावका कारण कोषको दीर्घकालीन वचत परिचालनमा समेत प्रत्यक्ष असर परेको छ ।
- सामाजिक सुरक्षाका क्षेत्रमा वृद्धि हुँदै गएको प्रतिस्पर्धा, कोषका सामाजिक सुविधाहरुलाई दिगो र समसामयिक वनाउँदै जानु पर्ने अवस्था र उच्च मुद्रास्फितिका कारण कोषले सञ्चयकर्तालाई प्रदान गर्ने प्रतिफल मुद्रास्फिति दर अनुरुप कायम हुन नसकेको अवस्थाका कारण कोषको सेवा सुविधा व्यवस्थापन कार्य कठिन हुँदै गएको छ । साथै, कोषको सञ्चालन खर्चलाई कूल आम्दानीको पाँच प्रतिशतको सीमाभित्र कायम राख्ने संस्थागत प्रतिबद्धतालाई निरन्तरता दिन समेत कठिनाई भएको छ ।
- सामाजिक सुरक्षा कोष तथा निजी क्षेत्रमा अन्य अवकाश कोषहरुको स्थापनासँगै सामाजिक सुरक्षाको क्षेत्रमा कोषको भूमिकालाई थप प्रभावकारी वनाउँदै लैजान प्रतिस्पर्धात्मक क्षमता विकास गर्नुपर्ने भएको छ । साथै, सञ्चयकर्ताको आवश्यकता र अपेक्षा अनुरुप सेवाको गुणस्तरमा निरन्तर सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।
- कोषको दिगो विकासमा टेवा पुऱ्याउन र विद्यमान सेवा तथा सुविधालाई थप आकर्षक बनाउन अत्याधुनिक सूचना तथा सञ्चार प्रविधिको भूमिका महत्वपूर्ण हुने भएकोले दक्ष जनशक्तिलाई कोषमा प्रवेश गराई त्यस्ता कर्मचारीहरुको सेवाको निरन्तरता कायम गर्न कार्य चुनौतीपूर्ण रहेको छ ।
- कोष कट्टी रकम संकलनको प्रभावकारी सयन्त्र नहुनु, कोषको नियमनका लागि उपयुक्त संयन्त्रको अभाव रहनु र कोषको लेखाङ्कन प्रणालीलाई IFRS/ NFRS अनुरुप वनाउँदै जान कोषले आफ्नो संस्थागत क्षमता अभिवृद्धि र मानव संसांधन विकासमा समेत विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

**आगामी कार्यदिशा :**

- कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक संशोधन मार्फत निजी क्षेत्रमा कार्यरत करिव १० लाख संस्थागत रोजगारहरु, स्वरोजगारहरु, बैदेशिक रोजगारमा रहेका कर्मचारी तथा कामदारहरु, असंगठित क्षेत्रमा कार्यरत कर्मचारी तथा कामदार समेतलाई कोषमा समाहित गरी सञ्चय कोष लगायत अन्य सामाजिक सुरक्षाका सुविधाबाट लाभान्वित गराउँदै कोषको दायरा विस्तार मार्फत मुलुकको समग्र सामाजिक सुरक्षा प्रदान गर्ने सक्षम संस्थाको रुपमा स्थापित हुन प्रयासरत रहेको छ ।
- कोष देशका निजी तथा सार्वजनिक क्षेत्रमा कार्यरत कामदार कर्मचारीहरुका लागि सामाजिक सुरक्षाको अवधारणा अनुरुप योगदानमा आधारित निवृत्तिभरण योजना सञ्चालन गरी कामदार कर्मचारीहरुको अवकास पश्चातको जीवन यापनका लागि सहयोग गर्न आवश्यक योजना कार्यान्वयन गर्न प्रयत्नशील रहेको छ ।
- देशको स्वास्थ्य सेवाको क्षेत्र महँगो हुदै गइरहेको सन्दर्भमा सीमित तथा निश्चित आयमा जीवनयापन गरिरहेका सञ्चयकर्ताहरुको स्वास्थ्यसम्बन्धी अन्तरनिहित जोखिमवाट निज वा निजको आश्रितलाई पर्न सक्ने आर्थिक असरलाई न्यूनीकरण गर्न र सञ्चयकर्ताहरुको स्वास्थ्य सम्वन्धि आवश्यकतालाई

समयानुकूल सुव्यवस्थित रुपमा व्यवस्थापन गर्न नेपाल सरकारको सहयोगमा योगदानमा आधारित सञ्चयकर्ता स्वास्थ्य सुविधा योजना  सञ्चालन गर्न अवधारणापत्र र नियमावलीको मस्यौदा तयारी नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष पेश गरिएको छ ।

- कोषमा रहेको कम्प्युटर प्रणालीमा सुधार गरी कोषका सम्पूर्ण कारोबारहरु एकीकृत कम्प्युटर प्रणालीबाट संचालन गर्ने, विद्युतीय माध्यमको प्रयोग गरी कार्यालयबाटै फाँटबारी पठाउन सक्ने प्रणालीको विकास गर्ने, सरकारी स्वामित्वका वाणिज्य बैंकहरुको सहकार्यमा सञ्चयकर्तालाई स्थानीय स्तरमै सेवा प्रदान गर्ने कार्यलाई मूर्तरुप दिइने छ ।
- कोषको सेवा सुविधा प्रवाह प्रणालीलाई प्रभावकारी बनाउन एवं सञ्चयकर्ताहरुको सन्तुष्टिलाई दृष्टिगत गरी मुस्कान सहितको सेवा (Treat with Smile) को अवधारणालाई व्यवहारिक रुपमा लागू गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- कोषमा सम्झौतातीत दीर्घकालीन वचतको रुपमा जम्मा हुने कुल स्रोत आगामी ३ वर्षभित्र करीव ३०० अर्व पुग्ने देखिएकाले यस्तो वचत रकमलाई देशको पूर्वाधार विकासका क्षेत्र तथा समग्र आर्थिक विकासका क्षेत्रमा परिचालन गर्न आवश्यक योजना तथा रणनीति तय गरिने छ ।
- देशको सवैभन्दा ठूलो परिमाणको दीर्घकालीन वित्तीय स्रोत परिचालन गर्ने संस्थाको हैसियतले कोषले संचयकर्ताको सर्वोत्तम हीत, सुरक्षा र प्रतिफलमा संतुलन कायम गर्न आवश्यक नीति तर्जुमा तथा कार्यान्वयन थप पहल गरिने छ ।
- कोषको संकलित रकमको प्रभावकारी परिचालन मार्फत सञ्चयकर्ताहरुको सञ्चित रकममा उच्च प्रतिफल प्रदान गर्न, कोषको लगानीमा विविधीकरण गर्न र देशको पूँजी बजारको विकासमा समेत टेवा पुऱ्याउने सामूहिक लगानी कोष (Mutual Fund) संचालन गरिने छ ।
- कोषमा निरन्तर बढ्दै गएको वित्तीय स्रोत, लगानीका क्षेत्रहरुमा देखिएको जोखिम र सूचना तथा प्रविधिमा भइरहने परिवर्तनवाट सिर्जना हुन सक्ने जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न जोखिम व्यवस्थापन सम्वन्धि रणनीतिलाई कोषको महत्वपूर्ण कार्यका रुपमा अगाडि वढाइने छ ।
- कोषको मानव संसाधन विकास र व्यवस्थापनमा सुधार गर्न, मानव संशाधन विकासलाई ज्ञान व्यवस्थापनको माध्यमबाट प्रभावकारी बनाउन तथा नेतृत्व क्षमता विकास गर्न गठीत कोषका उच्च अधिकृतहरुको सहभागी रहेको वरिष्ठ कार्यकारी मञ्चका क्रियाकलापहरुलाई व्यवस्थित रुपमा अघि बढाउन र संस्थागत विकासमा प्रयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- कोषमा कार्यरत कर्मचारीहरुको नेतृत्वकला तथा निर्णय क्षमता विकास गर्न साथै कोषको उत्तराधिकारी योजना (Succession Planning) कार्यान्वयन गर्न कर्मचारीहरुलाई उपयुक्त नेतृत्व विकास कार्यक्रममा सहभागी गराउने नीतिलाई निरन्तरता दिईने छ ।
- कोषको सेवालाई प्रतिस्पर्धी वनाउन, कर्मचारीहरुको कार्यदक्षतामा अभिवृद्धि गर्न, कार्य सम्पादन मूल्याँङ्कन प्रणालीलाई पदोन्नति, वृत्ति विकास तथा प्रोत्साहनसँग आवद्ध गर्नका लागि आवश्यक कार्यमूलक पारीतोषिक प्रणाली कार्यान्वयन गर्दै लाने नीति लिईने छ ।

- सञ्चयकर्ताहरुको कोषकट्टी रकम र सोको विवरण संकलन कार्यलाई प्रभावकारी वनाउन, कोष रकमको लेखाङ्कन समयमा नै सम्पन्न गर्न सूचना तथा प्रविधिको उपयोग गरी सञ्चयकर्ता कार्यालयहरुवाट फाँटवारी तथा वैंक भौचर प्राप्त गर्न E- Statement Collection को व्यवस्था मिलाईने छ ।
- सञ्चयकर्ताका जायज गुनासा तथा सकारात्मक सुझावहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न विकास गरिएको विद्युतीय गुनासो व्यवस्थापन प्रणाली (Online Grievance Handling System) कार्यान्वयनका लागि आवश्यक संयन्त्रको निर्माण गरिने छ । साथै कोषको सेवालाई थप प्रभावकारी वनाउन Contributors Service Rating Machine राखिने छ ।
- सञ्चयकर्ताको सामाजिक सुरक्षा सुविधाको दिगोपना तथा सुनिश्चितताका विकासका लागि अध्ययन गर्ने र कोषले सञ्चयकर्ताहरुलाई उपलव्ध गराउदै आएको सामाजिक सुरक्षा सुविधा तथा सापटी सुविधाहरुमा समसामयिक पुनरावलोकन गरिने छ ।
- सञ्चयकर्ताको आवासको आवश्यकतालाई दृष्टिगत गरी नेपाल सरकारको सहयोगमा प्रमुख शहरहरुमा सञ्चयकर्ता आवास योजनाको विकास र विस्तार गर्ने र यसका लागि भगिनी संस्थाको स्थापना र संचालन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

**कोषको प्रतिवद्धता :**

कोषले अवलम्बन गरेका दूरदृष्टि, दीर्घकालिन लक्ष्य, रणनीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा उपलव्धिका निमित्त भएका सम्पूर्ण प्रयासहरुमा नेपाल सरकार, सञ्चालक समिति, कर्मचारी सङ्गठन तथा कोषका सम्पूर्ण कर्मचारी, सञ्चयकर्ता तथा सम्वद्ध सम्पूर्ण सरोकारवालाहरुको रचनात्मक सहयोगका लागि कृतज्ञ रहेका छौं र सवै पक्षवाट सदा झैँ भविष्यमा समेत सहयोग र समन्वय प्राप्त भईरहने सम्वन्धमा पूर्ण विश्वस्त छौं ।

नेपाल सरकारको सहयोग, सञ्चालक समितिको सबल र सक्षम नेतृत्व तथा सम्पूर्ण कर्मचारीको संस्थाप्रतिको निष्ठापूर्ण समर्पणभाव एवम् कर्मचारी सङ्गठन, सञ्चयकर्ता तथा सम्पूर्ण सरोकारवालाहरुको सद्भावबाट कोषको आफ्नो दूरदृष्टि तथा दीर्घकालीन लक्ष्य अनुरुप सञ्चयकर्ताको सर्वोत्तम हीत तथा सन्तुष्टि प्राप्तिको गन्तव्यमा पुग्न कोष प्रतिवद्ध रहेको व्यहोरा सहर्ष अनुरोध गर्दछौं ।

# संस्थानको कर्मचारी छनौटमा लोकसेवा आयोग



डा. गोविन्दप्रसाद कुसुम *

## विषय प्रबेश

लोकतान्त्रिक राज्य व्यवस्थाको प्रमुख काम गुणस्तरीय सेवा प्रवाहद्धारा नागरिकको विश्वास जित्नु हो । संविधानिक व्यवस्था बमोजिम् राज्यका तीनवटा अंगले शक्ति पृथकीकरणको सिद्धान्त अनुसार आ-आफ्नो कार्य सफलतापूर्वक सम्पन्न गर्दछन् । सफलतापूर्वक कार्य सम्पादन भनी रहंदा उनीहरुले सम्पन्न गर्ने कार्यलाई बुझाउँछ । यस्तो कार्य उपलव्धि उन्मुख हुनुपर्छ, जसको मूल्याङ्कन गुण, लागत र समयको प्रभावकारिताका आधारमा गरिन्छ । यो कार्य-उपलव्धि सापेक्ष रहन्छ । कुशल श्रम शक्तिको छनौट, विन्यास र प्रभावकारी कार्य संचालनका माध्यमबाट मात्र गुणस्तरीय कार्य सम्पादन संभव हुन्छ । त्यो श्रमशक्ति भनेको सार्वजनिक प्रशासनको क्षेत्रका कार्यरत कर्मचारीवर्ग हो । राज्यका तिनै वटा अंगहरुले सम्पन्न गर्ने सबै संबैधानिक कार्य वा नागरिक केन्द्रित कामहरु कर्मचारीकै माध्यमबाट सम्पादन गरिने हुंदा उत्तमहरु मध्येबाट अति उत्तम व्यक्तिको छनौट गरी ती तोकिएका काम पुरा गर्ने जिम्मेवारी  उनीहरुलाई दिइन्छ । यही उत्तम मध्येबाट अति उत्तमको छनौट द्धारा रिक्त पदपूर्ति गरेर सेवा ग्राहीले अनुभूति गर्ने गरी सार्वजनिक सेवा प्रवाह गर्नु नै लोकतान्त्रिक सरकारको कर्तव्य हो ।

सार्वजनिक प्रशासन नै राज्य संचालनको आधार हो । सशक्त र सवल सार्वजनिक प्रशासनद्वारा मात्र सरकारको प्रभावकारिता संभव हुन्छ । अतः यस्तो महत्वपूर्ण सार्वजनिक प्रशासन संयन्त्रमा सक्षम, योग्य र गुणवान जनशक्ति मात्र प्रवेश गरोस् भन्ने चाहना अनुरुप कार्य गर्नु नै लोकतान्त्रिक पद्धतिको बिशेषता हो ।

अमेरिकाको संरक्षणबादमा आधारित स्पायल सिस्टमबाट पिडित चार्ल्स जे. गुइट्यौले त्यहांका पदासिन राष्ट्रपति ग्यारफील्डको ज्यान लिएपछि राजकीय शासन संयन्त्रमा क्षमतावान र योग्य व्यक्तिको पहुंच बनाउने नीति लागू गरिएको थियो । जब प्रशासनिक संयन्त्रलाई व्यावसायिक र गुणका आधारमा काम गर्न नदिई राजनीतिक हिसाबबाट कर्मचारी भर्ना, बढुवा र जिम्मेवारी दिएर दलगत संरक्षणको आधारमा सार्वजनिक प्रशासन संचालन गरिन्छ, त्यहींनेर असन्तुष्टीको विस्फोट हुन्छ । अमेरिकी राष्ट्रपति ग्यारफील्डको हत्या त्यही असन्तुष्टीको उपज थियो ।

नाताबाद, कृपाबाद र संरक्षणबादबाट सार्वजनिक प्रशासनलाई प्रभाव पार्न खोजियो भने योग्यता र सक्षमताको ठाउँमा अयोग्यता र असक्षमताले स्थान ग्रहण गर्न पुग्छ । फलतः गुणस्तरीयता हराउँछ र प्रशासन लंगडो हुन्छ । त्यसैले उत्तम मध्येबाट योग्यताको आधारमा अत्युत्तमको छनौट गरी सबैलाई उसको योग्यता बमोजिमको अवसर दिनुपर्छ भन्ने सिद्धान्तमा आधारित रहेर लोकसेवा आयोगको जन्म हुन पुगेको हो ।



* सदस्य, लोक सेवा आयोग

## लोक सेवा आयोग

लोक सेवा आयोगको इतिहास राणाकालीन समय देखि शुरु भएको हो । समयको परिवर्तनले घच्घच्याए अनुसार तत्कालीन राणा सरकारले निजामती सेवा भित्र राम्रा र योग्य व्यक्तिहरु प्रवेश गरुन् भन्ने मान्यता सहित २००४ सालमा नेपाल सरकारको वैधानिक कानूनद्धारा 'दरखास्त परिषद्' को नामबाट लोकसेवा आयोगले निर्वाह गर्नुपर्ने भूमिका अनुरुपको कार्य गर्ने गरी वैधानिक प्रावधान राखियो । यस अघिको राणा शासन भित्र कर्मचारीको छनौट, नियुक्ती, बढुवा आदि राणा प्रधानमन्त्रीको विवेक (सनक ?) ले निर्देशित गर्थ्यो । कुनै कानून थिएन । ज्यादै दवाव परेपछि व्यवस्था गरिएको 'दरखास्त परिषद' को प्रावधान कागजी रुपमा सीमित रह्यो, कार्यान्वयनमा आएन । यस्तो प्रावधान राख्नुको पछाडिको उद्देश्य तत्कालीन समयमा मुलुकभित्र राणा शासनको विरुद्धमा सल्किएको आगो निभाउने प्रयोजनका निम्ति आम नागरिकको आंखामा छारो हाल्नु रहेको थियो ।

२००७ सालमा राणा शासनको अन्त्य भएपछि 'नेपालको अन्तरिम शासन विधान, २००७' ले नेपाल पव्लिक सर्भिस कमीशनको आवश्यकता देख्यो, जसको परिणाम स्वरुप उक्त कमीशन २००८ साल असार १ गते विधिवत रुपमा स्थापना भयो र जनताका छोराले खुला प्रतिस्पर्धाको माध्यमबाट निस्पक्ष रुपमा सरकारी सेवामा प्रवेश पाउने आधारमा ढोका खुल्यो । त्यसपछिका दिनमा राजनीतिक परिवर्तन भएता पनि सेवा आयोगको आवश्यकता, महत्व र यसले निष्पक्ष रुपमा कर्मचारी छनौट गर्नुपर्छ भन्ने मान्यतामा ह्रास नआउने गरी समय अनुसार यसको क्रियाशीलतालाई संविधानले व्यवस्थित गर्दै रहयो र नेपाल पब्लिक सर्भिस कमीशनको नाम परिवर्तन भएर 'लोक सेवा आयोग' राखियो । त्यस अवस्था देखि आजका दिनसम्म लोक सेवा आयोग निष्पक्ष र तटस्थ रहँदै राजनीतिक प्रभाव वा अन्य कुनै पनि किसिमको दवावमा नपरी योग्यता र गुणस्तरीयतालाई दह्रोसंग अनुशरण गर्दै आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको छ । अहिले नेपालको अन्तरिम संविधान २०६३ ले धारा १२५ मा लोकसेवा आयोगको गठन बारे स्पष्ट पार्दै धारा १२६ मा काम, कर्तव्य र अधिकार सम्बन्धी प्राव्धान समेत उल्लेख गरेको छ । यस अनुसार,

१. निजामती सेवाको पदमा नियुक्तिको निम्ति उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा संचालन गर्नु लोक सेवाको कर्तव्य रहेको छ ।

२. निजामती सेवाको निबृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति हुंदैन ।

३. सैनिक सेवा, प्रहरी सेवा, सशस्त्र प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा लोकसेवा आयोगको परामर्श लिई सामान्य सिद्धान्त बनाउनु पर्छ ।

४. निजामती सेवाको शर्तसम्बन्धी कानूनको बिषय, निजामती सेवा वा पदमा नियुक्ति, बढुवा विभागीय कारवाही गर्नुपर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा लोकसेवा आयोगको परार्मश लिनुपर्छ ।

५. निजामती पदमा छ महिना भन्दा बढी समयको लागि नियुक्ति गर्नु पर्‍यो भने उम्मेदवारको उपयुक्तताको विषयमा पनि आयोगको परामर्श लिनुपर्छ, आदि ।

यसरी आयोगको कार्यक्षेत्रलाई संविधानले मूलतः निजामती सेवालाई दृष्टिगत गरी काम कर्तव्य र अधिकार तोकेको छ । तर सबै सरकारी सेवा निजामती सेवा नहुने भएकोले संविधानले किटान गरेका क्षेत्रमा मात्र लोक सेवा आयोग प्रवेश गर्छ ।

## सार्वजनिक संस्थाको सन्दर्भमा

वर्तमान अन्तरिम संविधानले सार्वजनिक सस्थाको बारेमा लोक सेवा आयोगले के गर्ने भन्ने बारे केही प्राव्धान राखेको छ । संविधानको धारा १२६(६) ले भन्छ - 'कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धी प्रचलित कानुन र त्यस्तो सेवाका पदको नियुक्ती, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगसंग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोक सेवा आयोगले परार्मश दिन सक्ने छ ।'

उपरोक्त प्रावधानलाई हेर्दा सम्बन्धित सार्वजनिक संस्थाले कर्मचारीको नियुक्ती, बढुवा र विभागीय कार्यवाही गर्ने विषयमा सामान्य सिद्धान्त बनाउनु पर्ने बाध्यकारी व्यवस्था गरेको छ । त्यस्तो सिद्धान्त सम्बन्धित संस्थाले आफै बनाउनु पर्छ । सामान्य सिद्धान्त विना कर्मचारीको नियुक्ती, बढुवा र विभागीय कारवाही भएमा वा गरेमा संविधानको मर्म भन्दा बाहिर गएको ठहरिन्छ । तर संस्थाले उक्त सामान्य सिद्धान्त बनाउदा लोकसेवा आयोगको राय परामर्श लिन सक्छ । परामर्श लिने विषय बाध्यकारी बनाएको देखिदैन । त्यसैकारण 'परामर्श लिन चाहेमा' भन्ने शव्दावलीको प्रयोग गरिएको हो ।

तर सामान्यतः सार्वजनिक संस्थानहरुले लोकसेवा आयोगको परामर्श लिने चलन छ । लोक सेवा आयोगले त्यस्तो परामर्श दिन सक्छ, नदिन पनि सक्छ । यहाँनेर सार्वजनिक संस्था भन्नाले नेपाल सरकारको पूर्ण स्वामीत्वमा रहेको वा पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथा सरकारको स्वामीत्व वा नियन्त्रणमा रहेको संस्थालाई बुझ्नुपर्छ ।

सार्वजनिक संस्थाले रिक्त पदमा खुला वा आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट परीक्षा संचालन गर्दा अपनाउनु पर्ने विषयमा लोकसेवा आयोगले निम्न बमोजिमको प्रक्रिया पुरा गर्नु पर्ने तर्फ नीतिगत व्यवस्था गरेको छ । संबन्धित संस्थामा आयोगको प्रतिनिधित्व हुंदा देहायको मापदण्ड अपनाउनु पर्छ ।

## मापदण्ड

१. **पाठ्यक्रम निर्माण र स्वीकृति** : पाठ्यक्रम निर्माण विधि र स्वीकृतिका लागि स्पष्ट व्यवस्था गर्ने र सो व्यवस्था अन्तर्गत विषयसंग सम्बन्धित बिज्ञहरुबाट पाठ्यकम तर्जुमा गर्ने, स्वीकृति गर्ने र सोही अनुरुप लागू गराउने ।

२. **प्रतिशत निर्धारण र समावेशीकरण** : सम्बन्धित कानूनी व्यवस्था अनुसार पदपूर्ति गर्ने तरिका (खुला समाबेशी, कार्यक्षमताको मूल्याङ्कन र आन्तरिक प्रतिस्पर्धा) बमोजिम प्रतिशत निर्धारण गर्ने र राज्यको समाबेशी नीति अनुरुपको व्यवस्थाको परिपालना गराउने ।

३. **पदपूर्ति सम्बन्धी कार्यतालिका** : प्रत्येक आर्थिक वर्षमा प्रत्येक तह, स्तर, श्रेणी र पदको माथि उल्लेखित बमोजिमको प्रतिशत निर्धारण, बिज्ञापन, सूचना प्रकाशन, परीक्षा संचालन, लिखित परीक्षाको नतिजा

प्रकाशन र सिफारीशको वार्षिक कार्यतालिका अनिवार्य रुपमा प्रकाशन गर्ने र सोही बमोजिम बिज्ञापन प्रकाशन देखि सिफारीश सम्मका कार्य सम्पन्न गर्ने । परीक्षा संचालन तथा नतिजा पकाशन कार्य सूचना, विज्ञापन क्रम अनुसार गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।

४. **कच्चा प्रश्न पत्र निर्माण** : प्रतिस्पर्धात्मक परीक्षाबाट छनौट हुने पदका लागि सम्बन्धित विषयको दक्ष, बिज्ञबाट गोप्य रुपमा सामान्यतया ५ सेट प्रश्नपत्र तयार गर्न लगाउने विधि र व्यवस्था अवलम्बन गर्ने ।

५. **प्रश्नपत्रको परिमार्जन** : निर्माण गरिएका प्रश्नको कम्तिमा सामान्यतया ३ सेट प्रश्नपत्र परिमार्जन (मोडरेशन) आवश्यकतानुसार एक वा एकभन्दा बढी दक्ष वा विज्ञबाट गराई प्रश्न पत्रको भण्डारण गर्ने, गर्न लगाउने ।

६. **दक्ष विज्ञको सूची र अद्यावधिकरण** : कच्चा प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण र अन्तर्वाताका लागि आवश्यक पर्ने सबै पद, तह, श्रेणी र स्तरको छुट्टाछुट्टै दक्ष, विज्ञको सूची तयार गर्ने, अद्यावधिक गर्ने, स्वीकृति गर्ने सम्बन्धी व्यवस्था गर्ने ।

७. **दक्ष, बिज्ञको चयन र विधि** : उपरोक्त क्र.सं. ६ मा उल्लेखित कार्यका लागि दक्ष विज्ञको चयन गर्ने विधि, मापदण्ड र आचारसंहिताको समेत व्यवस्थागर्ने । सो गर्दा सकेसम्म एक चरणमा प्रयोग गरिएका विज्ञलाई अर्को चरणमा चयन नगर्ने ।

८. **विज्ञापन प्रकाशन र समयावधि** : विज्ञापन प्रकाशनमा खुलाउनु पर्ने न्यूनतम विषयहरु जस्तै राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा २१ दिनको सूचना प्रकाशित गर्नु पर्ने । फर्म भर्ने समय, स्थान र दस्तुर सहितको व्यवस्थागर्ने, गर्न लगाउने ।

९. **लिखित परीक्षा संचालन र व्यवस्थापन** : लिखित परीक्षा संचालनमा आवद्ध हुने पदाधिकारी र कर्मचारीको दायित्व, आचारसंहिता जस्तै प्रश्नपत्र गोला प्रथाबाट वा कोड नं का आधारमा छनौट हुने, गोप्य रुपमा छपाई हुने, उक्त स्थलको सुरक्षित र भरपर्दो व्यवस्थापन र सीट प्लान गर्दा वर्णानुक्रम अनुसार गर्ने । साथै परीक्षा सम्बन्धी कार्यमा खटनपटन र उत्तरपुस्तिका शिलबन्दी गर्ने लगायतका गोपनीयता र निष्पक्षता माथि पुर्‍याउनु पर्ने विधि एवं व्यवस्थाको परिपालना गर्ने गराउने ।

१०. **उत्तरपुस्तिकामा संकेत नंबर राख्ने विधि** : लिखित परीक्षा सम्पन्न भए पश्चात् प्राप्त हुने उत्तर पुस्तिकामा अनिवार्य रुपमा प्रथम र द्धितीय कोड नंबर राख्ने, प्रथम कोडमा संलग्न हुने कर्मचारी र पदाधिकारीलाई द्धितीय कोडमा समावेश नगर्ने ।  कोड नम्बरको अर्धकट्टीको सुनिश्चितताको व्यवस्थापन गर्नुका साथै प्रथम कोड नंबर र द्धितीय कोड नंबरका अर्धकट्टीहरु छुट्टाछुट्टै राख्नुपर्ने व्यवस्था हुनुपर्ने ।

११. **उत्तर पुस्तिका परीक्षण** : उत्तर पुस्तिका परीक्षण कार्यका लागि  छनौट हुने दक्ष र बिज्ञको चयन विधिको तादम्यता मिलाउने ।

१२. **लिखित परीक्षाको नतिजा प्रकाशनार्थ टेबुलेशन र डिकोडिङ् प्रकृया** : नतिजा प्रकाशन सम्बन्धी कार्य गर्दा दोश्रो कोड नंबरका आधारमा नतिजा तयार भएपछि आयोगले अवलम्बन गरिरहेको प्रक्रिया अवलम्बन

गरी डिकोडिङको व्यवस्था  गर्ने । यसो गर्दा प्राप्ताङ्क र उम्मेदवारको नाम, नामेसी भिड्ने व्यवस्था हुन नहुने ।

१३. **अन्तर्वार्ता विधि** : लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने कार्यमा संलग्न कर्मचारी र पदाधिकारीलाई अन्तर्वार्तामा संलग्न नगराउने । लिखित परीक्षाको पूर्णाङ्क १०० भएमा त्यसको अन्तर्वार्ताको अंकभार २० (बीस) कायम गर्ने । यसपछि लिखित परीक्षाको पूर्णाङ्कमा थप हुने प्रत्येक १०० पूर्णाङ्क भित्र अन्तर्वार्ताको १० अंकका दरले थप गर्नुपर्ने । तर अन्तर्वार्ताद्धारा मात्र पदपूर्ति हुने पदको लागि अन्तर्वार्ताको पूर्णाङ्क १०० हुन्छ । ७० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अंक दिनै पर्ने भएमा कारण र औचित्यको लेखाङ्कन गर्ने व्यवस्था गर्ने र अन्तर्वार्ता समितिको बहुमतले त्यस्तो रेञ्ज बाहिर अंक दिएमा मात्र लागू हुने व्यवस्थागर्ने ।

१४. **नियुक्ति दिने विधि र समय** : नियुक्ति दिने प्रक्रिया, समय, वैकल्पिक उम्मेदवारको प्राव्धान र वैकल्पिक उम्मेदवारको नियुक्ती सम्बन्धी व्यवस्था गर्ने र सो को कार्यान्वयन गर्ने ।

१५. **बढुवा सम्बन्धी व्यवस्था** : विभिन्न तह, श्रेणी, पद र स्तरमा बढुवाद्धारा गरिने पदसंख्याका लागि बढुवाका आधारहरु सहितको व्यवस्था र उजुरी दिने प्राव्धानको सुनिश्चितता गर्ने ।

१६. **निरीक्षण वा अनुगमन** : सामान्य सिद्धान्तका सम्बन्धमा आयोगको परामर्श लिएका सार्वजनिक संस्थाले सामान्य सिद्धान्तका सम्बन्धमा आयोगबाट प्राप्त परामर्श अनुरुप गरे वा नगरेको सम्बन्धमा आयोगले अनुगमन गर्न वा गराउन सक्ने हुँदा, सामान्य सिद्धान्त अनुरुप सबै सार्वजनिक संस्थाले नियुक्ती, बढुवा आदि गर्दा ध्यान दिनुपर्ने ।

१७. **कारवाही रद्द गर्ने सम्बन्धमा** : माथि बुंदा नं १६ बमोजिम अनुगमन गर्दा वा गराउंदा सामान्य सिद्धान्तको सम्बन्धमा आयोगको परामर्श अनुरुप गरेको नपाइएमा आयोगले सम्बन्धित निकायलाई त्यस्तो काम कार वाही सच्याउने वा रद्द गर्ने आदेश दिन सक्छ ।

माथि उल्लेखित बुंदाहरु खुला वा आन्तरिक प्रतिस्पर्धाको सन्दर्भमा लिखित परीक्षा लिंदाको अबस्थामा निष्पक्ष र तटस्थ रहंदै योग्यता प्रणालीलाई समृद्ध बनाउने उद्देश्य सहित लोक सेवा आयोगद्वारा तयार गरिएको न्यूनतम मार्ग निर्देशन हो । लोकसेवा आयोग ऐन, २०६६ र लोक सेवा आयोग नियमावली, २०६७ मा  भएको व्यवस्थालाई सार्वजनिक संस्थाहरुको भर्ना छनौटमा योग्यता प्रणालीलाई निष्पक्ष, रुपमा सुनिश्चित गर्नुपर्छ भन्ने मान्यताबाट निर्देशित हुंदै तयार पारी लागू गरिएको हो । सार्वजनिक संस्थामा लोक सेवा आयोगको प्रतिनिधित्वको सन्दर्भ पनि प्रस्तुत सन्दर्भमा अगाडि आउँछ । सम्बन्धित सार्वजनिक संस्थाहरुमा योग्यतम् व्यक्तिहरुको छनौट प्रक्रियाको शुरु देखि सङ्लग्न हुने स्थिति बनेमा मात्र आयोगको प्रतिनिधित्व सुनिश्चित हुन्छ । यदि त्यसो नभई 'देखाउने प्रयोजन' का लागि मात्र लोकसेवा आयोगको प्रतिनिधित्व गराउने स्थिति हुन्छ भने आयोगले त्यस्तो संस्थामा प्रतिनिधित्व नगराउन उपयुक्त ठान्छ ।

अहिले सार्वजनिक संस्थाहरुका विभिन्न पदहरुमा छनौट गरी भर्ना गर्दा सरकारी हस्तक्षेप हुन्छ भन्ने मान्यताले आम मानिसको मनोबिज्ञानमा जवर्जस्त प्रभाव पारेको महशूस हुन्छ । उच्च सरकारी ओहोदामा रहेका वा

राजनीतिक नेतृत्व तहमा रहेकाहरुको खल्तिमा भनसुन सम्बन्धी नाम नामेसीका स्पिलपहरुको चाङ् हुन्छ भनिन्छ । त्यो भएर होला - अमुक संस्थामा भर्ना गर्नका लागि अमूक व्यक्तिले फोन गरिदिए पुग्छ, यति रकम दिए पछि पास होइन्छ, लिखित र अन्तर्वार्ता जस्ता जाँच त देखाउनका लागि मात्र हो, भित्र भित्रैबाट सेट मिलाउँछन् र आफ्ना मान्छेलाई पास गराउछन्- भनी अभिव्यक्ति दिनेहरुको कमी छैन ।

यस्तो मनोबिज्ञानले सार्वजनिक संस्थाको विश्वसनीयता र छवीलाई कमजोर बनाउने भएकोले संस्था भित्रको व्यवस्थापनले कसरी यस्तो मनोबिज्ञानलाई हटाउने भन्नेतर्फ लाग्नै पर्छ । माथि उल्लेख गरिएको मापदण्डलाई मात्र इमान्दारीपूर्वक व्यवहारमा लागू गरियो भने आम मानिसको दृष्टिकोणमा सकारात्मक सन्देह प्रवाह हुन जाने मात्र नभई भर्ना छनौट प्रक्रियाले निष्पक्षता एवं तटस्थताका मापदण्डको माध्यमबाट सक्षम र योग्य व्यक्तिले संस्थामा प्रवेश पाउने वातावरण बन्नेछ र राजनीतिक हस्तक्षेप वा संरक्षणबादको आरोपबाट संबन्धित संस्थाहरु मुक्तहुने स्थिति आउने छ ।

# नेपालमा स्वास्थ्य बीमाको आवश्यकता



केदार बहादुर अधिकारी*

## १. पृष्ठभूमिः

बीमा भन्नाले जोखिमबाट हुने नोक्सानीको हस्तान्तरण हो, जस अन्तर्गत केही न्यूनतम शुल्क तिरेर मानिसको जीवन तथा सम्पत्तिमा हुनसक्ने सम्भावित जोखिम वा क्षति विरुद्ध आर्थिक क्षतिपूर्ति वा संरक्षणको व्यवस्था गरिन्छ । अर्को शव्दमा भन्नु पर्दा यो जोखिम व्यवस्थापनको एउटा रुप हो र जोखिमलाई सामूहिकीकरण गर्ने एक कार्य हो, जसले एउटाको जोखिमलाई अरुमा समानान्तर रुपमा वितरण गर्ने गर्दछ । यसै अवधारणालाई स्वास्थ्योपचारका क्षेत्रमा पनि क्रमशः विस्तार गरियो । तसर्थ, स्वास्थ्य बीमा भन्नाले व्यक्ति वा परिवारको स्वास्थ्योपचार सेवामा लाग्ने खर्चलाई धान्न सक्ने अवस्थामा ल्याउन र एक्कासी रुपमा स्वास्थ्य समस्याका कारणले हुन सक्ने ठूलो धन राशीको खर्चको जोखिम न्यूनीकरण गर्न गरिने बीमालाई जनाउँदछ । यसले अप्रत्यासित रुपमा स्वास्थ्योपचारमा लाग्न सक्ने आर्थिक भारलाई न्यूनीकरण गर्न सहयोग गर्दछ ।

वेवस्टर शव्द कोषका अनुसार स्वास्थ्य भन्नाले शरीर, दिमाग र आत्मा राम्रो रहेको अवस्थालाई जनाउँछ । यसले खासगरी शरिरमा रोगरहित अवस्थालाई बुझाउँदछ । यसलाई परिस्कृत गर्दै विश्व स्वास्थ्य संगठनले स्वास्थ्य भनेको रोग वा कमजोररहित अवस्था मात्र नभई शारिरीक, मानसिक तथा सामाजिक रुपमा स्वस्थ र सक्षम रहेको पूर्ण अवस्था नै स्वास्थ्य हो भनी परिभाषित गरेको छ । तसर्थ, कुनै व्यक्तिको स्वास्थ्यको कुरा गर्दा हामीले उसको शारिरीक, मानसिक स्वस्थ्य र सामाजिक रुपमा सक्षम नागरिकको परिकल्पना गर्दछौं ।

स्वस्थ मानिस देशको पूँजी हो । यसै सत्यलाई हृदयगंम गरी हरेक देशले आफ्नो नागरिकको स्वास्थ्य स्वस्थ राख्न विभिन्न कार्यक्रमहरु संचालन गरेको पाइन्छ । आधारभूत स्वास्थ्य सेवाको उपलव्धताबाट नागरिकको स्वास्थ्योपचारको सेवा उपलव्ध गराउने प्रयत्नहरु यसै उद्देश्य परिपूर्तिका लागि ल्याइएको हो । स्वास्थ्यको क्षेत्रमा उपचार सुविधा उपलव्ध गराउँदा खासगरी राज्यले नै स्वास्थ्योपचार सेवा निःशुल्क उपलव्ध गराउने वा बीमाको माध्यमबाट उपचार गराउने विधिहरु प्रमुख रुपमा रहेको पाइन्छ । स्वास्थ्योपचारमा बीमाको शुरुवात गर्ने श्रेय भने जर्मनीका विस्मार्कलाई जान्छ । अटो भान विस्मार्कले सन् १८८३ मा ल्याएको सिकनेस इन्सुरेस ल नै संसारकै पहिलो कानूनी र जेष्ठ दस्तावेज रहेको पाइन्छ । यसमा कामदारको लागि उपचार कोषको व्यवस्था अनिवार्य गरिएको थियो । यस कोषबाट  चिकित्सकीय उपचार र बेरोजगार भत्ता व्यहोर्ने व्यवस्था मिलाइएको थियो । यसपछि लगत्तै अष्ट्रिया (१८८८), हंगेरी (१८९०), नर्वे (१९०९), सर्विया (१९१०) ले यस्तो कोषको शुरुवात गरेको पाइन्छ ।

दोस्रो विश्वयुद्ध पछि भने सामाजिक अवधारणा बोकेको स्वास्थ्य बीमाले स्थान लिएको पाइन्छ । शुरुमा सीमित



* का.मु. कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय

क्षेत्रका लागि शुरु गरिएको स्वास्थ्य बीमा राष्ट्रिय कार्यक्रमको एक महत्वपूर्ण हिस्सा बन्दै गएको देखिन्छ । धेरै सरकारले दिगो वित्तीय व्यवस्थापनका लागि करमा आधारित स्वास्थ्य बीमालाई जोड दिंदै कानूनमा सुधार गरी राज्य कोषबाट र रोजगारदाताबाट कर लगाई संचित कोषको माध्यमबाट वा छुट्टै कोषको स्थापना गरी त्यस्तो कर सोही कोषमा जम्मा गर्ने व्यवस्थाका माध्यमबाट स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्दै गएको पाइन्छ । यस्तै बेलायतले सन् १९११ मा नेसनल इन्सुरेन्स एक्ट जारी गरेको पाइन्छ । सन् १९४८ मा बेलायतले नेशनल हेल्थ सर्भिस कानून ल्याएर स्वास्थ्य सेवालाई चार भागमा वर्गीकरण गरी सेवा दिन थालेको पाइन्छ । यसपछिका दिनहरुमा क्रमशः धेरै युरोपियन देशहरुले आधुनिक प्रणालीको स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको पाइन्छ । डेनमार्कले सन् १९७३, इटालीले सन् १९७८, पोर्चुगलले १९७९, ग्रीसले १९८३ र स्पेनले १९८६ तिर यस्तो सेवाको शुरुवात गरेको देखिन्छ । एशियाली मुलुकतर्फ जापानले सन् १९६१ मा करीब सत् प्रतिशत नागरिकलाई स्वास्थ्य बीमाको सुविधा दिएको थियो । यस्तै ताइवान तथा इजरायलले सन् १९९५, थाइलैण्डले सन् २००१ मा र दक्षिण कोरियाले सन् १९७७ मा शुरु गरेर सन् १९८९ मा सबै नागरिकको लागि अनिवार्य स्वास्थ्य बीमाको अवधारणा लागू गरेको पाइन्छ । यसरी हेर्दा हरेक मुलुकले लामो समय लगाएर स्वास्थ्य बीमाको क्षेत्रमा सबै नागरिकलाई स्वास्थ्योपचारको सुविधा उपलव्ध गराएको पाइन्छ ।

तसर्थ, अहिलेको सन्दर्भमा स्वास्थ्योपचार नागरिकको अधिकार भित्र रहन गएको अवस्था देखिन्छ । स्वास्थ्य सेवामा सबै वर्ग, क्षेत्र, उमेर, लिंगले पहुँच पाउनु पर्ने र यस्तो स्वास्थ्य सेवा गुणस्तरीय हुनाका साथै तिर्न सक्ने हुनुपर्ने विश्वव्यापी मान्यता रही आएको छ । विश्व स्वास्थ्य संगठनले स्वास्थ्यलाई अधिकारको रुपमा व्याख्या गर्दै यसो भनेको छ :

- The enjoyment of the highest attainable standard of health is one of the fundamental rights of every human being without distinction of race, religion, political belief, economic or social condition।
- स्वास्थ्यका क्षेत्रमा माथि उल्लिखित अधिकार हासिल गर्न राज्यले संगठन, जनशक्ति र आर्थिक स्रोतको लगानी गर्नु पर्ने हुन्छ । राज्यको लगानीले मात्र स्वास्थ्य क्षेत्रको सवै आवस्यकता परिपूर्ति गर्न सम्भव नभएको अवस्थालाई दृष्टिगत गरी स्वास्थ्यको आवस्यकता परिपूर्ति गर्दै यसलाई अधिकारका रुपमा स्थापित गर्न व्यक्ति (निजी क्षेत्र) र राज्यको सहयोग आवस्यक छ भनेको छ :
- The health of all peoples is fundamental to the attainment of peace and security and is dependent upon the fullest co-operation of individuals and States।

सन् १९७८ मा भएको Alma Ata सम्मेलनले सन् २००० सम्म सबैका लागि स्वास्थ्य कार्यक्रम मार्फत प्राथमिक स्वास्थ्य सेवा पुर्‍याउन सबै देशले नीति, कार्ययोजना बनाई लागु गर्नु पर्ने उल्लेख थियो । प्राथमिक स्वास्थ्यतर्फ धारा VII को उपधारा २ मा निवारणात्मक, प्रबर्धात्मक, उपचारात्मक र पुनर्स्थापना सम्बन्धी उपचार समुदायस्तरमा उपलव्ध गराउन जोड दिइएको थियो । सोही धारा VII को उपधारा ३ मा उपधारा २ अनुसारको सेवा पुऱ्याउन कम से कम स्वास्थ्यको समस्या र सम्भावित निवारण सम्बन्धी स्वास्थ्य शिक्षा र

सूचना दिने, पोषणयुक्त सफा खानाको आपूर्ति र प्रवर्द्धन, स्वच्छ पिउने पानीको उपलब्धता, आमा र बच्चाको स्वास्थ्य हेरचाह, परिवार नियोजनका साधन, प्रमुख संक्रामक रोग विरुद्ध खोप सेवा, स्थानीयस्तरमा सरुवा रोगको रोकथाम, बढी रोग भार भए सामान्य रोगको उपचार र औषधीको उपलब्धता हुने व्यवस्था मिलाउन जोड दिइएको थियो । यसै आधारमा कतिपय देशहरुले त्यस्तो सुविधा स्वास्थ्य बीमाका माध्यमबाट दिने प्रयास गरे भने कतिपय देशहरुले आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क पाउने गरी उपलब्ध गराउने व्यवस्था गरे । नेपालले पनि आधारभूत स्वास्थ्य सेवा सबै तहमा पु-याउने लक्ष्यका लागि सन् १९९० पछि सबै गाँउ विकास समितिमा स्वास्थ्य उपचौकी खोल्ने र निश्चित जनसंख्यामा स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र अस्पताल स्थापना गर्‍यो । फलतः अहिले देशभरका सबै गाँउ विकास समितिमा कम्तिमा एक उपस्वास्थ्य चौकी स्थापना भएको छ । हालै नेपाल सरकारबाट उपस्वास्थ्य चौकीलाई स्वास्थ्य चौकीमा परिणत गर्ने कार्य भैसकेको छ । स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पहिलोले सहश्राव्दी विकास लक्ष्य हासिल गर्ने रणनीति कार्यान्वयन गर्ने दिशामा महत्वपूर्ण कार्यक्रमहरु संचालनमा ल्याएको थियो । यस्तै आन्तरिम संविधान, २०६३ मा आधारभूत स्वास्थ्य सेवा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गरे बमोजिम केही स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा उपलब्ध गराएको छ । सहश्राव्दी विकास लक्ष्यमा समाहित मातृ शिशु दर घटाउने, बाल मृत्यु दर घटाउने, एच. आइ. भि. संक्रमित नागरिकलाई स्वास्थ्योपचार सेवामा पहुंच बढाउने, सुरक्षित मातृत्व सेवा, बच्चाको लागि भ्याक्सिन, भिटामिन ए लगायत पोषणका कार्यक्रमहरु संचालन हुँदै आएका छन् ।

नेपालले सन् २००२ तिर स्वास्थ्यका क्षेत्रमा सामुदायिक बीमाको अवधारणा ल्याएको थियो । शुरुमा ६ जिल्लाका प्राथमिक स्वास्थ्य केन्द्रमा सामुदायिक स्वास्थ्य बीमा परीक्षणका रुपमा संचालनमा ल्याइएको थियो । समुदायलाई एक क्लस्टर मानी समुदायका सदस्यले बीमाको प्रिमियमको निश्चित हिस्सा तिर्ने र सरकारले निश्चित हिस्सा व्यहोरी आधारभूत स्वास्थ्य परीक्षणका सेवाहरुको बीमा गर्ने व्यवस्था मिलाइएको थियो । परिवारका प्रत्येक सदस्य सहभागी हुने गरी बार्षिक प्रिमियम तोक्ने र सो को आधा हिस्सा सरकारले अनुदानको रुपमा उपलब्ध गराउने तथा त्यसबाट चिकित्सकको परीक्षण शुल्क, निदान शुल्क, अस्पतालको खर्च, औषधी उपलब्ध गराउने गरी प्याकेज बनाइएको थियो । यस्तो प्याकेजको कुल राशी संस्थागत रुपमा फरक रहे पनि दश हजार देखि बीस हजारको बीचमा रहेको छ । समुदायको सदस्य संलग्न रहने गरी समिति बनाइएको थियो । सो समितिले प्रिमियम संकलन गर्ने, सुविधा तोक्ने लगायतका कामहरु गर्ने व्यवस्था मिलाइएको थियो । यस्तो व्यवस्था स्थानीयस्तरमा निकै प्रभावकारी भएको पाइयो । तथापी सेवा विस्तार हुन नसक्दा र प्रिमियमको शुल्क बढाउन नसक्दा यो व्यवस्था हालसम्म पनि ६ जिल्लाका ६ वटा केन्द्रमा मात्र सीमित रहेको छ ।

स्वास्थ्य बीमाको सामुदायिक अवधारणाको लागत सहभागिताको महत्वपुर्ण पक्षलाई कायम राख्दै राष्ट्रियस्तरमा नै बीमा गर्ने उद्देश्य राखी आर्थिक वर्ष २०६८/६९ मा बीमाको अवधारणालाई बजेटमार्फत सम्बोधन गर्ने प्रयास शुरु भयो । करीब ३ वर्षको लामो प्रयासपछि २०७१ साल बैशाखमा राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ जारी भयो । सो बीमा नीतिमा बीमा सम्बन्धी कामका लागि छुट्टै निकायको आवस्यकता पर्ने उल्लेख भए अनुसार अहिले सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति, २०७१ गठन भै बीमाको अवधारणा राष्ट्रियस्तरमा लागु गर्न कटिबद्ध छ ।

## २. सामाजिक स्वास्थ्य बीमाः


सामाजिक स्वास्थ्य बीमाको अवधारणा पनि साधनको एकत्रीतकरण गरेर सबै नागरिकलाई बढी भन्दा बढी सेवा उपलब्ध गराउने नै हो । देशमा रहेको जनसंख्याको विभिन्न हिस्साको आय फरक हुने र व्यक्तिले आफ्नो आय क्षमताले रोगको उपचार गर्दा कमजोर आय भएका नागरिकले स्वास्थ्योपचार गर्न नसक्ने, गरी हालेमा पनि आर्थिक कठिनाई झेल्नु पर्ने, त्यस्तो आर्थिक कठिनाई झेल्नु पर्ने डरले सामान्य खर्चमा उपचार हुने रोगलाई लुकाई ठूलो भएपछि वा बढी समस्या भएपछि मात्र उपचार गराउनतिर लाग्ने तर त्यस बेलासम्म उपचार निकै ढिलो भैसकेको हुने वा अत्यधिक खर्च लाग्ने भै उपचार नै गर्न नसक्ने अवस्थामा पुग्ने अवस्था सिर्जना भै कमजोर स्वास्थ्य भएका नागरिकको हिस्सा बढ्ने हुनाले सामाजिक स्वास्थ्य बीमाको मद्दतबाट उपचारमा पहुँच बढाउन यो अवधारणा ल्याएको पाइन्छ । शुरुमा कामदारको संगठनसंग आवद्ध मानिसहरुका लागि ल्याएको भए पनि पछि राज्यले परिष्कृत गर्दै औपचारिक र अनौपचारिक क्षेत्रका सबै मानिसलाई यो कार्यक्रममा आबद्ध गरी राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमको रुपमा संचालनमा ल्याएको पाइन्छ । माथि पहिलो परिच्छेदमा विभिन्न देशमा कहिलेदेखि यस्तो कार्यक्रम लागू भयो भन्ने उल्लेख गरी सकिएको छ । यस कार्यक्रममा औपचारिक क्षेत्रमा काम गर्नेको तलवबाट तोकिएको दरमा सामाजिक स्वास्थ्य बीमाका लागि कर कट्टा गरी त्यस्तो कर राजस्वमा जम्मा गरी बजेटको माध्यमबाट रकमको व्यवस्था गर्ने वा सोझै त्यस्तो कर उपचारको लागि स्थापना भएको खातामा जम्मा गर्ने गरी संचालन गर्ने व्यवस्था गरेको पाइन्छ । त्यस्तै अनौपचारिक क्षेत्रमा काम गर्नेले पनि तोकिएको निश्चित रकम तिरी कार्यक्रममा सहभागी हुनु पर्ने हुन्छ । यसरी सदस्यता लिनेले सरकारले विकास गरेको स्वास्थ्य सेवा प्रणाली मार्फत उपचारको सेवा प्राप्त गर्दछन् ।

यस अन्तर्गत निवारणात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनर्स्थापना अन्तर्गतका सेवाहरुको सुविधा थैली (बेनेफिट प्याकेज) बनाई सेवा सुविधा दिने व्यवस्था गरिन्छ । यस्तो सेवा स्थानीयस्तरका स्वास्थ्य केन्द्र वा अस्पतालबाट उपलव्ध गराउने र त्यस्तो स्वास्थ्य संस्थामा उपलव्ध नहुने सेवाका लागि सेवाग्राहीलाई प्रेषण गरी बढी सुविधा सम्पन्न अस्पतालबाट सेवा उपलव्ध गराउने व्यवस्था मिलाइएको हुन्छ । यहाँनेर बुझ्नु पर्ने महत्वपूर्ण कुरा भनेकै बीमाको लागि गर्ने योगदान नै औपचारिक क्षेत्रमा काम गर्नेले बढी रकम प्रिमियमको रुपमा बुझाउने र अनौपचारिक क्षेत्रमा काम गर्नेले कम रकम प्रिमियम बुझाउने तर पाउने सुविधा भने दुवैका लागि बराबर हुने हुन्छ । त्यसैले यसलाई सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा पनि भन्ने गरिन्छ जसमा हुने खाने नागरिकले नहुने र विपन्न परिवारको स्वास्थ्यको लागि योगदान गर्छन । यसरी स्वस्थ रहन नागरिकले आफ्नो क्षेत्रमा बढी योगदान गर्न सक्ने भै राष्ट्रिय उत्पादन बृद्धिमा समेत सकारात्मक प्रभाव पार्दछन् । Population Health Management द्वारा सन् २०११ मा गरेको अध्ययनले अमेरिकामा उत्पादक कम्पनीहरुले विरामीको कारणबाट वार्षिक अमेरिकी डलर २६० बिलियन गुमाउनु परेको उल्लेख छ । त्यसैले स्वास्थ्यमा गरिने खर्चलाई खर्च नभनी लगानी भन्नु पर्दछ भन्ने मान्यता रही आएको छ । यसै तथ्यलाई जोड दिदैं विश्व स्वास्थ्य संगठनले सबै सदस्य राष्ट्रहरुले यूनिभर्सल हेल्थ कभरेजको माध्यमबाट स्वास्थ्य सेवा प्रदान गर्न प्रोत्साहन गर्दै आएको छ ।

### ३. यूनिभर्सल हेल्थ कभरेजः

देशभरका सबै नागरिकलाई स्वास्थ्य सेवाको दायराभित्र समेट्ने उद्देश्यले यूनिभर्सल हेल्थ कभरेजको अवधारणा आएको हो । यस अवधारणामा बढी भन्दा बढी स्वास्थ्य सेवा सबै नागरिकले पाउने र त्यस्तो सेवा गुणस्तरीय रुपमा उपलब्ध गराउनु पर्ने विषयमा जोड दिइएको छ । अझ महत्वपूर्ण विषय यस्तो सेवा प्रदान गर्दा नागरिकलाई वित्तीय संरक्षण प्रदान गरी गरिवीको चंगुलबाट बाहिर ल्याउने खालको हुनु पर्ने विषयलाई जोड दिएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार सबै नागरिकले स्वास्थ्योपचारसंग सम्बन्धित सेवा बिना आर्थिक कठिनाई प्राप्त गर्नु नै युनिभर्सल हेल्थ कभरेजको उद्देश्य हो भनी उल्लेख गरेको छ र त्यस्तो उद्देश्य हासिल भयो भएन भनी मापन गर्ने विधि पनि उल्लेख गरेको छ । जसअनुसार तल उल्लेख गरिएका तत्वहरुका आधारमा स्वास्थ्य सेवामा यूनिभर्सल हेल्थ कभरेजको मापन गर्न सकिन्छ :

- जनताको स्वास्थ्य आवश्यकता जस्तै क्षयरोग, औलो, नसर्ने रोग, आमा तथा बच्चाको स्वास्थ्य, एच. आइ. भि. हरु पूरा गर्ने खालका प्रभावकारी सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु, जसले
    - जनतालाई स्वस्थ रहन र रोगबाट बच्ने उपायका बारेमा सुसूचित गर्दछ,
    - स्वास्थ्यको अवस्थाबारे पूर्व पहिचान गर्दछ,
    - रोग लागी हालेमा उपचार गर्ने क्षमता राख्दछ, र
    - बिरामीलाई पुनर्स्थापना समेत गर्दछ
- स्वास्थ्य सेवा सबैले तिर्न सक्ने खालको र आर्थिक अभावमा उपचार नरोकिने अवस्था,
- उपचारका लागि आवस्यक औषधीको उपलब्धता र परीक्षणसंग सम्बन्धित प्रविधिमा पहुँच,
- दक्ष र पर्याप्त जनशक्ति जसले उपलब्ध असल अभ्यासमा आधारित पद्दतिबाट उपचार गर्ने व्यवस्था यूनिभर्सल हेल्थ कभरेजको अवस्थालाई तलको चित्रले अझ प्रष्ट पार्दछ ।




माथिको चित्रमा तीन वटा प्रमुख आयामहरु छन् । पहिलो, स्वास्थ्य सेवामा जनसंख्याको हिस्सा उल्लेख गरिएको छ । यो आयाममा नीलो भाग जति बढी बाँयातर्फ जान्छ, त्यति नै बढी जनसंख्या स्वास्थ्य सेवामा

आबद्ध भएको मानिन्छ । देशको स्वास्थ्य सेवामा जनताको सहभागिता कस्तो छ भन्ने कुरालाई यसले स्पष्ट पार्दछ । देशका सबै जनसंख्यालाई समेट्नु यसको प्रमुख उद्देश्य हो । दोस्रो, स्वास्थ्य सेवा प्रवाह गर्दा त्यस्तो सेवामा समावेश भएका सेवाहरु के के हुन भन्ने छ । यसले सरकारबाट प्रदान गरिने सबै प्रकारका स्वास्थ्य सेवाहरु समावेश गर्न सकिएको छ वा छैन भन्ने कुराको मापन गर्दछ । यसअन्तर्गत स्वास्थ्यका निवारणात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पुनर्स्थापना अन्तर्गतका सेवाहरु कति समेटिएको छ भन्ने हेरिन्छ । जति बढी सेवा समावेश भयो, उति हामी यूनिभर्सल हेल्थतर्फ उन्मुख भएका हुन्छौं । त्यस्तै तेस्रो आयाममा सेवाको लागतमा कार्यक्रमले कति हिस्सा व्यहोरेको छ भन्ने हुन्छ । अर्को शव्दमा भन्नु पर्दा स्वास्थ्य उपचारमा व्यक्तिगत खर्च जति कम गर्न सकियो, उति हामी यूनिभर्सल हेल्थतर्फ उन्मुख हुन्छौं । तर यसको पनि सीमा छ । हरेक देशमा करका बावजुद केही हिस्सा भने व्यक्तिले नै व्यहोर्नु परेको अवस्था छ । यो हिस्सा कम्तिमा प्रन्ध्र प्रतिशत देखि देशगत रुपमा फरक फरक छ । तर स्वास्थ्य क्षेत्रको खर्चको बीस प्रतिशतसम्म व्यक्तिगत हिस्सा भएको अवस्थालाई अति राम्रो अवस्था मानिन्छ । नेपालको सन्दर्भमा यो खर्चको हिस्सा करीब ५५ प्रतिशत रहेको छ ।

तसर्थ, यूनिभर्सल हेल्थ कभरेज भन्नाले बलियो स्वास्थ्य संस्था, प्रभावकारी स्वास्थ्योपचार सेवा, कम व्यक्तिगत खर्च र दक्ष जनशक्ति सहितको सेवा बुझाउँछ । हरेक देशले आर्थिक क्षमता अनुसार यूनिभर्सल हेल्थ कभरेजलाई लागू गर्ने गरी आएको छ ।

### ४. नेपालमा स्वास्थ्य सेवाको अवस्था:

नेपालले पनि नागरिकको स्वास्थ्यलाई उच्च महत्व दिदैं अन्तरिम संविधानमा निम्न व्यवस्था गरेको छः

**(क) वातावरण तथा स्वास्थ्य सम्बन्धी हक (धारा १६)**

- प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउन हक हुनेछ ।

**(ख) प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ । धारा २०(२)**

**(ग) प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गन हक हुनेछ । धारा २२(२)**

संविधान प्रदत्त अधिकारहरु कानून बनाएर उपलब्ध गराउने संवैधानिक व्यवस्था भए पनि स्वास्थ्य क्षेत्रमा सो को लागि ऐन निर्माण भएको अवस्था भनै छैन । तर मन्त्रिपरिषद्को निर्णय एवं वार्षिक कार्यक्रममा समावेश गरेर निःशुल्क कार्यक्रम संचालन गर्दै आएको छ । हाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदान गर्दै आएको निःशुल्क तथा आंशिक सहयोग पुर्याएका सेवाहरु निम्नानुसार छः

- आमा स्वास्थ्य सुरक्षा निःशुल्क दिदै आएको,

- बच्चालाई १० प्रकारका खोप निशुल्क दिएको,
- १५ वर्षमुनिका र ७५ वर्ष माथिका लागि निःशुल्क मुटुको उपचार,
- ४० प्रकारका औषधीहरु निःशुल्क चालु आर्थिक वर्षमा थप ३० औषधी निःशुल्क दिने गरी स्वीकृत भएको,
- मुटु, क्यान्सर, स्पाइनल इन्जुरी, अल्जमाइर, पार्किन्सस जस्ता रोगको लागि आजीवन एकपल्ट रु. एक लाख र मृगौला रोगको उपचारका लागि आठ लाख सम्मको उपचार स्वास्थ्य संस्थामार्फत प्राप्त गर्ने व्यवस्था गरेको ।

हाल सम्मको सरकारको प्रयासले स्वास्थ्य क्षेत्रमा आशातीत उपलव्धी हासिल गर्न सकेको भए पनि सुधारका प्रयासहरु अझै गर्न बांकी नै छ। निःशुल्क स्वास्थ्यका लागि सरकारले थप लगानी बढाउनु पर्ने अवस्था छ। अहिले सरकारी क्षेत्रबाट स्वास्थ्यमा भएको लगानी कूल गार्हस्थ उत्पादनको २ प्रतिशत पनि पुग्न सकेको छैन। प्रति वर्ष स्वास्थ्य मन्त्रालयलाई छुट्याएको बजेट रकमको आधारमा बढेको जस्तो देखिए पनि कूल बजेटमा स्वास्थ्यको हिस्सा क्रमशः घट्दै गएको छ। आर्थिक वर्ष २०६८।६९ तिर कूल बजेटमा स्वास्थ्यको हिस्सा ६ प्रतिशत नाघेकोमा त्यसपछिका वर्षमा क्रमशः घट्दै गएर आर्थिक वर्ष ७१।७२ मा ५.४ प्रतिशत र आर्थिक वर्ष २०७२।७३ मा ५.०४ प्रतिशत छुटयाइएको अवस्था छ।

सरकारले निःशुल्क स्वास्थ्य कार्यक्रम अन्तर्गतका सबै सेवा सबै सरकारी निकायबाट देशभर लागू गर्न नसकेको यथार्थता हाम्रो सामु छ। निःशुल्क भनी तोकिएको ७० प्रकारका औषधी २५ शैया र सोभन्दा मुनिका अस्पतालबाट मात्र प्राप्त गर्न सकिने, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५८ प्रकार र स्वास्थ्य चौकीबाट ३५ प्रकारका औषधी वितरण गर्ने व्यवस्था छ। जसबाट २५ शैयाभन्दा माथिका अस्पताल रहेको जिल्ला र सो भन्दा माथिका अस्पतालहरुबाट यस्तो सुविधा नपाउने अवस्था छ। हालै सर्वोच्च अदालतले सबै ७० प्रकारका औषधीहरु सबै अस्पतालबाट निःशुल्क उपलव्ध गराउनु भनी भएको आदेश कार्यान्वयन गर्न पनि तत्कालै करीब ३ अर्व बजेट थप गर्नु पर्ने अवस्था छ। सरकारले निःशुल्क कार्यक्रमको घोषणा गर्दै गए पनि लागतका आधारमा बजेट उपलव्ध नगराउनाले सबैले सरल र सहज रुपमा स्वास्थ्य सेवा प्राप्त गर्न नसकेको अवस्था छ। यदि स्वास्थ्य सेवालाई निःशुल्क बनाउने हो भने तदनुरुप नै बजेट बढाउनाका साथै स्वास्थ्य संस्था र जनशक्तिको विस्तार र क्षमता बृद्धि पनि संगै लैजानु पर्छ। त्यसो गर्न नसकिएको खण्डमा बीमाको माध्यमबाट सेवा शुरु गर्नुपर्छ, जसमा परिवारका सबै सदस्यलाई अनिवार्य रुपमा सदस्य बनाई निजहरुको सानो योगदानलाई अनिवार्य गरिन्छ। यसले सरकारको कोष माथिको दवावलाई पनि केही कम गर्न सहयोग पुर्‍याउँछ भने जनतालाई पनि स्वास्थ्य सुरक्षाप्रति बढी जागरुक बनाउँदछ। त्यसैले स्वास्थ्य बीमाको आवस्यकता भएको हो।

नेपालमा हालसम्म स्वास्थ्य बीमाका सन्दर्भमा सरकारी तथा निजीस्तर भएका प्रयासहरुलाई तल संक्षेपमा उल्लेख गरिएको छ।

- सरकारीस्तरमा सन् २००३ देखि केही जिल्लाका ६ स्थानमा संचालनमा ल्याएको थियो। हालसम्म सो संख्यामा विस्तार भएको छैन।

- निजी क्षेत्रबाट स्वास्थ्योपचार बीमा भएका छन् तर यो वित्तीय क्षेत्र, सार्वजनिक संस्थान तथा केही गैर सरकारी संस्थाहरु बाहेक व्यापक रुपमा आउन सकेको छैन ।
- दुवै क्षेत्रबाट स्वास्थ्य बीमामा व्यापकता आउन नसकेकोले नेपाल सरकारले आर्थिक वर्ष २०६८। ६९ देखि नै स्वास्थ्य बीमा लागु गर्ने नीति लिएको थियो ।
- त्रिवर्षीय योजना (२०१०-११/२०१२-१३) र दोस्रो स्वास्थ्य सेवा कार्यक्रम (२०१०-२०१५) अनुसार स्वास्थ्यको विद्यमान अवस्थामा सुधारका लागि राष्ट्रिय स्वास्थ्य बीमा नीति बनाई लागु गर्ने उल्लेख भएको ।

## ५. राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ र यसको दीर्घकालीन लक्ष्यः

नेपाल सरकारले सोही आधारमा वि.सं. २०७१ बैशाखमा राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ जारी गर्‍यो । स्वास्थ्य बीमा नीतिको दीर्घकालीन लक्ष्य नेपाली जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्नु रहेको छ । यसैगरी यसको मुख्य उद्देश्यमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्नु रहेको छ । यस्तै स्वास्थ्य बीमा नीतिको विशेष उद्देश्य निम्न रहेको छः

क. स्वास्थ्य सेवाका क्षेत्रमा पूर्व भुक्तानी र जोखिम न्यूनीकरणको व्यवस्था गरेर सर्वसाधारणका लागि थप वित्तीय संरक्षण प्रदान गर्ने ।

ख. वित्तीय साधनको समतामूलक परिचालन गर्ने ।

ग. स्वास्थ्य सेवा प्रवाहका क्रममा सेवाको गुणस्तर, प्रभावकारिता, दक्षता र जवाफदेहीतामा सुधार ल्याउने ।

## ६. सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिको गठनः

स्वास्थ्य बीमा नीति कार्यान्वयन गर्न एक स्वायत्त संगठनको आवस्यकता पहिचान गरेर एक स्वास्थ्य बीमा कोष स्थापनाको प्रस्ताव गरिएको थियो । सो प्रयोजनका लागि संगठन स्थापना गर्न अर्थ मन्त्रालय र कानून, न्याय संविधान सभा तथा संसदीय मामिला मन्त्रालयको सहमती लिने प्रयत्न गरिएकोमा बीमा ऐन, २०४९ मा संशोधन नगरेसम्म बीमा समितिसंग अनुमती लिएर मात्रै कार्यक्रम संचालन गर्ने वा बीमा शव्द नराखी कार्यक्रम संचालन गर्ने दुई विकल्प मध्ये एक रोज्नु पर्ने बाध्यात्मक परिस्थितिमा तत्काल बीमा कार्यान्वयन गर्न राष्ट्रिय स्वास्थ्य बीमाको सट्टा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम भनी परिभाषित गरी विकास समिति ऐन, २०१३ अन्तर्गत सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति संस्था गठन गरियो । सो समिति मार्फत नै स्वास्थ्य बीमा भनिएको विषय अब सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तर्गत संचालन हुनेछ , जसको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छः-

(क) उपलव्ध स्रोत र साधनका आधारमा स्वास्थ्य सुरक्षा कार्यक्रम संचालन गर्ने,

(ख) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) स्वास्थ्य सुरक्षा कार्यक्रमको लागि योगदान रकम निर्धारण गर्ने,

(घ) दफा ६ बमोजिमका सुविधा योजना बनाई लागू गर्ने,

ङ) खण्ड (घ) बमोजिमको सुविधा योजनामा सरिक हुने व्यक्तिलाई सो योजना बमोजिमको सुविधा उपलव्ध गराउने,

(च) समितिको कार्यक्रम संचालन गर्न आवश्यक पर्ने स्रोत पहिचान गरी परिचालन गर्ने,

(छ) स्वास्थ्य सुरक्षा कार्यक्रम विकासका लागि अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ज) नागरिकलाई स्वास्थ्य सुरक्षा कार्यक्रममा सरिक हुन अभिप्रेरित गर्ने, गराउने,

झ) स्वास्थ्य सुरक्षा कार्यक्रम प्रवर्धनका लागि स्थानीय निकाय तथा गैरसरकारी संस्थासंग सहकार्य गर्ने,

(ञ) समितिको लागि आवश्यक पर्ने पदहरुको दरवन्दी श्रृजना गर्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

### ७. सुविधा योजनाका क्षेत्रहरुः

सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिले स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत देहायका सेवा वा वस्तु उपलव्ध गराउन सुविधा योजना बनाई कार्यान्वयनमा ल्याउने कार्य क्षेत्र निर्धारण गरेको छ :-

(क) निरोधात्मक तथा प्रवर्धनात्मक सेवा,

(ख) निदान तथा परीक्षण सेवा,

(ग) सुरक्षित मातृत्व सेवा,

(घ) उपचार सामग्री वा सेवा,

(ङ) औषधि, खोप, सामग्री तथा सहायता उपकरण लगायतका अन्य उपकरण,

(च) शैया र आहार सेवा,

(छ) नव शिशु सेवा,

(ज) एम्बुलेन्स सेवा,

(ञ) शारीरिक तथा मानसिक पुनर्स्थापन सेवा,

(ट) समितिले उपयुक्त ठानेका स्वास्थ्य सम्बन्धी अन्य सेवा ।

### ८. कोषको व्यवस्थाः

समितिको कार्यक्रम संचालनका लागि समितिको नाममा एउटा छुट्टै कोष रहने व्यवस्था गरिएको छ, जस अन्तर्गत देहाय बमोजिमका रकमहरु रहने व्यवस्था गरिएको छः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ, सस्था वा निकायबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार, वा अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तर्गत प्राप्त रकम,

(ङ) समितिले आर्जन गरेको अन्य रकम,

(च) अन्य श्रोतबाट प्राप्त रकम ।

## ९. सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमका विशेषताहरुः

सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमका लागि प्रस्ताव गरिएको सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम(संचालन), नियमावली, २०७२ मा समावेश भएको केही विशेषताहरु तल उल्लेख गरिएको छः

- यो कार्यक्रममा परिवारका सवै सदस्य सहभागी हुनुपर्नेछ । कार्यक्रम संचालन हुने जिल्लाको सबै जनसंख्या यस कार्यक्रमका लक्षित वर्ग हुन ।
- स्वास्थ्य संस्थाबाट प्राथमिक उपचारका सवै सेवाहरु प्रदान गर्ने लक्ष्य लिइएको छ। साधनले भ्याए सम्म क्रमशः सुविधा पनि बढाउदैं लैजाने लक्ष्य छ ।
- करीब १३२ प्रकारका औषधीहरु कार्यक्रमबाट उपलव्ध हुनेछ जसले वर्तमानको प्रमुख आवस्यकताहरुको परिपूर्ति गर्दछ ।
- स्थानीयस्तरका अस्पतालबाट सुविधा प्राप्त नभएमा प्रेषणको व्यवस्था रहेको छ जसले गर्दा विशिष्ट प्रकृतिको सेवा पाउने अवस्था छ ।
- समितिले तोकेको आधारमा निजी क्षेत्रका अस्पताल र शिक्षण संस्थाबाट पनि सेवा पाउने व्यवस्था छ ।
- विपन्न परिवारलाई योगदान रकममा अनुदान दिने व्यवस्था प्रस्ताव गरिएको छ । यस्तो अनुदान विपन्नताको परिचय पत्रको आधारमा फरक फरक गर्न सकिने व्यवस्था गरिएको छ ।
- नवीकरण गरेमा स्वास्थ्य सेवा अनवरत् पाउने व्यवस्था छ ।
- आकस्मिक अवस्थामा जुनसुकै अस्पतालबाट सेवा लिन सकिनेछ ।
- निःशुल्क कार्यक्रमका सेवाहरुलाई निःशुल्क गर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।
- प्रति परिवार रु २५०० योगदान रकम प्रस्ताव गरेको र सो वापत सामान्य रोगको अवस्थामा प्रति परिवार रु ५०००० को सेवा पाउने व्यवस्था गरेको छ ।

## १०. चुनौतीहरुः

सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम संचालन हुने वित्तिकै स्वास्थ्यका सबै समस्याहरु आफसे आफ कम हुन्छन् भन्ने होइन । यो कार्यक्रम जनस्तरसम्म पुर्‍याउन निश्चय नै अहिलेको सरकार तथा निजी क्षेत्रको समग्र स्वास्थ्य प्रणालीको पुनरावलोकन जरुरी छ । कमसे कम प्रत्येक विकास क्षेत्रमा अति विशिष्टीकृत सेवाहरुको उपलव्धता हुने गरी स्वास्थ्य संस्थाको संजालको विकास गर्न सकिएन भने स्वास्थ्य सुरक्षा कार्यक्रमका सदस्यले विशिष्टीकृत सेवा प्राप्त गर्न केन्द्र धाउनु पर्ने र रोगको उपचारको लागि अस्पतालमा पालो कुर्नु पर्ने अवस्था आउन सक्दछ । यस अर्थमा स्वास्थ्य सुरक्षा कार्यक्रमसंगै स्वास्थ्य संस्थाहरुको तह निर्धारण गरी तहगत स्वास्थ्य संस्थाको विकास र त्यस्ता स्वास्थ्य संस्थाका लागि आवस्यक चिकित्सक सहितको विभिन्न सीपयुक्त

दक्ष जनशक्तिको उपलब्धता हुनु पर्दछ। यसका साथै आवस्यक परीक्षणका सुविधा र औषधीको निरन्तर आपूर्ति जस्ता विषयहरु पनि उत्तिकै महत्वपूर्ण छन्। त्यसैले सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमका आगामी प्रमुख चुनौतीहरुलाई देहायका बुंदाहरुमा समेट्न सकिन्छः

- सेवा प्रदायक संस्थाको कार्यक्षमता बृद्धि र बिस्तार
- सीपयुक्त चिकित्सक र स्वास्थ्यकर्मीको उपलब्धता र उपस्थिति
- निरन्तर रुपमा औषधी आपूर्ति हुने व्यवस्था
- नागरिकको विश्वास आर्जन गर्ने
- दीगो लगानीको स्रोत जुटाउने
- कार्यक्रमको प्रभावकारी कार्यान्वयन र बिस्तार गर्ने
- विश्वसनीय र सबल सूचना प्रणाली
- चिकित्सकीय मर्यादा र स्वास्थ्य संस्थाको इमान्दारिता

### ११. **भावी रणनीतिः**

अहिले शुरु गर्न लागिएको स्वास्थ्य सुरक्षा कार्यक्रम एक प्रकारले परीक्षणको रुपमा आउन लागेको छ। आर्थिक वर्ष २०७२।७३ को बजेट वक्तव्यमा थप १० जिल्लामा विस्तार गर्ने भनिएकोले यो कार्यक्रमलाई शुरु गरी अनुगमन र मूल्यांकन व्यवस्थालाई संस्थागत गर्दै र सुविधा योजनामा निरन्तर विश्लेषण गर्दै बढी व्यवहारोपयोगी र सेवा प्रदायक, सेवा खरीद गर्ने संस्था र सेवा प्राप्त गर्ने सदस्य सबैलाई मान्य हुने अवस्था सृजना गर्दै जानु पर्ने अवस्था छ। तर स्वास्थ्य सुरक्षा कार्यक्रम भन्ने वित्तिकै कडा रोगको सबै उपचार हुन्छ भन्ने मान्यता रही आएकोमा त्यस्तो उपचारलाई लगानी बढाउदैं क्रमशः समट्दै जाने भएकोले आगामी दिनमा स्वास्थ्य सुरक्षा कार्यक्रमका लागि वित्तीय दिगोपना हासिल गर्न लगानीको रणनीतिका साथै हाल संचालनमा रहेको कार्यक्रम एकीकृत गर्दै साधन परिचालन गर्न आवस्यक छ। यसका लागि देहाय अनुरुपको व्यवस्था हुन जरुरी छ :

- स्वास्थ्य बीमाका लागि सरकारी र औपचारिक क्षेत्रमा तलवको निश्चित प्रतिशत प्रिमियम तोकी रकम संकलन गर्ने। यस्तो प्रिमियम रकम अधिकतम ३ प्रतिशत भन्दा बढी नहुने। प्रिमियम रोजगारदाता र रोजगार व्यक्तिबाट व्यहोर्ने। साथै उच्च तलवमान भएकाको हकमा अधिकतम प्रिमियमको हद निर्धारण गर्न सकिने,
- अनौपचारिक क्षेत्रका लागि प्रति परिवार प्रिमियम तोक्ने,
- अनौपचारिक क्षेत्रका विपन्न परिवारका लागि सरकारले प्रिमियममा अनुदान सहुलियत दिने,
- हाल संचालनमा रहेका जिल्लाका निःशुल्क कार्यक्रम अन्तर्गतका सेवा तथा औषधीहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा एकीकृत गर्दै स्रोत परिचालनलाई एकद्वार प्रणालीमा आवद्द गर्दै जाने,
- स्वास्थ्य बीमालाई अनिवार्य गर्ने गरी राष्ट्रिय सामाजिक स्वास्थ्य बीमा ऐन जारी हुनु पर्ने,
- उच्चस्तरको राष्ट्रिय सहमती र प्रतिबद्धता हुनु पर्ने।

## १२. निष्कर्ष:

सबै नागरिकले सरल, सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नु नागरिकको अधिकार हो । यस दिशातर्फ उन्मुख हुन सरकारले अन्तरिम संविधानमा आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क दिने व्यवस्था गरेको छ । विभिन्न देशहरुले स्वास्थ्य बीमाको माध्यमबाट स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ र यो सेवा गुणस्तरीय, विस्वसनीय र गरिवी निवारणतर्फ उन्मुख छ । त्यसैल नेपालले पनि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम लागु गर्ने अवधारणा ल्याएको हो । स्वास्थ्य बीमा हाम्रो सन्दर्भमा नयां प्रयोग र शुरुवात हो । यसको प्रभावकारिता कार्यक्रमको संरचना निर्माण र कार्यान्वयनमा भर पर्दछ । सरकारले गर्ने लगानी र सरकारको प्रतिवद्धताका साथै हालको संस्थागत संरचना, जनशक्ति तथा आधारभूत साम्रगीको आपुर्ति व्यवस्था कसरी गर्न सकिन्छ भन्ने कुराले यसको सफलता निर्धारण गर्दछ । हरेक नयाँ कार्यमा चुनौतीहरु आउने भएकोले यो कार्यक्रम पनि चुनौतीरहित भने हुने छैन । तसर्थ, यसलाई शुरु गर्दै र सच्याउदैं अगाडि बढेमा हामी पनि विकसित देशले जस्तै सबल र सामाजिक उद्देश्यसहितको स्वास्थ्य सेवा दिन सक्षम हुनेछौं ।

**सन्दर्भ सामग्रीहरु:**


- आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय
- बजेट बक्तव्य, २०६८, २०७१
- स्वास्थ्य नीति, २०७१
- राष्टिय स्वास्थ्य बीमा नीति, २०७१
- सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति गठन आदेश, २०७१
- स्वीकृतिका लागि प्रस्तावित सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम (संचालन नियमावली), २०७२
- आल्मा आटा घोषणा पत्र, १९७८
- विश्व स्वास्थ्य संगठनको वेभसाइट www.who.int

# नेपालको भूकम्प पछिको अवस्थामा राष्ट्रिय पुनर्निर्माण नीतिको महत्व



**ई. किशोर थापा** *

## १. पृष्ठभूमिः

यही २०७२ साल वैशाख १२ गते शनिबार मध्यान्ह ११:५६ मा गोरखा जिल्लाको बारपाक क्षेत्रमा केन्द्र विन्दु भएको करीब ७.८ रेक्टर स्केलको भूकम्प र त्यस पछि आएका धेरै पराकम्पनहरुले नेपालका १४ जिल्लामा ठूलो जनधनको क्षति भएको छ। करीब ३१ वटा जिल्ला यस भूकम्पको धक्काबाट प्रत्यक्षरुपमा प्रभावित भएका छन् । पछिल्लो तथ्याङ्क अनुसार ८,८०० जना व्यक्तिले ज्यान गुमाएका र करीव २२,००० व्यक्ति घाइते भएको अवस्था छ । भौतिक क्षतिको हकमा करिव ५,०८,७२४ निजी घरहरु र २,६५६ सरकारी भवनहरु पूर्णरुपले क्षतिग्रस्त भएका छन् । करीव २,७०,००० निजी भवनहरु र ३,६२२ सरकारी भवनहरु आंशिकरुपले क्षतिग्रस्त भएका छन् । विद्यालय भवनहरुका हकमा १९,००० भन्दा बढी कक्षा कोठाहरु पूर्णरुपमा र ११,००० भन्दा वढी कक्षा कोठाहरु आंशिकरुपमा क्षति भएका छन् । समग्रमा भन्नु पर्दा यसपटकको भूकम्पले अन्य पूर्वाधारमा भन्दा आवास र भवनलाई बढी क्षति पुगेको छ। सडक, खानेपानी, विजुली, टेलिफोनमा ठूलो क्षति नभएको हुँदा राहत, खोज र उद्धार कार्य सहज भई धेरै नेपालीको ज्यान जागिएको छ र पीडितहरुको जीवन कम कष्टकर भएको देखिन्छ। पटक पटक गएका ठूला भूकम्प र पराकम्पनबाट मानिसमा ठूलो डर र त्राशको वातावरण बनेको र जनजीवन करीव एक महिनासम्म अस्तव्यस्त भएको थियो । हाम्रा पुराना अस्पतालहरुले विरामीको ठूलो सेवा गरे, सुरक्षा निकाय अहोरात्र खटे, देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल एक हप्ता सम्म चौविसै घण्टा सञ्चालित भयो र अन्तर्राष्ट्रिय सहायताको व्यवस्थापन गर्न सफल भयो। स्थानीय स्तरमा एकले अर्कालाई मद्दत् गर्ने र सामूहिक रुपमा विपद्को सामना गरिएकोले सरकारको सहयोग उपलब्ध नभएको अवस्थामा पनि सङ्कट व्यवस्थापन भयो।

## २. भूकम्पको सामाजिक प्रभाव

यस पटकको भूकम्पले भौतिक संरचना भन्दा पनि मानिसका मन, मस्तिष्क र सोंच विचारलाई नराम्ररी हल्लाई दिएको छ । जथाभावी, जहितहीं घर बनाउने, मापदण्ड विपरीत वा नक्सापास नगरीकनै घर बनाउने, प्लटिङ्गका नाममा एक टुका जमिन पनि खाली नछोड्ने, छिमेकीको अलिकति पनि वास्ता नगर्ने र भाडा खाएरै जीवन चलाउन खोज्ने प्रवृत्ति उपर भूकम्पले जोडदार प्रहार गरेको छ। मेरो घरमात्र बलियो भएर केही नहुने रहेछ, छिमेकीको घर पनि सुरक्षित हुनु पर्ने रहेछ भन्ने पाठ पनि यसले सिकाएको छ । घरपरिवार र टोल छिमेकमा विपदको पूर्व तयारी नहुँदा कत्तिको नोक्सानी व्यहोर्नु पर्दो रहेछ भन्ने कुरा पनि यो विपदले देखाइ दिएको छ। शहरी क्षेत्रमा आफ्नो घर आँगन मात्र बनाएर केही नहुने रहेछ, सार्वजनिक खुला ठाउँ पनि नभई



* पूर्वसचिव, नेपाल सरकार

नहुने रहेछ भन्ने पनि होस खुलाएको छ । टाढा बस्ने मेरो नजीकको आफन्त भन्दा मेरो छिमेकी नै काम लाग्ने रहेछ भन्ने तथ्य पनि यो भूकम्पले खुलाइदिएको छ । जनताका लागि मरिमेट्छु भन्दै राजनीति गर्ने र अनेकौं सपना बाँड्दै हिडने राजनीतिक दल र तिनका नेता कार्यकर्तालाई पनि यसले नराम्ररी नंग्याइदिएको छ र आफ्ना निजी वा दलगत स्वार्थका लागि राष्ट्रिय स्वार्थलाई दाउमा राख्न खोज्ने दलहरुलाई देशका लागि सोच्न बाध्य पारेको छ । सधैं नाफाका लागि दौडिरहने व्यापारीलाई पनि दीन दुःखी र पीडितको सेवामा जुटन प्रेरित गरेको छ । प्राविधिकको सहयोग लिएर मात्र भवन निर्माण गर्नु पर्नेमा आफैं जान्ने भई भवन बनाउने व्यक्तिलाई यसले दण्ड दिएको छ ।

## ३. विपद् व्यवस्थापनका विभिन्न चरण

विपद् व्यवस्थापनका विश्वव्यापी मान्यता अनुसार यसका चार चरण हुन्छन्ः-

**पहिलो चरणः** राहत, उद्धार तथा खोंज (Rescue, Relief and Search) कार्य

यस चरणमा मानवीय सहयोगका कार्य गरिन्छ, जसमा घाइतेहरुको उद्धार, जीवित र मृतकको खोजी, पीडितको आश्रयस्थलको व्यवस्थापन र राहत सामग्री सङ्कलन र वितरण गरिन्छ । वैशाख १२ गतेको भूकम्प पछि तत्कालै सरकारले सुरक्षा संयन्त्र परिचालन गरी राहत, उद्धार तथा खोंजकार्य शुरु गरेको थियो । यसै चरणमा घरघरमा गई क्षतिको विवरण लिने र सरकारले उपलब्ध गराएको राहत सहयोग वितरण गर्ने कार्य भएको थियो । शुरुका दिनमा अधिकांश मानिस आफ्नै घर छोडी बाहिर आएकाले त्रिपालको व्यापक माँग भई सरकारलाई सो उपलब्ध गराउन ठूलो दबाब परेको थियो । तर पछि त्यसको व्यवस्थापन हुँदै गयो । विभिन्न मित्र राष्ट्र तथा स्वदेशी संघसंस्थाबाट ठूलो परिमाणमा राहत सहयोग उपलब्ध भइ निजामती, प्रहरी, जङ्गी कर्मचारी, समाजसेवी संस्था, स्थानीय समूहको सक्रियतामा वितरण भएको थियो। हाल नेपालमा यो चरणको काम सम्पन्न भइसकेको अवस्था छ ।

**दोस्रो चरणः** प्रारम्भिक पुनरुत्थान (Early Recovery)

यस चरणमा अस्थायी आवास निर्माण गर्ने, जनजीवन सामान्यीकरण गर्न सार्वजनिक यातायत सुचारु गर्ने, विद्यालय, बजार खोल्ने, स्वास्थ्य सेवा सुचारु गर्ने आदि कार्य पर्दछन् । सरकारले भूकम्प प्रभावित क्षेत्रमा अस्थायी आवास निर्माण गर्न प्रत्येक परिवारलाई रु १५ हजार उपलब्ध गराएको थियो, जसबाट उनीहरुले जस्तापाता वा अन्य निर्माण सामग्री किन्न सकुन् । यसैगरी जनजीवन सामान्यीकरण गर्नका लागि सरकारले व्यापारी तथा व्यवसायीलाई विशेष अनुरोध गरेको थियो। जनजीवन सामान्य बन्दै गए पछि आम मानिसमा भूकम्पको त्राश घटदै गएको देखियो र दिनहुँ जस्तो आइरहने पराकम्पनबाट पनि मानिस विचलित नभएको देखियो । नेपाल भ्रमणमा आएका विदेशीहरुले समेत नेपाली जनताले देखाएको सहनशीलताको मुग्ध कण्ठले प्रशंसा गरेको पाइयो । नेपालले यो चरण पनि पार गरिसकेको अवस्था छ ।

**तेस्रो चरणः** पुनरुत्थान (Recovery) कार्यः

यो चरणमा क्षतिग्रस्त भौतिक तथा सामाजिक सेवा सुविधाको मर्मत गरी सार्वजनिक सेवा सुचारु गर्ने कार्य

पर्दछ । भूकम्प पछिको अवस्थामा प्रभावित क्षेत्रमा सडक विजुली, टेलिफोन र खानेपानीमा ठूलो क्षति नभएकोले यिनको पुनरुत्थान गर्न कठिन छैन र धेरै स्थानमा सेवा सञ्चालन भइरहेको छ । रसुवा, दोलखा सिन्धुपाल्चोक जिल्लामा भूकम्पका कारण आएको पहिरोले सडकमा क्षति पुऱ्याएको छ । तर वर्षायामका कारण तिनको पुनर्स्थापना हुन सकेको छैन । हाल नेपाल यो अवस्थाबाट गुज्रिरहेको अवस्था छ ।

**चौथो चरण:** पुनर्निर्माण तथा पुनर्स्थापना (Rehablitation and Reconstruction) कार्यः

माथिका कार्य सम्पन्न भइसकेपछि वा सो अगावै एक ठोस नीति तथा कार्यक्रम तयार गरी पुनर्निर्माणको कार्य अघि बढाइन्छ । पुनर्निर्माण कार्य जटिल र एक निश्चित अवधि भित्र सम्पन्न गरिसक्नु पर्ने भएकोले असामान्य तवरले यो काम गर्न एक अधिकार सम्पन्न निकायको आवश्यकता पर्दछ । यसका लागि सरकारले पुनर्निर्माण प्राधिकरण ऐन ल्याइसकेको छ र सो प्राधिकरण गठन गर्ने प्रक्रिया शुरु गरेकोछ । पुनर्निर्माण कार्य गर्दा पहिले भन्दा राम्रो र बलियो बनाउनका लागि आवश्यक तयारी गर्नु पनि उत्तिकै जरुरी हुन्छ । हाल वर्षाको समय भएको र त्यसपछि चाडपर्व शुरु हुने भएकोले नेपालको सन्दर्भमा पुनर्निर्माणको काम तिहार पछि मात्र शुरु हुने अवस्था छ ।

## ५. विपद् पछिको आवश्यकता आँकलन

अन्तर्राष्ट्रिय मान्यता अनुसार  कुनै पनि मुलुकमा विपद् पछि क्षतिको मूल्याङ्कन र पुनर्निर्माणको आवश्यकताको आँकलन गरिन्छ । विगतमा विभिन्न मुलुकमा विपद् पछि दातृ निकायको पहलमा यस्तो कार्य गर्ने प्रचलन भएकोमा नेपाल सरकारले यो कार्य आफ्नै नेतृत्वमा गर्ने निर्णय अनुसार राष्ट्रिय योजना आयोगको नेतृत्वमा विभिन्न मन्त्रालयका उच्च पदस्थ कर्मचारी सम्मिलित टोलीले यो कार्य सम्पन्न गरी प्रतिबेदन तयार गरेको थियो । यस कार्यका लागि एशियाली विकास बैंक, विश्व बैंक, यूरोपियन यूनियन तथा संयुक्त राष्ट्र संघले विभिन्न विशेषज्ञको सेवा उपलब्ध गराएका थिए। प्रतिबेदन अनुसार  सबभन्दा ठूलो क्षति आवास क्षेत्रमा भएको छ र क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि जम्मा ६ खर्ब ६६ अर्ब आवश्यक पर्ने देखिएको छ । छोटो अवधिमा यो कार्य सम्पन्न गरेर नेपालले अन्तर्राष्ट्रिय जगतमा ठूलो इज्जत र प्रतिष्ठा आर्जन गरेको छ। यो कार्य सम्पन्न भए लगत्तै नेपाल सरकारले २०७२ असार १० गते नेपालको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरेको थियो । जसमा अन्तर्राष्ट्रिय समुदायले ४ खर्ब ६६ अर्ब भन्दा बढी सहयोग गर्ने वचन दिएका छन् । विपद्मा परेको गरीब मुलुक नेपालले यी दुबै काम सफलताका साथ सम्पन्न गरेको देख्दा विदेशीहरु आश्चर्य चकित भएको छन् र नेपालीको सङ्कट व्यवस्थापन क्षमताबारे गहिरो चासो देखाउन थालेका छन् ।

## ६.राष्ट्रिय पुनर्निर्माण नीतिको आवश्यकता

भूकम्प पछि यसको प्रभावारे मुलुकका हरेक परिवार, समुदाय र संस्थामा व्यापक छलफल र बहश शुरु भएको छ । क्षतिका कारण, कमजोरी र भविष्यमा अपनाउनु पर्ने सावधानीका बारे अझै पनि छलफल जारी नै छ । विभिन्न स्वदेशी तथा विदेशी संघसंस्था र विज्ञले आआफ्ना अनुभवका आधारमा धेरै थरिका सुझाव दिने गरेका छन् । राजनीतिक दल र नेता पिच्छे पुनर्निर्माण सम्वन्धी धारणा फरक छन् । एकातिर सरकारका विभिन्न निकायका पनि अलग अलग सोंच र योजना छन् भने अर्कोतिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको आआफ्ना कार्ययोना छन्। निजी क्षेत्र, नागरिक समाज, सामुदायिक संस्था, शैक्षिक क्षेत्र, गैरआवासीय नेपालीले

पनि पुनर्निर्माण कार्यमा भूमिका खोज्दै छन्।

भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, स्वयंसेवी संस्थालाई समन्यात्मक ढंगले परिचालन गर्नका लागि एउटा ठोस नीतिको आवश्यकता पर्दछ । अन्तर्राष्ट्रिय अनुभव समेतलाई हेर्दा यस प्रकारका महाविपत्ती पश्चात् प्रभावित राष्ट्रलाई सहयोग गर्न चाहने दातृराष्ट्र तथा बहुपक्षीय निकायलाई यस नीतिले आवश्यक समन्वय गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने छ । राष्ट्रिय योजना आयोगको नेतृत्वमा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकाय र अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधि सहितको टोलीले तयार गरेको "विपद् पश्चातको आवश्यकता आँकलन" प्रतिवेदनमा उल्लेख गरिएका रणनीतिलाई आधार मानी राष्ट्रिय योजना आयोगले तयार गरेको नीतिको मस्यौदालाई पुनर्निमाण प्राधिकरणबाट स्वीकृत भएपछि सम्वन्धित् मन्त्रालयले आफ्नो क्षेत्रगत योजना तथा कार्यक्रम तर्जुमा गर्ने छन् । यसै नीति अन्तरगत रहेर दातृ निकायले पनि आफ्नो योजना तथा कार्यक्रम तर्जुमा गर्ने छन् । साथै स्थानीय स्तरमा परिचालित हुने गैरसरकारी संस्थाहरुलाई आफ्नो कार्यक्रम तर्जुमा गर्नका लागि यस नीतिले मार्ग प्रशस्त गर्ने छ । विभिन्न सरकारी तथा गैरसरकारी निकायले कार्यान्वयन गर्ने कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न पुनर्निर्माण प्राधिकरण तथा राष्ट्रिय योजना आयोगलाई यस नीतिले सहयोग पु-याउने छ । विपद् पश्चातको आवश्यकता मूल्याङ्कन सम्वन्धी प्रतिवेदनले औंल्याएका कार्य सुनियोजित ढंगबाट सम्वन्धित निकाय तथा उपभोक्ताहरु मार्फत गर्न गराउनका लागि समेत यस नीतिले मार्गनिर्देशन गर्नेछ ।

## ७. राष्ट्रिय पुनर्निर्माण नीतिको मार्गदर्शक सिद्वान्त

कुनै पनि मुलुकको नीति एउटा निश्चित सिद्वान्तबाट निर्देशित हुन्छ । यस्तो सिद्वान्त प्रतिपादन गर्ने काम राजनीतिक नेतृत्वको हो । नीतिको सैद्वान्तिक पक्ष स्पष्ट नभई नीति तर्जुमा गर्दा नीति अल्मलिने र लक्षित उद्देश्य हासिल नहुने खतरा हुन्छ । जब कुनै नीति बमोजिम काम शुरु हुन्छ, अनि त्यसको सैद्वान्तिक पक्षमा छलफल गर्ने चलन नेपालमा पहिले देखि नै छ । यसबाट काममा ढिलाइ हुने मात्र नभई साधन र स्रोत दुरुपयोग हुने सम्भावना छ। राष्ट्रिय पुनर्निर्माण नीति तजुमा गर्नु अघि निम्न मार्गदर्शक सिद्वान्तमा राजनीतिक सहमति जुट्नु आवश्यक छ :

२.१. "केन्द्रिकृत नीति र विकेन्द्रित कार्यक्रम" को अवधारणा अनुसार नीति केन्द्रमा र कार्ययोजना जिल्ला र स्थानीयस्तरमा तर्जुमा गर्नु पर्दछ ।

२.२. "बनाऔं अझ राम्रो बलियो" (Build Back Better) भन्ने नेपाली अवधारणा अनुसार सकेसम्म स्थानीय सामग्री, सीप, श्रम र वास्तुकलाको प्रयोग गरी संरचना निर्माण गर्नु पर्दछ । स्वनिर्माणको अवधारणा अनुसार निजी आवासीय घर घरधनीद्धारा बनाउने र सार्वजनिक भवन सरकार वा दाताको सहयोगमा बनाउनु पर्दछ ।

२.३. आवासीय घर र सार्वजनिक भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी डिजाइन, वास्तुकला निर्माण विधि, निर्माण सामग्री बारे सरोकारवाला र लक्षित समूहलाई जानकारी गराउनु पर्दछ । पुनर्निर्माण कार्यमा प्राविधिक,कालिगढ, निर्माण व्यवसायी, निर्माण सामग्री उत्पादनकर्ता लगायत सरोकारवालाको ज्ञान र

दक्षताको अधिकतम प्रयोग गर्नु पर्दछ र आवश्यकता अनुसार उपयुक्त प्रविधिलाई परिष्कृत गर्नु पर्दछ। भवन निर्माण गर्दा स्वदेशमा उत्पादन हुने गुणस्तरयुक्त निर्माण सामग्री, फर्निचर र फर्निसिङ्गका सामानको प्रयोगलाई जोड दिनु पर्दछ।

२.४. बस्तीको पुनर्निर्माण यथास्थानमा नै गर्नु पर्दछ। परिस्थितिबश स्थानान्तरण गर्नु पर्दा स्थानीयवासीको संस्कृति र परम्पराको कदर गर्दै सकेसम्म पुरानो बस्तीको नजीकै वा सोही निर्वाचन क्षेत्र वा जिल्ला भित्र नयाँ वस्ती बसाउनु पर्दछ, अन्य जिल्लामा स्थानान्तरण गर्नु पर्ने अवस्था आएमा स्थानीयवासीको संस्कृति र रहनसहनमा नकारात्मक प्रभाव नपर्ने गरी पुनर्वास गराउनु पर्छ। बस्तीको भौतिक स्वरुपका साथै आर्थिक रुपले समृद्ध समाजको निर्माणलाई ध्यान दिनु पदर्छ।

२.५. राजनीतिक दल, स्वदेशी गैरसरकारी संस्था, पेशागत संघसंस्था, सामाजिक र धार्मिक संघ संस्था, मित्रराष्ट्र, अन्तर्राष्ट्रिय दातृनिकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई नेपाल सरकारले अवलम्वन गरेको नीति अन्तर्गत परिचालन गर्नु पर्दछ।

२.६. भूकम्प प्रभावित परिवारलाई राज्यबाट दिईने राहत वा सहयोग सम्बन्धी प्रावधानमा एकरुपता कायम गर्नु पर्दछ। यसका लागि क्षेत्रगत र निकायगत (सरकारी, गैरसरकारी) एकरुपता कायम गरी पारदर्शी ढंगले राहत वा सहयोग उपलब्ध गराउनु पर्दछ। भूकम्प प्रभावित क्षेत्रका अति विपन्न परिवार, दलित, एकल महिला, अशक्त, जोखिममा रहेका बालबालिका, जेष्ठ नागरिकका विशेष आवश्यकताको पहिचान गरी उपयुक्त कार्यक्रम तर्जुमा गर्नु पर्दछ।

२.७. पुनर्स्थापना तथा पुनर्निर्माणको बहानामा विश्वका विभिन्न युद्धग्रस्त क्षेत्रमा प्रयोग भइरहेका प्रिफेव्रीकेटेड घर वा त्यसका अंश, सैनिक प्रयोजनका लागि प्रयोग हुने घर वा निर्माण सामग्रीलाई निरुत्साहित गर्नु पर्छ।

२.८. विपत्तीको फाइदा उठाउदै राहत, पुनर्निर्माण र सहयोगका नाममा राजनीतिक, धार्मिक र साम्प्रदायिक विचारधारा लाद्ने प्रवृतिलाई रोक लगाउनु पर्दछ।

२.९. भूकम्प पश्चात् उद्धार, राहत तथा खोजी कार्यमा देखिएको राष्ट्रिय एकता, सद्भाव र सहनशीलतालाई पुनर्स्थापना तथा पुननिर्माण कार्यमा पनि जारी राख्नु पर्दछ। नेपालीहरुको अनुपम् "संकट व्यवस्थापन" क्षमता एवं सीपलाई सुनियोजित र समयबद्ध कार्यमा अधिकतम् उपयोग गर्नु पर्दछ।

२.१०. भूकम्प प्रभावित क्षेत्रमा लागु गरिने नीति तथा कार्यकम देशका अन्य भागमा पनि कमशः लागु गर्दै जानु पर्दछ।

२.११. छिमेकी राष्ट्रहरुलाई विश्वासमा लिई ठूला संरचनाको पुनर्निर्माणका लागि उनीहरुबाट यथासक्य बढी सहयोग लिनु पर्दछ।

## ७. पुनर्निर्माण नीतिका आधारभूत पक्ष

भूकम्प पछि गरिने निर्माणलाई पुनर्निर्माण भन्ने वा नवनिर्माण भन्ने विषयमा निकै ठूलो छलफल हुने गरेको छ। केही राजनेताहरुले यसलाई नवनिर्माण भन्न रुचाउँछन् र भूकम्प पछिको निर्माणले नयाँ नेपालको खाका

कोरिने बताउँछन् । विपद् व्यवस्थापनको सिद्वान्त अनुसार क्षतिग्रस्त संरचनालाई पुनर्निर्माण गर्नु पर्दछ र त्यसो गर्ने क्रममा पुरानो गल्तीबाट पाठ सिक्दै पहिले भन्दा बलियो र राम्रो बनाउने कोशिस गरिन्छ । यसक्रममा देश र समाजको आवश्यकता अनुसार नयाँ संरचनाहरु पनि बनाइन्छन् । विपद्ग्रस्त क्षेत्रमा गरिने पुनर्निर्माणको अनुभवलाई समेटेर मुलुकको अन्य क्षेत्रमा उन्नत प्रविधिबाट निर्माण कार्य गर्नु बुद्धिमानी ठहरिन्छ । कतिपय मुलुकमा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण भइसकेपछि पनि थप सुधार र निर्माण कार्य अघि बढाएर आर्थिक बृद्धि तर्फ अग्रसर भएका उदाहरण छन् । भारतको गुजरातमा सन् २००१ मा गएको भूकम्प पश्चात् शुरु गरिएको पुनर्निमाण तथा नवनिर्माण पछि भारत लगायत अन्य मुलुकमा गुजरात मोडलका नामले आर्थिक विकासको नयाँ मोडल स्थापित भइसकेको छ । भूकम्प जस्ता विपद्ले मानिसको सोंच र विचारमा परिवर्तन ल्याउने भएकोले समाजिक तथा आर्थिक विकासको नयाँ मोडल सृजना गर्न सहज हुन्छ ।

नेपालको सन्दर्भमा भूकम्प पछि विभिन्न क्षेत्र र तप्काका व्यक्तिले पुनर्निर्माणका बारेमा छलफल गरेका छन् र विभिन्न सुझाव पेश गरेका छन् । भूकम्प पश्चात्को पुनर्निर्माणमा स्वदेशी र विदेशी संघसंस्थाले पनि निकै चासो दिइरहेका छन् । पुनर्निर्माण र पुनर्स्थापनाको आवश्यकता, विभिन्न निकायको क्षमता, देशको भौगोलिक अवस्था र सामाजिक परिस्थितिलाई विचार गर्दै पुनर्निर्माण कार्य अघि बढाउन एक मूल नीतिको आवश्यकता पर्दछ । यस्तो नीतिमा केवल भौतिक संरचनाको पुनर्निर्माणको विषय मात्र उल्लेख नभई सामाजिक आर्थिक र मानवीय पक्षको समेत विचार पुर्‍याउनु पर्दछ । विपद्को अवस्थामा कुनै पनि मुलुकले आफैंले पुनर्निर्माण तथा पुनर्स्थापनाका सबै काम गर्न नसक्ने भएकोले अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता पर्दछ। तसर्थ यो नीतिले दातृ राष्ट्र तथा निकायलाई समेट्न सक्नु पर्दछ र उनीहरुबाट यथासक्य बढी सहयोग लिन सक्नु पर्दछ । यस्तो अवस्थामा छिमेकी राष्ट्रको सहयोगको विशेष महत्व रहन्छ । यस्तै प्रकारको भूकम्प पछि अन्य देशले कसरी पुनर्निर्माण कार्य गरे भन्ने बारे जानकारी लिनु जरुरी हुन्छ । राष्ट्रिय पुनर्निर्माण नीतिका बारेमा हालसम्म आएका विषयहरु निम्न अनुसार छन्:

१. ग्रामीण क्षेत्रमा निजी घर घरधनी स्वयंले बनाउनु पर्दछ र सरकार र गैरसरकारी संस्थाको भूमिका आर्थिक र प्राविधिक सहायता उपलब्ध गराउने कुरामा मात्र सीमित गर्नु पर्दछ ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन, खानेपानी तथा सरसफाइ आदि कार्यमा संलग्न हुनु उपयुक्त हुन्छ।

३. क्षतिग्रस्त स्मारक र सम्पदाको पुनर्निर्माण तथा पुनर्स्थापना गर्न समुदायलाइ नै मुख्य जिम्मेवारी दिनु पर्दछ ।तर निर्माण सम्वन्धी मापदण्ड तोक्ने र त्यसको अनुगमन गर्ने, आवश्यक निर्माण सामग्री उपलब्ध गराउने जिम्मेवारी सरकारले लिनु पर्दछ ।

४. भवन संहिताको परिमार्जन गरी सुरक्षित निर्माण विधिबारे कालीगढ तथा प्राविधिकलाई तालीम दिनु पर्दछ । यसका लागि आमसञ्चार माध्यमको व्यापक परिचालन गर्नु पर्दछ ।

५. पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्य सरकारको एक्लो प्रयासबाट मात्र सम्भव नहुने भएकोले गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय दातृ निकाय, शैक्षिक संस्था तथा स्वयंसेवी समूहलाई समन्वयात्मक ढंगले परिचालन गर्नु पर्दछ ।

६. जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा सार्नु पर्दछ । तर यसका लागि उपयुक्त स्थानको चयन गर्ने जिम्मा स्थानीय समुदायलाई नै दिनु पर्दछ ।

७. भूकम्प सम्वन्धी ज्ञान विज्ञान र प्रविधिको अध्ययन अनुसन्धान गर्न सरकारी र गैरसरकारी क्षेत्रमा हाल स्थापित संस्था वा निकायको स्तरोन्नति गर्नु पर्दछ ।

८. भूकम्पबाट दिवंगत सर्वसाधारण व्यक्तिको सम्झना गर्न र राहत उद्धारमा खटिंदा आफ्नो ज्यान गुमाउने सुरक्षाकर्मी र निजामती कर्मचारीको सम्मानमा एक राष्ट्रिय स्मारक निर्माण गर्नु पर्दछ ।

९. भूकम्पका कारण आफ्नो जीविका गुमाएका व्यक्तिलाई सरकारद्वार एक निश्चित अवधिसम्मका लागि आर्थिक सहायता उपलब्ध गराउनु पर्दछ। व्यापारी, व्यवसायीलाई आआफ्नो व्यवसाय पुनर्स्थापना गर्न सहुलियतपूर्ण ऋण उपलब्ध गराउनु पर्दछ।

१०. अभिभावक विहिन वालिका, एकल महिला, अपाङ्ग, जेष्ठ नागरिक लगायत समाजका विपन्न वर्गका लागि विशेष व्यवस्था गरिनु पर्दछ ।


## ८. पुनर्निर्माण नीतिको कार्यान्वयन पक्ष

नीति जतिसुकै राम्रो भएता पनि कार्यान्वयन पक्ष कमजोर भयो भने त्यसबाट कुनै उपलब्धी हासिल हुन सक्तैन । नीतिको प्रभावकारी कार्यान्यनका लागि सम्वन्धित निकायले नीतिको अनुकूल हुने गरी व्यवहारिक योजना र कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ । यसका लागि आफ्नो संस्थागत उद्देश्य, उपलब्ध साधन स्रोत, कार्यक्षेत्र, लक्षित समूह आदिको विचार गरी योजना तर्जुमा गर्नु पर्दछ । कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्न स्पष्ट सूचक किटान गर्नु पर्दछ । कार्यक्रम कार्यान्वयन गर्दा पारदर्शीता तथा जवाफदेहिता सुनिश्चित हुनु अनिवार्य छ । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय समुदायको सहभागिता अनिवार्य हुन्छ । स्थानीय स्तरमा गरिने पुनर्निर्माण कार्यको समन्वय गर्न जिल्लास्तरमा एउटा निकाय तोकिनु उपयुक्त हुन्छ । कार्यान्वयन निकायका वीचमा प्रतिस्पर्धा भन्दा सहकार्यको भावनाले काम अघि बढाउनु जरुरी छ । यी सबैकाम अधिकार सम्पन्न निकायमार्फत हुनु आवश्यक छ। नेपालको सन्दर्भमा प्रस्तावित पुनर्निर्माण प्राधिकरणलाई यथासक्य छिटो क्रियाशील बनाउनु जरुरी छ।

## ९. उपसंहार

विनाशकारी भूकम्पबाट हामी सबैले धेरै पाठ सिक्नु पर्दछ र हाम्रा बस्ती, घर तथा संरचनाको पुनर्निर्माणमा विशेष ध्यान पुऱ्याउदै भावी पुस्तालाई सुरक्षित बनाउने तर्फ हाम्रो ध्यान जानु पर्दछ । हाल वर्षायाममा सम्पूर्ण पूर्व तयारीका काम सम्पन्न गरी चाडपर्वको लगत्तै पुनर्निर्माणमा जुटिहाल्नु पर्ने अवस्था छ । हाम्रो नीति कस्तो बन्छ ? त्यस अनुसार कस्तो योजना बन्छ ? कार्यक्रमको कार्यान्वयनमा कत्तिको समन्वय हुन्छ ? सबै पक्षले आआफ्नो जिम्मेबारी कत्तिको इमान्दारीका साथ पूरा गर्छन्, आदि कुरामा नै पुनर्निर्माणको सफलता निर्भर गर्दछ । राजनीतिक नेतृत्वका लागि यो समय चुनौतीपूर्ण छ किनकि भूकम्प लगत्तै नेताहरुले बोलेका कुरा जनताले बिर्सेका छैनन् ।

# संघीय नेपालमा कर्मचारी सञ्चय कोष



शिशिरकुमार ढुंगाना *

## १. पृष्ठभूमिः

मुलुक संघीय राज्य निर्माणको संघारमा रहेको छ । राज्य पुनः संरचनाको लामो सैद्धान्तिक वहससँगै नयाँ संविधान निर्माणको प्रक्रियाले गति लिन लागेको र सोही क्रममा नै मुलुकको मौजुदा शासकीय प्रणालीमा परिवर्तन गर्ने जमर्को पनि हुँदैछ ।

राज्यको पुनः संरचना राज्यको राजनीतिक, आर्थिक, प्रशासनिक तथा न्यायिक संरचनालाई नागरिक उन्मुख गराउने सिलसिलामा राज्यको जुनसुकै तह र तप्काको नागरिकका माझमा राज्य प्रणाली र सो का आवश्यकद्वारा प्रदत्त सेवाको पहुँच र प्रयोगलाई व्यवस्थित र पहुँचयोग्य बनाउने मान्यता हो । राज्यका सबै नागरिकहरुले राज्यमा उपलव्ध स्रोत र साधन माथी पहुँच स्थापित गरी आफ्नो हित सम्बर्द्धन गर्ने पाउने अधिकारलाई वास्तविक बनाउन राज्यको पुनःसंरचना गर्ने र सोही पुनः संरचनाको मान्यतालाई सार्थकता दिन संघीय राज्यको निर्माण र सो को अभ्यास गर्ने प्रचलन बढ्दै गएको छ । विशेषतः स्थानीय स्रोतको परिचालन गर्न स्थानीय सक्षमता बढाउने, स्थानीय स्तरमा उपलव्ध हुने सेवालाई सुनिश्चितता प्रदान गर्ने, स्थानीय स्तरमा राजनीतिक, आर्थिक तथा सामाजिक विकासको मौजुदा स्तरमा अभिवृद्धि गर्न र राज्यको भावनात्मक एकीकरणलाई मजवुत बनाउन संघीय राज्य निर्माण गर्नु पर्ने अवस्था रहेको छ । विविधताका बीचमा एकता कायम राख्न र आफ्नो मौलिकताको संरक्षण सहित बहुलतामा आधारित राज्यका लागि संघीय राज्य निर्माण गर्ने मान्यतासंगै नेपालको अन्तरिम संविधान, २०६३ ले संघीय राज्य निर्माणको आधार स्थापित गरी आसन्न नयाँ संविधानले सो आधार र मान्यतालाई पूर्णता दिदैछ ।

मुलुक संघीय राज्यमा रुपान्तरित हुँदा स्वभाविक रुपमा मुलुकका प्रशासकीय संरचनाहरु पनि संघीय राज्य अनुकूल रुपान्तरित हुने अभ्यासमा लागेका छन् । प्रशासनिक संयन्त्र, आर्थिक क्रियाकलाप संचालन गरिरहेका संरचनाहरु पनि स्वभाविक रुपमा रुपान्तरणको प्रक्रियामा रहेका छन् । मुलुकमा संघीय संरचनाको स्वरुपले स्पष्ट आकार ग्रहण नगरेसम्म प्रशासनिक र आर्थिक गतिविधि सञ्चालनका संयन्त्रहरुको स्पष्ट स्वरुप परिलक्ष्यित गर्न नसकिएता पनि सैद्धान्तिक आधारमा तीनको पुनः संरचनाको स्वरुप र तरिकाका वारेमा छलफल र विश्लेषण गरिनु जरुरी भइसकेको छ ।

यसै सन्दर्भमा वित्तीय प्रणालीमा अग्रणी स्थान राख्ने, सामाजिक सुरक्षाका क्रियाकलापको संचालन सहित वचत परिचालन गर्न क्रियाशील रहेको कर्मचारी सञ्चय कोषको संरचना, कार्यशैली र भूमिकालाई समेत संघीय



* महा निर्देशक, भन्सार बिभाग

संरचनाको मान्यता र धारणा अनुरुप परिवर्तन गरी सवल र सक्षम निकायको रुपमा स्थापित गराउनु जरुरी देखिएको छ ।

## २. कर्मचारी सञ्चय कोष र यसका मौजुदा गतिविधिः

प्रारम्भका दिनमा निवृत्त सैनिकहरुको सामाजिक सुरक्षाको निमित्त परिकल्पना गरिएको कर्मचारी सञ्चय कोष आज आम सरकारी, गैर सरकारी तथा निजी क्षेत्रमा कार्यरत श्रमिक कर्मचारीहरुको सुख दुःखको सहारा बन्न सफल भएको छ। कर्मचारीहरुमा वचत गर्ने वानी विकास गरी ब्यक्तिगत हितका लागि आवश्य रकमको गर्जो टार्न सहयोग पुऱ्याउनका साथै राज्यका दृष्टिमा पूँजी निर्माणका अतिरिक्त पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको सुनिश्चितता दिन कोष सफल भएको छ । व्यक्तिगत रुपमा कर्मचारी र निजका परिवारका लागि आवश्यक स्रोतको सुनिश्चितता गर्नुका साथै मुलुकमा पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न समेत कोष सक्षम सावित भएको छ। कोषले सामाजिक सुरक्षाका निमित्त प्रत्याभूत गरेका सेवाहरुका कारण सेवा निवृत्त कर्मचारीहरुको जीवनलाई व्यवस्थित एवं उत्पादनशील बनाउन सहयोग गर्नुका साथै वित्तीय बजारमा सवल, सक्षम र प्रभावशाली संस्थाको रुपमा राष्ट्रिय स्तरमा स्थापित हुन सकेको छ ।

कर्मचारी सञ्चय कोष आधारभूत रुपमा सञ्चयकर्ता कर्मचारीहरुको हितलाई सर्वोपरी राखी अधिकतम पूँजी परिचालनका माध्यमबाट राष्ट्रको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि क्रियाशील रहेको छ। मुलुकका दूरदराजमा रहेका सञ्चयकर्ता कर्मचारीको वेतनलाई उत्पादनशील प्रतिफलयुक्त, आयआर्जित र सुरक्षित क्षेत्रमा उपयोग गरी सञ्चयकर्तालाई जीवन पर्यन्त सेवाको प्रत्याभूति गर्दै राष्ट्रको निमित्त पनि योगदान गर्दैछ। मुलुकमा वित्तीय सन्तुलन कायम गर्न, धितोपत्र बजारलाई व्यवस्थित गर्न, वित्तीय अस्थिरताको अवस्थालाई अन्त्य गर्दै समष्टीगत वित्तीय प्रणालीलाई वाञ्छित प्रतिकोन्मुख बनाउन सञ्चय कोष क्रियाशील रहेको छ । लगानीका क्षेत्रमा गरिएको विविधिकरणका कारण कोष नेपालको पूर्वाधार निर्माण, औद्योगिक विकास एवं सेवा व्यवसायको विकास र विस्तारका निमित्त आवश्यक स्रोतको आपूर्तिकर्ताको रुपमा स्थापित भएको छ ।

## ३. संघीय राज्यमा संचय कोषः

संघीय राज्य प्रणालीको मूल ध्येय राज्य प्रणालीमा सबै वर्गको समान अवसर र हैसियतलाई उजागर गरी मुलुकमा सबै नागरिकलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका अवसर समतामूलक रुपमा प्रत्याभूत गर्नु हो । संघीय राज्यको जीवन्तता उक्त राज्यमा बसोबास गर्ने नागरिकहरुको आर्थिक सवलता र सक्षमतासंग आवद्ध हुने कारणले गर्दा मुलुकका सबै राज्यमा बसोबास गर्ने नागरिकहरुका वीचमा समतामूलक पहुँत स्थाना गर्ने तर्फ राज्यको ध्यान केन्द्रीत हुनुपर्दछ ।

सञ्चय कोषको मौजुदा कार्यक्षेत्रका आधारमा विश्लेषण गर्दा संघहरुको वीचमा आर्थिक स्रोतको परिचालन गर्न, सीमित पूर्वाधार सेवाहरुको निर्माणका लागि लगानी केन्द्रीत गर्न, स्थानीय स्तर निकायमा कार्यरत सञ्चयकर्ताको सामाजिक सुरक्षाका क्रियाकलापहरुलाई विस्तारित गर्नुका साथै वित्तीय प्रणालीको विस्तार गर्ने कार्यमा समेत सकारात्मक योगदान दिन सक्ने अवस्था रहँदा प्रस्तुत परिप्रेक्ष्यमा संघीय राज्यमा कर्मचारी

सञ्चय कोषको संरचनात्मक स्वरुप, कार्यक्षेत्र र भूमिकामा निम्नानुसारको परिवर्तन गरिनु उपयुक्त देखिन्छ ।

## ४. संघीय राज्य मैत्री संरचना

वि.सं. २०१९ मा कोषको आफ्नै ऐन लिएर स्थापित कर्मचारी सञ्चय कोषको हालको संचरना विकेन्द्रित प्रकृतिको रहेको छ । केन्द्रीय संरचना, सञ्चयकर्ताको सेवा र पहुँचका लागि अञ्चलस्तरमा कार्यालय पनि स्थापना भएका छन् । तर संघीय संरचना अनुरुप राज्यको पुनः संरचना गरिएपश्चात् सञ्चय कोषको हालको संरचनामा पनि सामयिक परिवर्तन आवश्यक देखिन्छ । हालको संरचनामा कायम रहेका क्षेत्र तथा उपक्षेत्रीय कार्यालयहरुलाई संघीयराज्यको अवधारणा अनुरुप पुनः संरचित गरी तत् क्षेत्रमा वित्तीय वजारको विस्तार तथा आर्थिक गतिविधिलाई तिव्रता दिने कार्यमा कोष परिचालित हुनुपर्ने देखिन्छ ।

सवल संगठन र क्रियाशील एवं दक्ष जनशक्तिको कारण सञ्चय कोषले आर्जन गरेको खास र निर्वाह गरेको भूमिकालाई मध्येनजर राख्दा सञ्चय कोषको संगठनात्मक विस्तार र पुनःसंरचना गर्दा उपर्युक्त पक्षलाई पनि ध्यान दिनु जरुरी हुन्छ । आर्थिक रुपमा सक्षम र सवल राज्य निर्माण गर्नुपर्ने वाध्यताको परिवेशमा सञ्चय कोषका हालका सेवालाई विस्तारित गर्दै प्रभावकारी कोष परिचालन गर्न सक्ने व्यवसायिक संरचना, कोषका सञ्चय कोषको अधिकतम हितको प्रवर्द्धन लगायत संघीय राज्यका वीचमा न्यून हुन सक्ने वित्तीय स्रोत र साधनको आपूर्तिलाई सहयोग पुग्नेगरी निक्यौंल गरिनु पर्दछ ।

सञ्चय कोष लाखौं सञ्चयकर्ताको अंशदानबाट संचालित वित्तीय संस्था हो । मुलुकमा सवल वित्तीय बजारको आधार तयार गर्न कोषका सञ्चयकर्ताको सीमित योगदानलाई पूँजिको रुपमा रुपान्तरण गरी सञ्चयकर्तालाई उपयुक्त प्रतिफल र सामाजिक सुरक्षाको प्रत्याभूति गर्न आवश्यक पर्ने स्रोतको सुनिश्चितता हुने क्षेत्रमा लगानी गर्नुपर्ने अवस्थामा रहेको कारण कोषको पुनःसंरचना गर्दा लाभ/लागतलाई पनि यथोचित रुपमा विश्लेषण गरी व्यवसायिक संभाव्यता तथा सञ्चयकर्ताको सहज पहुँचलाई मध्येनजर राखी उपयुक्त संख्या र हालकै कोषको स्वरुपमा कार्यालयको पुनःसंरचना गरिनु उपयुक्त हुन्छ ।

## ५. आर्थिक विकासमा सञ्चय कोषको भूमिकाः

मुलुकमा रहने संघीय राज्यका संख्याहरु निर्धारण गर्ने विषय मूलतः राजनीतिक विषय भएता पनि संघीय राज्यहरुको जीवन्तता र उपयुक्तताको निक्यौंल गर्दा आर्थिक संभाव्यतालाई समेत मध्येनजर राख्नु वाञ्छनीय हुन्छ । संघीयताको अर्थ भौगोलिक सीमाङ्कन भन्दा बढी आर्थिक उन्नयनका लागि उपलव्ध स्रोत र साधनको प्रयोगको संभावनासंग सम्वन्धित रहेकोले आर्थिक स्रोत र साधन परिचालन गर्न सक्ने क्षमतायुक्त कोषको भूमिका पनि राज्यहरुमा उपलव्ध स्रोतको परिचालन गरी उक्त क्षेत्रमा आर्थिक विकासको आधार विकास गर्ने तर्फ निर्देशित हुनुपर्दछ ।

कर्मचारी सञ्चय कोषको मौजुदा कार्यक्षेत्र संरचना र सवलता समेतको आधारमा कोषले संघीय शासन व्यवस्थामा निम्नानुसारका क्षेत्रका निम्नानुसारको भूमिका निर्वाह गर्न सक्नेछ देखिन्छ ।

### (क) स्रोत संकलन र परिचालन

कर्मचारी सञ्चय कोष सम्झौतीत बचत (Contractual Saving) लाई पूजींको रुपमा परिचालन गर्न क्रियाशील रहेको छ । सरकारी गैर सरकारी तथा निजी क्षेत्रमा कार्यरत जनशक्तिको बचतलाई परिचालन गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्ने उद्देश्य र कार्यभारका साथ क्रियाशील कोषले संघीय राज्यमा संघीय सरकारका कर्मचारी तथा संघीय राज्यमा स्थापना हुने व्यवसायमा कार्य गर्ने जनशक्तिको हितको लागि स्वीकृत अवकाश कोषको रुपमा कार्य गर्ने क्षमता समेत राख्दछ । केन्द्रीय वा प्रान्तीय वा स्थानीय निकायमा कार्यरत जनशक्तिको हितका लागि सामजिक सुरक्षाका गतिविधिहरु सञ्चालनमा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने कोषले आफ्नो बचत परिचालन गर्ने भूमिकालाई सघन रुपमा विस्तार गर्नुपर्दछ साथै संकलित बचतलाई प्रस्तावित संघीय राज्यका वीचमा आर्थिक असमानता नहुने गरी पूर्वाधार सेवाको विकास र विस्तारमा लगानी गर्ने नीति अवलम्वन गरिनु उपयुक्तहुन्छ । मुलुकका सबै सञ्चयकर्ताको हितलाई सर्वोपरी महत्व दिई प्रान्तिय सक्षमता र संभावनायुक्त क्षेत्रमा कोषले आफ्ना गतिविधि निर्देशिक गर्नु जरुरी हुन्छ । कोषले राष्ट्र निर्माणको वृहत मान्यता सहित न्यून हुने लगानीको आपूर्तिका लागि एकल वा वहुपक्षीय पूँजी परिचालनका उपायहरु अलम्वन गर्ने तर्फ केन्द्रीयहुनु पर्ने अवस्था रहन्छ ।

### (ख) पूर्वाधार सेवाको विकास:

कर्मचारी सञ्चय कोषको लगानीलाई विभिन्न क्षेत्रमा विस्तारित गर्दै संयोजित गर्न जरुरी भइसकेको छ । सञ्चयकर्ताको योगदान निरन्तर बढ्दै जांदा लगानीको वहुपक्षीय क्षेत्रको खोजी गर्नु कोषका लागि जरुरी ठानिएको छ । पूँजीको लागत (Cost of Capital) निरन्तर बढ्दै जांदा प्रतिफलयोय र न्यून जोखिम भएका क्षेत्रहरु परिचालन गरी लगानी गर्नुपर्ने वर्तमान अवस्थामा कोषले औद्योगिक वा सेवा व्यवसायको प्रवर्द्धन गर्न भावी संघीय राज्यहरुसंगको समन्वयमा भौतिक पूर्वाधार वा सामजिक पूर्वाधारको निर्माणमा लगानी निर्देशित गर्नुपर्ने अवस्था रहेको छ । प्रस्तावित संघीय राज्यहरुको आर्थिक सवलता समान रुपका नहुने कारण न्यून सक्षमता भएका राज्यहरुमा स्थानीय स्रोत र साधनलाई प्रयोग गरी उत्पादकत्व बढाउन कोषले पूर्वाधारजन्य क्षेत्रमा लगानी निर्देशित गर्नुपर्ने हुन्छ ।

प्रान्तिय सरकारको समन्वयमा आवास व्यवस्थापन, विद्युत गृहहरुको निर्माण पार्किङ्ग स्थलहरु, सडक जस्ता ठूला परियोजनाहरुमा लगानी विविधिकरण र विस्तार गर्नेतर्फ कोषले नेतृत्वदायी भूमिका निर्वाह गर्नु जरुरी हुन्छ ।

### (ग) वित्तीय बजारको निर्माण र सवलीकरण:

सञ्चय कोष मुलुकको वित्तीय प्रणालीको महत्वपूर्ण संयन्त्र हो । मुलुकको वित्तीय प्रणालीको प्रभावकारी सञ्चालनमा सञ्चय कोषले पुऱ्याएको योगदान अतुलनीय रहेको छ । सरकारको वित्तीय घाटा पूर्ति गर्न आवश्यक अल्पकालीन ऋणको व्यवस्थापन गर्न, मौद्रिक नीतिको कार्यान्वयनमा सघाउ पुऱ्याउन वित्तीय पहुँच स्थापित गर्न तथा पूँजी वजारको विकासका लागि अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउन समेत कोषले ठूलो योगदान पुऱ्याएको छ ।

वित्तीय वजारको सवलीकरण र वित्तीय सेवालाई मुलुकमा सबै संघीय राज्यहरुमा विस्तारगर्न सञ्चय कोषको क्षमता र दक्षताको उपयोग गर्न सक्ने अवस्थाका कारण संघीय राज्यभित्र वित्तीय कार्यकुशलता अभिवृद्धि गर्न वित्तीय स्रोत र साधनको अपर्याप्तता पूर्ति गर्न र प्रान्तिय तहसम्म पूँजी वजार विस्तार र विकास गर्न कोषको भूमिका उपयोगी हुन सक्ने देखिन्छ। सञ्चय कोषको हालको कानूनी व्यवस्थामा परिमार्जन गरी पूँजी वजारको वजार निर्माताको रुपमा परिन परिचालन गर्न सकिएमा हालको पूँजी वजार विस्तारित भई पूँजी सृजना गर्ने कार्यमा योगदान पुग्न सक्ने व्यवस्था रहन्छ।

**(ग) सामाजिक सुरक्षाका गतिविधिको विस्तार:**

सञ्चय कोषले प्रत्याभूत गरेका सामाजिक सुरक्षाका क्रियाकलापले सञ्चयकर्ताको जीवनलाई सहज बनाउन सहयोग पुऱ्याइरहेको छ। सामाजिक सुरक्षाका गतिविधि कै कारण कोषप्रतिको सम्मान भाव पनि बढी रहेको सन्दर्भमा प्रान्तिय सरकारको कार्यक्षेत्रभित्र कार्यरत रहने सञ्चयकर्ता वा निजका आश्रित परिवारलाई उपलव्ध गराइने सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई मानव विकास सूचकाङ्कसंग आवद्ध गरी कमजोर मानव विकास सूचकाङ्क भएका प्रान्तका सञ्चयकर्ताहरुका लागि विशेष कार्यक्रम सञ्चालन गरिनु बान्छनीय हुन्छ। मुलुकमा राज्यका तर्फबाट प्रत्याभूत गरिएको सामाजिक सुरक्षाका प्रयासहरु सीमीत भएको सन्दर्भमा कोषले प्रान्तिय सरकारसंगको सहकार्यमा सामाजिक सुरक्षाका क्रियाकलापहरुको शुरुवात गरी कोषका गतिविधिलाई विस्तारित गर्न सक्ने देखिन्छ।

प्रान्तिय सरकार मातहत तत्काल नै अन्य अवकाश कोषहरु स्थापना हुन सक्ने संभावना सीमित रहेको परिवेशमा सामाजिक सुरक्षाका लागि प्रान्तीय सरकारले संचालन गर्ने क्रियाकलापहरुको संयोजनको भूमिका पनि कोषले लिन सक्ने अवस्था पनि रहने देखिन्छ।

## ६. संघीय राज्यमा कोषका चुनौतीहरु

संघीय राज्यमा कोषले निकै ठूलो भूमिका अपेक्षा गरेर भूमिका विस्तारको रणनीति लिएता पनि राज्य निर्माणको क्रमसंगै कोषले विभिन्न चुनौतीहरु पनि सामना गर्नुपर्ने अवस्था रहन्छ। राज्यको एकात्मक चरित्र परिवर्तन हुँदा सकारात्मक संरचनाको मान्यतामा आधारित कोषको मौजुदा संरचना र कार्यप्रणालीमा परिवर्तन अवशंभावी हुन्छ। संघीय राज्य निर्माणको आधार भिन्न मान्यताबाट भएको सन्दर्भमा कोषको संरचनालाई तद्नुरुप समायोजन गर्न, जनशक्तिको व्यवस्थापन गर्न, कोषको उत्पादनशील प्रयोग गर्न, लगानीको प्राथमिकताहरु निर्धारण गर्न र सेवा वितरणलाई वास्तविक र सञ्चयकताको पहुँचमा पुऱ्याउन निकै ठूलो चुनौती व्यहोर्नु पर्ने अवस्था रहन्छ। साथै, राज्य संरचनामा कायम रहेको विकृति र विसंगतिले पनि कोषको हालको भूमिका र कार्यशैली उपर व्यावसायिक रुपान्तरण गर्ने कार्य पनि जटिल हुने निश्चित छ। तथापी, सुधार र रुपान्तरणको विकल्प नभएको परिप्रेक्ष्यमा कोषले संघीय संरचना उन्मुख राज्य प्रणालीसंगै रुपान्तरण हुँदा निम्नानुसारका चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था हुन्छ।

- संविधान सभाको विषयगत समितिले प्रस्तुत गरेको राज्यको स्रोत र साधनको बाँडफाँड गर्ने तरिका र प्रक्रिया सिफारीश समितिले मुलुकको आर्थिक कार्य प्रणालीमा घनिभूत परिवर्तनको खोजी नगरेको

अवस्थामा वित्तीय प्रणालीका महत्वपूर्ण अंगका रुपमा रहेका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष जस्ता सम्भौतीत कोष सञ्चालन गर्ने निकायको भूमिका र कार्यशैली उपर सञ्चयकर्ता, केन्द्र सरकार र प्रान्तिय सरकारको अपेक्षा भिन्न भई भूमिका प्रभावकारी बनाउन जटिलता सृजना हुने ।

- सञ्चय कोष मूलतः वित्तीय प्रणालीलाई सहज बनाउन सहयोगी संस्था भएको नाताले संघीय राज्यको संख्याका आधारमा यसका पुनःसंरचना गरिनु व्यवसायिक र वित्तीय स्वस्थ्यताका दृष्टिले पनि उपयुक्त नहुने सन्दर्भमा कोषको पुनःसंरचना र भूमिका विस्तार र व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ ।
- सञ्चय कोषसंग रहेको बचत सञ्चयकर्ताको सम्पत्ती हो भने कोषको लागि दायित्व/कोषमा रहेको रकमको मात्रा वृद्धि भइरहेको सन्दर्भमा उक्त कोषको परिचालन गरी लगानी गरिने परियोजनाको छनौट र व्यवस्थापनमा जटिलता सृजना हुन सक्ने देखिन्छ ।
- सञ्चय कोषको कार्यक्षेत्र भित्र सरकारी कर्मचारीको सञ्चय कोष कट्टा वापतको रकम जम्मा र परिचालन गर्ने भनी उल्लेख भएको छ । तर प्रान्तीय सरकारले आफ्नो राज्यमा पूँजी परिचालन गर्न छुट्टै कोषको स्थापना र सञ्चालन गर्न सक्ने सक्षमता राख्ने हुँदा कोषको कार्यक्षेत्र र भूमिका संकूचित हुन सक्ने अवस्था देखिन्छ ।
- प्रान्तीय सरकारका वीचमा आफ्नो प्रान्तबाट गरिएको योगदानका आधारमा लगानी गर्नुपर्ने आवाज उठी कोषले गर्ने लगानी प्रभावित हुन सक्ने, सवल र दूर्वल राज्यमा कोषको उपस्थिति भिन्न बन्न सक्ने अवस्थालाई पनि गंभिरताका साथ मनन् गरिनु पर्दछ ।
- कोषले हाल सञ्चालन गरिरहेका सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालनका पनि प्रान्तीय सरकारसंगको समन्वय र मापदण्डमा भिन्नता आई लक्षियत वर्गमा पुऱ्याउन जटिलता देखिन सक्दछ ।
- संघीय राज्यको मान्यता र सीमानाका आधारमा संघीय राज्यका सदरमुकाम वा केन्द्रमा कोषको कार्यालयहरु स्थानान्तरण गर्नु पर्ने अवस्थामा व्यवसायिक संभावनाको पक्ष गौण बन्न सक्ने अवस्था रहन्छ ।
- सञ्चय कोषले हाल आधारभूत आवश्यकताका वस्तुको आपूर्तिलाई सहज बनाउन सरकारको जमानतमा लगानी गरिरहेको इतिहासलाई प्रान्तीय सरकारले पनि पुनरावृत्ति गर्न सक्ने र यस अवस्थामा प्रत्येक सरकारको आवश्यकता पूरा गर्न नसक्ने अवस्थामा प्रान्तीय सरकारसंगको सम्बन्धमा पनि समस्या आउने अवस्था रहन्छ ।
- संघीय राज्यको निर्माण आँफैमा चुनौतीपूर्ण र जटिल बन्दै गएको अवस्थामा संघीय राज्य सञ्चालन गर्ने सिलसिलामा सरकारी र अर्ध सरकारी निकायहरुको भूमिका र कार्यशैलीमा समेत चुनौती थपिने यथार्थतालाई मध्यनजर राख्दै कर्मचारी सञ्चय कोषले पनि उपयुक्त चुनौतीहरुको सामना गर्न आवश्यक रणनीतिहरुको तर्जुमा गर्नुपर्ने अवस्था रहेको छ । तसर्थ, सञ्चय कोषको समग्र व्यवस्थापनले प्रस्तुत

अवस्थाको सुक्ष्म विश्लेषण सहित भावी अवस्थालाई आंकलन गरी संगठनात्मक, प्रक्रियागत एवं कानूनी पक्षका रुपान्तरण र परिमार्जनको खाका गर्नु जरुरी देखिन्छ ।

**७. अन्त्यमा,**

मुलुक संघीय राज्य निर्माणको संघारमा रहेको छ । एकात्मक राज्य प्रणाली प्रति आश्वस्त हालको राज्य प्रणालीमा संघीयता अनुकूलको आयामिक परितर्वन अपेक्षित रहन्छ । सरकारी संयन्त्रले संघीय राज्यको मान्यतालाई आत्मसाथ गर्दै संरचनागत परिवर्तनको आधार तयार गरे पश्चात भावी दिनमा हालको भूमिकामा के कस्तो परिवर्तन आउंछ भनी आंकलन गरिनु स्वभाविक भएको सन्दर्भमा कर्मचारी सञ्चय कोषको भूमिकाको खोजी सहित संभाव्य विस्तारित भूमिका परिलक्ष्यित गरिनु पर्दछ । संघीयता भित्र अनेक अवसर र चुनौतीहरु अर्न्तनिहित हुने परिप्रेक्ष्यमा मुलुकको अग्रणी वित्तीय संस्थाको भूमिका र कार्यशैलीमा पनि परिवर्तन र रुपान्तरणका प्रयासहरुलाई सार्थक बनाउन हालको संगठन संरचनामा कोषले सञ्चालन गरिरहेका कार्यक्रमहरु, कोषको वित्तीय सन्तुलन र स्थिरता कायम गर्दै पूँजी परिचालन क्षमता अभिवृद्धि गर्ने लगायतका क्षेत्रमा कोषको भूमिकालाई नयाँ रुपमा विश्लेषण गरिनु जरुरी हुन्छ ।

कर्मचारी सञ्चय कोष सरकारको वित्तीय नीति कार्यान्वयन गर्ने संयन्त्र भएको सर्न्दभमा लाखौं सञ्चयकर्ताप्रतिको दायित्व प्रभावकारी रुपमा निर्वाह गर्न, वित्तीय बजारलाई स्वचालित र प्रभावकारी वनाउन र पूर्वाधार सेवामा लगानीको सुनिश्चिततताका लागि संघीयता भित्र कोषले अझै प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने तथ्यप्रति दुई मत रहन सक्दैन ।

# आन्तरिक लेखापरीक्षण - वित्तीय व्यवस्थापनको प्रभावकारी साधन



रामुप्रसाद डोटेल *

## १. विषय प्रवेशः

प्राचीन रोममा ल्याटिन शव्द “अडिटस” बाट शुरु भएको “अडिट” शव्दको अर्थ सुनुवाई गर्नु हुन्छ। तत्कालीन अवस्थामा कुनै एक कर्मचारीले तयार गरेको अभिलेख सम्वन्धमा अर्को कर्मचारीबाट सुनुवाई गर्ने प्रकृयालाई अडिटस भनिन्थ्यो। उक्त शब्द व्यापकरुपमा प्रयोग भई हाल अडिट अर्थात लेखापरीक्षण वित्तीय व्यवस्थापनको एक साधनको रुपमा लिन थालिएको छ। लेखापरीक्षण विभिन्न प्रकारले गरिन्छ, जसमध्ये आन्तरिक लेखापरीक्षण पनि एक हो। यो लेखापरीक्षण कुनै निकाय अन्तर्गत व्यवस्थापनलाई सल्लाह र सुझाव दिने प्रयोजनका लागि स्वतन्त्र तवरले गरिन्छ। आन्तरिक लेखापरीक्षकहरुको संस्था (Institute of Internal Auditors) का अनुसार आन्तरिक लेखापरीक्षण भन्नाले संस्था संचालनमा सुधार ल्याउने उद्देश्यले कार्यान्वयनमा ल्याइएको स्वतन्त्र एवं वस्तुपरक क्रियाकलापलाई जनाउँदछ। जसले संस्थाको उद्देश्य प्राप्ति गर्न अनुशासित एवं प्रणालीवद्ध दृष्टिकोण अवलम्वन गर्ने र जोखिम व्यवस्थापन र नियन्त्रण प्रकृया प्रभावकारी वनाउन सहयोग पुऱ्याउंदछ।

सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) ले आन्तरिक लेखापरीक्षणलाई जिम्मेवार व्यक्तिहरुले गल्ती, कमजोरी, अदक्षता, हिनामिना, हानी नोक्सानी नहुने ढंगले काम कारवाही सञ्चालन गरेका छन् भन्ने विषयमा आन्तरिक तवरबाट संस्थाका व्यवस्थापकले आश्वतता प्राप्त गर्ने प्रकृयाको रुपमा परिभाषित गरेको छ। तसर्थ आन्तरिक लेखापरीक्षण आन्तरिक तवरबाट गरिने परीक्षण मूल्यांकन हो जसको माध्यमबाट संस्था संचालनमा भएका गल्ती, कमजोरी, अपव्यय र अनियमितताका सम्वन्धमा व्यवस्थापनलाई समयमानै जानकारी प्राप्त हुन्छ। जसबाट भविष्यमा सुधारको लागि मार्गदर्शन मिल्दछ।

जुनसुकै निकायले पनि कुनै न कुनै रुपमा आन्तरिक लेखापरीक्षणको व्यवस्था गरेको हुन्छ। ठूलो संस्थाले आफ्नै अन्तरिक लेखापरीक्षण महाशाखा र शाखाको व्यवस्था गरेर निश्चित कर्मचारी खटाई वर्ष भरनै लेखापरीक्षण गर्ने व्यवस्था मिलाएको हुन्छ। कुनै संस्थाले वाह्य व्यक्ति। संस्थालाई नियुक्त गरी आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाएका हुन्छन्। कहिले काहीं मिश्रित रुपमा वाह्य विशेषज्ञको सेवा लिई आन्तरिक जनशक्तिबाट लेखापरीक्षण व्यवस्थापनको कार्य गर्ने ढांचा पनि अवलम्वन गरिएको हुन्छ। नेपाल सरकारको सन्दर्भमा महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयले जिल्लास्थित सबै सरकारी कार्यालयको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यकारी निकाय वा व्यवस्थापनलाईनै दिइन्छ। व्यवस्थापन वा जिम्मेवार पदाधिकारीले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरुमा सुधार गरी अन्तिम र वाह्य लेखापरीक्षणको लागि तयार रहनुपर्दछ।



* नायब महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय, बबरमहल।

## २. उद्देश्य एवं महत्व :

आन्तरिक लेखापरीक्षणले कुनै पनि संस्थाको उद्देश्य प्राप्तिमा देखिएका कमी कमजोरीहरुलाई पहिचान गरी स्रोत साधनको दक्षतापूर्ण मितव्ययी एवं प्रभावकारी उपयोग गर्न सहयोग पुऱ्याउने भएकोले यसको ठूलो महत्व रहेको छ । आन्तरिक लेखापरीक्षणले निगरानी गर्ने, यथार्थता मूल्यांकन गर्ने, गल्ति पत्ता लगाउने, भ्रष्टाचार एवं गैरकानुनी कार्यलाई निरुत्साहित गर्ने र भविष्यलाई मार्गदर्शन गर्ने भएकाले यसलाई वित्तीय व्यवस्थापनको एक साधनको रुपमा लिइन्छ । आन्तरिक लेखापरीक्षण देहायका उद्देश्य प्राप्तिका लागि गरिने हुदां संस्था व्यवस्थापनमा यसको महत्व रहेको छ ।

(क) संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्ने,

(ख) संस्थाको कार्यसम्पादनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता ल्याउने,

(ग) उद्देश्य प्राप्तिमा देखिएका कमी कमजोरीहरु समयमा नै निराकरण गरी संस्थाको उद्देश्य प्राप्तिमा योगदान पुऱ्याउने,

(घ) कानुनको परिपालनामा सहयोग पुऱ्याउने,

(ङ) स्रोत व्यवस्थापनमा दक्षता ल्याउने,

(च) वित्तीय सुशासन कायम गर्न मद्दत गर्ने,

(छ) भूल, त्रुटी र जालसाजी पत्ता लगाई सो को तुरुन्तै रोकथाम गर्ने,

(ज) आर्थिक कारोवारको यथार्थता प्रमाणित गर्ने,

(झ) व्यवस्थापनलाई आवश्यक सूचना प्रदान गरी निर्णय प्रकृयामा सघाउने,

(ञ) जिन्सी लगायत सवै प्रकारका सम्पत्तिको संरक्षण एवं कुशल उपयोगको निगरानी गर्ने,


(ट) आर्थिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने,

(ठ) सार्वजनिक जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्ने,

आन्तरिक लेखापरीक्षणको उद्देश्य निकायको आकार, क्षेत्र, कार्य प्रकृति आदिमा भरपर्दछ । सार्वजनिक क्षेत्रको आन्तरिक लेखापरीक्षणको उद्देश्य वृहत हुन्छ भने निजी क्षेत्रका संस्थाहरुको सन्दर्भमा लेखापरीक्षण उद्देश्य सम्वन्धित संस्थाको व्यवस्थापनलाई सघाउने, नियन्त्रण प्रणाली सुदृढ गर्ने, गल्ति कमजोरी सुधार गर्नेमा सीमित हुन्छ । तथापि निजी सार्वजनिक जुनसुकै क्षेत्रमा भएपनि आन्तरिक लेखापरीक्षणको ठूलो महत्व रहेको छ ।

## ३. लेखापरीक्षण प्रकृया :

लेखापरीक्षण धेरै प्रकारका भएतापनि सम्पादन गर्ने प्रकृयामा धेरै अन्तर छैन । अन्तिम वा वाह्य लेखापरीक्षणमा जस्तै आन्तरिक लेखापरीक्षणमा पनि योजना तयार गर्ने, कार्यान्वयनको क्रममा प्रमाण संकलन गर्ने, प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने, विगत वर्ष औंल्याइएका व्यहोराहरुमा सुधार भए नभएको अनुगमन गर्ने प्रकृया अवलम्वन गरिन्छ । आन्तरिक लेखापरीक्षणको प्रकृयालाई देहायको रेखाचित्रमा देखाइएको छ ।




उपर्युक्त प्रकृया बमोजिम लेखापरीक्षण सम्पादन गरिएको हो होइन, स्वीकृत लेखापरीक्षण नीति योजना र मापदण्ड अवलम्वन गरी लेखापरीक्षण भए नभएको, लेखापरीक्षणको क्रममा गुणस्तर नियन्त्रणका कार्यविधिहरु अवलम्वन गरे नगरेको पुनरावलोकन गर्ने प्रचलन हुन्छ। जसलाई गुणस्तर आश्वस्तता पुनरावलोकन भनिन्छ। सवै प्रकारको लेखापरीक्षणमा सो प्रकृया अवलम्वन गर्नु आवश्यक ठानिन्छ।

## ४. प्रभावकारी आन्तरिक लेखापरीक्षणका तत्वहरु (Elements of effective internal audit) :

प्रभावकारी आन्तरिक लेखापरीक्षणले सार्वजनिक क्षेत्रमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्दछ भने निजी क्षेत्रमा गल्ति कमजोरी, अनियमितता, अदक्षता र अपव्ययका गतिविधिहरु घटाई व्यवस्थापनलाई संस्थाको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउँदछ। तसर्थ हरेक निकायले आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउने प्रयास गरेको हुनुपर्दछ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी वनाउन देहायका तत्वहरु विद्यमान रहनु आवश्यक हुन्छ।

### ४.१ स्वतन्त्रता :

आन्तरिक लेखापरीक्षक लेखापरीक्षण गराउने निकायबाट स्वतन्त्र हुनुपर्दछ। स्वतन्त्र लेखापरीक्षकले मात्र वस्तुपरक एवं निष्पक्ष तवरले लेखापरीक्षण गरी कैफियत देखिएका व्यहोराहरु प्रतिवेदनमा समावेश गर्ने क्षमता राख्दछ। यसबाट लेखापरीक्षणको यथार्थता एवं विश्वसनीयता वढ्छ। तसर्थ लेखापरीक्षण गर्ने निकाय लेखापरीक्षण गराउने निकायको प्रभावबाट मुक्त रहनु पर्ने वा लेखापरीक्षक नियुक्ति साधारण

सभाबाट गरिनुपर्ने व्यवस्था सार्वजनिक संस्थाहरुमा गरिएको हुन्छ । यो तथ्यलाई मध्यनजर राख्दै कतिपय संस्थाहरुले लेखापरीक्षण समिति अन्तर्गत रहने गरी आन्तरिक लेखापरीक्षण महाशाखा गठन गर्ने वा वाह्य व्यक्ति/फर्मलाई लेखापरीक्षक नियुक्त गर्ने गरेका छन् । देखिने गरी पर्याप्त रुपमा स्वतन्त्रता नभएमा आन्तरिक लेखापरीक्षण प्रभावकारी हुनसक्दैन ।

### ४.२ कानुनी आधार -

आन्तरिक लेखापरीक्षणका लागि औपचारिक रुपमा कानुनी आधार प्रदान गरिनुपर्दछ । लेखापरीक्षण कसले कहिले गर्ने, प्रतिवेदन कहां पेश गर्ने आदि विषयहरु कानुन वा प्रवन्धपत्र वा विनियमावलीमा उल्लेख गरिन्छ ।

### ४.३ सूचनामा पहुंच -

आन्तरिक लेखापरीक्षण गर्ने निकाय वा कर्मचारीलाई श्रेस्ता, अभिलेख, कागजातमा विनारोकतोक पहुंच रहनुपर्दछ। यस्तो पहुंच राज्यको कानुन वा संस्थासंग सम्वन्धित विधानबाट सृजना गरिएको हुनुपर्दछ। कागजात र श्रेस्तामा पहुंच नभएमा लेखापरीक्षण सम्पादन हुनसक्दैन। तसर्थ यो आन्तरिक लेखापरीक्षणको प्रभावकारिताको लागि प्रमुख तत्व हो ।

### ४.४ पर्याप्त श्रोत साधन -

आन्तरिक लेखापरीक्षकलाई लेखापरीक्षण सम्पादन गर्न आवश्यक वजेट पर्याप्त रुपमा उपलव्ध गराइनुपर्दछ । वाह्य रुपमा आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको अवस्थामा वजार मूल्य अनुसार उपर्युक्त पारिश्रमिक निर्धारण गरिनुपर्दछ । आवश्यक वजेट उपलव्ध नगराई वा न्यून पारिश्रमिकमा लेखापरीक्षण गराउन खोजेमा लेखापरीक्षणको गुणस्तरीयतामा असर पर्दछ । लेखापरीक्षण प्रभावकारी हुनसक्दैन ।

### ४.५ सक्षम कर्मचारी -

लेखापरीक्षणमा संलग्न कर्मचारी सक्षम एवं तालिम प्राप्त हुनुपर्दछ। यस्ता जनशक्ति पेशागत रुपले दक्ष र नियमित रुपमा आफ्नो ज्ञान, सीप अभिवृद्धि हुने गरी लगातार पेशागत शिक्षा (Continuous professional education) हासिल गर्ने व्यवस्था मिलाईनुपर्दछ ।

### ४.६ सरोकारवालाको सहयोग -

लेखापरीक्षण चाहे आन्तरिक होस् वा अन्तिम दुवैको सफलता असफलता सरोकारवालाको सहयोगमा निर्भर हुन्छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सार्वजनिक निकायको सन्दर्भमा जनप्रतिनिधि र निजी संस्थाका सन्दर्भमा शेयरहोल्डर वीच छलफल हुने, सञ्चार माध्यमबाट सम्प्रेषण हुने अवस्थामा मात्र लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि हुन्छ ।

### ४.७ स्वार्थ बाझ्ने व्यवहार (conflict of interest) :

आन्तरिक लेखापरीक्षकले स्वार्थ वाझ्ने व्यवहारबाट मुक्त भई वस्तुपरक र निष्पक्ष व्यवहार प्रदर्शन गर्नुपर्दछ । स्वार्थ बाझिने व्यवहार भएमा अनैतिक एवं अनुपयुक्त र गैरपेशागत काम कारवाहीहरु हुनसक्ने भएकाले आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सक्दैन । लेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायबाट अनुचित लाभ प्राप्त गर्ने, लेखा राख्ने वा परामर्श दिने गतिविधीमा संलग्न हुने, पूर्वाग्रह राखेर काम गर्ने अवस्थाबाट स्वार्थ वाझिने व्यवहार सृजना हुन्छ । तसर्थ यस्ता अवस्थाहरुलाई अन्त्य गर्ने प्रयास गर्नुपर्दछ ।

### ४.८ पेशागत मापदण्ड -

आन्तरिक लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अन्तरराष्ट्रियस्तरमा प्रचलित पेशागत मापदण्ड अनुकूल हुने गरी लेखापरीक्षण मानदण्ड, आचारसंहिता र निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यसबाट लेखापरीक्षण प्रणालीवद्ध (systematic) एवं वस्तुपरक ढंगले सम्पादन गर्न सहज हुन्छ । कतिपय संस्थाहरुले आन्तरिक लेखापरीक्षकहरुको अन्तरराष्ट्रिय संगठनले जारी गरेका पेशागत मापदण्ड अवलम्वन गर्ने र कतिपय संस्थाले आफ्नै मापदण्ड जारी गर्ने गर्दछन् ।

### ४.९ सक्षम नेतृत्व -

आन्तरिक लेखापरीक्षणको नेतृत्व लेखापरीक्षण सञ्चालन व्यवस्थापन गर्न सक्षम पेशागत हिसावले निपूर्ण हुनुपर्दछ । निजले स्वतन्त्र तवरले सक्षम कर्मचारी नियुक्ति एवं व्यवस्थापन गर्न पाउनुपर्दछ । कार्यान्वयन गर्नुपर्ने लेखापरीक्षण मापदण्डको जानकारी राख्ने पेशाविद नेतृत्व नभएको अवस्थामा आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सक्दैन ।

## ५. नेपालको सन्दर्भमा आन्तरिक लेखापरीक्षणको वर्तमान अवस्था –

नेपालका सार्वजनिक निकायहरुले वेग्ला वेग्लै प्रकृतिको आन्तरिक लेखापरीक्षणको ढांचा अवलम्वन गरेको पाइन्छ । नेपाल सरकारको आन्तरिक लेखापरीक्षणको लागि प्रत्येक जिल्लामा कोष तथा लेखा नियन्त्रकको कार्यालय खडा गरिएको छ भने अन्य सार्वजनिक निकाय नेपाल विद्युत प्राधिकरण, कर्मचारी सञ्चय कोष, नेपाल एअरलाइन्स, नेपाल टेलीकम, नेपाल आयल निगममा आन्तरिक लेखापरीक्षणको लागि वेग्लै महाशाखा गठन गरी निश्चित कर्मचारीलाई खटाउने गरिएको छ । केही सार्वजनिक निकायहरुले वाह्य विशेषज्ञबाट आन्तरिक लेखापरीक्षण गराउने गरेका छन् भने निजी संस्थाहरुमा आन्तरिक लेखापरीक्षणको प्रावधान आंशिक रुपमा मात्र कार्यान्वयनमा ल्याएको अवस्था छ । समग्रमा आन्तरिक लेखापरीक्षणको मूल्यांकन गर्दा देहायको अवस्था देखिएको छ ।

(क) नेपालको सर्न्दभमा कुनै पनि सार्वजनिक निकायको आन्तरिक लेखापरीक्षण स्वतन्त्र देखिदैन । नेपाल सरकारको आन्तरिक लेखापरीक्षण गर्ने कोष तथा लेखा नियन्त्रकको कार्यालय अर्थ मन्त्रालय अन्तर्गत नै रहेकोले स्वतन्त्र देखिंदैन । अन्य सार्वजनिक संस्थानहरुमा आन्तरिक लेखापरीक्षण महाशाखा गठन गरिए पनि महाप्रवन्धक वा कार्यकारी प्रमुख कै नियन्त्रणमा रहने भएकाले स्वतन्त्र मान्न मिल्दैन ।

आन्तरिक लेखापरीक्षण गर्ने कर्मचारी भविष्यमा लेखापरीक्षण गराउने निकाय/महाशाखाका कर्मचारी अन्तर्गत पनि काम गर्नुपर्ने सम्भावना रहंदा लेखापरीक्षकले स्वतन्त्रतापूर्वक काम गर्न सक्दैन ।

(ख) लेखापरीक्षणको कानुनी आधार नेपाल सरकारको सन्दर्भमा आर्थिक कार्यविधि ऐन, २०५५ ले प्रदान गरेको छ भने सार्वजनिक संस्थानको हकमा सम्वन्धित ऐन वा नियमावली वा प्रवन्ध पत्र वा विनियमावलीमा व्यवस्थित गरिएको छ । लेखापरीक्षणको मान्यता अनुरुप सूचनामा पहुंच सम्वन्धमा कानुनी व्यवस्था नरहे पनि सूचना प्राप्त गर्न नसकेको अवस्था भने देखिदैन ।

(ग) आन्तरिक लेखापरीक्षणमा खटिने कर्मचारीहरु पेशाविद (सि.ए., सिपिए, एसिसिए) नभएको, निजहरुलाई लेखापरीक्षण सम्वन्धी पर्याप्त तालिम प्रदान गर्ने व्यवस्था नरहेको, विशिष्टीकरण हुने गरी काममा लगाउने नगरेको कारण ती कर्मचारीहरु दक्ष एवं सक्षम छन् भन्न सक्ने अवस्था रहँदैन । आन्तरिक लेखापरीक्षण गर्ने कर्मचारीको वेग्लै सेवा समूह नहुंदा कर्मचारीहरु कहिले लेखा राख्ने कार्यमा खटाइने, कहिले लेखापरीक्षणमा खटाइने व्यवस्थाले स्वार्थ वाझिने व्यवहार (conflict of interest) लाई प्रश्रय दिएको छ ।

(घ) सार्वजनिक संस्थाको आन्तरिक लेखापरीक्षण प्रयोजनका लागि मापदण्ड र निर्देशिका जारी नगरिएको, नेपाल सरकारको आन्तरिक लेखापरीक्षण गर्न जारी भएको निर्देशिका समेत पूर्ण रुपमा कार्यान्वयनमा नल्याएबाट लेखापरीक्षणमा एकरुपता, वस्तुपरकता ल्याई गुणस्तर अभिवृद्धि गर्न कठिनाई परेको छ ।

(ङ) लेखापरीक्षण समयमा सम्पादन नहुने, लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु समयमा सुधार नगरिने, व्यवस्थापनलाई लेखापरीक्षणले दिएका सुझाव कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षणका प्रतिवेदन उपर कुनै निकायमा छलफल नहुने कतिपय स्थितिमा आन्तरिक लेखापरीक्षकले औंल्याएका व्यहोराहरु अन्तिम लेखापरीक्षकले समावेश नगरिदिने अवस्थाले आन्तरिक लेखापरीक्षण प्रभावकारीता हुन सकेको छैन ।

(च) आन्तरिक लेखापरीक्षणको क्षेत्र सैद्धान्तिक रुपमा अन्तिम र वाह्य लेखापरीक्षणको क्षेत्र भन्दा फरक छैन । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार नेपाल सरकारको आन्तरिक र अन्तिम लेखापरीक्षणको क्षेत्रमा खासै भिन्नता देखिदैन । अन्य सार्वजनिक संस्थानहरुको स्थिति समेत फरक छैन । तथापि व्यवहारमा आन्तरिक लेखापरीक्षण आर्थिक विवरणको शुद्धता र नियमिततामा केन्द्रित भई अन्तिम लेखापरीक्षणले कार्यमूलक लगायत लेखापरीक्षणका आधुनिक अवधारणा उपर ध्यान केन्द्रित गर्न सकेको छैन ।

(छ) आन्तरिक लेखापरीक्षणको लागि आवश्यक वित्तीय स्रोत लेखापरीक्षण गराउने निकाय वा महाशाखाबाट प्राप्त हुने भएकाले पर्याप्त वजेट उपलव्ध हुन्छ भन्न सकिने अवस्था छैन । जसले गर्दा लेखापरीक्षणको क्षेत्र र पद्धतिमा सौदावाजी गर्नुपर्ने भई आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको स्थिति छ ।

## ६. आन्तरिक र अन्तिम लेखापरीक्षण बीचको अन्तरसम्बन्ध –

आन्तरिक लेखापरीक्षणको उद्देश्य आवधिक रुपमा श्रेस्ता अभिलेखको परीक्षण गरी देखिएका गल्तिहरु सुधार

गरेर अन्तिम लेखापरीक्षणलाई सघाउनु हो । तर आन्तरिक लेखापरीक्षणले उक्त उद्देश्य हासिल गर्न सफल भएको पाइदैन । सार्वजनिक निकायहरुमा आन्तरिक लेखापरीक्षण समयमा नहुने, कतिपय संस्थामा अन्तिम लेखापरीक्षण शुरु हुने वेलासम्म पनि आन्तरिक लेखापरीक्षण सम्पन्न नहुने, आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यहोराहरु समयमा नै सुधार नहुने स्थिति विद्यमान छ । जसले गर्दा सोही व्यहोराहरु अन्तिम लेखापरीक्षणले पनि दोहोऱ्याएर औंल्याउनु पर्ने अवस्था छ ।

आन्तरिक र अन्तिम लेखापरीक्षणको भूमिका र क्षेत्राधिकार सम्वन्धमा समन्वय एवं सहयोग भएमा अन्तिम लेखापरीक्षण शुद्धता र नियमितताको सट्टा नवीनतम अवधारणामा केन्द्रित हुन सम्भव हुन्छ । जसबाट सार्वजनिक क्षेत्रमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन हुन्छ भने निजी क्षेत्रमा संस्थागत उद्देश्य प्राप्तिमा सहयोग पुग्दछ । आन्तरिक र अन्तिम लेखापरीक्षण वीचको समन्वय र सहयोगले देहायका उपलव्धी हासिल गर्न सकिन्छ ।

- विचार, ज्ञान, सीपको आदान प्रदानबाट सामूहिक कार्य सम्पादन क्षमता अभिवृद्धि हुन्छ ।
- भूमिका र क्षेत्राधिकारमा स्पष्टता आउंछ ।
- एक अर्काको कामको नतिजा वारेमा जानकारी हुँदा भविष्यको योजना तथा कार्यक्रम निर्धारणमा सहयोग पुग्छ ।
- लेखापरीक्षण जोखिमको सही पहिचान गरी जोखिम केन्द्रित लेखापरीक्षण गर्न सहज हुन्छ ।
- अनावश्यक रुपमा दोहोरोपन हुने गरी लेखापरीक्षण कार्यविधि सम्पादन हुने अवस्था रहँदैन ।
- अन्तिम लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण प्रतिवेदन पुनरावलोकनबाट आन्तरिक नियन्त्रणको वातावरण र लेखापरीक्षण केन्द्रित गर्नुपर्ने विषय पहिचान गर्न सहयोग पुग्छ ।

उपर्युक्त आधारमा दुवै लेखापरीक्षण वीच अन्तरसम्वन्ध स्थापित गर्न सकेमा दक्ष, प्रभावकारी र गुणस्तरीय ढंगले लेखापरीक्षण सञ्चालन हुन्छ । तसर्थ यसका लागि देहायको प्रकृया अवलम्वन गर्न सकिन्छ ।

- लेखापरीक्षण रणनीति योजनाको आदान प्रदान,
- आन्तरिक र अन्तिम लेखापरीक्षक वीच नियमित भेटघाट अन्तरक्रिया,
- लेखापरीक्षण प्रतिवेदन लगायत सूचनाको आदान प्रदान,
- संयुक्त तालिम कार्यक्रम सञ्चालन, तालिम सामग्रीको आदान प्रदान,
- नवीनतम लेखापरीक्षण पद्धतिको खोज एवं विकास,
- लेखापरीक्षण प्रमाणको आदान प्रदान,
- तालिम प्रयोजनको लागि एक आपसमा काज खटाउने । सेकेण्डमेन्ट गर्ने,
- लेखापरीक्षण कार्यविधिको प्रकृति, समय र हद निर्धारण गर्दा एक अर्काले सम्पादन गरेको कार्यलाइं आधार लिने,
- निश्चित प्रमाण संकलन एवं तथ्यांक जाँच गर्न केही लेखापरीक्षण कार्यविधिहरु मिलेर सम्पादन गर्ने ।

उपर्युक्त तथ्यलाई मध्यनजर राखेर निजी एवं सार्वजनिक क्षेत्रका संस्थाहरुमा सम्पादन गरिने आन्तरिक र अन्तिम लेखापरीक्षण वीच समन्वय र सहयोग गर्न कानुनी व्यवस्था वा एक आपसमा सम्झौता वा मापदण्ड जारी गरिनुपर्दछ ।

**७. निष्कर्ष :**

आन्तरिक लेखापरीक्षण संस्थागत सुशासनको मेरुदण्ड हो । यसबाट आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ भई स्रोत साधनको अधिकतम उपयोगबाट संस्थागत उद्देश्य प्राप्तिमा सहयोग पुग्दछ । यस परिपेच्छमा आन्तरिक लेखापरीक्षणको महत्वलाई नजर अन्दाज गर्न मिल्दैन । तथापी वर्तमान अवस्थामा नेपालका सार्वजनिक लगायत निजी क्षेत्रका संस्थाहरुको आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिदैन । आन्तरिक लेखापरीक्षण स्वतन्त्र नरहेको, लेखापरीक्षण सम्पादनको लागि पर्याप्त श्रोत साधन उपलव्ध नहुने, आन्तरिक लेखापरीक्षणकै लागि वेग्लै जनशक्ति नरहेको, ती जनशक्तिलाई तालिम प्रदान गर्ने एवं पेशागत विकास गरी समूहकृत गर्न नसकिएको, पेशागत मापदण्डहरु जारी गरी प्रयोगमा ल्याउन नसकिएको आदि कारणले आन्तरिक लेखापरीक्षणको प्रभावकारीतामा असर परेको छ । एउटै जनशक्तिलाई कहिले आन्तरिक लेखापरीक्षण कहिले अन्य काममा लगाउने परिपाटीवाट स्वार्थ वाझिने व्यवहारले प्रश्रय पाएको, लेखापरीक्षणबाट औंल्याएका व्यहोरा समयमा कार्यान्वयन नगरिने, अन्तिम लेखापरीक्षण पश्चात् आन्तरिक लेखापरीक्षणको व्यहोरा फछ्र्यौट हुने व्यवस्थाले आन्तरिक लेखापरीक्षणको महत्व घटाएको छ ।

आन्तरिक लेखापरीक्षणको सम्वन्धमा देखिएका समस्याहरुलाई निराकरण गर्न सो को स्पष्ट कानुनी व्यवस्था गरी सार्वजनिक क्षेत्रको आन्तरिक लेखापरीक्षण गर्न स्वतन्त्र निकाय खडा गर्ने, अधिकार क्षेत्र स्पष्ट गर्ने आन्तरिक र अन्तिम लेखापरीक्षण वीच सहयोग र समन्वयको माध्यमबाट अन्तरसम्वन्ध स्थापित गर्ने आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको पेशागत विकास गरी समूहकृत गर्ने, पेशागत मापदण्डको प्रयोग गरी गुणस्तरीय ढंगले लेखापरीक्षण गर्ने र लेखापरीक्षणबाट औंल्याएका व्यहोरा समयमानै फछ्र्यौट नगरी कारवाही गर्ने स्पष्ट कानुनी व्यवस्था गर्न सकेमा आन्तरिक लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धि हुन्छ । यसबाट कार्यवोझ समेत घट्न गई अन्तिम लेखापरीक्षणलाई अनुसन्धानमूलक एवं लेखापरीक्षणका नवीनतम पद्धतिमा केन्द्रित रही सार्वजनिक एवं निजी क्षेत्रको पारदर्शिता र जवाफदेहीता अभिवृद्धि गर्न योगदान पुऱ्याउन सहज हुने देखिन्छ । तसर्थ सम्वन्धित क्षेत्र निकायका पदाधिकारीहरुले यसतर्फ ध्यान दिनुपर्ने अवस्था रहेको छ ।

**सन्दर्भ सामग्रीहरु**

१. INTOSAI GOV 9140 Internal Audit Independence in Public Sector,
२. INTOSAI GOV 9150 Coordination and Cooperation between SAIs and Internal Auditor in Public Sector,
३. Nine Element Required for the Internal Audit Effectiveness in Public Sector, The Institute of Internal Auditors Foundation,
४. The Role of Auditing in Public Sector Governance, 2nd Edition, January 2012, The Institute of Internal Auditors.



# भूकम्प पछि ठूला परियोजनामा पर्न सक्ने प्रभाव र सो को व्यवस्थापन

दामोदर रेग्मी *

## सारांश

नेपाल बहुप्रकोपीय जोखिम भएको देश हो । नेपालले केही पुस्तान्तरमा ठूला विपदहरुको अनुभव गरिरहेको छ । ठूला आयोजनाहरु प्रविधि श्रोत र समयको ठूलै मात्रामा लगानी भएको हुन्छ र यिनीहरु विकासका राष्ट्रिय संवाहकका रुपमा रहेका हुन्छन् । विपदले समग्र विकास प्रयासको गतिलाई संकुचित वनाइदिन्छ । भूकम्पबाट ठूला परियोजनामा संरचनागत पक्ष, मानवीय पक्ष, आर्थिक पक्ष, सेवा संचालनको पक्ष, सेवाग्राही र शेयर होल्डरको मनोविज्ञानको पक्ष जस्ता क्षेत्रहरुमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा नकारात्मक असर पार्दछ । यसर्थ प्रकोप पूर्व, प्रकोपको समय र प्रकोप पश्चातको अवस्थामा परियोजनाका हरेक क्रियाकलापहरु के कसरी प्रभावित हुन्छन र त्यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने वारेमा परियोजनाहरुमा रणनीतिगत पूर्व र प्रतिक्रियात्मक सक्रियता आवश्यक पर्दछ ।

## नेपालको सन्दर्भमा विपद

नेपाल बहुप्रकोपीय जोखिम भएको देश हो । नेपाल विश्वका अन्य देशहरुको तुलनामा भूकम्पीय जोखिमका दृष्टिकोणबाट ११ औं, जलजन्य प्रकोपको जोखिमको दृष्टिकोणबाट ३० औं, वातावरण परिवर्तन सम्बन्धी जोखिमका दृष्टिकोणबाट चौथो तथा वहुप्रकोपीय जोखिमका दृष्टिकोण बाट २० औं स्थानमा रहेको विभिन्न अध्ययनहरुले जनाएका छन् [1]। विक्रम संवत १३२२ को पहिलो अभिलेखवद्ध भूकम्प हो । यो भूकम्पले काठमाडौं उपत्यकाका एक-तिहाई जनसंख्या सहित राजा अभय मल्लको समेत ज्यान लिएको थियो । त्यसपछि हालसम्म नेपालले केही पुस्तान्तरमा ठूला भूकम्पको अनुभव गरिरहेको छ । विक्रम संवत १९९० को महाभूकम्पले काठमाडौं उपत्यकामा मात्र १०,००० को ज्यान लिएको थियो । अधिकांश पूर्वाधार र धेरैजसो सांस्कृतिक सम्पदा स्थलहरु पुनर्निर्माण गर्नुपरेको थियो । त्यसपछिका २०३७, २०४५ र २०६८ का भूकम्पले पनि व्यापक मानवीय तथा भौतिक क्षति पुऱ्याएको देखिन्छ [2]।

२०७२।१।१२ मा आएको भूकम्पले व्यापक मानवीय र अन्य साधन श्रोतमा ठूलो मात्रामा क्षति पुग्न गयो । यी भूकम्पहरुले मूलतः आवासीय तथा सरकारी भवनहरु, सांस्कृतिक सम्पदाहरु, विद्यालय तथा स्वास्थ्य चौकीहरु, ग्रामीण सडक, पुलहरु, पानी आपूर्ति प्रणाली, कृषियोग्य जमिन, पदयात्रा मार्ग, जलविद्युत गृह तथा खेलकुदका

[1] त्रिवर्षीय योजना (२०६७(६८/६९(७०) नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौ नेपाल, असार २०६८

[2] नेपाल भूकम्प २०१५, विपद्पछिको आवश्यकता आंकलन कार्यकारी सारांश नेपाल सरकार राट्रिय योजना आयोग, काठमाण्डौ २०१५

[3] नेपाल भूकम्प २०१५



* सह सचिव, अर्थ मन्त्रालय

संरचनाहरु विनाश गरेको छ । कम्तिमा एक शताब्दी पुराना ऐतिहासिक तथा सांस्कृतिक स्मारकहरु सयौंको संख्यामा नष्ट र क्षतिग्रस्त छन् । पाँच लाख भन्दा बढि घरहरु नष्ट भएका छन् । लाङटाङ जस्ता केही पर्यटकीय गन्तव्य लगायतका क्षेत्रहरुमा सम्पूर्ण बसोबास नै भूकम्पका कारण आएको पहिरो र हिमपहिरोका कारण पुरिएका छन् । भूकम्पका कारण ठूलो मात्रामा भौतिक संरचना खासगरी निजी तथा सरकारी भवन, सांस्कृतिक सम्पदा, विद्यालय र स्वास्थ्य संस्थाका भवन, ग्रामीण सडक, पुल, खानेपानी, विद्युत उत्पादन गृह र खेलकूदका संरचनाहरुमा क्षति पुगेको छ । ग्रामीण क्षेत्रका गरिबहरु उनीहरुका कमसल गुणस्तरका घरका कारण सहरी क्षेत्रको तुलनामा बढी प्रभावित भएका छन् । [3]

यस विपद्ले निम्त्याएको कुल क्षतिमध्ये सामाजिक तथा आर्थिक गतिविधिमा सबैभन्दा बढी सामाजिक क्षेत्रमा ५८ प्रतिशत असर देखिन्छ । त्यसपछि उत्पादनमूलक क्षेत्रमा २५ प्रतिशत, पूर्वाधारमा १० प्रतिशत र अन्य क्षेत्रमा ७ प्रतिशत क्षति भएको छ । विपद्को असर हेर्दा अनुमानित क्षति आ.व. २०७०।७१ को कुल गार्हस्थ उत्पादनको १र३ बराबर भएको देखिन्छ । त्यसका अतिरिक्त, क्षतिको अनुमानित मूल्य आ.व. २०७०।७१ को कुल स्थिर पुँजी निर्माणको १००५भन्दा बढी छ । भूकम्पले सबैभन्दा ठूलो असर पारेको आर्थिक गतिविधिमा रियलस्टेट, घरभाडा र व्यवसाय हो, जसको संशोधित वृद्धिदर ४.८ प्रतिशतबाट ०.८ प्रतिशतमा झरेको छ । करिब रु. ३०० अर्व मूल्यको घरधनी बसोबास गरेका घर र सार्वजनिक सम्पत्तिको नोक्सानी भएको छ । [4]

आ.व.२०७०।७१ मा आर्थिक वृद्धिदर ५ प्रतिशत भन्दा बढि कायम भएको थियो । भूकम्पले यसअघिको ४.६ प्रतिशतको आर्थिक वृद्धिको अनुमानलाई १.५ प्रतिशत बिन्दूले कम गरिदियो । आ.व. २०७१।७२ मा देशको आर्थिक वृद्धिदर विगत आठ वर्ष यताकै न्यून अर्थात ३ प्रतिशत रहने अनुमान गरिएको छ । दशकौंको राजनीतिक अनिश्चितता र अस्थिरता पछि नेपालले उच्च आर्थिक वृद्धितर्फ शुरुवात गरेको अवस्थामा २०७२।१।१२ मा आएको भूकम्पले द्रुत आर्थिक प्रगति गर्ने नेपालको प्रयासले थप चुनौतीको सामना गर्नु पर्ने स्थिति सिर्जना भएको छ । [5]

## भूकम्पले ठूला आयोजनामा पारेको प्रभाव

ठूला आयोजनाहरु प्रविधि श्रोत र समयको ठूलै मात्रामा लगानी भएको हुन्छ र यिनीहरु विकासका राष्ट्रिय संवाहकका रुपमा रहेका हुन्छन् । पुल, राजमार्ग, रेलमार्ग, विमानस्थल, वन्दरगाह, पावर प्लान्टस, विशेष आर्थिक क्षेत्र, वैज्ञानिक प्रयोगशाला, नहर, सिंचाई, खानेपानी अन्तरिक्ष प्रयोगशाला, विद्युत उत्पादन तथा प्रसारण केन्द्र, संचार संस्था र संचारका पूर्वाधारहरु, पर्यटकीय क्षेत्र, सूचना प्रविधिका पूर्वाधारहरु, रंगशाला, ठूला उद्योगहरु, सार्वजनिक भवनहरु, आणविक केन्द्र, सार्वजनिक यातायातका पूर्वाधार तथा आयोजना, सार्वजनिक सरोकार र महत्वका पूर्वाधारहरु ठूला आयोजनामा पर्दछन् [6]। नेपाल अति कम विकसित राष्ट्रको श्रेणीमा रहेको र विकास प्रक्रियाको ढिलो गरी शुरुवात गरेको राष्ट्र हो । अन्य छिमेकी र हालका केही विकसित

[3] नेपाल भूकम्प २०१५

[4] नेपाल भूकम्प २०१५

[5] नेपाल भूकम्प २०१५

[6] Wikipedia.com

देशहरुको तुलनामा विकासको थालनी ढिलै गरेको भएपनि नेपालको विकास प्रयासमा धेरै अवसरहरु विद्यमान रहेका छन् । पटक पटकको राजनैतिक परिवर्तनले नेपालमा विकासका संभावनाका अवसरहरुको उजागर गरायो । विश्व आर्थिक, सामाजिक, प्रशासनिक, राजनैतिक, प्रविधिका क्षेत्रमा आएका आयामिक पविर्तनहरुलाई यथाशक्य अवलम्बन गर्न यस्ता परिवर्तनहरु सहायक सिध्द सावित भए । यसै क्रममा प्रजातान्त्रिक शासन प्रणालीको अवलम्बन, शासकीय प्रणालीमा सुशासनको अवधारणाको प्रयोग, उदार आर्थिक नीतिको अवलम्बन, भ्रष्टाचार न्यूनीकरणका प्रयासहरु, सीमान्तकृत वर्गहरुको सशक्तिकरण र सहभागिता जस्ता सामयिक नीतिको ग्रहण गरेवाट विकास नीति तर्जुमा प्रक्रिया सार्थक वन्ने अवसर प्राप्त भएको छ । प्रजातान्त्रिक र उदार शासन प्रणालीको अवलम्बन गर्ने क्रममा विभिन्न बहुपक्षीय, क्षेत्रीय, द्विपक्षीय संस्थाहरुको र अन्तर्राष्ट्रिय अभिसन्धीहरुको पक्षधर वन्नै पर्ने परिस्थितिले अन्तर्राष्ट्रिय रुपमा विकसित र उदीयमान अवधारणलाई राष्ट्रिय आवश्यकता संग समाहित गर्दै जाने अवसर पनि नेपाललाई प्राप्त हुनु स्वभाविकै हो [7]। तर समय समयमा आउने यस्ता विपदले समग्र विकास प्रयासको धीमा गतिका वीच प्राप्त सांघुरो उपलब्धीलाई थप संकुचित मात्र बनाएको होइनकि विकास प्रयासमा थप चुनौतीहरु थपिन पुगेका छन् । अझ त्यसमाथि भौतिक पूर्वाधार, ठूला आयोजना, उद्योग, सार्वजनिक महत्वका अन्य संरचना र पूर्वाधारको क्षतिले शीघ्र पुनर्निर्माणको माग गर्दछ, जो अर्को चुनौतीको विषय हो ।

ठूला आयोजनामा सामान्यतया पुल, राजमार्ग, रेलमार्ग, विमानस्थल, वन्दरगाह, पावर प्लान्टस, विशेष आर्थिक क्षेत्र, वैज्ञानिक प्रयोगशाला, नहर, सिंचाई खानेपानी अन्तरिक्ष प्रयोगशाला, विद्युत उत्पादन तथा प्रसारण केन्द्र, संचार संस्था र संचारका पूर्वाधारहरु, पर्यटकीय क्षेत्र, सूचना प्रविधिका पूर्वाधारहरु, रंगशाला, ठूला उद्योगहरु, सार्वजनिक भवनहरु, आणविक केन्द्र, सार्वजनिक यातायातका पूर्वाधार, सार्वजनिक सरोकार र महत्वका पूर्वाधारहरु पर्ने भएतापनि नेपालका लागि उद्योग, शैक्षिक संस्था, स्वास्थ्य संस्था, विमानस्थलहरु, विशेष आर्थिक क्षेत्रहरु, विद्युत उत्पादन र प्रसारण लाइन, संचार तथा टेलिभिजनका टावरहरु, सडक तथा राजमार्गको क्षतिहरु पनि ठूलै क्षतिको रुपमा पर्दछन् । [8]

नेपालको विकास प्रक्रियामा महत्व राख्ने आयोजना, पूर्वाधार र संरचनाहरुको अवस्था निम्नानुसार रहेको छ ।

## क. उद्योगहरु (वर्गीकरणको आधारमा) [9]

| प्रकार | संख्या | कूल लागत रु. करोडमा | रोजगारी प्रदान संख्या |
|---|---|---|---|
| ठूला | २५२ | २४३८९.२६ | ५०९६१ |
| मझौला | ३४८ | ५७५१.८५ | ३८५१९ |
| साना | २५७२ | ३२९०.८५ | ११२२४० |
| जम्मा | ३१७२ | ३३४३१.९६ | २०१७२० |

[7] रेग्मी दामोदर (२०६९), विकास व्यवस्थापन स्वतन्त्रता र शासनाधिकार (सम्पादक नवराज तिवारी), सोपान मासिक डिल्लीबजार काठमाण्डौ

[8] National Strategy for Disaster Risk Management in Nepal, March 2008, NSET

[9] आर्थिक सर्वेक्षण आ. व. २०७१/२०७२, नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरवार काठमाण्डा

## ख. उद्योगहरु (क्षेत्रको आधारमा) [10]

| प्रकार | संख्या | कूल परियोजना लागत रु करोडमा | रोजगारी प्रदान संख्या |
|---|---|---|---|
| उत्पादनमूलक | २४७२ | २११७७०७ | २७८०६२ |
| सेवा | १६२९ | ११०२५.१२ | १०२३०५ |
| पर्यटन | ११२१ | ६५००.३६ | ४७२०६ |
| निर्माण | ४६ | ४२३३.२० | ३०६२ |
| उर्जा | २४८ | ५४१७८.०३ | २५२५८ |
| कृषिजन्य | ३५४ | १६२५.८७ | ३२११५ |
| खनिज | ६१ | ४३६.६९ | ६३९९ |
| जम्मा | ५९३१ | ९९११७६.३४ | ४९४४०७ |

## ग. विद्युत [11]

| | |
|---|---|
| उत्पादन मे.वा | ७८२.४५ |
| प्रसारण लाईन कि मी | १९८७.३६ |
| ग्राहक संख्या | २७८९३७८ |
| वितरण लाईन कि मी | ११६०९०.६४ |
| उपलब्ध उर्जा गि. वा. आ. | ३२२८.९ |

## घ. जल विद्युत आयोजनाहरु [12]

Kaligandaki Hydropower Plant, Syangja-144,000KW
Middle Marsyangdi Hydropower Project, Rasuwa-70,000KW
Marshyangdi Hydropower Plant, Tanahun-69,000KW
Khimti Hydropower Plant, Dolakha-60,000KW
Kulekhani I Hydropower Plant, Makawanpur-60,000KW
Bhotekoshi Hydropower Project, Sindhupalchok-36,000KW
Kulekhani II Hydropower Plant, Makawanpur-32,000KW
Trishuli Hydropower Plant, Nuwakot-24,000KW
Chilime Hydropower Project, Rasuwa-20,000KW

10 आर्थिक सर्वेक्षण

11 आर्थिक सर्वेक्षण

12 http://bossnepal.com/list-of-major-hydropower-stations-in-nepal/

Gandaki Hydropower Plant, Nawalparasi-15,000KW
Devighat Hydropower Plant, Nuwakot-14,000KW
Modi Hydropower Plant, Parbat-14,000KW
Upper Modi Hydropower Project, Parbat-14,000KW
Jhimruk Hydropower Plant, Pyuthan-12,300KW
Sunkoshi Hydropower Plant, Sindhupalchok-10,050KW
Indrawati Hydropower Project, Sindhupalchok-7,500KW
Puwa Hydropower Plant, Ilam-6,200KW
Andhikhola Hydropower Plant, Syangja-5,100KW
Chatara Hydropower Project, Sunsari-3,200KW
Panauti Hydropower Project, Kavre-2,400KW

**घ. सडक** [13]

| | |
|---|---|
| कालो पत्रे | ११३४९ |
| खण्डास्मित | ६१९२ |
| कच्ची | ९३९४ |
| जम्मा | २६९३५ |

ङ. नेपालमा ५६ वटा विमानस्थलहरु रहेकोमा हाल ३२ विमानस्थलहरु संचालनमा रहेका छन् ।शैक्षिक संस्था तर्फ हेर्दा सरकारी स्तरमा संचालित विद्यालय ३५७५१, सामुदायिक स्तरमा संचालित विद्यालय १०५२६ र निजी स्तरमा संचालित विद्यालय १२०१५ रहेका छन् । त्यस्तै विभिन्न विश्व विद्यालय र सो अन्तर गतका क्याम्पसहरुको संख्या १३६० रहेको छ र ४५०५स्वास्थ्य संस्थाहरु संचालनमा रहेका छन् । [14]

## भूकम्प वाट भएको क्षति

राष्ट्रिय योजना आयोगले हालसालै गरेको सार्वजनिक प्रतिवेदनले २०७२ वैशाखमा आएको भूकम्प र त्यसका पराकम्पनको कारणले विभिन्न क्षेत्रमा पारेको प्रभाव निम्नानुसार रहेको देखिन्छ : [15]

13 आर्थिक सर्वेक्षण

14 आर्थिक सर्वेक्षण

15 नेपाल भूकम्प २०१५

| | क्षति | ध्वस्त | जम्मा |
|---|---|---|---|
| सामाजिक क्षेत्र | ३५५,०२८ | ५३,५९७ | ४०८,६२५ |
| आवास र मानव वस्ती | ३०३,६३२ | ४६,९०८ | ३५०,५४० |
| स्वास्थ्य | ६,४२२ | १,१२२ | ७,५४४ |
| शिक्षा | २८,०६४ | ३,२५४ | ३१,३१८ |
| सांस्कृतिक सम्पदा | १६,९१० | २,३१३ | १९,२२३ |
| उत्पादनमूलक क्षेत्र | ५८,०७४ | १२०,०४६ | १७८,१२१ |
| कृषि | १६,४०५ | ११,९६२ | २८,३६६ |
| सिंचाई | ३८३ | - | ३८३ |
| वाणिज्य | ९,०१५ | ७,९३८ | १६,९५३ |
| उद्योग | ८,३९४ | १०,८७७ | १९,२७१ |
| पर्यटन | १८,८६३ | ६२,३७९ | ८१,२४२ |
| अर्थ/वित्त | ५,०१५ | २६,८९० | ३१,९०५ |
| पूर्वाधार क्षेत्र | ५२,४६० | १४,३२३ | ६६,७८३ |
| विद्युत | १७,८०७ | ३,४३५ | २१,२४२ |
| संचार | ३,६१० | ५,०८५ | ८,६९५ |
| सामुदायिक पूर्वाधार | ३,३४९ | - | ३,३४९ |
| यातायात | १७,१८८ | ४,९३० | २२,११८ |
| खानेपानी तथा सरसफाई | १०,५०६ | ८७३ | ११,३७९ |
| अन्तरसम्बन्धित क्षेत्र | ५१,८७२ | १,०६१ | ५२,९३३ |
| सुशासन | १८,७५७ | - | १८,७५७ |
| विपदीय जोखिम निदान | १५५ | - | १५५ |
| वातावरण र वनजंगल | ३२,९६० | १,०६१ | ३४,०२१ |
| जम्मा | ५१७,४३४ | १८९,०२७ | ७०६,४६१ |

यसरी यस पटकको भूकम्पले कूल रु ७ खर्व ०६ अर्व ४६करोड १० लाखको क्षति भएको देखिन्छ । जसमा पूर्वाधार क्षेत्रमा रु ६६अरव ७८ करोड ३०लाख वरावरको क्षति भएको छ । क्षेत्रगत रुपमा विद्युततर्फ रु अर्व २४ करोड २० लाख, संचार तर्फ रु ८ अर्व ६९ करोड ५० लाख, सामुदायिक पूर्वाधार तर्फ रु ३ अर्व ३४ करोड ९ लाख, यातायात तर्फ रु २२ अर्व ११ करोड ८० लाख, र खानेपानी तथा सरसफाई तर्फ रु ११ अर्व ३७ करोड ९० लाख क्षति हुन पुगेको छ । पूर्वाधार क्षेत्रमा भएको क्षति लाई यथास्थितिमा ल्याउन रु ७४ अर्व २६ करोड ६० लाख (११.१% )आवश्यक देखिन्छ, जस मध्ये विद्युतमा १८ अर्व ५८ करोड ६० लाख

(२.८%), संचारमा ४अर्व ९३ करोड ९० लाख (०.७%), सामुदायिक संरचनामा ४,४ करोड ५० लाख (०.७%), यातायातमा २८ अर्व १८ करोड ५० लाख(४.२%) र खानेपानी तथा सरसफाईमा १८ अर्व १० करोड ६० लाख(२.७%) पूंजी आवश्यक पर्ने देखिएको छ । [16]

**भूकम्पबाट ठूला परियोजनामा पर्ने प्रभाव**

- संरचनागत पक्ष
  - भूकम्प वा अन्य कुनै विपदबाट पर्ने पहिलो प्रभाव भनेको परियोजनाका भौतिक संरचनामा आंशिक वा पूर्ण क्षति पुग्न जान्छ । संरचना पुरै ध्वस्त नभएको अवस्थामा धराप वन्न गई अर्को जोखिम निम्तिने संभावना रहन्छ ।
- मानवीय पक्ष
  - भूकम्पको कारणले परियोजनाका भौतिक संरचनामा पुगेको क्षति संरचनामा मात्र सीमित नरही मानवीय क्षति पनि पुगेको हुन सक्दछ, जसवाट अपुरणीय मानवीय क्षतिलाई आर्थिक दायित्व सम्वोधन (Compensation) गर्नु पर्ने दायित्व सिर्जना हुन्छ ।
- आर्थिक पक्ष
  - परियोजनाको पुन निर्माणको लागि ठूलो धनराशीको आवश्यकता पर्न जान्छ र पुन निर्माणको लागि धेरै समय लाग्न जान्छ ।
- सेवा संचालनको पक्ष
  - परियोजनाको संरचनामा क्षति भएको वा मानवीय क्षति भएको कारणले परियोजनाले उपलब्ध गराउंदै आएको सेवा तत्काललाई अबरुद्ध हुन पुग्दछ । जस्तो वाटो, राजमार्ग संचालनमा आउन नसक्नु, विद्युत सेवा अवरुध्द हुनु । यसै पटक पनि तातोपानी र रसुवा क्षेत्रमा भूकम्पले पारेको प्रभावले केही समय उक्त मार्गवाट चीनसंग हुने आयात निर्यात अझै पनि सहज वन्न सकिरहेको छैन ।
- अन्य क्षति वाट पर्न सक्ने प्रभाव
  - कुनै परियोजना विशेषमा क्षति नपुगेको भएपनि सो परियोजना सम्मको पहुंचमार्ग, विद्युत सेवा, संचारका साधनमा क्षति पुगेको कारण वा कामदार अन्यत्र घाईते वा मृत्यु भएकोमा परियोजनाका कार्यहरु तुरुन्तै संचालन हुन सक्दैनन् ।
- परियोजनाको समाप्तिमा ढिलाई
  - भूकम्पवाट परियोजनामा कुनै क्षति पुगेमा वा क्षति नपुगेको भएपनि सो परियोजनाको अन्य क्षेत्रमा भएको क्षतिको कारणले परियोजना निर्धारित समयमा सम्पन्न हुन सक्दैनन् । जस्तो सिन्धुपाल्चोकको

[16] नेपाल भूकम्प २०१५

लार्चामा निर्माणाधीन र सम्पन्नको अन्तिम चरणमा पुगेको सुख्खा बन्दरगाहको निर्माण सम्पन्न हुन अझै थप समय लाग्ने भएको छ ।

- सेवाग्राही र शेयरहोल्डरको मनोविज्ञानको पक्ष
  - सम्वन्धित परियोजनावाट तत्काल सेवा प्रवाह हुन नसक्ने भएको कारणले सेवाग्राहीहरु अर्को विकल्प खोज्न थाल्छन् भने शेयरहोल्डरहरुमा थप लगानी गर्ने चाहना रहदैन ।
- प्रतिस्पर्धावाट वाहिरिनु पर्ने जोखिम
  - आफूले प्रवाह गर्ने सेवा तत्कालै प्रवाह गर्न नसक्दा सेवाग्राहीहरुले विकल्पको खोजी गर्नु स्वभाविकै हो । जसवाट आन्तरिक प्रतिस्पर्धीहरुले अवसर पाउँछन् भने बाह्य प्रतिस्पर्धीले सेवा प्रवाह गर्न सक्दछन जसको कारणले परियोजना पछि यथास्थितिमा आएपनि प्रतिस्पर्धा गर्न नसक्ने वा चर्को प्रतिस्पर्धामा सामेल हुनु पर्ने हुन्छ ।

### विपद अवसर पनि हो

वास्तवमा विपद सुखद पक्ष होइन, किनकी यसले प्रारम्भमा ठूलो मात्रामा मानवीय र भौतिक क्षति ल्याएको हुन्छ । भनिन्छ चुनौती अवसरको जननी हो । विपदले दुखद क्षणको साथसाथै अवसर पनि संगसंगै ल्याउँछ । पुराना भौतिक संरचनामा प्रतिस्थापन र सुधार गर्ने, पुरानो कार्य प्रणालीमा सुधार ल्याउने, नयाँ प्रविधिको प्रयोग गर्ने, विपद न्यूनीकरण गर्ने संरचना निर्माण गर्नु पर्ने चेतनाको अभिवृध्दि गराउने र त्यसलाई कार्यरुपमा ल्याउने अवसर सिर्जना गर्दछ ।

#### व्यवस्थापन

भूकम्प लगायतका विपदले निम्त्याउन सक्ने जोखिम र अन्य प्रभावको न्यूनीकरण गर्न परियोजनाहरुले निम्न पक्षमा ध्यान दिनु पर्दछ :

- प्रकोप पूर्व, प्रकोपको समय र प्रकोप पश्चातको अवस्थामा परियोजनाका हरेक क्रियाकलापहरु के कसरी प्रभावित हुन्छन र त्यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने वारेको रणनीति तयार गर्ने
- प्रकोपीय जोखिम न्यूनीकरण गर्ने संरचनाको निर्माण गर्ने
- विपद्बाट हुने मानवीय, आर्थिक र संरचनात्मक क्षति न्यून हुने संरचनाको निर्माण गर्ने ।
- विपद्को संभावित जोखिमलाई कम गर्न विपद् रोकथाम र न्यूनीकरणमा जोड दिने ।
- विपद्बाट हुने जनधनको क्षतिलाई न्यून गर्न आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य क्षमतामा अभिवृद्धि गर्ने ।
- पूर्वाधार निर्माणका आयोजना सञ्चालन हुनु पूर्व त्यसबाट हुने जोखिम मूल्याङ्कन गरी जोखिम न्यूनीकरणका उपाय अनिवार्य रुपमा अवलम्वन गर्नुपर्ने व्यवस्थालाई सुदृढ बनाउने ।
- विद्यालय, अस्पताल, स्वास्थ चौकी, सरकारी कार्यालय लगायत जुनसुकै सरकारी तथा सामुदायिक तथा

परियोजनका भवन निर्माण गर्दा वहुप्रकोपीय जोखिम न्यूनीकरणका उपायको अनिवार्य अवलम्वन गर्ने ।

- परियोजनाका भौतिक संरचनामा आंशिक वा पूर्ण क्षति पुग्न गएको भए आवश्यकता अनुसार तुरुन्त मर्मत गर्ने वा भग्नाबशेषको तुरुन्त व्यवस्थापन गर्ने ।
- परियोजनामा मानवीय क्षति पनि पुगेको भए उनीहरुको उद्दार, राहत, पुनर्वास र पुनर्स्थापनाको लागि आवश्यक आर्थिक प्रबन्ध र अन्य निकायसंग समन्वय गर्ने ।
- परियोजनाको पुनः निर्माणको लागि ठूलो धनराशीको आवश्यकता पर्न जाने र पुनः निर्माणको लागि धेरै समय लाग्ने भएकोले श्रोतको व्यवस्थापन गर्ने र कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।
- परियोजनाको संरचनामा क्षति भएको वा मानवीय क्षति भएको कारणले परियोजनाले उपलब्ध गराउंदै आएको सेवा तत्काललाई अबरुध्द हुन पुग्दा सेवा निरन्तरताको अन्य वैकल्पिक उपायहरुको खोजी गरी सेवालाई यथासक्य निरन्तरता दिने ।
- अन्य क्षतिवाट परियोजनामा प्रभाव पर्न गएकोमा  परियोजनाका काम कारवाहीहरुलाई नियमित बनाउन उपयुक्त विकल्पहरुको पहिचान गरी कार्यान्वयनमा ल्याउने ।
- परियोजनाको समाप्तिमा ढिलाई हुने भएमा नयां कार्यतालिका वनाई कार्य सम्पन्न गराउने ।
- सेवाग्राही र शेयरहोल्डरको मनोविज्ञानको पक्षलाई सकारात्मक वनाउन सकारात्मक सन्देश प्रवाह गर्ने र सकारात्मक सन्देशलाई व्यवहारमा सही रुपमा कार्यान्वयन भैरहेको अनुभूति दिने ।
- आफूले प्रवाह गर्ने सेवा तत्कालै प्रवाह गर्न नसक्दा सेवाग्राहीहरुले विकल्पको खोजी गर्न सक्ने र बाह्य प्रतिस्पर्धीले सेवा प्रवाह गरिदिदा परियोजनाको बजार साख घट्न सक्ने संभावना प्रति सचेत हुदै परियोजनाको सेवा प्रवाह लगागत अन्य उपस्थितिलाई कुनै न कुनै रुपमा कायम राखिराख्ने ।

## कर्मचारी सञ्चय कोषको सन्दर्भ

सैनिक द्रव्य कोषको रुपमा विगतको सैनिक सेवाको सानो दायराबाट शुरु भएको सञ्चय कोष प्रणाली वर्तमानमा आईपुग्दासम्म निजामती, प्रहरी, शिक्षक, सार्वजनिक संस्थान तथा निजी प्रतिष्ठान समेतका गरी करीव २८,००० कार्यालयका करिव ५ लाख सञ्चयकर्ताहरु समावेश भै सकेका छन् [17]। संख्यागतरुपमा निजामती कर्मचारी १९.१५, नेपाली सेना २०५, नेपाल प्रहरी र सशस्त्र प्रहरी १९.७५, सार्वजनिक संस्थान र सङ्गठित क्षेत्रका कर्मचारी तथा कामदारहरु २२.३ ५, सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक कर्मचारीहरु १८.९५ रहेको छ । यसको अतिरिक्त नेपालमा रहेका कूटनीतिक नियोग र अन्तर्राष्ट्रिय संस्था समेत यसको दायरा भित्र समावेश हुन सक्ने वातावरण तयार भएको छ । १ खरव ६३ अरव ६५ करोड [18] भन्दा वढी संकलित रकमको व्यवस्थापकको रुपमा कर्मचारी संचय कोषले महत्वपूर्ण वित्तीय संस्थाको पहिचान स्थापित गर्न सफल भएको छ । यो कोषको लागि सुखद पक्ष हो । संगठित संस्थाका कर्मचारीको बचत परिचालन गर्ने,

[17] https://www.epfnepal.com.np (Dataup to 2071.3.32)

[18] https://www.epfnepal.com.np (Dataup to 2071.3.32)

सेवा प्रवाहलाई प्रभावकारी वनाउन र कोषको सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिका निर्वाह गर्ने सन्दर्भमा कर्मचारी सञ्चय कोषले केही वर्ष यता रणनीतिक योजना अनुरुप कार्य संचालन गर्दै आएको छ। जसले कोषलाई सफलताका सुदुर क्षितिज तर्फको यात्राको सुनिश्चितता प्रदान गरेको छ। [19]

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तर्राष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने  दूरदृष्टि (Vision) ले कोष एउटा सशक्त वित्तीय संस्थाको रुपमा मात्र होइन, राष्ट्रिय सामाजिक सुरक्षण सम्बन्धी अग्रणी संस्थाको जिम्मेवारी वहन गर्न र अन्तर्राष्ट्रियस्तरमा सिर्जना भएका उदीयमान सामाजिक सुरक्षण सम्बन्धी अवधारणाको प्रयोग र कार्यान्वयनमा अग्रसर भएको देखिन्छ। [20] तर असामयिक रुपमा आउन सक्ने विपद, यसको जोखिम र प्रभाव कोषको लागि पनि सोचनीय विषय हो। कोषले केही वर्ष यता ठूला परियोजनामा लगानी गर्ने गरेको तथा आवास योजनाहरु संचालन गरेको सन्दर्भमा सञ्चयकर्ताहरुमा लगानीको सुरक्षणको चाहना हुनु स्वभाविकै हो। कोषको भवनमा लगानी रु ७० करोड ८८ लाख, परियोजना ऋण रु २५ अरव ६९ करोडरहेको छ। [21] एउटा लगानीकर्ताको हैसियतले र कर्मचारीको अनिवार्य बचतको परिचालकको हैसियतले कोषले ठूला परियोजनामा लगानी गर्दा विपद न्यूनीकरणका उपायहरु अवलम्बन गरिएका छन् छैनन्, परियोजनामा विपद न्यूनीकरणका संभाव्य व्यवस्थापकीय पक्षहरु के के हुन सक्छन् भन्ने वारेमा सचेतना अपनाई लगानी गर्नु उपयुक्त हुन्छ।

## उपसंहार

नेपाल बहुप्रकोपीय जोखिमयुक्त देश हो। नेपालले विभिन्न समयमा विविध प्रकारका विपद र विपदबाट सिर्जित जोखिमको सामना गर्दै आएको छ। २०७२ बैशाख १२ मा आएको भूकम्पले व्यापक मानवीय र अन्य साधन श्रोतमा ठूलो मात्रामा क्षति पुग्न त गयो नै, यसका अतिरिक्त कैयन क्षेत्रहरुमा व्यापक क्षति समेत पुग्यो। यसले खासगरी आवासीय तथा सरकारी भवनहरु, सांस्कृतिक सम्पदाहरु, विद्यालय तथा स्वास्थ्यचौकीहरु, ग्रामीण सडक, पुलहरु, पानी आपूर्ति प्रणाली, कृषियोग्य जमिन, पदयात्रा मार्ग, जलविद्युत गृह तथा खेलकुदका संरचनाहरु विनाश हुन पुगे। यो विनाशले विकासका केही उपलब्धीहरुमा नकारात्मक असर छोडेको छ। यस सन्दर्भमा विकासका मूल सम्वाहकको रुपमा रहेका ठूला तथा अन्य जुनसुकै किसिमका परियोजनाहरुको छनौट, कार्यान्वयन र सेवा प्रवाहको चरणमा प्रकोपलाई न्यूनीकरण गर्ने रणनीतिका साथ परियोजना संचालन गर्नु पर्ने र जोखिमको आंकलन, जोखिम न्यूनीकरण र जोखिम व्यवस्थापन गर्ने कौशलता परियोजना संचालकहरुमा हुनुपर्ने सन्दर्भ सामयिक वनेको छ।

---

19 रेग्मी दामोदर (२०७१), पूर्व कर्मचारी र सञ्चयकर्ताको दृष्टिमा कर्मचारी सञ्चयकोष, कोष पत्रिका २०७१

20 रेग्मी दामोदर (२०७१)

21 https://www.epfnepal.com.np (Dataup to 2071.3.32)

**सन्दर्भ सामग्री**


- त्रिवर्षीययोजना (२०६७ (६८/६९(७०) नेपाल सरकार राष्ट्रिय योजना आयोगसिंहदरवार काठमाण्डौ नेपाल, असार २०६८
- नेपाल भूकम्प २०१५, विपद्पछिको आवश्यकता आंकलन कार्यकारी सारांश नेपाल सरकार राष्ट्रिय योजना आयोग, काठमाण्डौ २०१५
- रेग्मी दामोदर (२०६९), विकास व्यवस्थापन स्वतन्त्रता र शासनाधिकार (सम्पादक नवराज तिवारी), सोपान मासिक डिल्लीबजार काठमाण्डौ
- रेग्मी दामोदर (२०७१), पूर्व कर्मचारी र सञ्चयकर्ताको दृष्टिमा कर्मचारी सञ्चयकोष, कोष पत्रिका २०७१
- आर्थिक सर्वेक्षण आ. व. २०७१र२०७२, नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरवार काठमाण्डौ
- National Strategy for Disaster Risk Management in Nepal, March 2008, NSET
- http://bossnepal.com/list-of-major-hydropower-stations-in-nepal/
- www.wikipedia.com
- https://www.epfnepal.com.np

# नेपालमा धितोपत्र बजार, महत्व, ऐतिहासिक विकास, वर्तमान अवस्था, प्रमुख मुद्दा र सुधारको संभावना



डा. नबराज अधिकारी *

## परिचय

धितोपत्र बजारले देशमा छरिएर रहेको स-सानो बचतलाई संकलन गरी अर्थतन्त्रको उत्पादनशील क्षेत्रतर्फ न्यून लागतमा मध्यकालीन तथा दीर्घकालीन पुंजी परिचालन कार्यमा सहयोग पुऱ्याउंदछ । धितोपत्र बजारले मौलिक रुपमा अर्थतन्त्रको पुंजी आवश्यकता पूर्ति गर्न चाहाने पक्ष तथा पुंजी लगानी  गर्न चाहाने पक्ष बीच प्रत्यक्ष सम्बन्ध स्थापित गरी यिनीहरु वीच हुने 'लगानी रकम', 'लगानी अवधि' तथा 'लागत/प्रतिफल' सम्बन्धी विभेदलाई प्रभावकारी रुपमा सम्बोधन गर्दछ । धितोपत्रको प्राथमिक बजारले ठूलो परिमाणमा दीर्घकालीन एवं मध्यकालीन पुंजी परिचालन कार्यलाई सहज बनाउने गर्दछ । प्राथमिक बजारले व्यक्तिगत तथा संस्थागत लगानीकर्तालाई धितोपत्रमा लगानी गर्ने अवसर उपलब्ध गराई देशको औद्योगिकीकरण, व्यापारीकरण तथा महत्वपूर्ण विकासका पूर्वाधारहरुमा सर्वसाधारणको स्वामीत्वगत तथा ऋण सहभागीता बढाई देशको आर्थिक विकासको प्रतिफल सहभागीहरुमा समानुपातिक रुपमा उपलब्ध गराउन सहयोग पुऱ्याउंदछ । धितोपत्रको प्राथमिक बजारले पुंजीको अभावले आर्थिक गतिविधिहरुमा आउने अवरोध हटाई आर्थिक गतिविधिलाई निरन्तरता दिन महत्वपूर्ण सहयोग पुऱ्याउँदछ । धितोपत्रको दोस्रो बजारले प्राथमिक बजार गतिविधिहरुलाई संस्थागत आधार प्रदान गर्दछ। साथै, धितोपत्रको विकसित दोस्रो बजारले देशको समग्र अर्थतन्त्रको मापनयन्त्रको रुपमा कार्य गर्ने हुंदा यसको परिसूचकको प्रवृत्तिले अन्य कुराहरुको अतिरिक्त देशमा हुने आर्थिक गतिविधि सम्बन्धी निर्णयहरु प्रभावित हुने गर्दछन् ।

## महत्व

धितोपत्र बजारले दीर्घकालीन तथा मध्यकालीन वित्तीय साधनहरुको कारोवार तथा उचित मूल्य निर्धारणको अवसर उपलब्ध गराउनुका साथै उच्चस्तरीय वित्तीय साधन तथा वित्तीय कारोवार प्रणाली तथा मध्यस्थको कमीकमजोरीका कारण वित्तीय वजारमा हुन सक्ने प्रणालीगत जोखिमलाई कम गर्न सहयोग पुऱ्याई समग्र वित्तीय बजारको सन्तुलित विकासमा महत्वपूर्ण योगदान पुऱ्याउंदछ। धितोपत्रको गतिशील बजार तथा प्रभावकारी नियमन व्यवस्थाले संस्थागत सुशासनमा सुधार, वित्तीय क्षेत्रमा हुने अधिक तरलताको उचित व्यवस्थापनमा सहयोग, न्यून लागतमा पुंजीको उपलब्धता र आर्थिक गतिविधिमा बढोत्तरी आई देशमा हुने राजनीतिक अस्थिरता हटाउन तथा संक्रमणकाल घटाउनमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यसर्थ, पुंजी अभाव भएको हाम्रो जस्तो देशको लागि प्रभावकारी नियमन सहितको गतिशील धितोपत्र बजार लगानीको विश्वसनीय एवं उपयुक्त वातावरण निर्माण तथा आर्थिक स्थिरताका लागि बरदान सावित हुन सक्दछ ।



* निर्देशक, नेपाल धितोपत्र बोर्ड

## ऐतिहासिक विकास

धितोपत्र बजार विकासक्रमको विश्वव्यापी इतिहाश हेर्दा यसको विकास डच ईष्ट ईण्डिया कम्पनीको सेयर कारोवार गर्न सन् १६०२ मा नेदरल्याण्डको राजधानी आम्सर्टरडाममा पहिलो स्टक एक्सचेञ्ज स्थापना भई प्रारम्भ भएको देखिन्छ । वास्तवमा विश्वमा नेदरल्याण्ड नै त्यो देश हो, जसले सर्वप्रथम धितोपत्र मार्फत सर्वसाधारणबाट पुँजी परिचालन गर्ने वित्तीय प्रणाली अर्थात् बजारमा आधारित पुँजी परिचालन पद्धती अवलम्बन गरी पुंजी परिचालन गरेको थियो । पछि नेदरल्याण्डको वित्तीय प्रणालीबाट बजार मार्फत न्यून लागतमा ठूलो परिमाणमा दीर्घकालीन पुँजी परिचालन कार्य गर्दा सहज, गतिशील एवं विश्वसनीय रुपमा आर्थिक गतिविधिहरु अगाडि बढाउन सकिनेमा विश्वस्त भई संयुक्त अधिराज्य (बेलायत) तथा संयुक्त राज्य अमेरिकाले डच वित्तीय प्रणालीको नक्कल गरी बजारमा आधारित पुँजी परिचालन प्रणाली अवलम्बन गरेका थिए जसका कारण आज ती देशहरु विश्व वित्तीय बजारको महत्वपूर्ण केन्द्र बन्न सफल भएको देखिन्छ । नेपालमा औद्योगिक नीति २०३० अन्तर्गत २०३३ आषाढ २२ गते सेक्यूरिटि खरिद विक्री केन्द्र स्थापना गरी सरकारी ऋणपत्रको दैनिक खरिद बिक्रीको व्यवस्थाबाट धितोपत्र बजारको संस्थागत विकास कार्य प्रारम्भ भएको हो ।

## वर्तमान अवस्था

हाल धितोपत्र निष्काशन सम्वन्धमा स्थिर मूल्य तोकी मर्चेण्ट बैंकरको सङ्लग्नतामा विवरणपत्र, बिक्री प्रस्ताव, परिपत्र, सेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु तयार गरी सो मा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई प्रकाशन तथा वितरण गरी धितोपत्रको निष्काशन गर्न सकिने व्यवस्था गरिएको छ । प्रिमियममा धितो पत्र निष्काशन गर्ने भएमा प्रचलित कानुनले तोकेको व्यवस्था पूरा गरिसकेको, अन्तिम लेखापरीक्षणबाट कायम हुन आएको नेटवर्थ प्रति सेयरको सीमा भित्र रही प्रिमियम मूल्य तोकेको र प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य तथा औचित्यलाई पुष्टि गर्ने गरी संस्था भन्दा बाहिरका विज्ञ वा विज्ञ संस्थाबाट ड्यू डेलिजेन्स अडिट गरिएको हुनुपर्ने र प्राथमिक निष्काशन गरिने सेयरको कम्तिमा ५० प्रतिशत सेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति गराउनुपर्ने व्यवस्था रहेको छ । विद्यमान व्यवस्था अनुसार धितोपत्रको निष्काशन तथा बिक्री वितरण कार्यले निरन्तरता पाई विगत १७ वर्ष (मध्य जुलाई १९९८ देखि मध्य जुलाई २०१४) मा वार्षिक औषत् रु.४ अर्ब ५४ करोड मूल्य बरावरको धितोपत्र सार्वजनिक निष्काशन भई धितोपत्रको प्राथमिक बजार मार्फत् प्रत्यक्ष रुपमा पुँजी परिचालन भएको र धितोपत्र बजारमा सूचीकृत धितोपत्र मध्य वार्षिक औषत् ४.२४ प्रतिशतको मात्र कारोवार हुने गरेको र उक्त प्रतिशत विश्व बैंकले उदीयमान बजारका लागि तोकेको न्यूनतमस्तर ७.५ प्रतिशत भन्दा कम रहेको देखिन्छ । सोही अवधिमा बाणिज्य बैंकहरु मार्फत् भएको पूँजी परिचालन गतिविधि हेर्दा बार्षिक औषत डिपोजिट रु.४ खर्ब ३९ अर्ब ५२ करोड, ऋणप्रवाह ३ खर्ब ७ अर्ब ७० करोड र ऋणप्रवाह डिपोजिट अनुपात ७० प्रतिशत रहेको देखिन्छ । धितोपत्र बजारबाट परिचालन भएको बार्षिक औषत पूँजी भन्दा बाणिज्य बैंकहरुबाट परिचालन भएको पूँजी ६७.७७ गुणाले बढी हुने गरेको र यी दुई पुँजी परिचालन स्रोतहरुको गतिशीलताको तुलना गर्दा बाणिज्य बैंकहरुको पुँजी परिचालनको गतिशीलता १६.५१ गुणाले बढी रहेको देखिन्छ ।

सेयर अनिवार्य निष्काशन गर्नुपर्ने व्यवस्था गरिएका बैंक वित्तीय संस्था, बीमा कम्पनीहरु र लगानी गरिएको रकम फिर्ता प्राप्तिका लागि लामो समय लाग्ने जलविद्युत क्षेत्रका कम्पनीहरुले मात्र सेयर निष्काशन गरी पुँजी परिचालन गर्नुले धितोपत्र बजार हालसम्म पुँजी परिचालनको आकर्षक संयन्त्र बन्न नसकेको स्पष्ट हुन्छ । धितोपत्रको प्राथमिक बजारमा धितोपत्रको स्थिर मूल्य निर्धारण प्रकृया मार्फत् अंकित मूल्यमा धितोपत्र निष्काशन गर्नुपर्ने संरचनात्मक कमी कमजोरी, स्वतन्त्र मूल्य निर्धारण सम्बन्धी कानुनी व्यवस्था तथा बुक बिल्डिङ्ग सम्वन्धी पूर्वाधारको अभावले वास्तविक क्षेत्रका सुशासित कम्पनीहरु धितोपत्र बजार मार्फत पुँजी परिचालन गर्ने कार्यमा प्रोत्साहित भएको देखिदैन् । दोस्रो बजारमा करिव ९९ प्रतिशत कारोवार सेयरको मात्र हुनु र अग्राधिकार सेयर, संस्थागत ऋणपत्र तथा सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार शून्य हुनुले दोस्रो बजार केवल बढी जोखिम लिन चाहाने सट्टेबाजहरुका लागि मात्र उपयुक्त रहेको देखिन्छ । धितोपत्र दलाल व्यवसायीहरु मार्फत हुनुपर्ने मार्जिन कारोवारका लागि आवश्यक व्यवस्थाको अभावमा यस्तो कारोवार विभिन्न बैंक तथा वित्तीय संस्थाबाट धितोपत्र धितोमा राखी उपलब्ध गराइने ऋणबाट हुने अभ्यास बढ्दै जाँदा यसले बजारमा विभिन्न समयमा धितोपत्रको मूल्यमा ठूलो उतारचढाव ल्याई पुँजी बजार एवं समग्र लगानीको वातावरणमा समेत नकारात्मक प्रभाव पार्ने गरेको छ ।

धितोपत्रको मूल्यमा स्थिरता ल्याई वजारलाई परिपक्वता प्रदान गर्न सक्ने संस्थागत लगानीकर्ताहरुको वजारमा न्यून सहभागीता, नेपाल धितोपत्र बोर्ड धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संगठनमा आवद्ध हुन नसक्नु तथा धितोपत्र बजार सम्बन्धी अन्तर्राष्ट्रिय लगानी सल्लाहकार कम्पनी मोर्गन स्ट्यान्ल्ली क्यापिटल इन्डेक्सको विश्वका धितोपत्र वजारहरुको वर्गीकरणमा नेपालको धितोपत्र बजार विकासको कुनै पनि चरणमा समावेश नहुनु र विश्व स्तरमानसंग नेपालको धितोपत्र वजार परिसूचकहरु तुलनागर्दा अधिकांश स्तर पूरा हुन नसक्नुले नेपालको धितोपत्र बजार हालसम्म विकासको पूर्व उदीयमान चरणमा नै रहेको स्पष्ट हुन्छ ।

### प्रमुख मुद्दा

नेपालको धितोपत्र बजार हालसम्म पनि उदीयमान बजारको पूर्व अवस्थामा नै रहनु तथा केही सीमित व्यक्तिहरुका लागि मात्र हुनु र धितोपत्र बजारले पुँजीको लागत न्यून बनाई उत्पादनशील क्षेत्रमा पुँजी परि चालन गर्ने मौलिक उद्देश्य पूरा गर्न नसक्नुमा विभिन्न कारणहरु विद्यमान रहेका छन् । धितोपत्र बजार मूलत: सूचनामा आधारित बजार भएकोले सार्वजनिक निष्काशन गर्ने संगठित संस्था तथा सूचीकृत संगठित संस्था सम्बन्धी पर्याप्त जानकारी प्रवाह गराउनु पर्ने व्यवस्थाहरु धितोपत्र सम्बन्धी नयां ऐनमा गरिएकोमा यी व्यवस्थाहरुको परिपालना नहुंदा तथा सो को लागि कानुनी व्यवस्थाहरुको प्रवलीकरण गरी आवश्यक कारवाही नहुंदा कुल सूचीकृत संगठित संस्थाहरु मध्य विगत १७ वर्ष (मध्य जुलाई १९९८ देखि मध्य जुलाई २०१४) मा औषतमा करिव १५.१६ प्रतिशत सूचीकृत संगठित संस्थाहरुले मात्र ऐन नियम बमोजिम नियमन निकायमा आर्थिक तथा वित्तीय विवरणहरु र मूल्य संवेदनशील सूचनाहरु प्रस्तुत गर्ने गरेको देखिन्छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भित्री सूचनाको आधारमा धितोपत्र खरिद बिक्री भएमा यस्तो कारोवारलाई भित्री कारोवार ठहर गरी सजाय गर्ने स्पष्ट व्यवस्था रहेकोमा सो सम्बन्धमा हालसम्म आवश्यक अनुगमन, सुपरिवेक्षण तथा अनुसन्धान मार्फत अभियोगको किटान गरी सजाय हुनुपर्नेमा यस्तो हुनसकेको देखिदैन् । त्यस्तै, धितोपत्र

बजारका लगानीकर्ताहरुलाई बजारको प्रणालीगत कमी कमजोरीबाट हुनसक्ने संभावित क्षतिपूर्तिका लागि क्षतिपूर्ति कोषको स्थापना तथा संचालन सम्बन्धमा उल्लेखित ऐनको दफा ५३, दफा ५४ तथा दफा ५५ मा स्पष्ट व्यवस्था रहेकोमा यी व्यवस्थाहरुको कार्यान्वयन गरी लगानीकर्ता क्षतिपूर्ति कोष स्थापना तथा संचालनका लागि आवश्यक पहल नहुंदा धितोपत्र कारोवार, राफसाफ तथा फछ्र्यौट, धितोपत्रको नामासारी तथा व्यवसायी प्रणालीको कमी कमजोरीका कारण बजारमा हुनसक्ने प्रणालीगत जोखिम न्यून हुने आधार हालसम्म तयार हुन सकेको छैन् ।

नेपाल स्ट्क एक्सचेञ्ज लि. मार्फत् हुने धितोपत्रको दोस्रो बजार कारोवारको वास्तविक समय जानकारी अर्थात् बजारको गहिराई लगानीकर्ताको तहसम्म हालसम्म उपलब्ध हुन सकेको देखिदैन । त्यस्तै, दोस्रो बजार कारोवार प्रणालीमा थोक बिक्रेताको रुपमा ठूलो परिमाणको खरिद आदेशलाई तरलता प्रदान गर्नुका साथै सक्रीय लगानीकर्ताको रुपमा ठूलो परिमाणको बिक्री आदेश बमोजिम आफ्नो खातामा धितोपत्र खरिद गरी धितोपत्रको स्वच्छ एवं निरन्तर कारोवारमा सहयोग पुऱ्याई धितोपत्रको बजार मूल्यलाई स्थिरता प्रदान गरी अन्य संस्थागत लगानीकर्ताहरुका लागि समेत धितोपत्र बजार आकर्षक एवं विश्वसनीय बनाउन सक्ने बजार निर्मातालाई बजारमा सहभागी हुन आवश्यक व्यवस्थाको अभाव रहेको छ । धितोपत्र बजारको स्वच्छ एवं पारदर्शी संचालन तथा प्रभावकारी नियमन सुनिश्चित गर्न बजार संचालक तथा नियमन निकायका पदाधिकारी एवं कर्मचारीहरुका लागि आवश्यक आचार संहिता तयार गरी प्रभावकारी रुपमा लागू हुनुपर्नेमा हालसम्म यस्तो व्यवस्था हुन सकेको देखिदैन् ।

ठूला बाणिज्य बैंकहरु, नागरिक लगानी कोष तथा धितोपत्र व्यवसायीहरु केन्द्रीय निक्षेप कम्पनीमा लगानी गर्न तत्पर रहंदारहदै देशको उदार अर्थनीति, व्यवसायिक संस्थाको स्थापना तथा संचालनको सिद्धान्त, केन्द्रीय निक्षेप सेवा सम्बन्धी बिश्वव्यापी मूल्य मान्यता एवं अभ्यास, अध्ययन, अनुसन्धान प्रतिवेदनमा प्रस्तुत सुझाव, विगतको संरचनात्मक त्रुटीका कारण पुँजी बजार सुधार तथा विकासमा परिरहेको समस्या तथा कठिनाई र स्वामीत्व सम्बन्धमा केन्द्रीय निक्षेप सेवा नियमावलीमा गरिएको परिकल्पनाको विपरीत नेपाल स्टक एक्सचेञ्ज लि.को पूर्ण स्वामीत्वमा सहायक कम्पनीको रुपमा सिडिएससीको स्थापना गरी संचालन गरिएकोले संरचनात्मक कमीकमजोरी हुनगई आवश्यक पूँजी, प्राविधिक दक्षता, व्यवसायिकता तथा सुशासनको अभावको कारण एकातर्फ केन्द्रीय निक्षेप प्रणाली पूर्णरुपमा संचालनमा आउन निक्कै लामो समय लाग्नु अर्कोतर्फ हाल विद्यमान संरचनात्मक कमीकमजोरीमा सुधार गरी संभाव्य प्रणालीगत जोखिमलाई न्यून गर्न बीमा लगायत अन्य पूर्वाधारहरुको यथोचित व्यवस्था नगरी हतारमा केन्द्रीय निक्षेप प्रणाली संचालनमा आई यसले देशको समग्र वित्तीय बजार नै जोखिमपूर्ण हुने संभावना बढ्नुले वजारको विकास तथा सुधार कार्य थप जटिल बनेको देखिन्छ ।

नेपाल स्ट्क एक्सचेञ्ज लि. को स्वामीत्वमा अधिकांश हिस्सा नेपाल सरकारको भई आर्थिक क्षेत्रमा रणनीतिक महत्व राख्ने धितोपत्र बजारको संचालन कार्य व्यावसायिक सिद्धान्त अनुसार नहुंदा हालसम्म पूर्ण स्वचालित विद्युतीय कारोवार प्रणालीको अभाव र ऐन नियममा भएका व्यवस्थाहरुको प्रभावकारीरुपमा प्रवलीकरण नहुंदा

बजारले आवश्यक विश्वसनीयता प्राप्त गर्न नसकेका कारण बजार संस्थागत एवं नवप्रवेशी लगानीकर्ताहरुका लागि आकर्षक हुन सकेको देखिदैन् ।

## सुधारको संभावना

धितोपत्र बजारमा हाल संस्थागत लगानीकर्ताहरुको अपेक्षित सहभागीता हुन नसकिरहेको सन्दर्भमा नागरिक लगानी कोष, कर्मचारी संचय कोष, बीमा संस्थान तथा नेपाल टेलिकमको स्थापनाको उद्देश्य र लगानी नीति तथा अभ्यासको यसपछि उल्लेख भए बमोजिम अध्ययन गर्दा धितोपत्र बजारमा सुधार तथा स्थिरता भएमा उल्लेखित संस्थाहरुको धितोपत्र बजारमा लगानी बढाई वजारलाई विश्वसनीय वनाउन सकिने प्रवल संभावना देखिन्छ ।

नागरिक लगानी कोष ऐन, २०४७ को प्रस्तावनामा नागरिक लगानी कोष स्थापनाको मुख्य उद्देश्य देशको आर्थिक विकासको लागि सर्वसाधारण जनतालाई समेत पुँजी बचत गर्न प्रोत्साहित गरी लगानीका अवसरहरु बढाउन र पुँजीबजारको विकासमा गतिशीलता ल्याउने रहेको, दफा ३२ को खण्ड (ङ) बमोजिम विभिन्न प्रकारको धितोपत्रमा लगानी र पूनर्लगानीको काम गरी धितोपत्रहरुको स्वामीत्व ग्रहण गर्ने तथा खण्ड (ड) पुँजी बजार विकासका लागि आवश्यकता अनुसार सहायक कम्पनी खडा गर्ने रहेको र नागरिक लगानी कोष लगानी नीति, २०६९ को प्रकरण ४ अनुसार कोषको कुल कोष रकमको लक्षित बाँडफाँट ८ प्रतिशतसम्म शेयर लगानी गर्न सक्ने जस्ता व्यवस्थाहरु रहेकाले कोषले बजार निर्माताको रुपमा कार्य गरी धितोपत्र बजारको गतिशीलता बढाउन सक्ने देखिन्छ ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १९ (ग१) अनुसार बैंक र वित्तीय संस्थाको सेयरमा लगानी गर्ने र कर्मचारी सञ्चय कोष लगानी नीति, २०७१ को प्रकरण २.२ को (१) मा सेयर तथा डिबेञ्चरमा कर्जा तथा लगानीको अधिकतम ५ प्रतिशतसम्म लगानी गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । विगत पांच वर्षमा सञ्चयकर्ताको कूल रकममा वार्षिक औषत १७.६३ प्रतिशतले वृद्धि हुदै आर्थिक वर्ष २०७०।७१ को अन्तमा कूल सञ्चय कोष रकम रु.१ खर्व ६३ अर्व ५४ करोड ८६ लाख पुगेको सन्दर्भमा समेत कोषले उक्त रकमलाई सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्न प्रतिफलमूखी क्षेत्रमा लगानी वढाउने उद्देश्य लिएको कोषका सम्वन्धित प्रकाशनहरुबाट स्पष्ट हुन्छ । कोषले धितोपत्र बजारमा उपलब्ध सेयरमा गरेको लगानी तुलनात्मकरुपमा हेर्दा आर्थिक वर्ष २०६९।७० तथा २०७०।७१ मा कोषको कुल लगानी क्रमशः रु. १ खर्व ३९ अर्व ३६ करोड तथा रु.१ खर्व ६० अर्व २६ करोड ९९ लाख रहेकोमा सोही अवधिमा सेयरमा गरिएको लगानी क्रमशः २ अर्व १७ करोड ३६ लाख (१.५६%) तथा रु.२ अर्व २२ करोड ५ लाख (१.३९%) रहेको देखिन्छ । कोष सम्वन्धी माथि उल्लेखित व्यवस्था अनुसार सेयर तथा डिवेञ्चरमा कर्जा तथा लगानीको अधिकतम ५ प्रतिशतसम्म लगानी गर्न सक्ने देखिएकोले धितोपत्र वजार मूल्यमा तुलनात्मकरुपमा स्थिरता आई लगानी प्रतिफलको केही सुनिश्चितता देखिएमा कोषले कम्तिमा थप रु.५ अर्व रकम सेयर तथा डिवेञ्चरमा लगानी गर्न सक्ने देखिन्छ ।

राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ को प्रस्तावनामा उल्लेख भए बमोजिम राष्टिय बीमा संस्थानको स्थापना

देशको विकासको लागि आन्तरिक साधन र पूँजीको परिचालन गर्नको लागि गरिएको देखिन्छ । उल्लेखित ऐनको दफा १३ को उपदफा (२) को खण्ड (ञ) अन्य संगठित संस्थानको सेयर पूँजीमा लगानी गर्ने, खण्ड (ड) सेयर,वण्ड, डिबेञ्चर, प्रतित-पत्र, चलअचल सम्पत्ति आदि खरिद बिक्री गर्ने, डिष्काउण्ट कमीशन लिने दिने तथा दलाली गर्ने भन्ने रहेको छ । राष्ट्रिय बीमा संस्थान लगानी निर्देशिका, २०६९ को दफा ३.२ को खण्ड (ङ) बमोजिम संस्थानमा रहेको लगानी योग्य कोषलाई आवश्यकता अनुसार पब्लिक लिमिटेड कम्पनीको प्राथमिक निष्काशन साधारण शेयर तथा दोस्रो बजारबाट लगानी गर्न सकिने देखिन्छ । त्यस्तै उल्लेखित निर्देशिकाको दफा ५ (क) बमोजिम जीवन बीमा व्यवसायहरुले गर्नसक्ने लगानीको क्षेत्र र सीमा (प्रतिशत) स्वेच्छिक लगानी (ग वर्ग) (३) पब्लिक लिमिटेड कम्पनीको साधारण सेयर क्षेत्र अन्तर्गत कुल लगानी रकमको ५ प्रतिशतमा नबढ्ने गरी पब्लिक लिमिटेड कम्पनीको साधारण सेयरमा लगानी गर्न सकिने व्यवस्था रहेको छ । यस सम्बन्धमा राष्ट्रिय बीमा संस्थान्को आर्थिक वर्ष २०७०।७१ तथा २०७१।७२ को लगानी पोर्टफोलियो हेर्दा कूल लगानी क्रमशः रु.१४ अर्व ६८ करोड तथा रु. १२ अर्व ८३ करोड मध्य संगठित संस्थाको सेयरमा क्रमशः रु.१ अर्व ७० कारोड तथा रु.१ अर्व ४३ लगानी गरेको देखिन्छ । राष्ट्रिय बीमा संस्थानले उल्लेखित आर्थिक वर्षहरुमा ठूलो रकम क्रमशः रु. ८ अर्व २० करोड तथा रु.७ अर्व ६७ करोड न्यून प्रतिफल हुने बैंकहरुको मुद्दती निक्षेपमा लगानी गरेको देखिन्छ । यस सम्वन्धमा राष्ट्रिय बीमा संस्थानका सम्वन्धित अधिकारीहरुको धारणा बुझ्दा धितोपत्र बजारमा उपलब्ध धितोपत्रहरुमा लगानी गर्ने सम्वन्धमा उपयुक्त विधि तथा लगानीको प्रतिफलको सुनिश्चितता देखिएमा ऐन, नियम, लगानी नीति तथा निर्देशिका र नेपाल सरकार तथा नियमन निकायको निर्देशन अन्तर्गत रही लगानी गर्न सकिने भन्ने पाइएकोले धितोपत्र वजारमा स्थिरता आई लगानीको प्रतिफलमा केही सुनिश्चितता देखिएमा राष्ट्रिय बीमा संस्थानको ठूलो लगानी धितोपत्र वजारमा हुनसक्ने देखिन्छ ।

त्यस्तै नेपाल टेलिकम ठूलो पुँजी आधार तथा ठूलो परिमाणमा मुनाफा आर्जन गर्ने अग्र स्थानमा रहेको पब्लिक लिमिटेड कम्पनी हो । यसको लगानी संरचना हेर्दा आथिक वर्ष २०६८।६९ मा कुल लगानी रु.२२ अर्ब ३७ करोड ९९ लाख मध्य संगठित संस्थाको डिबेञ्चरमा रु.२१ करोड २३ लाख, बैंकको मुद्दती निक्षेपमा रु.१५ अर्ब ६२ करोड ७४ लाख र आर्थिक वर्ष २०६९/७० मा गरेको कुल लगानी रु.२५ अर्ब ७९ करोड ९९ लाख मध्य संगठित संस्थाको डिबेञ्चरमा शून्य, बैंकको मुद्दती निक्षेपमा रु.१७ अर्ब १ करोड ३१ लाख रहेको देखिन्छ। यसबाट नेपाल टेलिकमको ठूलो रकम तुलनात्मकरुपमा न्यून प्रतिफल प्राप्त हुने बैंकको मुद्दती निक्षेपमा राख्ने गरिएको स्पष्ट हुन्छ । नेपाल टेलिकमले संस्थागत ऋणपत्र तथा सेयरमा लगानी बढाएमा नेपाल टेलिकमको लगानी थप व्यवसायिक भई प्रतिफलमा सुधार आउने तथा धितोपत्र वजारमा स्रोत साधन सम्पन्न संस्थागत लगानीकर्ताको उपस्थितिबाट वजारको लगानी आधारमा ठूलो बृद्धि हुने देखिन्छ ।

धितोपत्र बजारको आवश्यक सुधार तथा विकास-विस्तार गरी यसलाई पुँजी परिचालनको दक्ष एवं प्रभावकारी माध्यम बनाई देशको आर्थिक विकासको लागि आवश्यक पुँजी परिचालन गर्न सहयोग पुऱ्याउनका लागि धितो पत्र सम्बन्धी ऐन, २०६३ को प्रस्तावना तथा उद्देश्य बमोजिम बजारलाई नियमित तथा व्यवस्थित बनाई लगानीकर्ताहरुको हित संरक्षण गर्ने भूमिका पूरा गर्न नियमन निकाय जिम्मेवार रुपमा प्रस्तुत हुनु, धितोपत्र

बजारमा रहेका अधिकांश कमी कमजोरीहरुमा सुधार ल्याई धितोपत्र बजारको समूचित विकास गरी देशको अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुऱ्याउने दीर्घकालीन उद्देश्य लिई विश्व बैंकको प्राविधिक सहयोगमा वित्तीय बजारका सम्बद्ध सम्पूर्ण पक्षहरुको सङ्लग्नतामा ४ वर्ष अगाडि तर्जुमा गरिएको पञ्च वर्षीय पूँजी बजार विकास योजना कार्यान्वयनका लागि आवश्यक संरचना तयार गरी शसक्त रुपमा कार्यान्वयनमा ल्याउनु; धितोपत्र कारोवार, राफसाफ तथा फछ्र्यौट कार्यको प्रभावकारी व्यवस्था एवं आधुनिकीकरणका लागि आवश्यक संरचनात्मक सुधार गर्न नेपाल स्टक एक्सचेञ्ज लि. तथा उक्त लि. को सहायक कम्पनी सिडिएससि लि.अग्रसर हुनु र समग्र धितोपत्र बजारको सुधार तथा विकास-विस्तार गरी धितोपत्र बजारलाई देशव्यापी बनाउन आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्न नेपाल सरकार, अर्थ मन्त्रालय तत्पर हुनु आजको आवश्यकता हो र यी आवश्यकताहरुको गाम्भिर्यतालाई मध्यनजर गरी जिम्मेवार निकायहरु जिम्मेवारपूर्णरुपमा प्रस्तुत भएमा नेपालको धितोपत्र वजारले आगामी केही वर्षमै विकासको ठूलो फड्को मार्नसक्ने कुरामा कसैको दुईमत नहोला ।



# सामाजिक सुरक्षा सम्बन्धमा अन्तरराष्ट्रिय मान्यता र नेपालमा यसको अवस्था

हुमकला पाण्डे *

## १. विषय प्रवेशः

सामाजिक सुरक्षाका क्षेत्रमा राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको आधारभूत तत्वका रूपमा स्थापित गर्ने र सम्भव भएसम्म धेरैभन्दा धेरै मानिसलाई उच्चस्तरको सामाजिक सुरक्षा प्रदान गर्ने गरी दुई स्वरूप र आयामलाई जोड दिँदै अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्था (International Social security Association (ISSA), अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO), विश्व बैङ्क (WB), संयुक्त राष्ट्र संघ (UN) लगायतका संस्थाहरूबाट सुरक्षित र मर्यादित मानव जीवन यापनका लागि मानव अधिकारको पूर्ण प्रत्याभूति सहित सबैका लागि सामाजिक सुरक्षा भन्ने भावना राख्दै विभिन्न मान्यताहरू विकसित हुँदै आएका छन् । नेपाल सरकारले आधारभूत सामाजिक संरक्षणका कार्यक्रमहरू, नगद हस्तान्तरणका रूपमा होस् वा सामाजिक सहयोगमूलक कार्यक्रमका रूपमा, प्रत्येक वर्ष फराकिलो तरिकाले विस्तार गर्ने प्रयास गरेको देखिन्छ । अतः यस लेखमा अन्तरराष्ट्रियस्तरमा सामाजिक सुरक्षाका क्षेत्रमा विकसित मान्यताहरू, नेपालमा यसको अवस्था, चुनौतीहरू र सम्बोधन गर्नुपर्ने विषयहरूलाई जोड दिइएको छ ।

## २. सामाजिक सुरक्षाको अवधारणा र अन्तर्राष्ट्रिय प्रयास

आर्थिक तथा सामाजिकरूपमा जोखिममा रहेका नागरिकहरूलाई मानवीय मर्यादा र रक्षाका लागि जोखिमबाट सुरक्षा प्रदान गर्न राज्य र नागरिकहरूको साझा प्रयासमा सम्पादन गरिने कार्य नै सामाजिक सुरक्षा हो, जुन सामाजिक न्यायको अभिन्न अङ्गका रूपमा रहेको हुन्छ । राज्यले समाजमा रहेका बेरोजगार नागरिक, सुत्केरी, महिला, ज्येष्ठ नागरिकको संरक्षण तथा बिरामी सुविधा, घाइते सुविधा र अनाथ बालबालिका, असहाय र अशक्त व्यक्तिहरूको आवश्यकता पहिचान गरी जोखिमबाट बचाउने र सम्भाव्य जोखिमको सामना गर्ने शक्तिको विकास गर्ने कार्य गर्नुपर्ने हुन्छ । समाजमा सुरक्षाको मुख्य उद्देश्य क्षतिपूर्ति प्रदान गर्ने, पुनर्स्थापना गर्ने र बचावट गर्ने हो । विश्वमा लोककल्याणकारी राज्यको अवधारणालाई मूर्तरूप दिँदै सामाजिक न्यायको अभिन्न अङ्गका रूपमा सबैका लागि सामाजिक सुरक्षा भन्ने मान्यतालाई अवलम्बन गर्दै आइएको छ । अहिले विश्वका ५० प्रतिशत जनसङ्ख्याले कुनै न कुनैरूपमा सामाजिक सुरक्षा प्राप्त गरेका छन् भने २० प्रतिशत जनसङ्ख्याले पूर्ण सामाजिक सुरक्षाको प्रत्याभूति गरेको पाइन्छ ।

काम गर्न असमर्थ तथा वृद्ध नागरिकहरूलाई आवास गृह र बेरोजगारीलाई कार्य सुविधा उपलब्ध गराउँदै १६ औं शताब्दीमा बेलायतबाट यस अवधारणाको शुरूवात् भएको थियो । १७ औं शताब्दीमा संयुक्त राज्य अमेरिका र क्यानडाले सामाजिक सहयोग प्रणालीको शुरूवात् गरेका थिए । खासगरी उन्नाइसौं शताब्दीमा



* उप सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

अमेरिकाका विभिन्न राज्यहरूमा छिटफुटरूपमा सरकारी कर्मचारीलाई निवृत्तीभरणको व्यवस्था गरिएको थियो । औधोगीकरणको व्यापकतासँगसँगै कर्मचारी सङ्गठनहरूका मागहरूलाई सम्बोधन गर्ने क्रममा बिरामी उपचार खर्च, मृत्यु भएमा क्षतिपूर्ति दिन शुरूवात् गरियो । अमेरिकाले सन् १९३० को विश्व आर्थिक मन्दीबाट सिर्जित बेरोजगारीको प्रभाव हटाउन वृद्ध भत्ता र बेरोजगारी बिमा दिन शुरू गरेको पाइन्छ । उता सन १८८० देखि ८३ सम्म सामाजिक सुरक्षाको क्षेत्रमा उल्लेखनीय भूमिका खेल्नुहुने जर्मन बिद्वान बिस्मार्कलाइ आधुनिक सामाजिक सुरक्षा अवधारणाको पहिलो बिजेता पनि भनिन्छ ।

सामाजिक सुरक्षाका सम्बन्धमा एशियाली विकास बैंकले सन् २००१ मा अवलम्बन गरेका पाँच प्रमुख सामाजिक सुरक्षा रणनीतिहरु यस प्रकार रहेका छन् ।

- **सामाजिक बिमा :** बेरोजगारी, खराब स्वास्थ्य, असक्षमता र अपाङ्गता, कामसँग सम्बन्धित् चोट र वृद्धावस्थासँग सम्बन्धित् जोखिमलाई कम गर्न ।
- **सामाजिक सहायता:** सामाजिक सुरक्षाका अन्य पर्याप्त सहायता प्राप्त गर्न नसक्ने अत्यधिक जोखिममा रहेका समूहहरू जस्तै एकल महिला, घरवार विहीन वा शारीरिक र मानसिक रुपमा अस्वस्थ मानिसहरुको सामाजिक सुरक्षा बिमाको ब्यवस्था गर्न ।
- **श्रम बजार सुधार :** श्रमबजार सम्बन्धी नीति र कार्यक्रमहरु, रोजगारी सृजना, श्रमिकहरुका लागि कार्यवातावरण सुधार र श्रमबजारको दक्षता अभिवृद्धि गर्ने ।
- **लघु र क्षेत्रगत योजना :** जोखिममा रहेका समुदायहरुलाई सम्बोधन गर्न लघु र क्षेत्रगत आधारमा लघु बिमा, कृषि बीमा सामाजिक कोष लगायत प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू ।
- **बाल संरक्षण :** बालबालिकाहरुको स्वास्थ्य र रचनात्मक विकास गर्न बाल संरक्षणका कार्यहरु गर्ने ।

वास्तवमा कमजोर, सीमान्तकृत र जोखिमको मुखमा रहेका नागरिकहरूको जीविकोपार्जन र कल्याणका लागि सामाजिक सुरक्षाको व्यवस्था अन्तर्गत निम्न कार्यहरू गरिन्छः

क. गरिबीको मारमा परेका र सहयोग नपाएकाहरूका लागि आयमूलक कार्यक्रम र राहतको हस्तान्तरण,

ख. आधारभूत आवश्यकताको अभावमा जोखिममा रहेका वर्गका लागि संरक्षणको व्यवस्था,

ग. समाजमा अवसरबाट बञ्चित, पछाडि परेका र सीमान्तकृत वर्गको पहिचान र सम्मानित जीवनको प्रत्याभूति,

**संयुक्त राष्ट्र संघले सामाजिक सुरक्षालाई आधारभूत मानव अधिकारका रूपमा लिएको छ ।**

विश्व बैङ्कले गरिबी निवारणलाई सामाजिक सुरक्षाका रूपमा social insurance and social assistance का कार्यक्रमहरूलाई जोड दिइएको पाइन्छ ।

अन्तरराष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि नं १०२ ले सामाजिक सुरक्षा अन्तर्गत ९ वटा विषयहरूलाई न्यूनतम मापदण्ड अन्तर्गत राखेको छः

क. औषधोपचार सुविधा

ख. बिरामी हुँदाको सुविधा

ग. बेरोजगारी सुविधा

घ. वृद्धावस्थाको सुविधा

ङ. रोजगारीमा हुने दुर्घटना र चोटपटक बापत सुविधा

च. परिवार र बालबच्चाको हेरचाह सुविधा

छ. मातृत्व संरक्षणको सुविधा

ज. असक्तता सुविधा

झ. आश्रित परिवार हेरचाह

ISSA ले सामाजिक सुरक्षा भित्र सामाजिक जीवन बीमा कार्यक्रमहरू, सामाजिक सहयोग कार्यक्रमहरु, अन्तरराष्ट्रिय कार्यक्रमहरू, संयुक्त फाइदाका स्किमहरू, राष्ट्रिय सञ्चित कोषहरू र अन्य व्यवस्थाहरु जस्तैः श्रमबजारमुखी उपागमहरू उल्लेख गरेको छ ।

अन्तरराष्ट्रिय श्रम सङ्गठनले २०१२ मा विश्वका सबै नीति निर्माणकर्ताहरूका लागि सुझाव पेश गर्दै सामाजिक सुरक्षालाई निम्नानुसार व्याख्या गरेको छ :

क. सामाजिक सुरक्षा आधारभूत मानव अधिकारको विषय भएकाले आधारभूत सामाजिक संरक्षणको प्रत्याभूति सबै मानवलाई गरिनुपर्दछ ।

ख. गरिबी निवारण गर्ने, सामाजिक बहिष्करण घटाउने तथा विकासलाई प्रवर्धन गर्दै समान अवसर कायम गर्दै सामाजिक तथा आर्थिक समानता कायम गर्ने सामाजिक सुरक्षा आवश्यक रहेको छ ।

ग. सामाजिक सुरक्षा राज्यले आर्थिकरूपमा वहन गर्न सक्ने किसिमले राष्ट्रको वातावरण परिस्थिति भित्र पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

घ. आधारभूत सामाजिक सुरक्षाभित्र अत्यावश्यक स्वास्थ्य सेवा, बाल अवस्थामा आय सुरक्षा, ज्येष्ठ नागरिक र कामकाजी उमेरका सबै नागरिक तथा सबै बालबालिकाहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नुपर्ने गरी चारवटा विषयमा जोड दिएको छ ।

ङ. सामाजिक सुरक्षालाई बढोत्तरी गर्नका लागि रणनीतिको विकास गर्नुपर्ने हुन्छ ।

## ३. सामाजिक सुरक्षा रणनीति (ILO, 2012)

सबैका लागि सामाजिक सुरक्षा कार्यक्रमको सामाजिक संरक्षणको वातावरण तयार गर्ने तथा विस्तृत सामाजिक सुरक्षा प्रणाली स्थापना सहित सामाजिक सुरक्षा रणनीति तयार गर्ने गरी The Strategy of the International Labour Organization, 2012 ले Resolution and Conclusions मा तल उल्लेख गरेअनुसार जोड दिएको छ :


क. राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको आधारभूत तत्वका रूपमा स्थापित गर्ने (Horizontal Dimension)।

ख. सम्भव भएसम्म धेरैभन्दा धेरै मानिसलाई उच्चस्तरको सामाजिक सुरक्षा प्रदान गर्ने (Vertical imension)।

Low   Individual /household income

High Horizontal Dimension:

Guaranteeing access to essential health care and minimum income security for all, guided by Recommendation No= 202




Horizontal Dimension:

Guaranteeing access to essential health care and minimum income security for all, guided by Recommendation No. 202

माथिका सामाजिक सुरक्षाका दुई रणनीतिक आयामहरूका आधारमा निम्नानुसार गर्नुपर्ने हुन्छ :

**Horizontal Dimension: National social protection floors**

ILO ले २०१२ मा सुझाव नं. २०२ मा राष्ट्रले गरिबी घटाउने, जोखिममा परेका र सामाजिक बहिष्कणरमा परेका वर्गको संरक्षण गर्ने गरी मानव जीवनको समग्र जीवन पद्धतिमा न्यूनतम सामाजिक सुरक्षा प्रदान गर्न जोड दिन्छः

a. Access to essential health care, including maternity care.

b. Basic income security for children, providing access to nutrition, education, care and any other necessary goods and services;

c. Basic income security for persons in active age who are unable to earn sufficient income, on particular in cares of sickness, unemployment, maternity and disability;

d. Basic income security for older persons.

e. Vertical Dimension: National strategies for the extension of social security

प्रगतिशील तरिकाले उच्चस्तरको सामाजिक संरक्षण प्रणाली लागु गर्नका लागि रणनीतिक तरिकाले मापदण्ड तयार गर्न सुझाव नं २०२ ले निम्नानुसारका रणनीतिक निर्माण र कार्यान्यवन गर्नुपर्ने हुन्छ :

क. राष्ट्रिय प्राथमिकतालाई जोड दिँदै उद्देश्यहरू छनौट गर्ने,

ख. विद्यमान सामाजिक सुरक्षा प्रणालीमा रहेका अवरोध र खाडलहरूको पहिचान गर्ने,

ग. चुनौती र खाडलहरूलाई सम्बोधन गर्न आवश्यक पर्ने स्रोत साधनहरूको अनुमान गर्ने,

घ. स्रोत साघन र समयावधि सहितको कार्ययोजना तयार गर्ने तथा जनतामा सामाजिक अन्तरकृयाका माध्यमबाट जनचेतना फैलाउने ।

## ४. नेपालमा सामाजिक सुरक्षा प्रणालीको व्यवस्था

नेपालले सामाजिक न्याय र सामाजिक सुरक्षाका केही संयन्त्रहरूलाई विगतदेखि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रयोग गर्ने प्रयास स्वरूप सरकारी कर्मचारीका लागि पेन्सन र सञ्चय कोषको साँगुरो विचारधाराबाट सञ्चालित भएको थियो । अन्तरिम संविधान, 2063 बाट सामाजिक न्याय र सामाजिक सुरक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरिएबाट राज्यका नागरिकहरू तथा लक्षित वर्गको संरक्षण र विकासमा विशेष जोड दिएको देखिन्छ ।

### ४.१ २०६३ अघिको व्यवस्था र सामाजिक सुरक्षाको क्षेत्रमा कर्मचारी सञ्चय कोषले खेलेको भूमिका :

सरकारी कर्मचारीहरुका लागि सामाजिक सुरक्षासम्बन्धी व्यवस्था गर्न वि.सं १९९१ मा प्रधानमन्त्री जुद्ध शमशेरबाट पेन्सनका लागि “सैनिक द्रव्य कोष” को स्थापना गरको भनिन्छ । वि.सं २००१ मा निजामती कर्मचारीहरूको लागि निजामती सञ्चय कोष स्थापना गरियो । कर्मचारी संचय कोष पनि एक अविछिन्न उत्तराधिकारी वाला स्वायत्त संस्थाको रुपमा २०१९ सालमा स्थापित भई नेपालको सामाजिक सुरक्षा कार्य गर्ने सुप्रतिष्ठित संस्थाको रुपमा चिनिन्छ । स्थायी सरकारको रुपमा सरकारी सेवामा कार्यरत राष्ट्रसेवक सञ्चयकर्ताको मासिक किस्तावन्दी कट्टिलाई अनिवार्य बचत स्वीकार गरी उक्त रकमको जिम्मा जमानीको भूमिका निर्वाह गर्दै आएको छ । दूर्घटना क्षतिपूर्ति, काजकिरिया अनुदान, औषधी उपचार सुविधा जस्ता सरकारी सेवामा कार्यरत कर्मचारीहरुको समेत सामाजिक सुरक्षा प्रदान गर्ने स्वदेशको एक मात्र निकाय हो सञ्चय कोष । झण्डै ८३ बर्ष पहिले जुद्ध शमसेरको पालामा स्थापित सैनिक द्रब्य कोषको बिकसित अवस्था हो आजको सञ्चय कोष । यस अर्थमा सामाजिक सुरक्षाको क्षेत्रमा कोषको भूमिकालाई उच्चकोटीमा ब्याखा गर्नु सान्दर्भिक हुनेछ । निजामती सेवा ऐन २०१३ लागु भएपछि निजामती कर्मचारीहरुको लागि पेन्सन र उपादानको व्यवस्था भयो ।

निजामती सेवा नियमावली २०३१ लागु भएपछि अशक्त वृत्ति, उपचार खर्च, पेन्सन आदिको व्यवस्था गरियो । नेपालमा वि.सं. २०५२ देखि ७० वर्ष वा सोभन्दा माथिका वृद्ध वृद्धालाई प्रति महिना रू. १०० भत्ता दिने व्यवस्था प्रारम्भ भयो । सामाजिक सुरक्षाको क्षेत्रमा तत्कालीन सरकारद्वारा प्रारम्भ गरिएको यस अवधारणालाई नेपालको इतिहासमा अविश्मरणीय कार्य मानिन्छ ।

वि.सं.२०६३ अघि राज्यले सामाजिक सुरक्षा कायम गर्न विभिन्न नीतिगत तथा कानुनी पहलहरू पनि गरेको देखिन्छ, । जस्तैः श्रम तथा रोजगार नीति, २०६२, श्रम ऐन, नियमावली २०४८, ट्रेड युनियन ऐन, २०४९, बोनस ऐन, २०३०, निजामती सेवा ऐन तथा नियमावली, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, आपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०४९ बाल बालिका सम्बन्धी ऐन, २०४८, मुलुकी ऐन, २०२०, नागरिक लगानी कोष ऐन, कर्मचारी सञ्चय कोष ऐन २०१९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ आदि ।

**४.२ २०६३ पछिको व्यवस्था :**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ मा रोजगारी तथा सामाजिक सुरक्षा हक अन्तर्गत महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकहरूलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था तथा प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक हुने व्यवस्था गरिएको छ । धारा ३० मा श्रमसम्बन्धी हकमा प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुने व्यवस्था गरिएको, धारा ३३ आर्थिक तथा सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने व्यवस्था, धारा ३५ को ७, ९ र १७ मा क्रमशः राज्यले श्रमशक्तिलाई रोजगारी दिने, एकल महिला, अनाथ, बालबालिका, असहाय लगायतलाई विशेष व्यवस्था गर्ने र भत्ता दिने नीति अवलम्बन गर्ने उल्लेख गरिएको छ ।

त्यस्तै वैदेशिक रोजगार ऐन, नियमावली, २०६४ ले वैदेशिक रोजगारमा गएका कामदारहरूको सामाजिक सुरक्षा र संरक्षणलाई जोड दिएका छन् । त्यस्तै अहिले ७० वर्ष नाघेका सबैलाई, ६० वर्ष नाघेका दलितहरू, एकल महिलाहरू र कर्णालीका सबै जनतालाई तथा लोपोन्मुख जातिका सबै उमेर समूहका व्यक्तिहरूलाई मासिक रू. ५०० जनही भत्ता दिने व्यवस्था रहेको छ । पूर्णरूपले अशक्त अपाङ्गलाई रू. १००० र अशक्त अपाङ्गहरूलाई मासिक रू. ३०० भत्ता दिने व्यवस्था रहेको छ । गतवर्षदेखि ७० वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकहरूलाई उपचार खर्च वाफ्त वार्षिक रू. १ हजार प्रदान गर्ने कार्य प्रारम्भ गरिएको छ । आ.व. २०७२/७३ देखि ७० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकहरूका लागि मासिक रू. १००० सामाजिक सुरक्षा भत्ता दिने घोषणाले यस प्रणालीमा रणनीतिक आयाम थपिएको छ । १२ जिल्लाका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूको विवरण सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी अख्तियारी पठाउने कार्य सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गरिएको छ ।

### ४.२.१ आ.व. २०७१/ ७२ मा सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था

आर्थिक सर्भेक्षण २०७२/७३, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्रोतअनुसार सामाजिक सुरक्षा प्राप्त गर्ने निम्नानुसार को अनुमानित विरण रहेको छः

| क्र.स. | आ.व २०७१ /७२ को अनुमानित विवरण | जनसङ्ख्या |
|---|---|---|
| १. | ज्येष्ठ नागरिक अन्य (७० वर्षभन्दा माथि) | ६८८९३० |
| २. | ज्येष्ठ नागरिक (६० वर्षभन्दा माथि) | २३४३४६ |
| ३ | ज्येष्ठ नागरिक कर्णाली (६० वर्षभन्दा माथि) | २७८५५ |
| ४. | वार्षिक रू. २००० उपचार खर्च पाउने ७० वर्ष नाघेका ज्येष्ठ नागरिक (एकल, विधवा, पूर्ण अपाङ्ग र लोपोन्मुख आदिवासी जनजातिसहित) | ८८१४७४ |
| ५. | रातो परिचय (पूर्ण अशक्त) पत्र प्राप्त सङ्ख्या (प्रथम आठ महिनासम्म) | २६४६७ |
| ६. | नीलो परिचय (अति अशक्त) पत्र प्राप्त सङ्ख्या (प्रथम आठ महिनासम्म) | ४६११७ |

### ४.२.२ आ.व. २०७१/०७२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरूको विवरण

| लक्षित समूह | मासिक दर रू | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०६९/०७० | २०७०/७१ | २०७१/०७२ |
| ज्येष्ठ नागरिक | ५०० | ६६३६९३ | ६५५७३७ | ६८८९३० |
| ज्येष्ठ नागरिक (दलित) | ५०० | १७०८२५ | २४४६४६ | २३४६३४ |
| ज्येष्ठनागरिक (कर्णाली) | ५०० | २९६२६ | २८७९७ | २७८५५ |
| ६० वर्षमाथिका एकल महिला | ५०० | ३६१३५० | ३४११०६ | २३१३५२ |
| ६० वर्षमुनिका एकल महिला | ५०० | २१९९३३ | ३१३६१३ | ४१७२०१ |
| पूर्ण अपाङ्गता भएका व्यक्ति | १००० | २२१३८ | २५४९२ | २७२०३ |
| आंशिक अपाङ्गता भएका व्यक्ति | ३०० | ६७७४ | ६८६३ | ६३७५ |
| लोपोन्मुख आदिवासी र जनजाति | १००० | १८८२५ | १९२२३ | २०३०८ |
| बालबालिका | २०० | ५५१९१६ | ५३७११८ | ५०६७१८ |
| कूल जम्मा | | २०४५०८० | २१७२५९५ | २१६०५७६ |

*स्रोतः आर्थिक सर्भेक्षण, २०७२/०७३*

सबैलाई निःशुल्क स्वास्थ्य उपचार अन्तर्गत औषधी वितरण, लक्षित वर्गको निःशुल्क उपचार, मुटुको निःशुल्क उपचार, अपाङ्गहरूको निःशुल्क उपचार, निःशुल्क चश्मा वितरण लगायतका कार्यक्रम गरिएका छन् । विभिन्न जात जातिहरू र वर्गको संरक्षण र विकास गर्न, भाषाको संरक्षण गर्ने कार्यक्रमहरू सञ्चालित,"कर्णाली अञ्चल एक परिवार एक रोजगार" कार्यक्रम सञ्चालित, विभिन्न छात्रवृत्ति कार्यक्रम सञ्चालित जस्तैः महिला, दलित, कर्णाली, गरिब, जेहेन्दार, लोपोन्मुख आदि, "कामका लागि खाद्यान्न", "दुर्गम क्षेत्र अनुदान" तथा गरिबी निवारण र समग्रमा समावेशी विकासका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

## ५. नेपालमा सामाजिक सुरक्षा प्रणालीका चुनौतीहरू

नेपालमा सामाजिक सुरक्षा प्रणालीका चुनौतीहरू यस प्रकार रहेका छन्

क. औसत आयु बढ्दो रूपमा रहेको ।

ख. घट्दो काम गर्ने उमेर समूहको जनसंख्या बढ्दै गएको ।

ग. पेन्सन योजनाहरूले प्रभावकारी रूपमा अझै पनि समेट्न नसकेका समूह र रोजगारीमा लागेका व्यक्तिहरूको हीत गर्ने विषय जस्तैः पटके, अनौपचारिक स्वरोजगारमा लागेका साना कम्पनी र फर्मका मानिसहरू ।

घ. अझै पनि Defined Workforce भन्दा बाहिर केही महिलाहरू रहेका ।

ङ. Changing health profile- diabetes, heart diseases, muscle-skeleton, pulmonary disease, cancer, depression, dementia लाई सम्बोधन गर्नुपर्ने ।

च. ज्येष्ठ नागरिक, बेवारिसे महिला, पुरूष, अनाथ बालबालिका र एकल महिलाको हेरचाहको माग बढ्दो क्रममा ।

छ. वैदेशिक रोजगारीमा गएका श्रमिक वर्ग मृत्यु, घाइते, अस्वस्थता र दीर्घकालीन सामाजिक सुरक्षाको माग बढ्दै ।

## ६. नेपालमा सामाजिक सुरक्षा प्रणालीमा सुधारका पक्षहरू

नेपालमा सामाजिक संरक्षणका सन्दर्भमा Investment, Effectiveness, Coverage, Timely, र Impact मा आधारित भएर तल उल्लेख गरिए अनुसार सामाजिक सुरक्षाका सवालहरूको विश्लेषण गर्नुपर्ने हुन्छ ।

### क. नीतिगतरूपमा तहका सुधारहरू :

- सामाजिक न्याय र समताका लागि देशको आर्थिक अवस्था सुदृढ गर्ने र राष्ट्रिय नीति तथा कानुनहरूमा अन्तर्राष्ट्रिय मान्यतानुसार पुनरावलोकन र संशोधन गर्नुपर्ने ।
- सामाजिक सुरक्षासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७१ ले सर्वप्यापी सामाजिक सुरक्षा, आधारभूत सामाजिक सुरक्षा, रोजगार सुरक्षा कार्यक्रम, श्रमशक्तिको सामाजिक सुरक्षा कार्यक्रम र सामाजिक सहयोग कार्यक्रमका रूपमा सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत तथा वृहतरूपमा व्यवस्था गर्न खोजेको हुनाले समयमै पारित गर्नुपर्ने ।

- आर्थिक, सामाजिक र रोजगारीका नीतिसँग सामाजिक सुरक्षा नीतिलाई आवद्ध गरी एकीकृतरूपमा लागु गर्नुपर्ने ।
- सम्पूर्ण सरोकारवाला निकाय र नेपाल सरकार बीच सार्वजनिक, निजी र साझेदारीका कार्यक्रमसहित स्थानीय तहसम्म Right based approach का आधारमा कार्य गर्नुपर्ने ।
- सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने वर्गलाई सामूहिक सौदाबाजी गर्ने अधिकार प्रदान गर्नुपर्ने ।
- परिवारका कुनै न कुनै व्यक्तिले कुनै प्रकारको सामाजिक संरक्षण प्राप्त गर्ने हुनाले यस्ता कार्यक्रमलाई पारिवारिक संरक्षणका दृष्टिकोणबाट हेर्नुपर्ने ।

### ख. कार्यान्वयन तहका सुधारहरू

- भत्ता वितरणलाई वितरणमुखी हैन, प्राथमिकता र विपन्नताका आधारमा अधिकारमुखी बनाउनु आवश्यक रहेको ।
- एक किसिमको मात्र सामाजिक सुरक्षा योजनाले समाजका विभिन्न पेशा, व्यवसाय र वर्गका मानिसहरूलाई समेट्न गाह्रो हुने हुँदा उमेरका आधारमा, प्रकृति तथा व्यक्तिको अवस्था समेतको आधारमा सामाजिक सुरक्षाका उपायहरू अवलम्बन गर्न सकियो भने राज्यको स्रोत साधनको उचित प्रयोग भई व्ययभार पनि कम हुने ।
- सामाजिक सुरक्षा योजना लागु गर्न राज्यसँग खण्डीकृत तथ्याङ्कहरू अद्यावधिक गरी व्यवस्थित सूचना व्यवस्थापन प्रणाली लागु गर्नुपर्ने देखिन्छ ।
- नेपालको सामाजिक सुरक्षा योजना र नेपालमा दिइँदै आएको सामाजिक सुरक्षा भत्ताको स्वरूप उस्तै रहे पनि वितरण प्रणाली प्रभावकारी हुन नसक्दा र जीवन निर्वाहको दृष्टिले भत्ताको रकम ज्यादै न्युन हुँदा सही उपयोग हुन नसकेको अवस्थामा वितरणमुखी प्रणालीमा सुधार गरी उत्पादनमुखी बनाउनु जरुरी छ ।
- पेन्सन बैङ्किङ प्रणालीको विकास भएका ठाउँमा नवीनतम प्रविधिको प्रयोग गरी केन्द्रीकृत तरिकाले वितरण गर्दा भुक्तानी इकाइहरूको व्यवस्थापन हुन जान्छ भने सामाजिक सहयोग, हेरचाह र सेवा सुविधाहरूको वितरण प्रणालीहरूलाई बैङ्किङ प्रणालीका माध्यमबाट विकेन्द्रित तरिकाले वितरण गर्दा प्रभावकारी हुन्छ ।

### ग. अनुगमन तथा मूल्याङ्कनमा सुधारहरू

- मापनीय सूचकहरूको विकास गरी अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गर्नुपर्ने ।
- राज्य र स्थानीय निकायले अनुगमन र मूल्याङ्कन गर्नेतिर ध्यान दिई निजी क्षेत्रलाई वितरण प्रणालीमा परिचालन गर्न अध्ययन गर्नुपर्ने ।
- सामाजिक सुरक्षा भत्ता अभिलेख व्यवस्थापन प्रणालीलाई केन्द्रदेखि स्थानीय तहसम्म सशक्तरूपमा लागु गर्नुपर्ने जसका लागि राष्ट्रिय परिचय पत्र, गरीबी पहिचान परिचय पत्र, मतदाता परिचय

पत्र (ज्येष्ठ नागरिक), अपाङ्गता परिचय पत्र लगायत छरिएका र फरक फरक परिचय पत्रका सट्टा स्पष्ट पहिचान दिने एकीकृत स्वरूपको पहिचान दिलाउनुपर्ने ।

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै वर्ग र व्यक्तिको विवरण, त्यसको प्रभाव देखिने वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्ने ।

अन्त्यमा जोखिम र अप्ठ्यारो स्थितिमा रहेका र रहन सक्ने वर्गलाई राज्यका तर्फबाट प्रदान गरिने सहयोग, सहुलियत, राहत लगायतका कार्यलाई सामाजिक सुरक्षा भनिन्छ। नेपालले सामाजिक सुरक्षाका संयन्त्रहरूलाई विगतदेखि प्रयोग गर्दै आएको छ । अन्तरराष्ट्रिय स्तरमा महिलाका लागि सामाजिक सुरक्षा, सबैका लागि सामाजिक सुरक्षा तथा श्रमबजारमा आधारित सामाजिक सुरक्षा लगायतका स्वरूपमा बिरामी हुँदाको सुविधा, बेरोजगारी सुविधा, मातृत्व संरक्षण, बालबच्चाको हेरचाह लगायतका सामाजिक सुरक्षाका निश्चित मापदण्डहरू विकसित भएका छन् । पारदर्शी र व्ययस्थित वितरण प्रणाली, तथ्याङ्कको व्यवस्थापन गर्दै गरीबी निवारण, सामाजिक एकता, समानता र समता कायम गर्ने मानव अधिकारको एक माध्यमका रूपमा सामाजिक सुरक्षा प्रणाली लागू गर्नु आजको आवश्यकता हो ।

**सन्दर्भ सामग्रीहरू**


- नेपालको अन्तरिम संविधान, द्दण्टघ, कानुन किताब व्यवस्था समिति बबरमहल काठमाडौं ।
- तेह्रौं योजना २०७१/२०७२, ०७२/०७३, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं ।
- नेपालको सामाजिक सुरक्षा भत्ता कार्यक्रमको मूल्याङ्कन, २०६९, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं ।
- आर्थिक सर्भेक्षण, २०६९/०७० अर्थ मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।
- कोषका विभिन्न अङ्कहरू, कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।
- सामाजिक सुरक्षा प्रणालीसम्बन्धी प्रतिवेदन, सामाजिक सुरक्षा कोष, बबरमहल काठमाडौं ।
- www.issa.org
- www.ilo.org
- www.labournepal.org

# Role of ICT in Services Delivery of KSK



Er. Lochan Lal Amatya *

**Current exposure and Market potentiality**

Knowingly or unknowingly the Information and Communication Technology (ICT) is changing the way of our life:

- The way we do business is moving towards E-commerce, E-procurement and Online Banking (e-banking).
- The way we communicate has transformed. We hardly use Post Officeto send information through letters. Email, SMS, Facebook, Twitter and Online chat has enabled to communicate with concerned person.
- Share of information through Published books, Articles on Newsletters has become almost outdated. Internet and Virtual Library have enabled to share information in a fraction of second.
- Services like Health services, Education, Banking services, Social Servicesare being efficiently delivered.

We can feel the changes made in our life by just being out of Mobile and Internet access for a single day. These changes mostly seen in cities where ICT is widely used by people, Businesses, Utility organization and Government.

Widespread of Internet and digitization of services has helped Government and Local bodies to disseminate information to public.

If we walk though the various Information & Communication Technologies during last 20 Yrs., we have experienced from one form of ICT age to another form. Some of the experiences are:

a. We used Dial-up modem to dial through our telephone lines to access the Internet. We used to get Internet service Over Voice network(Telephone Network). Now we use Skype and Viber to make a voice call once you are connected to the Internet. This comes to be voice over Internet. This is the transformation of ICT age from Voice network to Data Network.



* Director, Nepal Telecommunication Company Limited

b. We had been watching our daily TV program using outdoor antenna or cable from Cable service provider. With introduction of Fiber and Satellite network, we are enjoying HD quality TV programs. These all are transmitted in Digital signals.

c. There used to be distance Education program on TV. We used to fix our time to watch such program on TV. Now a days,we connect to the Internet and learn online. This is called e-learning program. This has given us flexibility to learn at our convenient time.

d. Those who were playing Video Games on CD are now playing online on the Internet.

e. E-commerce platform has been changed to M-commerce. Now every transaction whether it is Information seeking, Financial transaction, payment of bills or meeting friends is possible from a Mobile phone which we carry.

Proliferation of the Internet has changed the economy into “Digital Economy”. The digital economy is the global network of economic and social activities that are enabled by platforms such as the Internet, mobile and sensor networks.

Karmachari Sanchaya Kosh(KSK) has been using Information System since last 30 Yrs to manage contribution of employees of different government offices. Computerization in KSK started with Batch mode data processing services using Mainframe computers of National Computer Center.

This was later replaced with in-house developed Information System, which was based on FoxBASE Database Management System. This system has changed working culture of KSK from batch mode data processing to online data processing with different levels of users within KSK office in Thamel. Computers in each service delivery desks were interconnected in Local Area Network . At this stage a separate systems were running for different contributing organizations like: Nijamati, Prahari, Army and Sansthan. These systems were running in silos environment, which had separate servers. KSK employee working in one system (Nijamati) could not access information of another system (Prahari). This system had limitation on increasing contributing offices and handling capacity of transactions.

In early 2060 BS An enterprise-wise Contribution Management System(CMS) was developed to cater increasing numbers of contributor offices and contributors. A centralized Database and web based development tools used in this system has enabled to add on new service delivery channels like: SMS service and e-service to contributors. Source code ownership with KSK has made easier to enhance the system by KSK technical personnel. It has been proved that appropriate

Information systems of KSKhas enabled to effectively deliver services to contributors. Some of the key requirement in the Information Systems for enabling better service delivery would be:

- Agility of Information System to cater new services and delivery channels
- Availability of technical human resources and their capability
- Retention of human resources
- System resources expandability

Since operation of this system, KSK's own Technical experts has developed additional about 18 different sub systems as an integrated system of CMS system and termed as Enterprise Resource Planning System. This has proved that till date this system has agility to expand services of KSK. However, existing System architecture and platform used may have some limitations to cater new services, which will be demanded by digital economy.

Currently KSK is providing services to about 5,00,000 contributors of 30,000 offices. Contributors are appreciating for services delivered by KSK using ICT. However growing demand of new services delivery will be a challenging task to KSK due to limitations in Technical architecture of the Information Systems and procedures we are following.

These contributors are segregated into 5 different divisions in silos environment. The technical architecture has limitations to increase divisions. This has created complexity in business process and single window customer service and providing unified e-services. Although, we can present existing deployed system CMS as a model of Enterprise Resource Planning (ERP) system, real ERP system architecture has not been considered during design of CMS system 10 yrs earlier.

Enterprise resource planning software, or ERP, doesn't live up to its acronym. Forget about planning—it doesn't do much of that—and forget about resource, a throwaway term. But remember the enterprise part. This is ERP's true ambition. The software attempts to integrate all departments and functions across a company onto a single computer system that can serve all those departments' particular needs.Building a single software program that serves the needs of people in core business (Contribution Management, Loans etc), GL, finance as well as it does the people in human resources and in the warehouse is a tall order. Each of those departments typically has its own computer system optimized for the particular ways that the department does its work. But ERP combines them all together into a single, integrated software program that runs off a single database so that the various departments can more easily share information and communicate with each other.

**New services delivery channels in emerging Digital Economy**

People connected online are increasing day by day. Communication between people to people, people to Service Provider are transforming from face to face to online media like: Web, Facebook, and Twitter etc. However, this transformation does not mean that earlier mode to interact with users/contributors should not be obsolete. Therefore, while delivering services through emerging channels, we should not forget legacy channels. A survey has to perform about effective use of service delivery channels to different segment of users/contributors. All of contributors/customers visiting counter of KSK may not be comfortable with e-services, sms services and other new channels. Or they might not be competent enough to use such channels. Therefore there should be alternate channels for any new delivery channels using ICT.

Lets take example of e-services of KSK. This service has made two segments of contributors: one who has information at his fingertips and another who has to visit KSK counter to get information. We can implement alternate service delivery channels likeIVR or call center where these contributors can call and get their information. Usage of ICT in Nepal by general people, are increasing day by day. And ICT media like: Facebook, Twitter and other social media are gaining popular among young and elder generations. Therefore, KSK services delivery should be able to deliver through these social media. These media can also be used to 1) educate on use of new service channel, 2) survey feed back on new services and 3) Provide information services which are provided through SMS and e-service.

*There are Common myths about ICT and public services:*

**Myth 1: Technology means everything will change quickly**

There can be some quick wins and technology has the potential to speed up transactions and processes, but it will not necessarily make overall transformation of public services a rapid process. A details study on the “use of technologies by contributors” and segmentation of contributors based on technology usage is must before implementing services. In line with this proper strategy should be implemented to transform internal HR to adopt new technologies. HR Capacity development and building confidence on usage of new technology should be a continuous task of the organisation.

**Myth 2: Technology is the biggest expense**

Technology can be expensive and requires sufficient investment both initially and to maintain and update its functions. However, some changes do not require expensive technology – the technology just has to be fit-for-purpose. Notice board service and Enquiry Service by Phone is a good example. Often, there are also other costs associated with using technology to implement

changes – staff time and project management need to be allocated sufficient resources to make these changes work.

**Myth 3: Technology is the 'solution'**

Technology can enable better delivery of services, but only if it is designed to be appropriate to need and is implemented with consideration for change management and people issues as well as technical issues. Specially, following concerns has to be addressed during adopting ICT solutions:

a. **Alienation :**

   People working in earlier system may not be competent enough to work in newly implemented system. This situation might have been experienced during implementation of CMS system. There were 2 groups of employees: one willing to learn new tools IT and work in CMS and another group who gave up to learn new tools.

b. **Importance of the individual :**

   New Solution will have revised business process on which may by pass the some of existing process or simplify. People who were attached to this process may feel that his/her power to make decision has been reduced.

c. **Lack of professional responsibility :**

   Implementation of Information System in services delivery can be delivered 24 hours in seven days a week without involvement of KSK employee. However, monitoring of system and monitoring of services delivered is necessary to ensure proper, efficient, security and reliability of system. Proper monitoring and reporting at each level of organisation unit should be done.

**Conclusion**

ICT systems adopted by KSK for delivery of Services to its contributors and partners were in-house developed and easily adoptable to Nepalese environment. These systems were transformed from Batch mode system to online systems adopting ICT technologies available in Nepal. This should be a continuous process of development. Services Channels provided to contributor (KSK service desk, e-service, SMS Service, IVR service and Notice Board service) have limitations in delivering services. Services delivered by Service Desk of KSK cannot be fully delivered by e-service and other channels. It means these new channels can't replace Service Desk. However, these channels can reduce working load of employee.

Emerging Digital economy is demanding for online delivery of services without interacting face-to-face. Contributor does not need to visit KSK service desk to avail loan or payback loan. He/she should be able to avail such service thought other existing online channels. To provide such service KSK should upgrade its CMS system with full phased ERP functionality and ability to provide single window service for all types of services of KSK (Contribution, Home loan, Education Loan, Normal Loan and others)

ICT has a play great role in increasing efficiency of an organisation. However ICT based systems are fragile in nature. If ICT system breaks, organisation is totally paralised. Therefore leaders of organisations should be trained in how to manage the potential and risks of ICT. Business Continuity Plan/Disaster Recovery plan should be in place with regular drilling procedure.

Karmachari Sanchaya Kosh(KSK) also known as  Employee Provident Fund (EPF) of Nepal since its establishment in 1962AD under KSK Act has been able to become as a strong social security providing organization in Nepal. Now time has come to emerge from “Strong” to “Smart KSK” using ICT enabled services delivery.

# Prospect, Investment and Risk Management of Employee Provident Fund



Hemanta Bashyal *

**Current exposure and Market potentiality**

With Current total assets of the Employment Provident Fund is 195.9 billion and total fund is 189.7 billion, EPF Nepal is the highest fund manager of single fund manager in Nepalese economy. This is the twice of the largest commercial bank's portfolio and 7 times of the largest insurance companies fund. It indicates that EPF is the largest financial intermediaries in Nepalese economy even though it has not explored the potentiality of the market. It only covers around 500 thousand contributors who are employed by public sector of the Nepal and very few from private sector, which is only 3% of the working age population of the nation. The total population is approximately 29 million and working age population is around 17 million. More than 4 million Nepalese citizens are employed outside the territory of Nepal who has more than average earning capacity. Most of their earning is expensed and proportion of the saving is also invested in non productive sector like real estate. The majority of the earnings population is not covered by EPF Nepal till date. If EPF could cover those group the earning of such people will be saved, and expense on non required sector (luxury) be minimized.

Current growth rate of fund is 18% annually, number of contributor is in increasing trend and even salary is also increased gradually. After exploring additional market number of contributor will be 3 times at current situation. If EPF could explore additional market including outside the territory of Nepal, EPF fund size could be more than 20 times within a decade which could be approximately 40% of the GDP of economy.

The massive potentiality of the market could be meaningful while it could manage its fund properly. The investment market that EPF has explored yet is very limited. Most of the fund is invested to its own contributors borrowing that is around 55% of its portfolio. Second largest portfolio is fixed deposit i.e. 19% of the portfolio. Even investment in fixed income security is in private placement and those securities are not listed in any market and concentrated portfolio in few projects. Diversified portfolio on project financing is not achieved yet and even all of the underlying risk has been barn by EPF except those projects finance through government guarantee.



* Managing Director, Bashyal & Company Pvt. Ltd. (An investment and risk consultancy firm)

**Investment Management:**

Investment management is a very competitive business with many different types of service providers. Increasing numbers of financial and nonfinancial companies now declare savings and investment products and services to be their core competence. A number of factors have made investment management one of the fastest growing and competitive businesses in the financial services industry. These factors include tremendous growth in assets under management, the globalization of capital markets, and the proliferation of investment alternatives, changes in client demographics and relationships, and rapid technological advancements. Institutional retirement and investment company accounts are typically the most profitable. (Comptroller's Handbook, Investment Management Services) Investments have taken on new forms in response to changes in investor characteristics and demands, financial regulation, political environments, and technological abilities. While investors and their portfolio managers, or advisers, still concentrate on traditional investments vehicles, such as publicly traded stocks and bonds, an increasing number of investment alternatives, such as real estate, hedge funds, and other unregistered private investments, are used as a means of enhancing a portfolio's risk-return relationships. The investment management industry is in transition, and though it offers the opportunity for significant, recurring fee income, effectively managing the business's risks poses tremendous challenges.

Given the global experience, one way for the EPF to improve its performance and push up its long-run dividend rate to exceed past levels (or even beyond the double digit level) is by increasing its share of investments in equities. But this is attainable only on a long-term basis and for an investment time horizon of ten to twenty years. The return on investments from equities is primarily in the form of capital gains. But the equity market is highly volatile.

**Fixed Income Security Exposure and Securitization**

Rather investing on an non productive sector [real estate landing to its contributors] and placing fixed deposit on banks. it could finance for new projects, for profitable projects that is not able to raise fund for development of the project. after financing for the project, exposure it does not wish to retain could be transfer to willing investor through securitization process. This process do provide revenue enhancing option to EPF through two way, first as a service charge 1% per annum for total exposure, and higher coupon with taking exposure on lower tranche on securitization process. Even though it could take large exposure on the project at initiation, exposure could be easily transfer to willing party doing so, in different project EPF can create diversified portfolio retaining revenue enhancing option. EPF can initiate to finance mega project like Nalsinghgadh, Budigandaki, upper karnali ,Pashchim Seti, Arun etc which can be done through domestic investment, and undesirable exposure can be placed in the market through

securitization. Only EPF's fund may not sufficient to finance all these projects. EPF can take initiation to securitize those security and float in the market. In the scenario of scarcity of fixed income security in the market, securitization process help to transfer risk from EPF to willing small investor who wish to take exposure on those security. The basket of loan portfolio can be securities and different tranches security could be floated in the market as the need of investor universe of Nepal. The proceeds from securitization and EPF's additional fund can be invested in other upcoming projects. While securitizing, even those securities issued by other than EPF also could included in the basket. Doing so EPF will get fee as servicer up to 1% annually which could enhance earning of EPF and EPF can retain some exposure on those security too. EPF could have exposure on different number of projects so that exposure will be diversified in overall portfolio. If EPF could transfer 90 percent of its total exposure to other willing investor, effective earning on existing exposure will be 9% (i.e. 9*1%) percent as service charge and coupon on existing exposure will retain by EPF yet. Even EPF can retain lower tranche security as taking higher risk even though coupon on bond is 10% then lower tranche bond will have more than 15% as the nature of tranching, financial engineering. Level of risk borne by issuer or servicer with combined effort, effective return would be more than 25% which is higher than the equity exposure, with the fixed income security exposure.

Securitization do support overall financial system to fill the gap between investor and borrower, the process smoothen the financial system, overall economic system could bust and better economic condition with mobilization as well as utilization of idle fund and promoting developers with enhancing and exploring investment opportunities of the market by initiating investment in mega projects.

**Equity Exposure and Alternative Investment**

As a provident fund, the EPF has attempted to operate as a portfolio investor and not as a promoter or a major shareholder in individual businesses. The EPF should be taking portfolio risk and not business risk based on the time-tested principles of portfolio management. Also, the skills and resources at its disposal are better at managing portfolios (either directly or indirectly through fund managers) than at managing a diverse range of operating businesses. However, as domestic financial markets are under-developed and given the restrictions on international diversification, the EPF has been facing a serious constraint on the extent to which it has been able to invest in marketable securities. The relatively high share of its portfolio invested in direct loans is due, for instance, to the inadequate supply of marketable securities. This increases the reliance of the EPF on an investing model that is based on a relationship system than one that is based on market prices or contracts and hence on a system which may not be arms-length or transparent.

Till date EPF do have very nominal equity exposure (only 2.5% of total exposure of EPF) in some selective companies which is promoted by government or other quasi government body. EPF itself should promote new ventures or through private equity or collaboration of other entity that has specialization at that field but do have in dilemma just because of the capital component. While promoting such venture it can also retain equity exposure to depositors (like in Upper Tamakoshi Hydro Electric Project), it not only promotes depositors, also provide additional capital to new venture, makes project feasible and more attractive.

Assets allocation on equity exposure should be 10% of the total exposure is a general practice. Among it 50% could be allocated to ventures and 50% could be allocated to invest on the equity exposure through primary market (private placement) or open market and secondary market.

EPF may invest through Mutual Fund, but current market size of Mutual fund is too small so market depth may not support to fulfil objective of EPF. In this case scenario EPF may promote Mutual fund itself and can allocate 50 to 75% of the units to EPF at private placement and remaining can float on the market to general investor.

**Diversification and Risk Management**

Investment risk is commonly described by relating it to the uncertainty or the volatility of potential returns from a portfolio or investment over time. The source, probability, and impact of this uncertainty depend on the particular portfolio or investment. Sources of investment risk include financial exposure to changes in interest rates, equity and debt markets, inflation, foreign exchange rates, commodity prices, and other global economic and political conditions.

”A Goldman Sachs study (1995) for the period 1985 to 1994 on Malaysian showed that if the proportion invested in MGS had been reduced to 75% and that in equities and properties had been raised to 10% and 5%, then the average returns on this more diversified portfolio would have been some 15% higher with a corresponding reduction in risk of about 12%. A more balanced portfolio with 50% in MGS, 25% in equities, 10% in cash and 15% in properties would have increased returns by about 35% and lowered risk by 10%, as compared to the EPF’s historic portfolio with 90% invested in MGS (Malaysian Government security) and 10% in cash.”

*Asset Allocation, Investment Strategy and Governance Issues Revisited, R. Thillainathan, Immediate Past-President, Malaysian Economic Association, 2003*

Diversification benefit is achieved through allocating resources in several assets which has low correlation of return among those assets. After exploring new dimension of investment alternative from different sector (equity as well as fixed income security) can achieve diversification benefit

as well as earning enhancement. Generally EPF has large exposure in a single venture and it need to take large exposure in any new venture to make venture feasible. Among those fixed income security, EPF already has and new potential Fixed Income security investment, securitization do help to transfer some or all risk to specific investors. The level of exposure EPF wants will be retain with EPF and remaining exposure will be securitized and float to the market. Doing so EPF could raise additional fund and could invest it in next venture and can take exposure in various projects.

Equity exposure enhances earning on the portfolio. A diversified portfolio, numbers of investment in different ventures or in different companies from different sector with correlation less than 1 project do assist to diversify equity portfolio. This do minimized unsystematic risk on the portfolio. A effectively diversified portfolio do have no unsystematic risk.

A combined diversified portfolio of fixed income security exposure of 90% and 10% on equity be best fit for to achieve the objective of the fund. Every investment decision should be based on the rigorous analysis of the data; investment decision should be based on fact rather than rumour or managers description. Manager should have discretion in investment decision but this discretion should be based on the fact. For this purpose Investment Policy, Risk management policy as well as benchmark policy should be placed by EPF.

The process of the diversification will diversify overall financial risk, but above mentioned process do not address for business risk of the EPF. To minimize its business risk, management should hire qualified personnel and better management practices with wide data management system and in-house research unit. The research unit should be expert from various sectors to analyze new venture as well as investment opportunities where EPF is willing to invest.

**Risk Management Processes**

Effective risk management requires an understanding of the specific needs and risk tolerance of the beneficiary, as well as the types and characteristics of portfolios and assets managed or advised by the fund. Risk management processes must be developed and implemented that effectively assess, control, and monitor the risks affecting each of these entities Risk managers must be cognizant of and sensitive to these potential conflicts when implementing risk strategies and internal controls. An effective risk management system is characterized by active board and senior management risk supervision and sound processes for risk assessment, control and monitoring.

**Risk Supervision**

Board of directors and senior management must fully support and oversee the risk management process for investment management services, including risk management processes related to functionally regulated activities. The following are the key responsibilities of a board and senior management relating to investment management services:

- Establish strategic direction, risk tolerance standards, and an ethical culture consistent with the bank's strategic goals and objectives.
- Establish an appropriate organizational structure with clear delineation of authority, responsibility, and accountability through all levels of the organization.
- Develop and implement a comprehensive and effective risk management system.
- Monitor the implementation of investment management risk strategies and the adequacy and effectiveness of risk management processes.

*(Comptroller's Handbook, Investment Management Services)*

**Risk Assessment**

Investment risk comes from many sources. Effective risk management requires that investment risk specific to a particular portfolio and the risks a bank assumes when managing investment portfolios be identified and understood. Risk assessment processes help determine what the risks are, how they should be measured, and what controls and monitoring systems are needed.

Persons assigned the responsibility of managing risk must identify the types of risk and estimate the levels of risk created by investment management services. Business line, portfolio, and other risk managers must understand the characteristics and expectations of the fund's different types of beneficiaries and portfolios and identify the applicable risks. Internal and external risk assessment should be comprehensive and continual. In order to facilitate the identification and understanding of relevant risks, the EPF should clarify what type of risk measurement and reporting processes it expects from portfolio managers, third-party service providers, and investment counter parties. Risks vary over time because of changes in clients' characteristics and needs, portfolio composition, capital markets and economies, political environments, and fund's strategies. Therefore, some risk assessments should be ongoing or open-ended, others should take place regularly, and some should take place when significant changes occur.

**Strategic Risk**

Strategic risk is the current and prospective impact on earnings or capital arising from adverse business decisions, improper implementation of decisions, or lack of responsiveness to industry

changes. This risk is a function of the compatibility of an organization's strategic goals, the business strategies developed to achieve those goals, the resources deployed in support of these goals, and the quality of implementation. The organization's internal characteristics must be evaluated against the impact of economic, technological, competitive, regulatory, and other environmental changes.

The implementation of a successful investment management business requires a sound strategic planning process embraced by the board and senior management. It requires substantial provision of financial, human, and technological resources. Information systems, product development and distribution, and personnel expenditures must be appropriate for the diversity and complexity of an organization's operations. If they are not, the result may be poor earnings performance, wasted capital, and diminished value.

Every investment decision should be risk based, risk and return objectives should fulfilled in overall portfolio context. Each of the investment decision should be based on the portfolio context not a standalone risk basis of the project

Identifying and quantifying risk (risk profiling) is the key of the risk management process. Risk assessment is required to quantify how much risk does it posed in different investment portfolio, it supports to quantify risk of the investment, to implement risk management in any organization quantifying risk of the investment is crucial. Quantifying existing risk exposure, correlation of the return among investment and total risk in the overall investment portfolio as well as business risk of the organization is required for EPF and is very essential for better risk management practice. After quantifying level of risk, organization can place risk based investment in portfolio context otherwise it is likely impossible to achieve fully diversified portfolio and minimized risk of the portfolio. After quantifying risk, organization can identify level of risk; acceptable risk or need to transfer risk or ignore risk. The initial phase of the risk management practice is risk profiling of the organization: risk assessment of the each portfolio and each unit of business; risk mitigation and then proper risk management through diversification.

**References:**


- Bernard S Black, "Shareholder Passivity Re-examined", Michigan Law Review, December 1990, pp 520-608.
- Franco Modigliani & Arun Muralidhar, A Taxonomy of Pension Reform Issues: The Case of Social Security, Mimeograph, August 1998.

- Goldman Sachs Asset Management, Asset Diversification - The Future Strategy for Employees Provident Fund, Malaysia, 1995. (Mimeograph)
- Investment Analysis and Portfolio Management, Cohen, Zinbarg, and Zeikel,1993.
- Investment Analysis and Portfolio Management, Frank K. Reilly, 4th Edition, 1994.
- Investment Management Services, Comptroller of the Currency Administrator of National Banks, Comptroller's Handbook August 2001
- Investments, Bodie, Kane, and Marcus, 2nd Edition, 1993.
- Managing Your Investment Manager. 2nd ed., Arthur Williams, III, Dow-Jones Irwin, 1986.
- Nonprofit Investment Policies. Robert P. Fry, John Wiley & Sons, 1998.
- Pioneering Portfolio Management: An Unconventional Approach to Institutional Investment. David F. Swensen, Free Press, 2000.
- Principles of Real Estate Investment. Commonfund, 2000.
- Risk Bucketing – Keeping an Eye on What Is Important. Commonfund Institute Whitepaper, 2005.
- The Portfolio Management Process and Its Dynamics, J. Maginn and D. Tuttle, Chapter 1,"Managing Investment Portfolios, A Dynamic Process," 2nd Edition, 1990.
- The Role of Hedge Funds in Nonprofit Investment Management. Commonfund, Revised 2005.
- Understanding the Four Levers of Fiduciary Responsibility. Commonfund Institute Whitepaper, 2005.

## Websites

- www.finance-glossary.com
- www.centrex.com/terms.html
- www.investorwords.com
- www.fp.edu/tools/glossary.asp
- www.epf.org.np
- www.nrb.org.np
- hemrajp2012@gmail.com

# सञ्चयकर्ता अभिमत



कोषमा सञ्चित रकमको कानुनी सुरक्षाप्रति यहाँको के धारणा छ ?

**बसन्त राज गौतम** *

**कर्मचारी सञ्चय कोषको विकास**

कर्मचारी सञ्चय कोषमा करिव ५ लाख भन्दा बढी सञ्चयकर्ताको रुपमा कोषमा आबद्ध सदस्यहरुको १ सय ६३ अर्व भन्दा बढी रकम कोषमा सञ्चित रहेको छ ।

कर्मचारी सञ्चय कोषले कोषका सदस्यहरुलाई विशेष सापटी, दश वर्षको तलव वरावरको घर सापटी, सञ्चयकर्ताका सन्तानको उच्च शिक्षाका लागि शैक्षिक ऋण लगायतका सुविधा मार्फत सो सञ्चित रकमको परिचालन गरिरहेको छ । साथै, सञ्चयकर्ताको सेवा अवधिमा मृत्यु भएमा दिइने कृया खर्च, वीमा रकमका साथै दुर्घटनामा परी अंग भंग भएकालाई उपलब्ध हुने आर्थिक सहयोग आदि कर्मचारीको सुरक्षित भविष्यका लागि गरिएका थप उपागमको रुपमा स्थापित छन् । यसका अतिरिक्त मुलुकको आर्थिक विकासको क्षेत्रमा कोषले विभिन्न माध्यमले आफनो लगानी कार्यलाई निरन्तरता दिँदै आएको छ ।

सरकारी तथा संगठित संस्थाका कर्मचारीले आफ्नो संस्थासँग निश्चित करार गरी तोकिएको अवधिसम्मका लागि सेवा गरेवापत प्राप्त गर्ने निवृत्तिभरण, उपदान लगायत संचित गरेको बचत नै उनीहरुको सेवा निवृत्ती पछिको आर्थिक सुरक्षाका भरपर्दो आधार हो । सञ्चय कोष, सञ्चयकर्ता, रोजगारदाता र व्यवस्थापन बीचको एक त्रीपक्षीय संस्थाको रुपमा विकसित भएको कोषको कार्यसम्पादन र आर्थिक लाभ एवं सेवा दक्षिण एशियाली मुलुकहरु बीच उत्तम मानिएको छ ।

**कोषको सुरक्षा**

नेपालका बैङ्क एवं वित्तीय संस्थाहरु र खास गरेर नीजि बैङ्क र सहकारी संस्थामा पछिल्ला समयमा देखिएको बढ्दो वित्तीय विकृति एवं वित्तीय जोखिमलाई वित्त विश्लेषकहरुले सञ्चयकर्ताको सञ्चितिलाई निम्न दृष्टिकोणबाट विश्लेषण गर्ने गरेको पाइन्छ ।

- संचित रकमको निःशर्त फिर्ता भुक्तानी प्रत्याभूति
- संचित रकमको सुरक्षित बहुउपयोग लगानी प्रत्याभूति
- संचित रकमको प्रतिस्पर्धी बहुलाभ प्रत्याभूति



* महानिर्देशक, केन्द्रीय पञ्जीकरण विभाग

पहिलो हो, संचित रकमको प्रतिफल प्रत्याभूति । सञ्चय कोषमा रकम सञ्चय गर्नुपर्ने कार्यालयले कर्मचारीको मासिक तलबबाट दश प्रतिशतमा नघट्ने गरी कट्टी गरेको रकम र सोही रकम बरोबरको थप रकम समेत गरी जम्मा गरिने रकममा निर्धारित व्याज व्यवस्था अन्तर्गत सञ्चयकर्ताले पाउने प्रतिफल जुन बजारको ब्याजदर भन्दा बढी र आकर्षक मानिन्छ ।

दोश्रो, जीवनभर आफूले आर्जेको रकम आफ्नो शेष पश्चात आफूले इच्छाइएको व्यक्तिले पाउने कारणले यसबाट सृजना हुने सुरक्षा । संचित रकमको फिर्ता भुक्तानीका हकमा सञ्चयकर्ता जुनसुकै हिसाबले पनि सेवाबाट अवकाश हुँदा आफ्नो सम्पूर्ण रकम एकमुष्ट फिर्ता पाउने कानूनी व्यवस्थाले सञ्चयकर्ता माभ्र आफ्नो संचित रकममा अन्य कानूनी भार लाग्न नसक्ने हुँदा ढुक्क हुने स्थिति रहेको रहेको देखिन्छ ।

तेस्रो, कुनै कारणवश सञ्चयकर्ताको संचित रकममा आर्थिक मन्दी, विश्वव्यवापी प्रभाव, प्रतिस्पर्धा वा कुनै अन्य कारणबाट कोषले निर्धारित व्याज दिन नसक्ने भएमा त्यस्तो अवस्थामा सञ्चयकर्तालाई न्यूनतम ब्याजको सरकारी प्रत्याभूति ।

**नेपाली सञ्चयकर्ताकाको सन्दर्भमा जोखिम**

नेपालको सन्दर्भमा सञ्चय कोषमा रहेको रकमको सुरक्षाका सम्वन्धमा सञ्चय कोषले गरेको व्यवस्थाबाटै सचयकर्ताको सुरक्षा अनुभूती विश्लेषण गर्नुपर्ने हुन्छ । कर्मचारीका लागि आफ्नो संचित रकममा बाह्य वित्तीय जोखिमको कस्तो प्रभाव पर्छ भनेर बिश्लेषण गर्नु र सोको समुचित ब्यवस्थापन गर्न कोष सक्षम छ छैन भनी आश्वस्त हुनु नै जोखिम ब्यवस्थापन हो । नेपालको बैङ्क र वित्तीय संस्थाहरुमा देखिएको बढ्दो वित्तीय जोखिमलाई मध्येनजर गरी जोखिम ब्यवस्थापनलाई उच्च प्रथामिकता राख्दै नेपाल राष्ट्र बैङ्कले जोखिम ब्यवस्थापन निर्देशिका २०१० जारी गरी लागु गरेकोछ । बैङ्क वित्तीय संस्थाले अनिवार्यरुपमा जोखिम ब्यवस्थापन समिति गठन गरी सो मार्फत सम्पूर्ण जोखिम ब्यवस्थापन गर्ने कार्य गरेको पाइन्छ । सञ्चय कोषका लागि पनि जोखिम ब्यवस्थापनका लागि यी प्रावधान उत्तिकै महत्वपूर्ण छन । कोषको जोखिम ब्यवस्थापनको मुख्य जिम्मेवारी उच्च ब्यवस्थापन र संचालक समितिमा रहेको हुदा अधिकार क्षेत्र भन्दा बाहिर गएर स्रोत परिचालन गरेमा मात्र वित्तीय नोक्सानी बहन गर्नुपर्ने अबस्था आउन सक्छ । तर, सञ्चय कोषको हालसम्मको अबस्थामा ब्यवस्थापन चुस्त र सन्तुलित देखिएको कारण स्रोत परिचालनमा उल्लेख्य जोखिम भएको पाँइदैन ।

सञ्चय कोषबाट उपलब्ध ऋणको हकमा ऋणीले तोकिएको समयमा आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा उत्पन्न हुने credit default risk, एकै व्यक्ति, वित्तीय संस्था वा प्रबर्द्धनकर्ता समूहलाई बढी कर्जा प्रवाह गरेको अवस्थामा सिर्जना हुने concerntration risk र लगानी भएका संस्था सम्बद्ध कुनै देशले वैदेशिक मुद्रामा दिनुपर्ने भुक्तानी दिन नसकेमा वा वैदेशिक मुद्राको सञ्चितिमा कमी आएमा हुने जोखिम country risk यी तीनै प्रकारका जोखिमलाई कोषको कार्यगत आर्थिक लगानी नीतिबाट व्यवस्थित गरिरहेको छ छैन भनी एक सञ्चयकर्ताले नियालीरहेको हुन्छ । नियमित रुपमा कर्जा प्रवाह गर्दा सञ्चय कोषले उल्लेखित जोखिमहरुबाट हुन सक्ने नोक्सानीलाई बहन गर्ने सक्ने credit risk measures छ छैन भन्ने कुराप्रति सञ्यकर्ताको चासोले पनि जोखिम ब्यवस्थापनलाई सहयोग पुगेको मान्न सकिन्छ ।

## कानूनी व्यवस्था

कोषको सञ्चित रकमको स्वामीत्व, शेष पछि आफूले इच्छाईएको व्यक्तिमा हस्तान्तरण व्यवस्थाका सम्बन्धमा कर्मचारी सचयकोष ऐन, २०१९ र निजामती सेवा ऐन, २०४९ को व्यवस्थाहरु प्रमुख रहेको छ । यस्तो सञ्चित रकममा सञ्चय कोषले वाणिज्य बैंकहरु भन्दा बढी व्याज प्रतिफल दिएको देखिन्छ । यसलाई कोषको आर्थिक व्यवस्थापन पक्ष बलियो र चुस्त रहेको मान्नुपर्छ । साथै संकटको अवस्थामा सञ्चयकर्ताको संचित रकममा कोषले बार्षिक ३% व्याज दिन नसक्ने भएमा संचयकर्तालाई त्यति व्याज दिनुपर्ने र सो को संचित भार नेपाल सरकारलाई हुने महत्वपूर्ण प्राव्धान रहे पनि हामीले ग्रीसको पेन्सन रकमको भुक्तानी असमर्थता लगायतबाट सिकेको पाठप्रति सञ्चय कोष चनाखो रहनुपर्दछ ।

संचित रकमको कर मुक्तीको सन्दर्भमा आयकर बाहेक अन्य करबाट उन्मुक्ति दिइएको छ । सञ्चयकर्ताको तर्फबाट कोषले गरेको लगानी कुनै कारणवश असुरक्षित हुन जाँदा सो कम्पनीको आयव्ययमा सर्वैभन्दा पहिलो हक सञ्चय कोषको लाग्ने भएकोले सञ्चयकर्तालाई आफ्नो बचतको लगानीमा आश्वस्त हुने अवस्था छ । आफ्नो संचित रकमबाट लिईएको ऋण सापटको भाखा पनि ५ बर्ष भन्दा बढी राख्न सकिने प्राव्धानका कारण ऋणी संचयकर्तालाई आर्थिक भारबाट सरल तरिकाले मुक्त गराउन सकिने देखिन्छ ।

सञ्चय कोषको हकमा लगानी सुरक्षित राख्न ऐनले नै कोषको लगानी सम्बन्धी अधिकार र संचालक समितिको अधिकारको व्यवस्था गरेको छ । यी अधिकारहरु नेपाल सरकारको निर्देशनमा रही कोष संचालक समितिले प्रयोग गर्छ । मूलरुपमा सरकारी कर्मचारीको धरोहरको रुपमा रहने सम्पत्ती सुरक्षाको विषय भएकोले पनि यस्तो ब्यवस्था भएको हो ।

कोषमा सञ्चयकर्ताले सञ्चय गरेको रकम कोष संचालकले जुनसुकै कारणले पनि वित्तीय क्षेत्रमा लगानी गर्न सक्ने अवस्था रहँदा संचालकको अदूरदर्शी निर्णय र मनोमानी निर्णय हुनबाट रोक्न कानूनले विभिन्न प्राव्धान राखेको देखिन्छ । संगठित संस्थाहरुले कोषकै पूँजी ऋण लिई पूँजी व्यवस्थापन गर्ने नीतिगत व्यवस्था खुला गरे पनि गुठीको जायजेथा शेष जमानतका आधारमा ऋण दिन निषेध गरिएबाट पनि सञ्चयकर्ताको सम्पत्ति सुरक्षित गर्ने प्रयास गरेको देखिन्छ । यसरी लगानी भएको ऋणवाट प्राप्त प्रतिफल सञ्चयकर्ताले नै पाउने भएकोले र त्यसो गर्न गराउन कोष संचालक समितिको निर्णयबाट हुने भएकोले पनि यो सुरक्षित मानिन्छ ।

कोषको रकम कोषसम्बद्ध कर्मचारीले आफ्नो पदीय वा अन्य प्रभावमा पारी कोषको रकम आफ्नो हितको व्यापार व्यवसायका लागि ऋण लिन बन्देज गरिएको छ । यस्तो कार्य कानूनी रुपमै दण्डनीय बनाइएको कारणवाट पनि त्यस्तो अपचलन हुने सम्भावना देखिएको छैन । संचित रकम सुरक्षाको यो अर्को उपागम मानिन्छ ।

आफूले संचित गरेको रकम अन्य वाणिज्य बैंकहरु भन्दा राम्रो व्याज उपलव्ध हुने अवस्थामा सञ्चयकर्ताले सेवा अवकाश पश्चात पनि ६ वर्षसम्म आफ्नो रकम संचित गर्न पाउने कानूनी व्यवस्थाले व्याज र प्रतिफलमा सुरक्षा प्रदान गरेको त देखिन्छ नै, साथै सो ६ वर्षको अवधिका सञ्चयकर्ताले लगानीको लागि पनि ग्राहक हुने अवस्था रहेको छ । कोषको सुरक्षाका लागि संचित रकममा सञ्चयकर्ता र निजले इच्छाइएको व्यक्ति बाहेक

अंशियारको हक नलाग्ने, अंशबंडा गर्न कर नलाग्ने, अदालतबाट व्ययभार थोपर्न नमिल्ने, साहु महाजन नलाग्ने र यहाँसम्म कि सरकारी बाँकी उपर पनि उक्त रकमबाट असुल गर्न नपाईने व्यवस्थाले यो कोष नै संचयकर्ताको सुरक्षित कोष मानिन्छ ।

**विश्वव्यापी मुद्दा**

निवृत्ति लाभहरुमा उच्चदरको घाटाका कारण Pension benefit आईसीडी राष्ट्रमा आर्थिक एवं राजनैतिक वहसको विषय बन्न पुगेको छ । Netherland ले कडा कोष व्यवथापनका माध्यमबाट कोष रकमको सुरक्षा अवलम्वन गरेको छ भने UK जस्ता देशले पेन्सन लाभ प्रत्याभूति उपागमबाट यस्तो कोषको सुरक्षा गरेको देखिन्छ। पाकिस्तानले सन् २०१४ मा मात्रै कोषवाट Capital market मा लगानी गर्न Investment Cap को प्रतिशत ७० पुर्‍याएको देखिन्छ । यस्तो ७० मध्ये ३० प्रतिशत पूँजी वजार र ४० प्रतिशत मुद्रा वजार कार्यक्रममा लगानी गर्नुपर्ने कानूनी व्यवस्था गरेको कारण पनि listed equity वा debt securities मा लगानीलाई नियन्त्रण गर्न भनिएको छ । (www.thenews.com.pk)

कोषलाई लगानी खुला नराखी नियन्त्रणमुखी बनाउनका लागि शेयर लगानी, डिवेन्चर र लगानी तर्फ वित्तीय संस्थाको निस्काशित पूँजीको वा डिवेन्चरको २५५ भन्दा बढी लगानी गर्न नपाइने व्यवस्था राखिएको छ । मलेसियामा कम्तिमा २.५५ को डिविडेन्ड वार्षिक रुपमा दिनुपर्ने प्रावधान छ । (www.kwsp.gov.np) साथै corporate Risk Scoreboard ले जोखिमको लेखाजोखा गर्ने र संस्थाको उद्देश्य अनुरुप काम लगाउन मद्दत गर्छ । थाइल्याण्डमा भने सञ्चयकर्ताको सुरक्षित भविष्यको उद्देश्य लिएर सञ्चयकर्ताको सामाजिक सुरक्षा ISSA मार्फत गरिँदै आएको छ ।

निजी वचत खाताहरुको प्रचलन लोकप्रिय हुँदाहुँदै पनि सार्वजनिक रुपमा स्थापित सञ्चय कोष विकासशील र विकसित हुदै देशहरुमा उत्तिकै महत्वका रुपमा रहेका छन् । विकासशील देशहरु औधोगीकरण, आन्तरिक शहरी आप्रवास र बदलिदो पारिवारिक बनौट व्यवस्थापन गर्न व्यस्त देखिन्छन् भने एशियाली मुलुहरुमा बढ्दो आयुदर, घट्दो मृत्युदरका कारण आर्थिक योजना सहितको विस्तारित सामाजिक सुरक्षा दीर्घकालीन रुपमा स्थापना गर्न चुनौतीको सामना गरिरहेको छन् ।

संचयकर्ताको हितमा कोषको रकम प्रयोग र लगानी होस् भन्नका लागि कोष सञ्चालक समिति उपर कसको नियन्त्रण र रेखदेख रहन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । भारतमा यस्तो कोषको कार्यान्वयन अनुगमन गर्न प्रधानमन्त्रीको अधिनमा Employee's Provident Fund Organization खडा गरिएको छ । (www.epfdelhi.gov.in)

श्रीलंकामा केन्द्रीय बैकमै संचय कोषको रकम व्यवस्थापन र जोखिम सम्बन्धी काम कारवाही निर्देशित गर्न र conflict of interest सम्बन्धी issue हेर्न Risk Management Department खडा गरिएको छ । (www.dailymirror.lk) । हाम्रो सञ्चय कोषको हकमा हालसम्म यस्का लगानी निर्धारित सीमा भन्दा बढी जोखिममा परेको अवस्था नभए पनि केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंक वा अन्य त्यस्तो कुनै निकायलाई सुम्पिएको देखिदैन । संचालक समिति उपरको पूर्ण नियन्त्रण लगायत कोषको सम्पूर्ण सुरक्षाको प्रत्याभूति

सरकारले नै गर्ने खालको कानूनका कारण पनि छुट्टै oversight agency खडा भएको देखिन्न । वित्तीय कारोवारको दायरा बढ्दै जाने र विश्व आर्थिक जगतसँग जोडिन पुगेको कारणले सृजना हुने वित्तीय जोखिम र धोखा दिनेलाई नियमन एवं नियन्त्रण गर्न त्यस्तो संस्थाको आवश्यकता देखिन थालेको छ ।

**जोखिमको ब्यवस्थापन**

कर्मचारी सञ्चय कोषको सन्दर्भमा सूचना प्रविधिको अधिक प्रयोग भइरहेको सम्बन्धमा यस्ले प्रयोग गरी आएको विद्युतीय उपकरण, सफ्टवेयर, connectivity लगायतका कार्यविधिमा बाह्य आक्रमण नहोस् भन्नका लागि अपनाइएका software/hardware security measures ले नै निर्धारण गर्दछ । जोखिम व्यवस्थालाई प्रभावकारी बनाउन जोखिम व्यवस्थापन निर्देशिका तयार गर्नु पर्ने आवश्यकता देखिन्छ । कर्मचारी सञ्चय कोष एउटा सामाजिक सुरक्षा केन्द्रित वित्तीय संस्था भएकोले कोषको जोखिम ब्यवस्थापन गर्नु महत्वपूर्ण हुन्छ । कोषको बढ्दो वित्तीय कारोबारको अवस्था, प्रतिस्पर्धिहरुको क्षमता बिस्तार, ब्यवसायिक जटिलता, संकुचित लगानीको क्षेत्र, नयाँ प्रबिधि एवं सञ्चयकर्ताको वित्तीय एवं सामाजिक सुरक्षणको बढ्दो मागको कारणले समेत कोषले जोखिमलाई प्रभावकारीरुपमा ब्यवस्थापन गर्दै कानुनी सुरक्षाको थप उपाय अपनाउन आवश्यक छ ।



## कोषमा मौज्दात सञ्चित रकमको कानूनी सुरक्षा प्रति कत्तिको गर्व गर्नुहुन्छ ? साथै सञ्चय कोषमा भइरहेको सेवा सुविधा तथा सामाजिक सुरक्षाको प्रतिबद्धता प्रति थप अपेक्षा के राख्नुहुन्छ ?

**झविन्द्र प्रसाद अर्याल** *

सञ्चय कोष ऐन, २०१९ को दफा १८ कोष रकमको सुरक्षा शिर्षक सञ्चय कोषमा कोषकट्टी रकम जम्मा गर्ने आम सञ्चयकर्ताको भरपर्दो र सुरक्षा प्रदान गर्ने दफा हो । किनकि यस दफाले आम सञ्चयकर्ताको सञ्चित रकमको सुरक्षाका लागि अत्यन्त दुरगामी, अत्यन्त भरपर्दो संरक्षण सम्बर्द्धनको सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । सञ्चयकर्ता विभिन्न कारणले जुनसुकै कसूरमा साविति भइ सर्वस्वहरण र सरकारी सेवामा भविष्यमा अयोग्य ठहरिने गरी जागिरबाट बर्खास्त हुने अवस्थामा पनि उक्त दफाले आम सञ्चयकर्ताको सञ्चित रकमको सुरक्षा दिइरहेको हुन्छ । यही नै सञ्चयकर्ताले सञ्चित रकमको कानूनी सुरक्षाप्रति छाती फुलाएर हामी सञ्चयकर्ताले स्वतन्त्र रुपमा गर्व गर्ने आधार हो ।

साथै, सञ्चय कोषद्वारा सञ्चयकर्तालाई प्रवाह भइरहेको सेवा, सुविधा तथा सामाजिक सुरक्षाको प्रतिबद्धता प्रति संक्षेपमा आफ्नो अभिमत यस प्रकार रहेको व्यहोरा अनुरोध गर्दछु :

कर्मचारीहरुको राष्ट्रिय सामाजिक सुरक्षाको सेवा प्रदायक संस्थाको रुपमा स्थापित यस संस्थाले हाल करिव पाँच लाख कर्मचारी सञ्चयकर्ताहरुलाई सेवा प्रदान गर्दै आएको छ । प्रभावकारी स्रोत परिचालन, दिगो र आकर्षक सुबिधाहरु संगठित क्षेत्रका कर्मचारीहरुमा क्रमशः वृद्धि हुँदै गरेका सामाजिक सुरक्षाका अवस्थाहरु यस संस्थाका उद्देश्य प्राप्तितर्फका सकारात्मक पक्षहरु हुन् । त्यसैगरी आधुनिक व्यबस्थापन पद्धतिको अवलम्वन, गुणस्तरीय सञ्जालको स्थापना र विस्तार, रचनात्मक र प्रतिस्पर्धात्मक कार्यनीति र अन्तर्राष्ट्रिय स्तरको सामाजिक सुरक्षा निकायको रुपमा यस संस्थालाई विकास गर्ने लक्ष्य यस संस्थाका अत्यन्त सुनौला पक्षहरु हुन् । कोषको पूँजीले सञ्चयकर्ताको परिवार समेतको सामाजिक सुरक्षाको अनुभूति दिलाउन सक्नु र लामो समयसम्म सञ्चित कोष मुलुकको आवश्यक पूर्वाधार विकास र निर्माणमा लगाउने उद्देश्य राख्नु पनि आंशिक रुपमा भएपनि समस्त नेपाली नागरिकहरुप्रतिको सामाजिक सुरक्षा तर्फको दायित्व कोषले वहन गरेको ठहर हुन आउछ ।

निजामती, सेना, प्रहरी, विद्यालय तथा महाविद्यालयका शिक्षकहरु र सरकारी स्वामीत्वका संस्थानहरुका कर्मचारीहरुले वर्तमान व्यवस्था अन्तर्गत सञ्चयकर्ताको सुविधा पाएका छन् । यसबाट उनीहरुले आकष्मिक दुर्घटना, मृत्यु संस्कार, औषधि उपचार, कर्मचारी कल्याण योजना तथा मुनाफा सहभागिता जस्ता सामाजिक सुरक्षा प्राप्त गर्दछन् । यस संस्थाको सञ्चय सुविधा अथवा सामाजिक सुरक्षा व्यबस्थाले नेपाली जन समुदायको सानो हिस्सामात्र समेटेको छ । दशौं लाख कामदार श्रमिकहरु अझैसम्म सञ्चय कोषको दायरामा समेटिन



* सहसचिव, परराष्ट्र मन्त्रालय

सकेका छैनन् । यस परिप्रेक्षमा निजी क्षेत्रका कर्मचारी तथा वैदेशिक रोजगारको सिलसिलामा विदेशमा रही आय आर्जन गर्ने इच्छुक सञ्चयकर्तालाई पनि कोषको सञ्चय सुविधा प्रदान गरी सामाजिक सेवाको दायरा अझ फराकिलो बनाउन कोषको वर्तमान नीति तथा संबद्ध ऐन नियमहरुमा आवश्यक परिवर्तन वा संशोधन गरी अघि बढ्नु नितान्त आवश्यक देखिन्छ ।

यदि यस्तो व्यवस्था लागू हुने हो भने नेपालमा ठूलो संख्यामा निजी क्षेत्रमा कार्यरत जनसमुदाय र विदेशमा रोजगारीको सिलसिलामा रहेका दशौं लाख नेपाली सञ्चयकर्ताको रुपमा कोषको सामाजिक सुरक्षा योजनामा सामेल हुन सक्ने र प्राप्त हुन सक्ने ठूलो सञ्चित रकमबाट कोषले नयाँ र विविध प्रकारका सामाजिक सुरक्षा योजनाहरु सवै क्षेत्रका नेपाली नागरिकहरु लाभान्वित हुने गरी अघि सार्न सक्षम भई बढी लोकप्रियता हासिल गर्न सक्नेमा शंका रहँदैन । तसर्थ, सञ्चय कोषले के बिषयमा ध्यानदिन जरुरी छ भने कुनै पनि स्थानको कुनै पनि प्रकारको रोजगारी प्राप्त गरेको नेपाली नागरिकले आफ्नो मासिक आर्जनको इच्छाएको हिस्सा कोषमा जम्मा गर्न चाहेमा सो सुविधा सञ्चय कोषले प्रदान गर्नुपर्छ, जसले गर्दा निज कर्मचारी स्वयं र निजका परि वारको भविष्यमा आइपर्ने आर्थिक समस्यामा थप सुरक्षा प्रदान गरी ढुक्क हुन सक्ने अवस्था रहन्छ ।

हुनत कर्मचारी सञ्चय कोषले आफ्नो सेवाको प्रभावकारिता अन्तरराष्ट्रिय रुपमा मान्य सामाजिक सुरक्षा सञ्जालमा तादाम्यता कायम गर्न खोज्नु अर्थात सन् १९८० देखि अन्तरराष्ट्रिय सामाजिक सुरक्षा संघ सँगको आवद्धताले यसको विश्वासनीयता र आधुनिकतातर्फ उन्मुख रहेको व्यहोराको पुष्टि गर्दछ ।

मूलभूत लक्ष्य र उद्देश्यलाई केन्द्रमा राखी कोषले सञ्चयकर्ताको कुनै पनि चासो वा गुनासोलाई विशेष महत्व र प्राथमिकताका साथ सम्वोधन गर्न सक्नुपर्छ । आधुनिक सूचना प्रविधिको प्रयोग अधिकतम रुपमा गरी सञ्चयकर्ताले आफ्नो खाता (अनलाइन) खोली सम्पूर्ण विवरण तुरुन्त अनलाइन हेर्न सक्ने वा पाउने व्यवस्था गर्नुपर्छ । सञ्चयकर्ताले जम्मा गरेको वा गर्न पठाएको रकम कुनै कारणले जम्मा हुन नसकेमा वा विवरण नमिलेमा वा गलत पोष्टिङ्ग भएमा शीघ्र सञ्चयकर्तालाई जानकारी दिने पद्धतिको विकास गर्नुपर्छ । गलत ठाउँमा जम्मा हुनु विवरण नमिलेर पेण्डिङ् रहनु जस्ता बिषय कोषको जिम्मेवारी भन्दा पनि सञ्चयकर्ताको समस्या हो भनेर बेवास्ता गर्ने जस्ता कार्य भएमा कोषले आफ्नो महत्वपूर्ण जिम्मेवारीबाट पन्छिन खोजेको ठहर्ने छ । तसर्थ, यसतर्फ सजग रही प्रभावकारी सूचना प्रविधिलाई अवलम्वन गरी सेवा प्रवाह गरेमा सामाजिक सेवा प्रवाह तर्फको थप योगदान सहितको जिम्मेवारी निर्वाह हुनेछ ।

सञ्चय कोषले सञ्चयकर्ताको सञ्चित रकममा गरी आएको परम्परागत परिचालन र न्यूनतम व्याज दिने र केही तोकिएका सापटीहरु जस्ता कार्यमा सन्तोष लिएर बस्नु हुँदैन । सञ्चयकर्ताको रकम आफैं वा सरकारको सुरक्षा प्रत्याभूतिमा लगानी परिचालन गर्ने र व्याजको अलावा लगानीबाट प्राप्त रकममा सञ्चयकर्ताको सञ्चित रकमको अनुपातको आधारमा मुनाफा बाँड्न सकेमा सञ्चयकर्तामा थप आकर्षण हुनुका साथै कर्मचारी सञ्चय कोषको समाजिक सुरक्षा प्रतिको जिम्मेवारी एवं प्रतिवद्धताको पुनर्पुष्टि हुनेछ ।

कोषले प्रदान गर्ने सेवा तथा भविष्यमा ल्याउने योजना लगायतका सूचनामूलक जानकारीसहितको विस्तृत विवरण कोषको वेबसाइटमा राख्ने व्यबस्था गर्नुपर्दछ । यसबाट सञ्चयकर्ताले कोषबाट के के सुविधा पाइन्छ

कोषको कसरी परिचालन भैरहेको छ भन्नेजस्ता जानकारी स्वयं गृहपृष्ठ खोलेर जानकारी लिन सक्ने व्यवस्था हुनुपर्छ । तर विद्यमान अवस्थामा यसप्रकारका सवै सूचनाहरु उपलब्ध गराइएको अवस्था छैन ।

सूचना प्रविधिको अवलम्वनतर्फ कोषको प्रयास भएतापनि सञ्चयकर्ताहरुको अपेक्षा अनुकूल अझै हुन नसकेको परिप्रेक्षमा अनलाइन जन गुनासो सुन्ने सञ्चयकर्ताका कुनै पनि जिज्ञासाहरुको तुरुन्त जानकारी वा जवाफ दिने हटलाइन सेवा वा वेबसाइटमा ७२४ चाटबाट जवाफदिन सकिने व्यबस्था हुनुपर्छ ।

नेपालभर रहेका सञ्चयकर्ताले कर्जा प्राप्त गर्न वा सापटी लिन वा अवकाश पश्चात् पाउने सेवा सुविधा प्राप्त गर्न हरेक जिल्लामा एक एक सेवा केन्द्र राखी सम्पूर्ण सेवा दिने व्यवस्था भएमा सानो कामको लागि पनि केन्द्रमै धाउनु पर्ने वाध्यता नरहने तर्फ कोषले अब ध्यान दिनुपर्ने बेला आएको छ ।

विज्ञान र प्रविधिको दिनानुदिनको विकास र सूचना र संचारको वेजोड प्रवाहलाई अवको अवस्थामा पनि आत्मसाथ गर्न नसकेमा ५४ औं वसन्त पूरा गरको कोषले आगामी दिनमा सञ्चयकर्ताको रकमको यथोचित परिचालन एवं सेवा र सुविधा प्रदान गर्नमा सक्षम रहला कि नरहला भन्ने बिषयमा एकपटक सोच्न सञ्चयकर्ता बाध्य हुनेछन् । त्यसैले अन्य बैकल्पिक सामाजिक सुरक्षाका वित्तीय व्यवस्थाहरुले कोषको बर्तमान काम कार्यवाहीमा चुनौती दिन नसकुन् ।

यसरी सञ्चय कोषले यस वर्षको बार्षिक बिशेषाङ्कमा कोषको काम कार्यका विविध पक्षमा प्रश्नोत्तर शैलीमा जसरी धारणा प्राप्त गर्ने अठोट गरेको छ, यसबाट प्रस्तुत विशेषाङ्क विगत वर्षहरु भन्दा भिन्न र विशेष रुपमा प्राप्त लेख वा विचारबाट आउने सकारात्मक सुझाव सहितका जवाफहरु कोषको वर्तमान कार्यशैली र सोँचको दायरामा सकारात्मकरुपले आमूल परिवर्तन ल्याउन सक्नप्रति दुई मत रहँदैन । प्राप्त गहन सुझावहरु वा विचारहरुलाई कोषले अनुभवको आधारमा उत्तम र परिष्कृत धारणाको रुपमा ग्रहण गरी सञ्चयकर्ताको सेवा सुविधातर्फ अझै सुधारात्मक परिवर्तनको रुपमा समयानुकूल अघि बढ्नु श्रेयष्कर हुनेछ ।

अन्त्यमा सञ्चय कोषजस्तो देशकै मूर्धन्य वित्तीय संस्थाद्वारा आफ्नो ५४ औं वार्षिक अवसरको क्षणमा प्रकाशित हुन गइरहेको विशेषाङ्कमा मलाई पनि आफ्ना सुझाव सल्लाह राख्ने शुभ अवसर प्रदान गर्नु भएकोमा कोष परिवार प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

# सेवाग्राहीलाई कोषले अवलम्बन गरेको कम्प्युटर (CMS) प्रणालीको उपयोगिता र विश्वसनीयता बारे यहाँको सुझाव प्रतिक्रिया के छ ?



**कृष्णहरि पुष्कर** *


## पृष्ठभूमि

कर्मचारी सञ्चय कोषमा वि.सं. २०४२/२०४३ मा कम्प्युटर व्यवस्थापन शाखा गठन भए पश्चात यसको सेवा प्रवाह कार्य प्रणाली (service delivery working system) क्रमशः प्रविधिमा आधारित हुँदै गएको देखिन्छ । कर्मचारी सञ्चय कोषको करिब ३० वर्षको यात्रालाई नियालेर हेर्दा तुलनात्मक रुपमा यो संस्था देशकै एउटा अग्रज प्रविधियुक्त सरकारी संस्थाको रुपमा स्थापित भएको देख्दा एउटा सञ्चयकर्ता सदस्य तथा प्रत्यक्ष सरोकारवालाको हैसियतमा खुशी महसुस हुनु स्वाभाविक हो । तथापि निश्चित रुपमा संस्थालाई अगाडि बढाउन समय सापेक्ष प्रविधियुक्त थप विकास, विस्तार र सुधारका प्रशस्तै अवसर तथा विकल्पहरु रहेका छन् , जसलाई Kaizen को अवधारणा अनुसार निरन्तर अगाडि बढाउनुपर्ने देखिन्छ ।

प्रविधिको प्रयोग अहिलेका लागि आवश्यक मात्र होइन, अपरिहार्य पनि छ । अतः कर्मचारी सञ्चय कोषको व्यवस्थापनमा भूमिका र हिस्सा राख्ने सरोकारवाला सबैले आ-आफ्नो स्तरबाट दृढ संकल्प सहित प्रविधिको प्रयोगका लागि अग्रसर बन्नुपर्ने देखिन्छ । परम्परागत संचय कोष देखि e-Provident fund र Virtual सञ्चय कोषको संस्थाको रुपमा सूचना र प्रविधिको अधिकतम प्रयोगबाट प्रत्येक संचयकर्ता र सरोकारवालाई "One Touch Spot Option" को रुपमा विकास गरेर सफलतापूर्वक सेवा प्रवाहका लागि संचय कोष अग्रसर देखिन्छ । सञ्चय कोषको विद्यमान प्रविधिमूलक कार्यशैली हेर्दा यो उच्च प्रविधितर्फ आयामिक लक्ष्य उन्मुख देखिन्छ जुन निश्चित रुपमा प्रशंसनीय मान्नुपर्छ ।

## सञ्चय कोषमा कम्प्युटर प्रणालीको उपयोगिता र विश्वसनीयता :-

सञ्चय कोषको कम्प्युटर प्रणालीको उपयोगिताको सन्दर्भमा एउटा सचेत सञ्चयकर्ताको हैसियतले भन्नुपर्दा देहाय बमोजिमको सरोकारको विषयमा विश्लेषण गरेको छु । जुन धेरै हदसम्म विश्वसनीय नै छ ।






* सहसचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

मुख्य रुपमा आफ्नो सञ्चय खाताको अवस्था के छ । ऋणको व्यवस्थापन, ऋण चुक्ता, सञ्चय सम्बन्धी विवाद व्यवस्थापन र अन्य कार्यालय सरुवा, पोष्टिङ, छुट, इत्यादिको लागि उल्लिखित चार्टको सुझावलाई अनुशरण गर्नु कोषको लागि अत्यन्त महत्वपूर्ण तथा विश्वसनीय छ ।

उपरोक्त सेवाको अतिरिक्त संचय कोषले आन्तरिक रुपमा विभिन्न प्रकृयागत संजाल (process networking) खाता पोष्टिङ्ग, status analysis, report generation, evaluation, monitoring, personnel management, inventory management लगायतका अन्य कामकारबाही पनि कम्प्युटरकृत भएको अवस्था छ ।

यसर्थ, कर्मचारी संचय कोषको दक्षता (Efficiency) र प्रभावकारिता (Effectivity) मात्र नभई Total र sectorial productivity पनि दिन दुई गुणा र रात चौगुणा भएको छ ।

यसले सेवाग्राहीको मात्र नभई संस्थालाई पनि समयको बचत, छिटो छरितोपन, आधुनिक अभिलेख व्यवस्थापन, पारदर्शिता, स्पष्टता र जवाफदेहिता सुनिश्चित गर्ने विशाल आधारस्तम्भ खडा भएको छ । यसले सम्बद्ध managerial actor र stakeholder लाई पनि देहायको कार्यमा विशेष सहयोग पुऱ्याएको छ ।




उक्त क्षेत्रमा प्रविधिको प्रयोगले ढिलासुस्ती, बदमासी, manipulation, red-tapism, bureaupathology इत्यादिको सम्भावना धेरै हदसम्म न्यूनीकरण गरेको छ । यसका साथै सञ्चय कोष आफूले दिने सेवा र सुविधामा जतिखेर पनि upgraded र updated रहेको आफ्ना उपभोक्तालाई प्रविधिकै कारणले नै सुनिश्चित गरी मन जित्न सफल भएको छ ।

विगत र वर्तमानको संक्षिप्त विश्लेषण गर्दा मेरो व्यक्तिगत सन्दर्भमा हेर्ने हो भने करिब २०-२५ वर्ष अगाडि मेरा आदरणीय पिताजीसँग सञ्चय कोषमा जाँदा सानो कामका लागि फाँटवारी पोष्टिङ्ग, कार्यालय स्थानान्तरण

साथै रकम झिक्न वा ऋण लिन जाँदा स-साना समस्याले हप्तौंसम्म दैनिक आतेजाते गरेर झन्झटिलो प्रक्रियाको शिकार भएको थिएँ । स-सानो कामको लागि बाहिरबाट काठमाडौं आएर ठूलो रकम खर्च गरेर सञ्चय कोषको सेवा लिनु पर्ने बाध्यात्मक अवस्था तत्काल थियो भने अहिले म स्वयंले आफ्नो ICT को प्रयोग वा छोटो समयको visit मा सञ्चय कोषबाट आवश्यक सेवा लिन सक्ने विश्वासिलो र भरपर्दो अवस्था छ । यो संस्थाको विश्वसनीयता, सक्षमता तथा कार्यदक्षताले गर्दा सरकारी क्षेत्र बाहिर पनि कैयौं नेपाल स्थित विश्वकै ख्यातिप्राप्त संस्थाहरुका कर्मचारीहरु पनि सञ्चयकर्ता भएका छन् । साथै, धेरै अवकाशप्राप्त पूर्व कर्मचारीहरुले पनि प्रत्यक्ष अप्रत्यक्ष सेवाहरु यस संस्थाबाट लिइरहेको अवस्था छ । त्यति मात्र होइन, यो संस्था नेपालका धेरै वित्तीय संस्थाहरुको लागि एउटा सिकाइको पथप्रदर्शक नमूना केन्द्रको रुपमा समेत स्थापित भएको छ । यो सबै विश्वासको श्रेय कोषको कम्प्युटर (CMS) प्रणालीलाई छ ।

अझै अगाडि गएर भन्नुपर्दा सञ्चय कोषको website, e-Record management SMS र e-Service अन्तर्गतको push notification तुलनात्मक रुपमा राम्रो छ ।

### समस्या तथा चुनौतीहरुको सन्दर्भ

अहिलेको प्रविधिको युगमा सञ्चय कोषका लागि निश्चित रुपमा नयाँ प्रविधि, समस्या तथा चुनौतीहरु पनि थपिएका छन् । विशेष गरेर सञ्चयकर्ताको सन्दर्भमा हेर्दा उपभोक्ताले सञ्चय कोषको उपलब्ध प्रविधि, त्यहाँ कार्यरत कर्मचारीहरु र सेवाग्राहीको आवश्यकता बीच कहिलेकाहीं ठूलो खाडल भएको महसुस हुन्छ । उपभोक्ताहरुको privacy मा कोषमा कार्यरत कर्मचारीहरुले विशेष संवेदनशीलता अपनाउनुपर्ने देखिन्छ । अहिले cyber/technological security मा निश्चित रुपमा विद्यमान स्तरमा व्यापक advancement गर्नुपर्ने देखिन्छ । किनकि यसक्षेत्रमा हुने अपराधको मात्रा बढ्दो छ ।

सञ्चय कोषबाट विभिन्न किसिमका web-based services तथा desktop-based transaction सहितको सुविधा प्रदान गरिन्छ । तर दूर्भाग्य उपभोक्ताको ठूलो जत्था धेरैजसो अवस्थामा यी कुराहरुबाट ज्ञात नै छैनन् र कसैलाई ज्ञात भए पनि उपभोग गर्न जान्ने नै छैनन् । फलस्वरुप कतिपयलाई ज्ञान भए पनि सञ्चय कोषको कार्यालयमा नै पुग्नुपर्ने बाध्यतालाई हटाउन भने सकिएको छैन । online र उपलब्ध अन्य e-Service माथि सञ्चय कोषको ठूलो उपभोक्ता जमातलाई पूर्ण विश्वास छैन् । यो के हो-के हो ? को अवस्थामा देखिन्छ ।

सञ्चय कोषको प्रयोग गरिएको प्रविधि customer friendly हुनुपर्दछ । सञ्चय कोषको प्रविधि अनुसार उपभोक्ता बनाउनु भन्दा पनि user को आवश्यकता अनुसार प्रविधिमा प्रयत्न रुपान्तरण हुनुपर्ने देखिन्छ । अतः need र यसको using ecology हेरेर काम गर्नु उपयुक्त हुनेछ । यसका अतिरिक्त online/on call/e-Based rapid response system इत्यादिको व्यवस्था पनि उपभोक्ताको सुविधाको लागि राख्नु अति जरुरी भैसकेको छ ।

यसका अलावा सञ्चय कोषको प्रविधि centralize भएकोले sectorial need customize need आदिलाई प्रविधिले सम्बोधन गर्नु पर्ने देखिन्छ । उदाहरणको लागि एउटा कार्यालय र त्यस कार्यालयमा कार्यरत

कर्मचारीको need फरक हुनसक्छ । अतः तहाँबाट प्रदान गर्ने सेवा प्रविधिगत सुविधाको विविधता तथा गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ ।

निश्चित रुपमा विद्यमान प्रविधिगत प्रणाली र विद्यमान कानुनलाई सन्तुलनमा ल्याउनका लागि यथाशीघ्र संस्थागत, कानूनी, नीतिगत, प्रकृयागत र संयन्त्रगत व्यवस्थामा व्यापक सुधार र पुनः संरचना गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### सुधारको पाटोः

अबको सन्दर्भमा सञ्चय कोषले कम्प्युटर प्रणालीमा सेवाग्राहीको उपयोगिता र विश्वसनीयता बढाउन देहाय बमोजिमको बाटो अंगीकार गर्नु थप उपयुक्त देखिन्छ ।

**१. Appization:-**

सञ्चय कोषले आफ्नो सेवा सुविधालाई प्रविधियुक्त उपयोगी र विश्वसनीय बनाउन सञ्चय कोषलाई virtual system मा transform गरी एउटा specific app बनाउनुपर्छ । जसमा personalize user account, statement, payment system, loan management, chat and comment, complaint handling push notification इत्यादिको सुविधा बैंक app जस्तै प्रदान गर्ने व्यवस्था तुरुन्त गर्नु अपरिहार्य देखिन्छ ।

**२. Customization of Technological Services.**

सञ्चय कोषमा विभिन्न तहका संस्थागत, व्यक्तिगत सञ्चयकर्ता सरकारी तथा गैरसरकारी उपभोक्ताहरु समेत रहेकोले सेवा उपभोगकर्ताहरुको आवश्यकता र चाहना बमोजिमको विशिष्टिकृत customize user friendly प्रणाली establish व्यवहारिक कार्य संचालनमा ल्याउनु उपयुक्त देखिन्छ ।

**३. Service Marketing:-**

सञ्चयकर्तालाई कोषले प्रदान गर्ने सेवा सुविधा तथा यसले उपलब्ध गराई रहेको प्रविधिगत मान्यता तथा उपलब्ध तौर तरिकाको बारेमा उपभोक्ताहरुमा पर्याप्त ज्ञान, सीप र चेतना नभएकोले यसका लागि service marketing का उपयुक्त माध्यम अपनाई Customer friendly technology को वातावरण निर्माण गर्नु पर्दछ ।

**४. Virtual Institution**

सञ्चय कोषको कार्यालय थोरै स्थानमा सीमित रहेपनि यसका उपभोक्ता र सञ्चयकर्ता स्वदेशका सबै जिल्ला, गा.वि.स. मा मात्र होइन, हाम्रा कूटनीतिक नियोग रहेका संसारका धेरै मुलुकहरुमा पनि रहेका छन् । अतः विद्यमान कानून र संस्थागत संयन्त्रमा उपयुक्त सुधार गरी internet, intranet, cybernetic system, e-Call, telephonic र cloud based virtual institution को रुपमा तत्काल रुपान्तरण हुनुपर्ने देखिन्छ । जसले उपभोक्ता/ सञ्चयकर्ता र कर्मचारी सञ्चय कोष बीच रहेको भौतिक दूरी न्यूनीकरण गरी पहुँच र भावनात्मक सम्बन्ध बढाई यसलाई सहज बनाउन मद्दत पुग्दछ ।

**५. Internalization of Available Technology:-**

अहिले उपभोक्ता/सञ्चयकर्ताहरु पूरै प्रविधिमैत्री भइसकेको अवस्था छैन । अतः कमसेकम सबै सरोकार वालाहरु उपलब्ध सेवा सुविधा बाध्यात्मक रुपमा Technology को प्रयोग गरेर आ-आफ्नो स्थानबाटै लिने र त्यो धेरै किसिमले फाइदाजनक भनेर विश्वास दिलाउने वातावरण सृजना गरी उपभोक्ताहरुलाई प्रविधि-मैत्री बनाउन internalization को लागि विशेष अभियान शुरु गर्न उपयुक्त हुन्छ ।

**६. Call Center:-**

उपभोक्ताहरुलाई कतिपय अवस्थामा internet को उपलब्धता अभाव भएको अवस्थामा phone बाट समेत पर्याप्त सेवा-सुविधा प्रदान गर्न special automated call response system establish गरी २४ सै घण्टा आफ्नो सञ्चय सम्बन्धी सूचना/विवरण फोनबाट लिन मिल्ने व्यवस्था समेत मिलाउँदा उपयुक्त हुन्छ र यो खास गरेर दुर्गम र internet नभएका स्थानका लागि अति उपयोगी हुनेछ ।

**७. Automatic Service Machine:-**

सञ्चय कोषको करिव ५०० वा सो भन्दा वढी सञ्चयकर्ता नजिक भएको स्थानमा computer programming को माध्यमबाट ठाउँ ठाउँमा सम्भाव्यता अध्ययन गरी देशभरि नै Automatic Service Machine (ASM) को स्थापना गर्न मनासिव देखिन्छ ।

**निश्कर्षः–**

कर्मचारी सञ्चय कोषबाट प्रदान गरिदै आएको कम्प्युटर प्रविधिमा आधारित सेवाको उपयोगिता दिनानुदिन बढ्दै गएको छ भने यस प्रति सञ्चयकर्ता लगायतका सरोकारवालाहरुमा आस्था र विश्वास तुलनात्मक रुपमा अभिवृद्धि हुने कम जारी छ । निश्चित रुपमा यो प्रविधिमा दिनानुदिन थप समस्या तथा चुनौतीहरु पनि संगै आउने भएकाले श्रोत, साधन र क्षमताले भ्याएसम्म उपयुक्त तरिकाले क्रमशः सम्बोधन गर्दै गएको खण्डमा यसलाई सजिलै व्यवस्थापन गर्न सकिन्छ । कर्मचारी सञ्चय कोषको यो कम्प्युटरकृत प्रणाली र सरोकारवाला उपभोक्ताको इच्छा, अवस्था र आवश्यकतालाई उपयुक्त तरिकाले सन्तुलन कायम गर्दै अगाडि बढेमा आगामी दिनमा यो प्रविधि उन्मूख लक्ष्य प्राप्तिमा थप उपलब्धि हासिल हुने कुरामा पूर्ण विश्वस्त छु । साथै, उत्तर उत्तर प्रगतिको कामना गर्दछु । शुभकामना !

## सञ्चयकर्तालाई कोषद्वारा हाल प्रदान भईरहेको ग्राहक सेवा प्रणाली प्रति यहाँको सुझाव र सल्लाह के होला ?



सहायक रथि (अ.प्रा.) बिजयकुमार शाही *

**बिषय प्रबेशः**

सैनिक द्रव्य कोषको रुपमा वि.सं. १९९१ सालमा विधिवत रुपमा स्थापित कर्मचारी सञ्चय कोष आज करिव ५ लाख निजामति, सेना, प्रहरी, शिक्षक, संघ संस्थाका सञ्चयकर्ताको आर्थिक भरोसाको केन्द्र बनेको छ। कोष रकम संकलन गर्ने, संकलित रकमको अद्यावधिक लेखाङ्कन गर्ने र कोषमा जम्मा रहेको उक्त रकमलाई सुरक्षित, प्रतिफलमुखी एवं आय-आर्जित क्षेत्रमा लगानी परिचालन गरी प्राप्त प्रतिफललाई सञ्चयकर्ताको आर्थिक माग, आवश्यकता तथा सामाजिक सुरक्षाका थप सुविधाहरु उपलब्ध गराउँदै आएको छ। यसर्थ, कर्मचारी सञ्चय कोष राष्ट्रिय स्तरमा स्थापित स्वदेशको उच्च आर्थिक हैसियत राख्ने सेवामूलक अग्रणी वित्तीय संस्था हो भन्दा फरक पर्दैन।

आम सञ्चयकर्ताको जीवनमा आइपर्ने आकश्मिक सर-सापटी, ऋण कर्जा मार्फत आवश्यकता अनुसारको आर्थिक सुविधा कोषले प्रदान गर्दै आइरहेको छ। साथै, काजकृया अनुदान, दुर्घटना क्षतिपूर्ति, स्वास्थ्य उपचार खर्च सहयोग जस्ता पाटोमा कोषको सहयोग, सदासयता सञ्चयकर्ताले सञ्चय कोषलाई सम्झिनै पर्ने अर्को आयाम हो। यसर्थ, सञ्चयकर्तालाई कोषद्वारा हाल प्रदान भइरहेको ग्राहक सेवा प्रणाली प्रतिको सुझाव, सल्लाह र प्रतिक्रियालाई प्रश्नको रुपमा कोषद्वारा मलाई सुम्पिएको जिम्मेवारीको उत्तरमा केन्द्रित रहेर आफ्नो अभिमत व्यक्त गर्नु सान्दर्भिक सम्झेको छु।

झण्डै पाँच लाख सञ्चयकर्ताको कोषसँगको सामीप्यतालाई म द्वारा व्यक्त छोटो सुझाव अभिमतमा समेट्ने अवसर कोषले मलाई सुम्पिएकोमा सर्वप्रथम सञ्चय कोष वार्षिक विशेषाङ्क, २०७२ को सम्पादन मण्डल प्रति आभार प्रकट गर्न चाहन्छु। मैले छोटो अभिमतद्वारा व्यक्त गरेको विचार, प्रतिक्रिया र सुझावमा आम सञ्चयकर्ताको कोषप्रतिको भावना पूर्णरुपमा नसमेटिन पनि सक्छ। तथापि प्रश्नले मागेको उत्तरमा केन्द्रित रहेर कोषको ग्राहक सेवाप्रतिको व्यवहार, सदासयताभित्र आफूलाई सुम्पिएको दायित्प प्रतिको अभिमतले आम सञ्चयकर्ताका कोषप्रतिका जायज गुनासा, प्रतिक्रिया एवं ग्राहक सेवा प्रणालीको फेहरिस्त नै सम्बोधन हुने प्रति आशावादी बन्दै प्रश्नले मागेको सिलसिलेवार उत्तरमा केन्द्रित हुन चाहन्छु।

**शूलभ सेवा :**

सञ्चय कोष नेपालको एकमात्र धेरैभन्दा धेरै राष्ट्रसेवक आम सञ्चयकर्ताको दैनिक सम्पर्क सम्वर्द्धन हुने संस्था हो, जहाँ प्रत्येक दिन हजारौं सञ्चयकर्तालाई उनीहरुको आवश्यक ग्राहक सेवामा कोषले अत्यन्त शूलभ सेवा



* पूर्व संचालक, कर्मचारी सञ्चय कोष

प्रदान गर्दै आइरहेको छ । बिशेष सापटी, भुक्तानी, काजकिरिया अनुदान जस्ता सरोकारका कामहरु आधा घण्टाभित्र फत्ते गरेर सञ्चयकर्तालाई चकित पार्ने कोषको ग्राहक सेवा देखेर उनीहरु छक्क पर्छन् । सुनिन्छ यति शूलभ सेवा ग्राहकहरुले सवै जन सरोकारका कार्यालयबाट पाउन सक्ने हो भने नेपाल पनि सिङ्गापुर बन्न सक्थ्यो होला । यसका अतिरिक्त सञ्चयकर्ताको चाप बढी भएका देशका बिभिन्न औद्योगिक क्षेत्रहरुमा शाखा बिस्तार मार्फत ग्राहक सेवा शूलभ रुपमा प्रदान गरेर कोष उदाहरणीय संस्थाको रुपमा आफूलाई स्थापित गर्न सफल भएको छ ।

### भरपर्दो सुविधा :

सञ्चय कोष ऐन २०१९ को दफा १८ बमोजिम सञ्चयकर्ताको कोषमा संचित रकम जस्तोसुकै परिस्थितिमा पनि हरण नहुने ब्यवस्था दीर्घकालीन रुपमा भरपर्दो सुविधाको बैधानिकता प्रदान गरेको छ, सञ्चयकर्ताको शेष पछि परिचय - पत्रमा इच्छाइएको ब्यक्ति त्यसको हकदार हुने अर्को आधार हो । अरु क्रमश : कोष ऐनले हकदारहरुको संचित रकम प्रतिको अधिकारलाई सुनिश्चित गरिदिएको छ ।

यसका अतिरिक्त बिशेष सापटी, घर सापटी, शैक्षिक ऋण, सरल चक्र कर्जा जस्ता सञ्चयकर्ताको आर्थिक आवश्यकता पुरा गर्ने दायित्वलाई कोषले निरन्तरता दिदै आइरहेको छ । साथै दूर्घटना क्षतिपूर्ति, औषधि उपचार सुबिधा, काजकिरिया अनुदान तथा पछि शोधभर्ना हुने गरी कर्मचारीका हकवाला आश्रित परिवारलाई कर्मचारी कल्याण योजना वापतको रकम प्रदान गर्ने गरेको छ ।

### ग्राहक प्रतिको सद्भाव :

जन सम्पर्कमा आउने सञ्चयकर्ताको आकांक्षा अनुसारको ग्राहक सेवाले सम्बोधन गर्न कोषले नसकेको होला, तथापि सम्पर्क गर्नुपर्ने सम्वन्धित शाखाको जानकारी सूचना, प्रतीक्षालय ब्यबस्था, एवं नागरिक वडापत्रले समेट्ने सरोकारका पक्षहरुलाई कोषले ग्राहक सेवामा व्यवस्था गरेर ग्राहक प्रतिको सदभाव आकर्षण दर्शाएको छ । आशा छ, भावि दिनहरुमा यसलाई पूर्णता दिंदै जानेतर्फ कोषको सकारात्मक लगावले निरन्तरता पाउने नै छ ।

### संचित रकमको विश्वसनीयता :

सञ्चयकर्ताको खाताको लेखाङ्कन Oracle Based System मा आधारित CMS प्रणालीवाट सरल, सहज र शुद्ध तरिकाले खाता लेखाङ्कन गर्दै आएको व्यहोरा हामी सञ्चयकर्तालाई विधितै छ । सञ्चयकर्तालाई स्थानीय स्तरमा नै शुलभ सेवा प्रवाह गर्ने उद्देश्यले कोषको ठमेलस्थित कार्यालयका अतिरिक्त धनकुटा, विराटनगर, हेटौडा, पोखरा, वुटवल, सुर्खेत, कोहलरपुर एवं धनगढीमा शाखा कार्यालय र सिंहदरवारमा सेवा केन्द्र स्थापना गरी Online मार्फत सापटी, अवकाश पछिको भुक्तानी तथा अन्य सेवाहरु प्रदान गर्दै आइरहेको छ । आधुनिक यान्त्रिकरणको यस व्यवस्थावाट सञ्चयकर्ताले सरल र सहजरुपमा स्थानीयस्तरमा नै सेवा लिन सम्भव भएको हुदा कोष सञ्चयकर्ता प्रति जवाफदेही भएको देखिन्छ ।

कोषवाट सञ्चयकर्तालाई साविकमा आफ्नो खाता सम्वन्धी जानकारी लिन कोषमा नै जानु पर्ने व्यवस्थामा

परिमार्जन भएको छ । आज आफ्नो कार्यालय/घरमा नै वसी PSTN टेलफिोन प्रणालीवाट, मोवाईल मार्फत SMS Service र Internet मार्फत e-Service को माध्ययमबाट आफनो खाता सम्वन्धी सम्पूर्ण सूचना प्राप्तगर्न सकिन्छ । यस व्यवस्थावाट सञ्चयकर्ताले आफ्नो खातामा जम्मा रकम, ऋण रकम र ऋणको किस्ता रकमको जानकारी प्राप्त गरी आफ्नो खाताको Self Audit गर्न सकिन्छ । यस प्रणालीबाट सञ्चयकर्ताको सूचनाको हक सम्वन्धमा कोषले ज्यादै सह्रानीय कार्य गरेको पाउँदछौ ।

सञ्चयकर्ताको हितलाई प्राथमिकता दिई समय सापेक्षरुपमा कोष अघि बढ्नको लागि हालसम्म कोषवाट प्रवाह भएका ग्राहक सेवा प्रणालीमा निम्नानुसारको थप सुझावहरु राख्ने जमर्को गरेको छु ।

(क) नयाँ विकास भएको सूचना प्रविधिको समुचित प्रयोग गरी सञ्चयकर्ताको खाता लेखाङ्कन प्रणालीमा आवश्यक सुधार गर्ने ।

(ख) कोषको खाता लेखाङ्कन प्रणालीलाई शुद्ध र सरल वनाउन कोषमा मासिक रुपमा प्राप्त हुने फाँटवारी प्रणालीलाई परिमार्जन गरी Excell format मा data प्राप्त गर्ने प्रणाली Data Import गर्ने व्यवस्थाको अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।

(ग) जिल्लास्तरमा नै सञ्चयकर्ताको पहुच हुन शाखा कार्यालय/सेवा केन्द्रको थप व्यवस्था गर्नु पर्ने र काठमाण्डौस्थित कार्यालयवाट प्राप्त गर्न सकिने सम्पूर्ण सेवा सुविधाहरु Online प्रणालीमार्फत शाखा कार्यालयवाट नै प्राप्त गर्न सकिने व्यवस्थाको कार्यान्वयन हुनु पर्ने ।

(घ) कोषबाट सञ्चयकर्ताको चाहना एवं आवश्यकताको पहिचान र सेवाग्राहीलाई प्रभावकारी सेवाप्रवाह सम्वन्धी थप अध्ययन एवं अनुसन्धान हुनु पर्ने ।

(ङ) सेवाग्राहीसँग मैत्रीपूर्ण एवं सहयोगी व्यवहार अर्थात मुस्कानका साथ सेवा (Treat with smile) लाई प्राथमिकता दिदै Customer is always right भन्ने भावनाको विकास गर्दै सेवा प्रवाह गर्ने वातावरण सृजना गर्नु पर्ने ।

(च) सहजकक्षको स्थापना अनिवार्य रुपमा गर्नु पर्ने ।

(छ) गुनासो व्यवस्थापनको लागि सेवाग्राहीको भावना वुझ्न एउटा सशक्त माध्यम भएकोले छुट्टै इकाई गठन गरी कार्यान्वयन गर्नु पर्ने ।

(ज) कोष देशको एकमात्र सामाजिक सुरक्षण प्रदायक प्रतिष्ठित संस्था हो । साथै ISSA को Associate सदस्य समेत भएको हुदाँ कोषले ISSA वाट प्रतिपादित समाजिक सुरक्षा सम्बन्धी विश्वव्यापी कार्यक्रम लागू गर्न अध्ययन अनुसन्धान गर्नु पर्ने ।

(झ) निश्चित आय भएका सञ्चयकर्ताको लागि आधारभूत आवश्यकता (स्वास्थ्य, शिक्षा, आवास सम्वन्धी) परिपूर्तिका लागि कोषवाट थप प्रयास हुनु पर्ने । यसको लागि निम्न कार्य गर्न उपयुक्त हुनेछ ।

(१) कोषले प्रत्येक वर्ष वचतबाट सञ्चयकर्तालाई सानो-सानो रकम मुनाफा स्वरुप वितरण गर्दै आएको पाउँदछौ । यसरी वितरण गरिएको रकमले सञ्चयकर्ताको आवश्यकता पूर्ति गर्नमा कुनै ठूलो सहयोग पुगेको पाइँदैन । यसर्थ यसको विकल्पको रुपमा अन्य सामाजिक सुरक्षा प्रदान गर्नु

उपयुक्त हुने देखिन्छ। अन्य देशमा जस्तो क्षेत्रीय स्तरमा अस्पताल, मेडीकल कलेज स्थापना गरेर निशुल्क स्वास्थ्य उपचार सेवा प्रदान गर्ने र विद्यालय स्थापना गरी सञ्चयकर्ताको बालबच्चाहरुलाई निःशुल्क शिक्षा प्रदान गर्ने आदि ।

(२) कोषवाट प्रवाह भएका काजक्रिया अनुदान तथा दुर्घटना क्षतिपूर्ति योजनामा थप रकमको व्यवस्था गर्नु पर्ने ।

३) कोषवाट पोखरामा सञ्चालन गरिएको आवास परियोजना सरह देशका अन्य शहरहरुमा पनि आवास परियोजना सञ्चालन गरी कर्मचारीको आवास समस्या समाधान गर्दै जानुपर्ने ।

(४) हाल प्रवाह भएको घरसापटी तथा शैक्षिक ऋणमा देहाए अनुसार परिमार्जन हुनु पर्ने देखिन्छः -

- घर सापटीको रकम १० को सट्टा १५ वर्ष वरावरको ऋण रकम हुनु पर्ने ।
- आफ्नो सगोलको परिवार (आमा, वुवा, छोरा, छोरी र श्रीमान/ श्रीमति) का नाममा भएको जग्गामा पनि ऋण प्रवाह हुनु पर्ने ।
- देशमा सम्भाव्य आवश्यक क्षेत्रमा शाखा विस्तार गरी शाखा कार्यालयबाट नै सबै सुविधाहरु प्रदान गर्नुपर्ने ।

**निश्कर्ष**

सामाजिक सुरक्षण संस्थाको रुपमा कर्मचारी सञ्चय कोषले खेल्दै आएको भूमिका र सञ्चकयकर्तालाई गुणस्तरीय सेवा प्रवाह गर्न कोष व्यवस्थापनको अग्रसरता ज्यादै सह्रानीय रहेको छ। सञ्चयकर्ताको भविष्यको आधार नै कोष भएको हुँदा कोषका सबै योजनाहरुलाई पूर्ण सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।



## सञ्चयकर्तालाई कोषद्धारा प्रदान भइरहेको ग्राहक सेवा प्रणाली प्रति थप सुझाव, सल्लाह, प्रतिक्रिया भए बताइदिनुहोस् ?

**श्री ओम श्रेष्ठ रोदन** *

लामो समयदेखिको राजनीतिक अस्थिरताको कारण देश क्रमिक गतिमा अगाडि बढ्न सकेको छैन। सामाजिक, आर्थिक, सांस्कृतिक तथा प्राज्ञिक क्षेत्रहरुलाई पनि राजनीतिले प्रभाव पारिरहेको छ। यही कारण देशमा आर्थिक तथा सामाजिक बिकास हुन सकेको छैन।देश भित्र उद्योग ब्यवसाय फस्टाउन सकेको छैन। गरिवीको कारण बैदेशिक रोजगारीमा जान बाध्य युवाहरुको पीडा बढ्न थालेका छन्। तसर्थ देशमा रोजगारीको अवसर बढाएर जनताको आर्थिक स्तर बृद्धि गर्नका लागि स्थिर राजनीति र बलियो सरकारको ठोस नीति आउनु जरुरी हुन्छ।

देशमा बित्तीय संघ संस्था खोल्ने स्वतन्त्रता र कृत्रिम प्रतिस्पर्धाका कारण कतिपय संस्थाका निक्षेपकर्ताहरु ठगिएका छन्। अझै पनि कैयौं बित्तीय संस्थाहरु बिश्वसनीय बन्न सकेका छैनन्। यद्यपि बित्तीय बजार भने दिन प्रतिदिन प्रतिस्पर्धी बन्दै गएको छ। तर पनि सर्वसाधारण भने सुरक्षित बचत र लगानीको अवसर खोजिरहेका छन्।

यस्तो अवस्थामा कर्मचारी सञ्चय कोष आफ्ना सञ्चयकर्ताहरुका लागि सबैभन्दा सुरक्षित र भरपर्दो माध्यम बन्न सफल भएको छ। जीवनभर काम गरेर सेवा निबृत्त भएपछिको सबैभन्दा ठूलो आधार नै सञ्चय कोष बनेको छ। त्यसो त सञ्चय कोषले सेवा अवधिमा दिंदै आएका सुबिधाहरु पनि जीवनोपयोगी बनेका छन्। बिशेष सापटी, घर सापटी, शैक्षिक ऋण, सरल चक्र कर्जा जस्ता उपलब्ध सेवा सुबिधाहरुका कारण सञ्चयकर्ताहरुले आफ्नो पारिवारिक तथा सामाजिक ब्यवहार सहजरुपमा सञ्चालन गर्न सकेका छन्। सञ्चय कोषको कारण नै धेरैभन्दा धेरै सञ्चयकर्ताहरुले आफ्नो घरवासको ब्यबस्था गर्न सकेका छन्। सन्तानलाई स्वदेश तथा बिदेशमा चाहे जस्तो अध्ययनको ब्यबस्था गर्न सकेका छन्।घर ब्यबहारका सामाजिक, सांस्कृतिक तथा पारिवारिक समस्याहरुमा कसैको अगाडि गएर हात थाप्नु पर्ने स्थिति परेको छैन। यस्ता आवश्यकीय परिस्थितिमा आफ्नै सञ्चित रमकबाट नब्बे प्रतिशत ऋण लिएर वा सरल चक्र कर्जा लिएर ब्यबहार ब्यबस्थापन गर्न सहज भइरहेको छ। यसलाई सञ्चयकर्ताहरले ठूलो उपलब्धिको रुपमा लिने गरेका छन्। यी बाहेक कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएको दुर्घटना क्षतिपूर्ति योजना, काजकिरिया अनुदान योजना र औषधी उपचार सहयोग कार्यक्रम अझ बढी उपयोगी र प्रभावकारी बनेको छ। आकस्मिक दुर्घटनामा पर्दा वा अकस्मात बिरामी हुँदा जस्तो जटिल परिस्थितिमा सञ्चय कोषले प्रदान गर्दै आएको सुबिधा निकै भावनात्मक बनेको छ। यस्ता भावनात्मक सुबिधाहरु क्रमशः बृद्धि गर्दै जानुपर्ने देखिन्छ।

जीवनभरि इमान्दारीपूर्वक काम गर्ने कर्मचारीहरुको सबैभन्दा ठूलो चुनौती भनेको सन्तानको शिक्षा र स्वास्थ्य



* गोरखा पत्र संस्थान, (सम्पादक, मधुपर्क साहित्यिक मासिक)

नै हो । शिक्षा र स्वास्थ्य जस्तो संबेदनशील क्षेत्र सहज र सुबिधामुखी बन्दै जानुपर्नेमा पूर्ण ब्यावसायिक र महङ्गो भएको छ । कुनै रोग लाग्यो भने जीवनभरको संचित रकम मात्र होइन, गाँस काटेर जोडेको घरवार पनि बेचेर पारिबास भएका धेरै उदाहरण छन् । यी दुई जटिल क्षेत्र मध्ये कोषले प्रदान गर्दै आएको शैक्षिक कर्जाले गर्दा आफ्नो सन्ततिको भबिश्य प्रति सञ्चयकर्ताहरु ढुक्क र धन्य भएका छन् । त्यस्तै सञ्चयकर्ता वा ऊ माथि आश्रित परिवार बिरामी हुनासाथ निकै अप्ठेरो स्थितिको सामना गर्नु पर्दछ । सञ्चयकर्ताहरुको यो बिवशतालाई बुझेर प्रदान गरेको औषधी उपचार सहयोग कार्यक्रमले ठूलो राहत पुऱ्याएको छ । स्वास्थ्य बीमाबाट करिव ५ लाख सञ्चयकर्ताहरुले निश्चिन्तको जीवन बाँच्न पाउने छन् ।

तर सञ्चय कोष सञ्चयकर्ताहरुको मात्र नभएर देशकै लागि अहम् भूमिका निर्वाह गर्ने भरपर्दो संस्था बनेको छ । देशमा बिद्यमान उर्जा संकटको समाधानको लागि स्वदेशी लगानीमा नै जल बिद्युत आयोजनाको लागि लगानी गर्दै आएको छ । यस पटक देखि सञ्चय कर्तालाई तामाकोशी जल बिद्युत आयोजनामा प्रत्यक्ष लगानी गर्ने अवसर प्रदान गरेर सञ्चयकर्ताहरुको मनोवल बढाएको छ । नेपालको पर्यटन प्रवर्द्धनका लागि नेपाल बायुसेवा निगमलाई हवाइजहाज किन्नलाई होस् वा आयल निगमलाई ऋण दिएर देश र देशवासीको सेवामा समेत समर्पित हुँदै आएको छ ।

यसरी देश र जनताको सेवामा प्रत्यक्ष सहभागिता जनाउदै आएको कर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्ताहरुको हितका लागि सैनिक अस्पताल, प्रहरी अस्पताल, निजामती अस्पताल जस्तै संस्थान अस्पताल स्थापना गर्ने तर्फ सोच्नु आवश्यक देखिन्छ । यसबाट करिव ५ लाख सञ्चयकर्ताहरुको मात्र नभएर सम्पूर्ण जनताको पनि सेवा हुने भएकोले यो परोपकारी र कल्याणकारी काममा ध्यान आकृष्ट हुनु जरुरी देखिन्छ ।

आखिर कर्मचारीको भरोशा र भबिष्य भनेकै कर्मचारी सञ्चय कोष त हो नि । सञ्चयकर्ताहरुको सहज जीवन र सुनिश्चत भबिष्यको लागि कर्मचारी सञ्चय कोष सदैव जीवनको आधार बन्न सकोस् भन्ने कामना गर्दछु ।

# कोष विविध

## १. कोष अध्यक्षमा श्री सुमनप्रसाद शर्माको नियुक्ति

नेपाल सरकार मन्त्री परिषदको मिति २०७१/०८/२५ को निर्णयअनुसार अर्थमन्त्रालयका सचिव श्री सुमनप्रसाद शर्मालाई कर्मचारी सञ्चय कोषको अध्यक्ष पदमा नियुक्त गरिएको छ। कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा २(क) र उपदफा (४) बमोजिम वहाँलाई कोषको सञ्चालक समितिमा नियुक्त हुनु भएको छ।

सन् १९५९ मार्च २२ मा काठमाडौंमा जन्मिएका शर्माले एशियन ईन्स्टिच्युट अफ टेक्नोलोजी बैंककबाट इन्भायरोन्मेन्ट टेक्नोलोजी एन्ड मेनेजमेन्टमा मास्टर डिग्री प्राप्त गर्नु भएको छ। सन् २०१४ मा अर्थ मन्त्रालयको सचिवमा नियुक्त श्री शर्मा यस अघि सूचना तथा सञ्चार मन्त्रालयमा सचिव पदमा कार्यरत थिए। नेपाल टेलिकम, रेडियो नेपाल र नागरिक लगानी कोषको अध्यक्षता समेत सम्हालीरहेका शर्मासँग फिनान्सियल कम्पट्रोलर जनरल, पश्चिमाञ्चल विकास क्षेत्रको प्रशासक, खानेपानी तथा ढल विकास विभागको महानिर्देशक लगायत भौतिक विकास मन्त्रालयको सहसचिव पदको कार्य अनुभव रहेको छ।

सन् १९८४ देखि खानेपानी तथा ढल निकास विभागबाट इञ्जिनियर पदमा सरकारी सेवामा प्रवेश गरेका शर्मा हाल काठमाडौं उपत्यका खानेपानी आपूर्ति विकास बोर्ड (निर्वाचित अध्यक्ष), वाटर फर एशियन सिटिज प्रोग्राम इन नेपाल (फोकल पर्सन), रुरल वाटर सप्लाई एन्ड सेनिटेसन फन्ड डिभलपमेन्ट बोर्ड (सञ्चालक), नेशनल ड्रिंकिङ वाटर क्वालिटि स्टैन्डर्ड मोनिटरिङ कमिटि (कोअर्डिनेटर) र हाई पावर्ड कमिटि फर ईन्टिग्रेटेड डिभलपमेन्ट अफ बागमती सिविलाइजेशन (सदश्य) पदमा रही सेवा प्रदान गर्दै आउनु भएको छ।

## २. सञ्चालकमा नियुक्ति

### क. श्री प्रेमध्वज अधिकारी

नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१।०८।१४ को निर्णयअनुसार नेपाली सेनाका महासेनानी श्री प्रेमध्वज अधिकारीलाई कर्मचारी सञ्चय कोषको सञ्चालक पदमा नियुक्त गरिएको छ। कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ (क) बमोजिम निजलाई ०७३/६/१० सम्मको लागि कोषको सञ्चालक समितिमा नियुक्त गरिएको हो।

सन् १९६८ अगस्ट १९ मा तनहुँमा जन्मिएका अधिकारीले त्रिभुवन विश्व विद्यालयबाट राजनीति शास्त्रमा मास्टर डिग्री प्राप्त गर्न भउको छ। सन् २०१३ मा नेपाली सेनाको महा सेनानी पदमा नियुक्त अधिकारी यस अवधीमा नेपाली सेनाको विभिन्न पदमा बहाल रही जिम्मेवारी निर्वाह गर्दै आएको अनुभव छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिमबाट सुसज्जित अधिकारी गोरखा दक्षिणबाहुबाट सुशोभित छन्।

१९८९ देखि नेपाली सेनाको सेवामा सेकेन्ड लेफ्टिनेन्टबाट प्रवेश गरेका अधिकारीले यस अवधीमा

नेपाली सेनाको महत्वपूर्ण जिम्मेवारीहरुलाई पुरा गर्दै विदेशमा समेत आफ्नो कार्य दक्षताको परिचय दिएका छन् ।

### ख. श्री सुरजबाबा सुनुवार

नेपाल सरकार मन्त्रीस्तरको मिति २०७२। ०४। २४ को निर्णयअनुसार नेपाली सेनाका महासेनानी श्री सुरजबाबा सुनुवारलाई कर्मचारी सञ्चय कोषको सञ्चालक पदमा नियुक्त गरिएको छ। महासेनानी श्री प्रेमध्वज अधिकारी कार्य सम्पादनको क्रममा विदेशमा जानु भएकोले रिक्त रहेको संचालक पदमा वहा नियुक्त हुनु भएको हो ।

### ग. श्री प्रकाश सिंह प्रधान

नेपाल सरकार मन्त्रीस्तरको मिति २०७१।०८।०८ को निर्णयअनुसार शंकरदेव क्याम्पसका क्याम्पस प्रमुख श्री प्रकाश सिंह प्रधानलाई कर्मचारी सञ्चय कोषको सञ्चालक पदमा नियुक्त गरिएको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ (२) (ग) बमोजिमको व्यवस्था अनुसार सोही ऐनको दफा ४(५) बमोजिमको अवधीका लागि वहालाइ कोषको सञ्चालक समितिमा नियुक्त गरिएको हो । लामो समयदेखि प्राध्यापन पेशामा रहेका र वहा व्यवस्थापन विषयका विज्ञ मानिन्छन् ।

# "सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं"

**कोषको वित्तीय अवस्था (आर्थिक वर्ष २०७१/७२ को लेखा परीक्षण सम्पन्न हुन बाँकी वित्तीय विवरण)**

| स्रोत (रु. करोडमा) | | | उपयोग (रु करोडमा) | | |
|---|---|---|---|---|---|
| **आर्थिक वर्ष** | **२०७०/७१** | **२०७१/७२** | **आर्थिक वर्ष** | **२०७०/७१** | **२०७१/७२** |
| सञ्चय कोष | १६३५४.८६ | १८९६९.८३ | वैंकहरुमा रहेको मुद्धती निक्षेप | २६६६.०० | ३६८७.०० |
| जगेडा कोष | ४२०.२९ | ३९९.३३ | सरकारी ऋणपत्र तथा वचतपत्र | १४१३.०१ | १५२२.६४ |
| अन्य दायित्व तथा व्यवस्था | १९३.८९ | २२१.२० | परियोजन कर्जा | २४८६.२३ | २५५७.१३ |
| | | | शेयर लगानी | २२२.०५ | २२२.०५ |
| | | | सञ्चयकर्ता सापटी | ९१५७.६३ | १०६७४.७५ |
| | | | भवन तथा आवासमा लगानी | ८२.०७ | ७९.०० |
| | | | स्थिर सम्पत्ति | ३३.१० | ३०.०० |
| | | | अन्य सम्पत्ति (वैंक मौज्दात तथा विविध सम्पत्ति | ९०८.९४ | ८१७.७९ |
| जम्मा | १६,९६९.०४ | १९,५९०.३६ | जम्मा | १६,९६९.०४ | १९,५९०.३६ |

**कोषको आय व्यय विवरणको सारांश:**

(आर्थिक वर्ष २०७१/७२ को लेखा परीक्षण सम्पन्न हुन बाँकी

| व्यय (रु. करोडमा) | | | आय (रु. करोडमा) | | |
|---|---|---|---|---|---|
| **आर्थिक वर्ष** | **२०७०/७१** | **२०७१/७२** | **आर्थिक वर्ष** | **२०७०/७१** | **२०७१/७२** |
| व्याज खर्च | ११५१.९३ | १२७६.८० | ऋण तथा लगानीमा आम्दानी | १४०९.४८ | १४७०.५२ |
| व्यवस्थापन खर्च | ८९.०९ | ७७.६८ | विविध आम्दानी | २३.७७ | २०.०० |
| जोखिम व्यवस्था तथा अन्य खर्च ( खुद) | २२.१० | २०.०० | | | |
| खुद वचत | १७०.१३ | ११७.०४ | | | |
| जम्मा | १४३३.२५ | १४९०.५२ | जम्मा | १४३३.२५ | १४९०.५२ |

# ब्याजदर परिवर्तन

कोषले सञ्चयकर्ताको सञ्चित रकममा प्रदान गर्ने र सञ्चयकर्तालाई प्रदान गरिने सापटीमा मिति २०७२ श्रावण १ गते देखि लागु हुनेगरी देहाय वमोजिम ब्याजदर कायम गरेको छ ।

१. सञ्चय कोष रकममा सञ्चयकर्तालाई हाल प्रदान गरी आएको ७.५० प्रतिशत ब्याजदरलाई परिमार्जन गरी ६.७५ (छ दशमलव सात पाँच) प्रतिशत कायम गरिएको छ ।

२. सञ्चयकर्तालाई विशेष सापटीमा हाल कायम रहेको ब्याजदर ९.०० प्रतिशतलाई परिमार्जन गरी ८.२५ (आठ दशमलव दुई पाँच) प्रतिशत कायम गरिएको छ ।

३. सेवामूलक सापटीको रुपमा सञ्चयकर्तालाई प्रदान गरिआएको घर सापटी / शैक्षिक सापटी र सरल चक्रकर्जाको ब्याजदर निम्न वमोजिम कायम गरिएको छ ।

| शिर्षक | साविक ब्याजदर | हाल कायम गरिएको ब्याजदर |
|---|---|---|
| घर सापटी | ९.०० प्रतिशत | ८.२५ (आठ दशमलव दुई पाँच) प्रतिशत |
| शैक्षिक सापटी | ९.०० प्रतिशत | ८.२५ (आठ दशमलव दुई पाँच) प्रतिशत |
| सरल चक्र कर्जा | १०.०० प्रतिशत | ९.०० (नौ) प्रतिशत |

४. २०७२/५/६ अगाडि सम्पूर्ण कोषकट्टी फिर्ता भुक्तानी लगिसकेका र सापटी चुक्ता गरिसकेका सञ्चयकर्ताको हकमा साविक कै ब्याजदर कायम हुनेछ ।

५. २०७२ वैशाख १२ गतेको विनासकारी भूकम्प र त्यसपछिको पराकम्पनको कारण सञ्चयकर्तालाई परेको प्रभावलाई दृष्टिगत गरी कोषवाट प्रवाह भएको घरसापटी, शैक्षिक सापटी र सरल चक्रकर्जा समयमा किस्ता (सावाँ/ब्याज) नवुझाउने सञ्चयकर्तालाई थप एक प्रतिशत ब्याज लिई आएकोमा चालु आर्थिक वर्षमा नलिने र आर्थिक वर्ष २०७१/७२ मा लिईएको त्यस्तो ब्याज छुट दिने ।

# कोषमा आवद्ध हुन चाहने नयाँ कार्यालयहरूले अपनाउनु पर्ने प्रकिया

क. संघ/संस्थामा कार्यरत कर्मचारी/कामदारको तलववाट १० प्रतिशत कट्टी र सो वरावरको रकम संस्थाले थप गरी सञ्चय कोष रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्न सम्वन्धित संस्थाको संचालक समितिले नीतिगत निर्णय गर्नु पर्दछ ।

ख. देहायका कागजात संलग्न गरी कोषको ठमेलस्थित कार्यालय वा शाखा कार्यालयमा निवेदन दिनु पर्दछ ।

- कार्यालयको अनुरोध पत्र
- संस्थाको संचालक समितिको निर्णय प्रतिलिपि
- कर्मचारी तथा कामदारको तीनपुस्ते नामावली
- संस्था संचालनको इजाजत पत्र र दर्ता प्रमाणपत्र
- भ्याट वा प्यानमा दर्ता भएको प्रमाणपत्र

ग. सञ्चय कोष रकम कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने सम्वन्धमा कोष र सम्वन्धित संस्था वीच सम्झौता गर्नु पर्दछ ।

घ. सम्झौता पछि कोषवाट कार्यालय कोड नम्वर र सञ्चयकर्ता परिचय पत्र नम्वर उपलव्ध गराउने छ ।

ङ. कोषसँग सम्झौता गर्ने कार्यालयले नियमानुसार मासिक कोषकट्टी रकम अनिवार्य रुपमा कोषमा जम्मा गर्नु पर्दछ ।

# सञ्चय कोष रकम कट्टी हुन शुरू भएपछि सञ्चयकर्ताहरूले गर्नुपर्ने कार्यहरू

- सञ्चय कोष रकम कट्टी हुन शुरु हुना साथ कोषको परिचय पत्र वनाई हाल्ने र परिचय पत्र सञ्चय कोष सम्वन्धि कार्य गर्ने कर्मचारीलाई उपलव्ध गराई हाल्ने ।
- कोषकट्टी रकमको फाँटवारीमा परिचय पत्र नम्वर राखेर नियमितरुपमा सम्पूर्ण विवरणहरु शुद्ध र प्रष्टसंग भरी कार्यालयले पठाएको छ छैन हेर्ने र नपठाएको स्थितिमा पठाउन लगाउने ।
- कर्मचारी सरुवा, वढुवा भएता पनि आफूले पहिला लिएको परिचय पत्र नम्वर नै कायम हुने हुँदा मासिक कोषकट्टी फाँटवारीमा उल्लेख गरी पठाउनु पर्ने र सरुवा भई नयाँ कार्यालयमा जादा सञ्चयकोष सम्वन्धि कार्य गर्ने कर्मचारीलाई आफ्नो साविकमा लिएको परिचयपत्र नम्वर उपलव्ध गराउने ।
- प्रत्येक वर्षको कोषकट्टी रकमको विवरण कार्यालय मार्फत प्राप्त गरी आफनो कोषकट्टी र सापटी दाखिलाको हिसाव ठीक छ छैन हेरी नभएमा कोषमा सम्पर्क राखी मिलाई हाल्ने । कोषवाट प्रदान गरिएको E service सुविधा लिने र कोषकट्टी विवरण उक्त सुविधा मार्फत लिने ।
- आफ्नो कोषकट्टी भएका कार्यालयहरुको नाम र कोषकट्टी मिति सहित कोषमा सम्पर्क राखी कोषकट्टी रकम परिचय पत्र नम्वरको स्थायी खातामा जम्मा भए नभएको हेरी नभएको खण्डमा जम्मा गर्न लगाउने ।
- सापटी लिन आउदा सापटी फारामको सम्पूर्ण विवरण भरी कार्यरत कार्यालयको सिफारीश साथ आउने ।
- कोष सम्वन्धि कार्यको लागि कार्यालयमा आउदा आफू सञ्चयकर्ता भएको प्रमाण सञ्चय कोष परिचय पत्र लिएर आउनु पर्दछ । परिचय पत्र साथमा भएमा सञ्चयकर्तालाई कोष सम्वन्धी सेवा प्राप्त गर्न र कोषलाई सेवा सुविधा उपलव्ध गराउन सजिलो हुन्छ ।

# सञ्चय कोष परिचय पत्रको महत्व

सञ्चयकर्तालाई कोषद्वारा प्रदान गरिने परिचय पत्र, सञ्चयकर्ता र कोष वीचको एकमात्र वैधानिक आधार भएकोले परिचय पत्र अनिवार्यरुपमा वनाउनु पर्दछ र मासिकरुपमा फाँटवारी पठाउदा परिचय पत्र नम्वरं अनिवार्यरुपमा उल्लेख गर्नु जरुरी छ। साथै कुनै पनि सेवा लिन कोषमा आउँदा परिचय पत्र लिई आउनु हुन समेत कोष अनुरोध गर्दछ।

# सञ्चयकर्ताहरूको कानूनी सुरक्षा

क. सञ्चयकर्ताका अंशियारहरुले अंशवापत कोषकट्टी रकममा हकदावी गर्न नपाउने

ख. अदालतवाट फैसला भएपनि कोषकट्टी रकममा साहु-महाजनको दावी नलाग्ने।

ग. कोषकट्टी रकमवाट सरकारी वाँकी रकम असुल गर्न नपर्ने।

घ. सञ्चय कोष रकममा सम्वन्धित सञ्चयकर्ता वाहेक अरु कसैको हक नलाग्ने।

ङ. कोषमा जम्मा भएको कोषकट्टी रकम भुक्तानी नलिदै कुनै सञ्चयकर्ताको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले मात्र पाउने छ। तर सञ्चयकर्ताले कसैलाई इच्छाएको रहेनछ भने त्यस्तो अवस्थामा कर्मचारी सञ्चय कोष ऐन २०१९ को दफा १५ क वमोजिम सञ्चयकर्ताको हकवालाले सञ्चित रकम भुक्तानी पाउने छ।

# कोषवाट सञ्चयकर्ताका लागि प्रवाह भएका सेवा

## Computer online सेवा

कोषको उपत्यका भित्र र उपत्यका वाहिर रहेका सम्पूर्ण शाखा कार्यालयहरुबाट सञ्चयकर्तालाई छिटो छरितो तथा सरलरुपमा सेवा पुऱ्याउने उद्देश्यले कोषले सम्पूर्ण कारोवार अनलाईन मार्फत सञ्चालन गर्दै आएको छ ।

कोषले शुरुका दिनमा सञ्चयकर्ताको खाता लेखाङ्कन कार्य Data Base, Fox Pro Based system बाट कार्य शुरु गरेकोमा हाल आएर Oracle Based System मा आधारित Contribution Management System (CMS) मा रुपान्तरित गरिएको छ ।

सञ्चयकर्तालाई स्थानीय स्तरमा सरल र सहज रुपमा सेवा प्रदान गर्ने उदेश्यले धनकुटा, विराटनगर, हेटौडा, पोखरा, वुटवल, सुर्खेत, कोहलपुर र धनगढीमा शाखा कार्यालय र सिंहदरवार सेवाकेन्द्र स्थापन गरी सेवा प्रदान गर्दै आएको छ । कोषको सवै शाखा कार्यालयलाई काठमाण्डौमा रहेको कार्यालयसंग सिधै ON Line मार्फत सम्पर्क गर्ने व्यवस्था मिलाई सञ्चयकर्ताले जुनसुकै कार्यालयवाट सापटी, अवकाश पछिको भुक्तानी तथा अन्य सेवाहरु लिन सकिने व्यवस्था गरेको छ ।

# टेलीकोष सेवा

सञ्चयकर्ताको हरहिसाव विवरणका साथै कोषले प्रदान गरेको अन्य सेवा/सुविधा टेलिफोनबाट स्वचालित रुपमा जानकारी गराउने उद्देश्यले मिति २०६९ भाद्र ३१ गते देखि टेलीकोष सेवा सञ्चालन गरी कोषले टेलीकोष सेवा उपलब्ध गराउँदै आएको छ ।

क. यस सेवाको लागि सञ्चयकर्ताले नेपाल टेलिकमको साधारण PSTN तथा GSM Mobile phone मार्फत १६४२ डायल गरी कोषमा संचित हर हिसाव विवरण टेलिफोनको receiver वाट सुन्न सक्नुहुन्छ । जस अनुसार १६४२ अंक डायल गरी आफनो परिचय पत्र नम्वरका साथै PINCODE डायल गरी ३ थिच्नु पर्नेछ । परिचय पत्र र PINCODE मिलेमा आफनो कोष, विशेष सापटी, घरसापटी, शैक्षिक सापटी लगायत कोष सम्वन्धि सवै विवरणको जानकारी लिन सकिनेछ ।

ख. सञ्चयकर्ताले टेलीकोषको लागि आवस्यक ४ अंकको PINCODE प्राप्त गर्न सक्नु हुनेछ । यसको फाराम कोषको वेबसाईट www.epfnepal.com.np बाट डाउनलोड गर्न सकिनेछ ।

# कोषको e-service (Internet)

सञ्चयकर्तालाई सहज, सरल र प्रभावकारी सेवा प्रदान गर्ने लक्ष्य लिएर कोषले ई-सर्भिस सेवा प्रारम्भ गरेको हुँदा यसबाट लाभान्वित हुन सञ्चयकर्ता तथा सञ्चय कोष कट्टी गर्ने कार्यालयलाई अनुरोध छ ।

**क. सञ्चयकर्ताका लागि इ-सर्भिसबाट उपलव्ध सेवाहरु**

- आफ्नो व्यक्तिगत कोष, तथा घर सापटी एवम् शैक्षिक सापटी, सरल चक्र कर्जा हिसाव हेर्न तथा Download गर्न सकिने
- विशेष सापटी प्राप्त गर्न सकिने रकम, कुन समयमा वुझाउँदा के कति वुझाउनु पर्दछ, पुनः सापटी पाप्त गर्ने सम्वन्धि जानकारी लगायतका विशेष सापटी सम्वन्धि जानकारी प्राप्त गर्न सकिने
- दोहोरा खाता एकीकरणको लागि कोषलाई जानकारी दिन सकिने, व्यक्तिगत विवरण सच्याउन आवस्यक भए अनुरोध गर्न सकिने
- पुरानो हर हिसाव हेर्न तथा कुनै सुझाव भए दिन सकिने र कार्यालयले फाटवारी Web posting गर्न सकिनेछ ।

**ख. सम्बन्धित कार्यालयको लागि इ-सर्भिस (internet) बाट उपलव्ध सेवाहरु**

- आफ्नो कार्यालय अन्तर्गतका कर्मचारीको नाम, परिचय पत्र नम्वर तथा अन्य विवरण प्राप्त गर्न सकिने
- आफूले पठाएको सञ्चय कोष कट्टीको फाँटवारी कोषमा प्राप्त भए, नभएको तथा खातामा जम्मा भए, नभएको जानकारी पाउन सकिने
- आफ्नो कार्यालयको फाँटवारी Web posting गर्न सकिने ।

**ग. सेवा प्राप्त गर्ने प्रक्रिया**

- यो सेवा लिनको लागि कोषको website: www.epfnepal.com.np मा उपलब्ध आवेदन फाराम भरी कोषको ठमेल स्थित सम्वन्धित शाखा वा कोषका शाखा कार्यालयहरुमा पेश गरी user name र Password लिनु पर्दछ ।
- आवेदन दिने सञ्चयकर्ता वा कोषकट्टी गरी पठाउने कार्यालयलाई कोषले तोकेको प्रक्रिया पूरा गरी User name र password उपलब्ध गराउने छ ।
- थप जानकारीको लागि कोषको ठमेल स्थित सम्वन्धित शाखाहरुमा वा कोषका जिल्ला स्थित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन ।

# सञ्चयकर्ताहरूमा SMS Service

हाललाई नेपाल टेलिकमको GSM मोवाईल प्रयोगकर्ता सञ्चयकर्ताले आफनो सञ्चय कोष रकम, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण वुझ्न यो सेवा प्रयोग गर्न सक्नेछ ।

यो सेवा लिन चाहने सञ्चयकर्ताले कोषवाट निर्धारित आवेदन फाराम (कोषको website वाट डाउनलोड गर्न सकिने) भरेर USername, र pincode कोषवाट लिनु पर्नेछ ।

कोषवाट Username, password र pincode लिएका सञ्चयकर्ताले आफ्नो मोवाइलको Message Box मा गएर कोषले आफूलाई उपलव्ध गराएको pincode टाइप गरेपछि space दिएर BAL टाईप गरी ५७५० मा SMS पठाउनु पर्दछ ।

सञ्चयकर्ताले पठाएको SMS को जवाफमा कोषले सञ्चयकर्ताको कोष रकम, विशेष सापटी, घरसापटी तथा शैक्षिक ऋण आदिको विवरण SMS मार्फत मोवाइलमा पठाउनेछ ।

कोषका सवै शाखावाट यो सेवा प्राप्त हुने व्यवस्था छ । यो सेवा उपयोग गरे वापत सेवा प्रदायक नेपाल टेलिकमले लिने दस्तुर मात्र लाग्नेछ ।

# Data Import Service

Data Import Service, कोषकट्टी विवरण Excel format मा पठाउने एक प्रणाली हो । सञ्चयकर्ताहरुको कोषकट्टी रकमको लेखाङ्कन प्रणालीमा प्रभावकारिता ल्याउन कोषले फाँटवारीहरुलाई कार्यालयहरुवाट Soft Copy वा email मा समेत प्राप्त गरी सञ्चयकर्ताको खातामा सिधै लेखाङ्कन गर्ने कार्य शुरु गरेको छ । साथै यस कार्यको प्रभावकारिता वृद्धि गर्न कोष रकमको फाँटवारीहरुलाई website बाट समेत पठाउन सकिने व्यवस्था मिलाईएको छ ।

**पठाउने तरिका**

क. साविकमा पठाउने फाँटवारीको साथै कोषकट्टी विवरण कोषले तोकेको excel format (कोषको website www.epfnepal.com.np) मा तयार गरी कोषमा पठाउनु पर्नेछ ।

ख. Excel format मा तयार गरिएको फाटवारी CD मा राखी वा कोषको सम्वन्धित शाखाको email वा कोषको website वाट कोष कार्यालयमा पठाउन सकिनेछ ।

ग. यसबाट डाटा पठाउँदा फाँटवारी तुरुन्तै कोषमा जम्मा गर्न सकिने, समयको वचत हुने तथा सञ्चयकर्ताले तुरुन्तै कोष कट्टी विवरण हेर्न सक्ने

घ. सिधै खातामा पोष्टिङ्ग हुन गई गल्तिहरु नहुने हुँदा लेखाङ्कनको प्रभावकारी माध्यम हो ।

**mail पठाउने सम्वन्धित शाखाको address**

- प्रहरी तर्फको सञ्चयकर्ता कार्यालयको लागि police@epfnepal.com.np
- संस्थान तर्फको सञ्चयकर्ता कार्यालयको लागि corporation@epfnepal.com.np
- निजामती तर्फको सञ्चयकर्ता कार्यालयको लागि civil@epfnepal.com.np
- नेपाली सैनिक तर्फको सञ्चयकर्ता कार्यालयको लागि army@epfnepal.com.np
- शिक्षा तर्फको सञ्चयकर्ता कार्यालयको लागि education@epfnepal.com.np

# Excel format मा मासिक विवरण पठाउने

## EMPLOYEES PROVIDENT FUND

Organization: ==================

Phone No

Email Id

OFFICE CODE 5754829

Total Amount : 78900

FROM MONTH 7204

TO MONTH 7204

DEPOSIT DATE 20720507

| A | B | C16 | D16 | E | F16 | G | H |
|---|---|---|---|---|---|---|---|
| Sno | Designation | Name | PF Number | | Total Fund Deducted | PF Deducted from Employee | PF Contribution by Employeer |
| 1 | Jt. Asst. Manager | Ram | | | 12,000.00 | 6,000.00 | 6,000.00 |
| 2 | Jr. Executive | Shyam | | | 11,000.00 | 5,500.00 | 5,500.00 |
| 3 | Sr. Executive | hari | | | 10,000.00 | 5,000.00 | 5,000.00 |
| 4 | Officer | | | | 9,800.00 | 4,900.00 | 4,900.00 |
| 5 | Jr. Executive | | | | 9,000.00 | 4,500.00 | 4,500.00 |
| 6 | Sr. Executive | | | | 8,600.00 | 4,300.00 | 4,300.00 |
| 7 | Assistant | | | | 7,000.00 | 3,500.00 | 3,500.00 |
| 8 | Driver | | | | 3,000.00 | 1,500.00 | 1,500.00 |
| 9 | Mechanic | | | | 3,000.00 | 1,500.00 | 1,500.00 |
| 10 | Driver | | | | 3,000.00 | 1,500.00 | 1,500.00 |
| 11 | Cleaner | | | | 2,500.00 | 1,250.00 | 1,250.00 |
| | | Total | | | 78,900.00 | | |

# कोषवाट प्रदान गरिने वित्तिय सुविधाहरू

## वार्षिक व्याज प्रदान

कोषले सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक व्याज प्रदान गर्दछ। आ.व २०७२/७३ को लागि कोषले संचित रकममा प्रदान गर्ने व्याज ६.७५ छ दशमलव सात पाँच प्रतिशत रहेको छ । कोषकट्टी रकम वैंकमा दाखिला भएको मिति देखि नै कोषले सञ्चयकर्ताको कोषकट्टी खातामा व्याज प्रदान गर्दछ र व्याज रकम आर्थिक वर्षको अन्त्यमा मात्र सञ्चयकर्ताको खातामा जम्मा गरिन्छ ।

## मुनाफा वितरण

कर्मचारी सञ्चय कोषले आफ्नो सञ्चयकर्तालाई वार्षिक व्याज वार्षिक रकमको साथै वार्षिक आम्दानविाट खर्च कटाएर आएको वचत रकमवाट प्रत्येक वर्ष मुनाफा वितरण गर्दै आएको छ ।

कोषका सञ्चयकर्ता कर्मचारीको आर्थिक वर्ष २०७०/७१ को सञ्चय कोष शुरु मौज्दातमा ०.८५ प्रतिशतका दरले मुनाफा प्रदान गरेको छ ।

कोषको आव २०७०/७१ को लेखा परिक्षण पश्चात उक्त आ.व.मा आर्जन गरेको नाफाबाट सञ्चयकर्ताहरुको २०७१ श्रावणमा रहेको कोषकट्टी खाताको शुरु मौज्दात रकममा ०.८५ प्रतिशतका दरले मुनाफा रकम जम्मा गरेको छ ।

## अन्य सुविधा

कोषले ऋण लगानी गरेका कम्पनीहरुको शेयरमा सञ्चयकर्तालाई सहभागीता गराइएको छ । अपर तामाकोशी हाइड्रोपावर लिमिटेडमा शेयर प्रदान भई सकेको र कोषले ऋण लगानी गरेका/गर्ने अन्य परियोजनामा शेयर प्रदान गर्दै जाने छ ।

# कोषले सञ्चयकर्ताको लागि लागु गरेका सामाजिक सुरक्षा सुविधाहरू

**१. काजक्रिया अनुदान खर्च**

नियमित कोषकट्टी भईरहेको सञ्चयकर्ताको सेवाकालमा नै मृत्यु भएमा निजको हकवालालाई आर्थिक अनुदान रुवरुप प्रदान गरिने यो सुविधाको प्रारम्भ २०४८ सालवाट गरिएको हो । प्रारम्भमा रु १५०० आर्थिक अनुदान दिन शुरु गरिएको यो सुविधालाई वृद्धि गरी हाल रु काजक्रिया अनुदान खर्च रु २५०००/- (पच्चीस हजार) दिने व्यवस्था गरिएको छ ।

मृत्यु भएमा निजको हकवालालाई काजक्रिया रकम भुक्तानी लिन सम्बन्धित हकवालाले कोषबाट तोकिएको ढाँचामा दावी फाराम भरी सम्बन्धित कार्यालयबाट प्रमाणित गराई कोषमा पेश गर्नु पर्दछ ।

फारामसँग मृत्यु हुने सञ्चयकर्ताको कोष परिचयपत्र, मृत्यु दर्ता प्रमाणपत्र, हकवालाको नागरिकता प्रमाणपत्र र नाता प्रमाणित लगायत आवश्यक कागजात संलग्न हुनु पर्दछ ।

**२. दुर्घटना क्षतिपूर्ति योजना**

कोषमा नियमित कोषकट्टी गर्दै आई रहेका सञ्चयकर्ताको आकस्मिक दुर्घटनामा परी मृत्यु भएमा वा शतप्रतिशत अंगभंग भएमा निजको हकवालालाई दुर्घटना क्षतिपूर्ति सुविधा स्वरुप यो सुविधा प्रदान गरिन्छ । २०५२ साल फाल्गुन १ गते देखि सञ्चयकर्ता दुर्घटना क्षतिपूर्ति योजना लागु गरिएको हो । आकस्मिक दुर्घटनामा परी सञ्चयकर्ताको मृत्यु भएमा १ लाख रुपैयाँसम्म र अंगभंग भएमा १० देखि २५ हजार रुपैयाँसम्म दुर्घटना क्षतिपूर्ति सुविधा स्वरुप प्रदान गरिन्छ ।

एकतर्फि आक्रमण वा दोहोरो भीडन्त वा युद्धमा परेर, भीरबाट लडेर वा बाढी पहिरोमा परेर, चट्यांग, विजुलीको करेनट, विस्फोटन, सर्पको डसाई, आगलागी, जनावरको आक्रमण वा अन्य दैवी विपत्रीमा परेर, जल स्थल वा हवाई यातायात दुर्घटनामा परेर वा दुवै आँखा नदेख्ने भएमा यो सुविधा प्राप्त गर्न सकिन्छ ।

कुनै सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएको वा पूर्ण अंगभंग भएको कारण क्षतिपूर्ति दावी गर्नु परेमा निजका हकवालाले १ वर्ष भित्रमा कोषले तोकेको ढाँचाको फारम भरी उल्लेख भएका कागजात सहित कोषमा पेश गर्नुपर्ने छ ।

तर, आत्महत्या, रोग वा कालगतिका कारणले सञ्चयकर्ताको मृत्यु भएमा, मृत्यु वा अंगभंग भएको मितिले कम्तिमा ३ महिना पहिले देखि कोषमा कोषकट्टी रकम नियमित रुपमा दाखिला नभएकोमा, क्षतिपूर्ति लिने मनसायले कुनै दुर्घटना घटाएकोमा, नेपाल अधिराज्य बाहिर दुर्घटना भएकोमा, सञ्चयकर्ता वा हकवाला सम्बन्धित कार्यालयले दुर्घटना बारेमा ३ महिना भित्र कोषलाई लिखित जानकारी नगराएमा र दुर्घटना भएको मितिले १ वर्ष भित्र दावी नगरेमा सञ्चयकर्ताले क्षतिपूर्ति प्राप्त गर्न सक्दैन ।

### ३. सञ्चयकर्ता औषधि उपचार सहयोग कार्यक्रम–२०७०

सञ्चयकर्ताको हित र सुविधाको लागि कोषले २०७० साल वैशाख देखि यो कार्यक्रम संचालन गरिएको छ। यस कार्यक्रम अन्तर्गत कोषले तोकेको अस्पतालमा उपचार गराए वापत अधिकतम रु १५ हजार सम्म तथा कडा रोगको उपचार गराएवापत रु ३५ हजार सम्मको रकम सञ्चयकर्ताले कोषवाट शोधभर्ना स्वरुप पाउने व्यवस्था गरिएको छ। यो सुविधा पाउन दुई वर्ष सेवा अवधि पुग्नु पर्ने र नोकरी अवधिमा ३ पटकसम्म प्राप्त गर्न सक्नेछ।

कर्मचारी सञ्चय कोष ऐन, (संशोधन सहित) २०१९ को दफा १९ (छ) को व्यवस्था अनुरुप सञ्चयकर्ताको स्वास्थ्य उपचार गर्दा भएको खर्चमध्ये निश्चित रकमसम्म सञ्चयकर्ता कर्मचारीलाई कोषले आफ्नो स्रोतबाट शोधभर्ना गरी सामाजिक सुरक्षा प्रदान गर्न यो कार्यक्रम लागु गरेको हो।

सेवा अवधीभित्र रोग लागी उपचारको निमित्त तोकिएको अस्पतालमा भर्ना भएको सञ्चयकर्तालाई यस कार्यक्रम बमोजिम उपचार गर्दा अधिकताम १५ हजार वा दावी गरेको उपचार खर्चको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सो सीमासम्म उपलब्ध गराइने छ। त्यस्तै कडा रोगको उपचारको हकमा अधिकतम सीमा ३५ हजार वा दावी गरेको उपचार खर्चको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सो सीमासम्म उपलब्ध गराइने छ। कोषमा नियमित रुपमा कोषकट्टी गरिरहेका सञ्चयकर्ताहरुले यो सुविधा प्राप्त गर्न सक्नेछन्। यस कार्यक्रम बमोजिम पाउने उपचार खर्चको लागि अस्पतालबाट डिस्चार्ज भएको मितिले ३ महिनाभित्र कोषमा निवेदन दिई सक्नु पर्नेछ। नेपाल सरकारका केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल तथा जिल्ला लगायत अनुसुचीमा तोकिएको अस्पतालहरुमा भर्ना भई उपचारमा भएको खर्चमात्र शोधभर्ना योग्य हुने कोषको व्यवस्था छ।

कार्यक्रम अनुसार शोधभर्ना हुने उपचार खर्चमा अस्पतालले लिएको शुल्क तथा खर्चहरु, उपचारको क्रममा अस्पतालले शिफारिस गरेको औषधी तथा उपचार सामग्रीहरु र रोग निदानका लागि अस्पतालमा गरिएको प्रयोगशाला परीक्षण खर्च रहेको छ।

यो सुविधा लिन चाहने सञ्चयकर्ताले तोकिएको ढाँचामा आवश्यक कागजातको सक्कल र आफ्नो कार्यालयको सिफारिस सहित अस्पतालबाट डिस्चार्ज भएको ३ महिनाभित्र कोषमा निवेदन दिई सक्नु पर्नेछ। उपचारको क्रममा मृत्यु हुने सञ्चयकर्ताको हकवालाले समेत तोकिएको प्रक्रिया अनुसार यो सुविधा प्राप्त गर्न सक्नेछन्। सुविधा प्राप्त गर्न कोषमा पेश हुन आएका निवेदनको परिक्षण गर्दा कुनै कुरा अस्पष्ट भएमा कोषले सञ्चयकर्ता वा अस्पतालसँग सम्पर्क गरी आवश्यक कागजात तथा सूचना माग गर्न सक्ने छ।

यदि कुनै सञ्चयकर्ताले गलत बिल भरपाई पेश गरी उपचार रकम शोधभर्ना लिने प्रयास गरेको पाइएमा त्यस्तो निवेदकको नाम कालोसूचीमा राखीने र शोधभर्ना लिई सकेको भएमा त्यसरी लिएको रकम निजले कोषकट्टी रकम भुक्तानी लिँदाको अवस्थामा कोषकट्टी रकमबाट कोषले विशेष सापटी रकममा लिने व्याजदरका आधारमा व्याज समेत हिसाव गरी असुल उपर गरिने व्यवस्था छ।

औषधोपचार सहयोग कार्यक्रम २०७० को बारेमा सञ्चयकर्ताहरुले नजिकको कोषको कार्यालयहरुमा वा ठमेलस्थित सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागबाट थप जानकारी प्राप्त गर्न सक्नेछन्।

यस कार्यक्रम अन्तर्गत सुविधा लिनको लागि देहाएका तोकिएका अस्पतालमा उपचार गराएको हुनु पर्ने प्राब्धान छ ।

क. नेपाल सरकारको केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल, जिल्ला अस्पताल ।

ख. वीर अस्पताल, शिक्षण असपताल महाराजगञ्ज, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुर, वि.पि. क्यान्सर अस्पताल भरतपुर, भक्तपुर क्यान्सर अस्पताल, सरुवारोग अस्पताल टेकु, नेपाल राष्ट्रिय क्षयरोग अस्पताल ठिमी, वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, गङ्गालाल हृदय रोग उपचार केन्द्र वासवारी, भक्तपुर मानव अंग प्रत्योरापण केन्द्र अस्पताल, वीरेन्द्र सैनिक अस्पताल र नेपाली सेनाका क्षेत्रीय अस्पतालहरुमा उपचार गराउनु पर्नेछ, राष्ट्रिय मृगौला उपचार केन्द्र वालाजु, नेपाल आँखा अस्पताल त्रिपुरेस्वर, तिलगंगाा आँखा अस्पताल, निजामती कर्मचारी अस्पताल मीनभवन, नेपाल प्रहरी अस्पताल, सशस्त्र प्रहरी अस्पताल ।

# कोषबाट सञ्चयकर्ताका लागि प्रवाह भएका सापटी सुविधाहरू

## विशेष सापटी

दुई वर्षसम्म नियमित कोषकट्टी गरेका सञ्चयकर्ताले कोषमा सञ्चित आफ्नो रकमबाट ९० प्रतिशतसम्म सापटीको रुपमा लिन पाउछन ।

कोषवाट तोकेको ढांचाको सापटी फारम भरी कार्यालयको सिफारिस र कोष परिचयपत्र सहित कोषको ठमेल कार्यालय वा उपत्यका बाहिरका जुनसुकै शाखा कार्यालयमा पेश गरेपछि अनलाइन सेवा मार्फत शुलभ सेवा प्राप्त गर्न सक्नेछन ।

एक पटक सापटी लिएको दुई वर्षपछि पुनः विशेष सापटी लिन पाइन्छ । पुरै रकम चुक्ता गरी लिन चाहेमा २ वर्ष नपुगे पनि यो सापटी पुनः लिन सकिने छ ।

सञ्चयकर्ताको खातामा जम्मा भएको कोषकट्टी रकमको सुरक्षणमा यो सापटी प्राप्त हुन्छ ।

## सञ्चयकर्ता घर सापटी

**सञ्चयकर्ता घर सापटी परिचय**

सञ्चयकर्ताहरुको आवास व्यवस्था गर्नमा सहयोग पुगोस भन्ने उद्देश्यले कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता घर सापटी कार्यक्रम २०५७ लागु गरेको छ । यस कार्यक्रमलाई अझ व्यवस्थित गर्न सञ्चयकर्ता सापटी कार्यविधि २०७० लागु भइ सञ्चयकर्ता कर्जा तथा असूली विभाग ठमेल, शाखा कार्यालयहरु बिराटनगर, हेटौंडा, पोखरा, बुटवल, धनगढी, कोहलपुर र सुर्खेतबाट कोषले तोकेको क्षेत्रमा घरजग्गा धितो लिई घर सापटी प्रवाह भै रहेको छ । हाल सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमतीको नाममा जग्गा खरीद गरेका सञ्चयकर्ता कर्मचारीहरुलाई नयाँ घर निर्माण गर्न, घर खरीद वा अपार्टमेन्ट खरीद गर्न र भई रहेको घरमा तल्ला थप गर्ने प्रयोजनका लागि यो सापटी प्रदान गरिन्छ ।

**सापटी प्राप्त गर्न सक्ने सञ्चयकर्ता**

- कम्तीमा २ बर्षसम्म नियमित कोष कट्टी भएको ।
- उमेर वा पदावधिको आधारमा ३ वर्ष सेवा अवधि बाँकी भएको ।
- सरल चक्र कर्जा नलिएका वा सो कर्जा चुक्ता गरी सकेका र शैक्षिक सापटी लिएको भए किस्ता नियमित भएका सञ्चयकर्ताहरु ।

**सापटीको सीमा**

- मूल्यांकनले खामेसम्म सञ्चयकर्ताको सुरु तलव स्केलले अधिकतम १० वर्ष बराबरको तलब ।

- पति/पत्नी दुवै जना सञ्चयकर्ता भएमा एउटै धितोबाट दुई जनाको नाममा सापटी हिसाव गर्दा सुरु तलबमानको आधारमा अधिकतम सीमासम्म दुवै जनालाई अलग अलग कर्जा प्रवाह हुने ।

**सापटीको अवधि**

- घर निर्माण गर्न ग्रेस अवधि डेढ बर्षसहित बाँकी सेवा अवधिको आधारमा अधिकतम २० वर्ष ।
- उमेर वा पदावधिको आधारमा तीन वर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिने छैन ।

**सापटीको सावाा र ब्याज भुक्तानी प्रक्रिया**

- ऋणीले ब्याज त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तभित्र भुक्तानी गर्नुपर्ने छ ।
- ग्रेस अवधि पश्चात निर्धारित अवधि भित्र ब्याज भुक्तानी नगरेमा तोकिएको दरमा वार्षिक १ प्रतिशत थप ब्याज लाग्ने छ ।

तर २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिको पराकम्पनको कारण सञ्चयकर्तालाई परेको प्रभावलाई दृष्टिगत गरी कोषवाट प्रवाह भएको कर्जामा समयमा किस्ता (सावाँ/व्याज) नवुझाउने सञ्चयकर्तालाई थप एक प्रतिशत व्याज लिई आएकोमा चालु आर्थिक वर्षमा नलिने र आर्थिक वर्ष २०७१/७२ मा लिईएको त्यस्तो व्याज छुट हुने व्यवस्था गरिएको छ ।

## सञ्चयकर्ता शैक्षिक सापटी

**परिचय**

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता स्वयम वा निजको पति/पत्नि/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्नमा सहयोग पुगोस भन्ने उद्देश्यले सञ्चयकर्ता शैक्षिक ऋण सापटी कार्यक्रम २०५८ लागु गरेको छ। उक्त कार्यक्रमलाई व्यवस्थित गर्न कोषले सञ्चयकर्ता सापटी कार्यविधि २०७० लागु गरी तोकेको क्षेत्रमा घर जग्गा धितो लिई शैक्षिक सापटी प्रवाह गर्दछ। न्युनतम १०+२ उत्तिण गरेका सञ्चयकर्ता वा निजको पति/ पत्नि वा छोरा/छोरीलाई जुनसुकै विषयमा स्नातक वा सो भन्दा माथि स्वदेश तथा विदेशमा अध्ययन गर्न शैक्षिक सापटी प्रदान गरिन्छ।

**शैक्षिक सापटी प्राप्त गर्न सक्ने सञ्चयकर्ता**

- कम्तिमा २ बर्षसम्म नियमित कोष कट्टी भएको ।
- उमेर वा पदावधिको आधारमा ३ वर्ष सेवा अवधि बाँकी भएको ।
- पति र पत्नी दुवै जना सञ्चयकर्ता भइ एउटै धितो मूल्यांकनले खाम्ने अवस्थामा दुई जना सम्मको अध्ययनका लागि अलग अलग शैक्षिक सापटी प्रवाह हुन सक्ने ।

- सरल चक्र कर्जा नलिएको वा सो कर्जा चुक्ता गरिसकेको र घर सापटी लिएका सञ्चयकर्ताहरुले सो घर सापटीको किस्ता नियमित गरेमा पनि शैक्षिक सापटी प्राप्त गर्न सक्ने ।

**शैक्षिक सापटीको सीमा**

- धितो मूल्यांकनले खामे सम्मको रकम वा विश्व विद्यालयमा लाग्ने वास्तविक खर्च मध्ये जुन कम हुन्छ सोमा नबढने गरी एम.वि.वि.एस र एम.डी. विषयको अध्ययनका लागि पच्चीस लाख रुपैयाँसम्म र अन्य विषयको अध्ययनका लागि विदेशमा बीस लाख र स्वदेशमा दश लाख रुपैयाँसम्म प्रदान गर्न सकिने ।
- एक लाख रुपैयाँ भन्दा कम शैक्षिक सापटी प्रदान गरिने छैन ।

**शैक्षिक सापटीको अवधि**

- ग्रेस अवधि ३ बर्ष सहित बाँकी सेवा अवधिको आधारमा अधिकतम १५ वर्ष हुनेछ ।
- उमेर वा पदावधिको आधारमा ३ वर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिने छैन ।

**शैक्षिक सापटीको ब्याज र भुक्तानी प्रक्रिया**

- ऋणीले ब्याज त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्त भित्र भुक्तानी गर्नुपर्ने छ ।
- ग्रेस अवधि पश्चात निर्धारित अवधि भित्र ब्याज भुक्तानी नगरेमा तोकिएको दरमा वार्षिक १ प्रतिशत थप ब्याज लाग्ने छ ।

तर २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिको पराकम्पनको कारण सञ्चयकर्तालाई परेको प्रभावलाई दृष्टिगत गरी कोषवाट प्रवाह भएको कर्जामा समयमा किस्ता (सावाँ/ब्याज) नवुझाउने सञ्चयकर्तालाई थप एक प्रतिशत ब्याज लिई आएकोमा चालु आर्थिक वर्षमा नलिने र आर्थिक वर्ष २०७१/७२ मा लिईएको त्यस्तो ब्याज छुट हुने व्यवस्था गरिएको छ ।

## सञ्चयकर्ता सरल चक्र कर्जा

**परिचय**

सञ्चयकर्ताहरुको सेवाकालीन अवधिमा आइपर्ने विविध सामाजिक समस्याको समाधान गर्न सहयोग पुऱ्याउन कोषले सञ्चयकर्तालाई सरल चक्र कर्जा प्रदान गर्दछ । कोषले तोकेको क्षेत्रको घर जग्गा धितोमा यो सापटी प्रवाह गर्दछ । कोषबाट लागु यस सापटीबाट सञ्चयकर्ताहरुको शिक्षा, स्वास्थ, आवास, मर्मत संभार, सामाजिक कार्य लगायतका भैपरी आउने आवश्यकता पुरा गर्न मद्यत पुग्ने विश्वास गरिएको छ ।

**कर्जा प्राप्त गर्न सक्ने सञ्चयकर्ता**

- कम्तीमा २ वर्षसम्म नियमित  कोष कट्टी भएको ।

- उमेरको आधारमा ५ वर्ष एवम पदावधिको आधारमा ३ वर्ष सेवा अवधि बाँकी भएको ।
- घर सापटी र शैक्षिक सापटी लिएका सञ्चयकर्ताले त्यस्ता सापटी चुक्ता गरेको हुनुपर्ने ।
- कुनै सञ्चयकर्ताले एकपटक लिएको चक्र कर्जा निर्धारित अवधि भित्र वा सो भन्दा अगावै चुक्ता गरेमा पुनः चक्र कर्जा प्राप्त गर्न सक्ने छ ।

**कर्जाको सीमा**

- मूल्यांकनले खामेसम्म अधिकतम सीमा बीस लाख रुपैयाँ र न्यूनतम सीमा पाँच लाख रुपैयाँ हुने छ । एक पटकमा एक लाख रुपैयाँ भन्दा कम भुक्तानी हुने छैन ।
- सरल चक्र कर्जा स्वीकृत भएको मितिले दुई वर्ष सम्ममा सापटीको अधिकतम सीमा उपयोग नगर्ने सञ्चयकर्ताको हकमा उपयोग गरेको सापटीको रकमलाई कर्जाको अधिकतम सीमा कायम गरिने छ ।

**कर्जाको अवधि**

- उमेरको आधारमा पाँच वर्ष र पदावधिका आधारमा तीन वर्ष ।
- सरल चक्र कर्जा लिएका सञ्चयकर्ताले प्रत्यक वर्ष कर्जाको ब्याज भुक्तान गरेमा स्वतः कर्जा नवीकरण हुने छ ।

**कर्जाको साँवा र ब्याज भुक्तानी प्रक्रिया**

- ऋणीले ब्याज त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्त भित्र भुक्तानी गर्नुपर्ने छ ।
- त्रैमासिक रुपमा ब्याज चुक्ता नभएमा थप १ % ब्याज लाग्ने छ ।

तर २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिको पराकम्पनको कारण सञ्चयकर्तालाई परेको प्रभावलाई दृष्टिगत गरी कोषवाट प्रवाह भएको कर्जामा समयमा किस्ता (साँवा/व्याज) नवुझाउने सञ्चयकर्तालाई थप एक प्रतिशत व्याज लिई आएकोमा चालु आर्थिक वर्षमा नलिने र आर्थिक वर्ष २०७१/७२ मा लिईएको त्यस्तो व्याज छुट दिने व्यवस्था गरिएको छ ।

# कर्मचारी सञ्चय कोष

## महाशाखा / शाखा प्रमुखहरु

| कर्मचारीको नाम | पद | तह | शाखा/महाशाखा |
|---|---|---|---|
| श्री ओम कृष्ण श्रेष्ठ | बरिष्ठ प्रवन्धक | ९ | भवन निर्माण तथा आवास व्यवस्थापन विभाग |
| श्री राजा राम श्रेष्ठ | बरिष्ठ प्रवन्धक | ९ | सञ्चयकर्ता कर्जा महाशाखा |
| श्री श्रीराम शेखर अधिकारी | बरिष्ठ प्रवन्धक | ९ | सचिवालय |
| श्री जीवन कुमार कट्वाल | बरिष्ठ प्रवन्धक | ९ | परियोजना कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन महाशाखा |
| श्री सोमन कुमार कुंवर | बरिष्ठ प्रवन्धक | ९ | सञ्चयकर्ता कर्जा असूली महाशाखा |
| श्री विजय कुमार श्रेष्ठ | बरिष्ठ प्रवन्धक (परियोजना विश्लेषण) | ९ | परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग |
| श्री ध्रुव भट्टराई | बरिष्ठ प्रवन्धक | ९ | आन्तरिक व्यवस्थापन महाशाखा |
| श्री ध्रुव प्रसाद अधिकारी | बरिष्ठ प्रवन्धक (चार्टर्ड एकाउन्टेन्ट) | ९ | केन्द्रीय लेखा तथा खर्च विभाग |
| श्री दुर्गा प्रसाद सापकोटा | बरिष्ठ प्रवन्धक | ९ | मानव संशाधन व्यवस्थापन महाशाखा |
| श्री हेमन्त राज अधिकारी | बरिष्ठ प्रवन्धक | ९ | सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग |
| श्री राजेन्द्र शाक्य | का.मु..बरिष्ठ प्रवन्धक (सिष्टम सपोर्ट) | ९ | सुचना, तथा सञ्चार प्रविधि विभाग |
| श्री सुमना स्थापित | प्रवन्धक | ८ | सामाजिक सुरक्षा शाखा |
| श्री टोपा राम पण्डित | प्रवन्धक | ८ | लेजर व्यवस्थापन तथा खाता एकीकरण शाखा |
| श्री परशु राम कोइराला | प्रवन्धक | ८ | आन्तरिक व्यवस्थापन, आपूर्ति शाखा |
| श्री हेम राज पाण्डे | प्रवन्धक | ८ | योजना, अनुगमन तथा मूल्याङ्कन शाखा |
| श्री गुण राज श्रेष्ठ | प्रवन्धक | ८ | वैंक रिकन्सिलिएसन शाखा |
| श्री सुवाष खड्का | सिष्टम इन्जिनीयर | ८ | सुचना, तथा सञ्चार प्रविधि विभाग |
| श्री सागर कुमार सिंह | प्रवन्धक | ८ | लेजर व्यवस्थापन तथा खाता एकीकरण शाखा |
| श्री राम काजी के.सी. | प्रवन्धक | ८ | लेजर व्यवस्थापन तथा खाता एकीकरण शाखा |
| श्री शान्ता गौतम | प्रवन्धक | ८ | परियोजना कर्जा असूली शाखा |
| श्री राकेशलाल श्रेष्ठ | प्रवन्धक(सिष्टम) | ८ | सुचना, तथा सञ्चार प्रविधि विभाग |

| | | | |
|---|---|---|---|
| श्री पवन देउजा | प्रवन्धक (सिभिल इन्जिनियर) | ८ | भवन निर्माण तथा आवास व्यवस्थापन विभाग |
| श्री बीरेन्द्र पौडेल | प्रवन्धक | ८ | केन्द्रीय लेखा तथा वजेट शाखा |
| श्री दामोदर प्रसाद सुवेदी | प्रवन्धक | ८ | मानव संशाधन व्यवस्थापन शाखा |
| श्री महेन्द्र राज शाक्य | प्रवन्धक | ८ | लगानी तथा ट्रेजरी व्यवस्थापन शाखा |
| श्री राजेन्द्र भण्डारी | प्रवन्धक | ८ | भवन व्यवस्थापन शाखा |
| श्री सन्दिप तिम्सिना | प्रवन्धक (सिष्टम) | ८ | सुचना, तथा सञ्चार प्रविधि विभाग |
| श्री ईश्वर बहादुर श्रेष्ठ | प्रवन्धक | ८ | सञ्चयकर्ता प्रवद्धन शाखा |
| श्री लक्ष्मी प्रसाद खरेल | प्रवन्धक | ८ | सञ्चयकर्ता कर्जा असूली शाखा |
| श्री रमेश चन्द्र बेलवासे | प्रवन्धक | ८ | भवन निर्माण शाखा |
| श्री मदन सुवेदी | प्रवन्धक (परियोजना विश्लेषण) | ८ | परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग |
| श्री दिलिप राज पौडेल | प्रवन्धक | ८ | मानव संशाधन योजना तथा विकास शाखा |
| श्री नगेन्द्र प्रसाद पौडेल | प्रवन्धक | ८ | खरीद शाखा |
| श्री दर्शन भट्टराई | प्रवन्धक (परियोजना विश्लेषण) | ८ | परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग |
| श्री नबराज पौडेल | प्रवन्धक (कानून) | ८ | कानून शाखा |
| श्री कल्पना मानन्धर | प्रवन्धक | ८ | सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग, लेखा शाखा |
| श्री प्रविण वहादुर श्रेष्ठ | प्रवन्धक | ८ | सञ्चयकर्ता कर्जा प्रवाह शाखा |
| श्री विष्णु बहादुर खत्री | प्रवन्धक | ८ | सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग, संकलन |

**कार्यालय प्रमुखहरु**

| | | | |
|---|---|---|---|
| श्री विष्णु प्रसाद पौडेल | वरिष्ठ प्रवन्धक | ९ | शाखा कार्यालय पोखरा |
| श्री अर्जुन कुमार गौतम | वरिष्ठ प्रवन्धक | ९ | शाखा कार्यालय विराटनगर |
| श्री परमात्मा न्यौपाने | वरिष्ठ प्रवन्धक | ९ | शाखा कार्यालय वुटवल |
| श्री युवराज घिमिरे | का.मु. वरिष्ठ प्रवन्धक | ९ | शाखा कार्यालय धनगढी |
| श्री महेश प्रसाद खनाल | का.मु. वरिष्ठ प्रवन्धक | ९ | शाखा कार्यालय कोहलपुर |
| श्री दिनेश के.सी | का.मु. वरिष्ठ प्रवन्धक | ९ | शाखा कार्यालय हेटौडा |
| श्री दशरथ लामिछाने | प्रवन्धक | ८ | शाखा कार्यालय सुर्खेत |
| श्री तेज प्रसाद खनाल | का.मु. प्रवन्धक | ८ | शाखा कार्यालय धनकुटा |

# कोषका सम्पर्क फोन नम्बरहरू

केन्द्रीय कार्यालय, पुल्चोक ललितपुर

| विभाग/शाखा | फोन नं. | फयाक्स नं |
|---|---|---|
| प्रशासकको कार्यकक्ष | ५०१०१६५ | ५०१०२३० |
| मुख्य अधिकृत (कार्य सञ्चालन) को कार्यकक्ष | ५०१०१७२ | ५०१०२३४ |
| मुख्य अधिकृत (संस्थागत व्यवस्थापन) को कार्यकक्ष | ५०१०१६६ | |
| केन्द्रीय लेखा तथा खर्च विभाग (विभागीय प्रमुख) | ५०१०१७१ | |
| मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग (विभागीय प्रमुख) | ५०१०१७८ | |
| भवन निर्माण तथा आवास व्यवस्थापन विभाग (विभागीय प्रमुख) | ५०१०००७ | |
| लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग (विभागीय प्रमुख) | ५०१०१२५ | |
| परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग (विभागीय प्रमुख) | ५०१०१२९ | |
| आन्तरिक लेखा परीक्षण विभाग (विभागीय प्रमुख) | ५०१०१२७ | |
| योजना, अनुगमन तथा मुल्यांकन विभाग (विभागीय प्रमुख) | ५०१०००८ | |
| संचालक समितिको सचिवालय | ५०१०११९ | |
| मानव संशाधन व्यवस्थापन महाशाखा | ५०१०१८३ | |
| आन्तरिक व्यवस्थापन महाशाखा | ५०१०१२२ | |
| आन्तरिक व्यवस्थापन शाखा | ५०१०१६७ | |
| मानव संशाधन व्यवस्थापन शाखा | ५०१०१३२ | |

## कोषको त्री–देवी मार्ग, ठमेलस्थित विभाग तथा शाखाहरुको सम्पर्क फोन नम्वरहरु

| विभाग/शाखा | फोन नं. | फयाक्स नं |
|---|---|---|
| सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग (विभागीय प्रमुख) | ४२२३३२० | ४२२३०८८ |
| सञ्चयकर्ता कर्जा तथा असूली विभाग (विभागीय प्रमुख) | ४२१५२१४ | |
| सूचना तथा सञ्चार प्रविधि विभाग (विभागीय प्रमुख) | ४२२५३८६ | |
| सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग (वरिष्ठ प्रवन्धक) | ४२५९६०९ | |
| सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा (सामाजिक सुरक्षा) | ४२५२०९८ | |
| सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग (प्रहरी/संस्थान) | ४२५२३३५ | ४२५२३३५ |
| सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग (जंगी/शिक्षा) | ४२५९६१५ | ४२५९६१५ |
| सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग (निजामती) | ४२२५५२६ | ४२२५५२६ |
| सञ्चयकर्ता कर्जा तथा असूली विभाग (असूली) | ४२१५२०६ | |
| सञ्चयकर्ता कर्जा तथा असूली विभाग (कर्जा प्रवाह) | ४२५९५५१ | ४२५९५५१ |
| सञ्चयकर्ता कर्जा तथा असूली विभाग (कर्जा प्रवाह) | ४२५०१५६ | |
| हिसाव शाखा | ४२५२७३२ | |
| भवन व्यवस्थापन शाखा | ४२६८१६१ | |
| नगद शाखा | ४२२५६१९ | |
| नेपाल वित्तिय स.सथा कर्मचारी स.घ., क.स. कोष | ४२६८१५८ | |
| सञ्चय कोष कर्मचारी संघ, क.स.कोष | ४२२७३२४ | |
| नेपाल राष्ट्रिय कर्मचारी संगठन,क.स.कोष | ४२६८०६९ | |
| एक्सचेन्ज : ४२२५३८९, ४२२५३९०, ४२२५३९२ देखि ४२२५३९४ सम्म, ४२२५३९६ देखि ४२२५३९८ | | |

## शाखा कार्यालयहरु

| विभाग/शाखा | फोन नं. | फयाक्स नं |
|---|---|---|
| शाखा कार्यालय, धनकुटा | ०२६-५२००४९ | ०२६-५२००५२ |
| शाखा कार्यालय, विराटनगर | ०२१-४७२७८४ | ०२१-४७२७८५ |
| शाखा कार्यालय, हेटौडा | ०५७-५२४३७७ | ०५७-५२४३६४ |
| शाखा कार्यालय, पोखरा | ०६१-५२६८११/५५०४५० | ०६१-५२५००२ |
| शाखा कार्यालय, वुटवल | ०७१-५५१५१८/१९/२१ | ०७१-५५१५२० |
| शाखा कार्यालय, कोहलपुर | ०८१-५४१२८२ | |
| शाखा कार्यालय, सुर्खेत | ०८३-५२३०६६ | ०८३-५२३०२७ |
| शाखा कार्यालय, धनगढी | ०९१-५२०६९२ | ०९१-५२०६९१ |
| सञ्चयकर्ता सेवा केन्द्र, सिंहदरवार, काठमाण्डौ | ४२००४६६/४२००४६७ | |